# हाम्रो नेपाली किताब

## शिक्षक निर्देशिका



कक्षा ८

हाम्रो नेपाली किताब

# शिक्षक निर्देशिका

## कक्षा - ८


**लेखकहरू**

प्रा.डा. हेमाङ्गराज अधिकारी

प्रा.डा. केदार शर्मा

श्री शिवप्रसाद उप्रेती

श्री विष्णुप्रसाद अधिकारी



491.495
CDC-H
2067



नेपाल सरकार

शिक्षा मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

**प्रकाशक**
**नेपाल सरकार**
**शिक्षा मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुर ।**

© सर्वाधिकार प्रकाशकमा

शिक्षक निर्देशिकासम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र, सानोठीमी भक्तपुरमा निहित छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइनेछैन ।

प्रमथ संस्करण : २०६१

5058

पुनःमुद्रण : २०६७

मुद्रक तथा वितरकः **मकालु प्रकाशन गृह**, डिल्लीबजार काठमाडौं, फोनः ०१-४४३५१४८

यस निर्देशिकासम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका टिप्पणीहरु भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने टिप्पणीहरूलाई यो केन्द्र स्वागत गर्दछ ।

# यस निर्देशिकाका सम्बन्धमा

निम्नमाध्यमिक तहको परिमार्जित पाठ्यक्रम २०५८ अनुसार तयार गरिएको कक्षा ८ को नेपाली पाठ्यपुस्तकका आधारमा यो शिक्षक निर्देशिका तयार गरिएको छ । पाठ्यपुस्तकमा रहेका विधाहरूलाई विभिन्न पाठ्यवस्तु र पाठ्य घन्टीमा विभाजन गरी प्रत्येक पाठ्यवस्तुलाई अनुमानित घन्टीसमेत निर्धारण गरिएको छ । प्रत्येक पाठको अध्यापन कार्य सस्वरवाचन र शब्दोच्चारणबाट आरम्भ गरी सामान्यतया पाठको अन्तमा पाठ्यक्रमले निर्धारण गरेका र पाठ्यपुस्तकमा समावेश भएको व्याकरणको अध्यापन गर्ने गरी यो निर्देशिका तयार गरिएको छ । व्याकरणको अध्यापन गर्दा सकेसम्म उदाहरणहरूलाई पढाइएको पाठबाट नै खोज्न लगाउन सकियो भने उनीहरूमा व्याकरणलाई छुट्टै एकलरूपमा हेर्ने र अध्ययन गर्ने बानीको सट्टा भाषागत एकीकृत रूपमा व्याकरण अध्ययन गर्ने बानीको विकास हुनेछ । विद्यार्थीहरूलाई अधिकभन्दा अधिकरूपमा शिक्षणसिकाइमा सहभागी गराउन शिक्षकलाई सहयोग मिलोस् भन्ने उद्देश्यले शिक्षक निर्देशिकाका विभिन्न पाठहरूमा विविध क्रियाकलापलाई समावेश गरिएको छ । शिक्षणसिकाइबाट विद्यार्थीहरूमा सिर्जनशीलता र आत्मविश्वास जाग्नुका साथै भाषालाई शुद्धसँग सुन्न, बोल्न, पढ्न र लेख्न सक्ने दक्षताको विकास हुन सकोस् भन्ने दृष्टिले पनि निर्देशिका निर्देशित रहेको छ ।

व्याख्यान विधिभन्दा खोज, अनुसन्धान, छलफल प्रश्नोत्तर आदि अध्यापन विधिबाट कक्षाकोठामा अध्यापन गर्न सकियो भने सिकाइ प्रभावकारी हुनेछ । किनभने भाषाको सुनाइ सीपको विकास गर्न सुन्नु नै पर्छ भने लेखाइ सीपको विकासका लागि पनि स्वयम्ले नै लेख्नुपर्छ । यस्तै पढाइ सीपको विकासका लागि बोलेर वा सुनेर वाञ्छित मात्रामा पढाइ सीप हाँसिल गर्न सकिँदैन । अतः भाषाका चारओटै सीपको विकासमा विद्यार्थीहरूलाई अधिक मात्रामा सहभागी गराउन शिक्षकलाई मद्दत मिल्न सकोस् भन्ने उद्देश्यले शिक्षक निर्देशिकाका पाठका क्रियाकलापहरूलाई समायोजन गर्ने प्रयास गरिएको छ ।

पाठ र पाठअन्तर्गतका क्रियाकलापहरूलाई निर्धारण गरिएका घन्टीहरू अनुमानितमात्र हुन् । अनुभवी शिक्षकहरूले शिक्षणसिकाइको क्रममा परिवर्तन गर्न सक्नुहुनेछ । यस्तै पाठअन्तर्गत उल्लेख गरिएका क्रियाकलापहरू पनि नमुनाका लागि रहेका छन् । अध्यापनको क्रममा अन्य क्रियाकलापहरू आवश्यक ठानिएको खण्डमा थप्न र अनावश्यक भएका क्रियाकलापलाई छोटो गराउन पनि सक्नुहुनेछ । प्रत्येक विधाको पहिलो पाठमा शिक्षकलाई सम्बन्धित विधाको जानकारी दिने उद्देश्यले विधा परिचय दिइएको छ ।

सकेसम्म यस निर्देशिकालाई निर्माण गर्दा कक्षा ८ को नेपाली पाठ्यपुस्तकलाई अध्यापन गर्न शिक्षकलाई सहयोग पुगोस् भनी प्रशस्त प्रयास गरिएको छ । यसलाई अझ राम्रो र परिष्कृत गराउन यसका प्रयोक्तावाट आगामी दिनमा प्राप्त हुने अमूल्य सुझाव र टिप्पणीलाई पाठ्यक्रम विकास केन्द्र हार्दिक स्वागत गर्नेछ ।

**नेपाल सरकार**
**शिक्षा मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुर ।**

यस नेपाली शिक्षक निर्देशिकाको विकास गर्नका लागि देहायका महानुभावहरूको विशेष योगदान रहेको छ :

सल्लाह

- श्री जगन्नाथ अवा
- श्री शिवप्रसाद सत्याल
- प्रा. डा. दयाराम श्रेष्ठ
- श्री अरूणकिरण प्रधान
- श्री भरतनेपाली प्याकुरेल
- श्री धनञ्जय शर्मा
- श्री गीता खरेल
- श्री शिवराज उपाध्याय

भाषा सम्पादन

- श्री विष्णुप्रसाद अधिकारी

आवरण डिजाइन

- श्री टार्जन राई

कम्प्युटर टाइप तथा लेआउट डिजाइन

- श्री विष्णुलाल श्रेष्ठ
- श्री रविन श्रेष्ठ

# विषयसूची


| पाठ | पाठको नाम | विधा | पृष्ठ |
|---|---|---|---|
| १. | प्रश्नोत्तर | *कविता* | १ |
| २. | सवैको रक्षक कानुन | *प्रबन्ध* | ९ |
| ३. | गोपालप्रसाद रिमाल | *जीवनी* | २० |
| ४. | खसीको तौल | *कथा* | २६ |
| ५. | दरवार | *प्रबन्ध* | ३६ |
| ६. | महाकवि कालिदास | *जीवनी* | ४४ |
| ७. | छात्रवृत्तिका लागि निवेदन | *निवेदन* | ५० |
| ८. | मनु | *कथा* | ५५ |
| ९. | किसान | *कविता* | ६४ |
| १०. | अन्तरिक्षयान | *प्रबन्ध* | ७० |
| ११. | उपमन्युको परीक्षा | *कथा* | ७६ |
| १२. | हामी एउटै हौं | *एकाङ्की* | ८४ |
| १३. | फ्लोरेन्स नाइटिङ्गेल | *जीवनी* | ९० |
| १४. | वन्यजन्तु र तिनको सुरक्षा | *प्रबन्ध* | ९६ |
| १५. | समाजसेवाको बाटोमा | *चिठी* | १०४ |
| १६. | धनभन्दा विद्या ठूलो | *वादविवाद* | ११० |
| १७. | विश्वेश्वरप्रसाद कोइराला | *जीवनी* | ११८ |
| १८. | घरझगडा | *कथा* | १२६ |
| १९. | ओखलढुङ्गा | *कविता* | १३५ |
| २०. | म्याडम क्युरी | *जीवनी* | १४२ |
| २१. | पर्यटन | *प्रबन्ध* | १४८ |
| २२. | नुनको सोझो | *कथा* | १५६ |
| २३. | जैविक नियन्त्रणविधि | *प्रबन्ध* | १६२ |
| २४. | पृथ्वी सन्देश | *कविता* | १६८ |

## कविता शिक्षण र यसको प्रयोजन

भाषा शिक्षणको मुख्य अभिप्राय भाषिक सीप शिक्षण गर्नु हो । भाषिक सीप शिक्षण गर्नका लागि साहित्यका विभिन्न विधा एवम् भाषातत्त्व र शब्दभण्डारलाई माध्यम बनाउन सकिन्छ । नेपाली भाषा शिक्षणमा भाषिक सीप विकास गर्न कविता विधाले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

छन्द वा लयमा रचना गरिएको आकर्षक एवम् मनमोहक संरचना नै कविता हो । मानव जीवनका दुःख सुख नै कविता रचनाका मुख्य स्रोत हुन् । कविताले विद्यार्थीलाई पढाइतिर आकर्षण पैदा गर्दछ ।

निम्नमाध्यमिक तहमा कविता शिक्षणको उद्देश्य विद्यार्थीहरूलाई यति, गति र लय मिलाएर पाठ गर्न सिकाउनु र कविताको भावसँग परिचित हुने सीपको विकास गराउनु हो । यस अतिरिक्त कविता शिक्षणका माध्यमबाट विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपहरूको विकास गरी बोध र अभिव्यक्ति क्षमताको अभिवृद्धि गर्नु पनि यसको अर्को महत्त्वपूर्ण प्रयोजन हो । विविध शैली र प्रकारका कविताबाट आस्वादन लिन, कवितात्मक भाषा बुझ्न, साहित्यिक भाषा बुझ्न, थोरैमा धेरै भन्ने क्षमता अभिवृद्धि गर्न निम्नमाध्यमिक तहमा कविता विधा राखिएको हो ।

निम्नमाध्यमिक तहमा कविता मूलतः श्रव्य र पाठ्य विधाका रूपमा प्रयोग हुन्छ । यसबाट गति, यति र लय मिलाई सस्वर पठनको अभ्यास गराउन सकिन्छ । यसबाहेक शब्दोच्चारण, वाक्य गठन, हिज्जे र अन्य व्याकरणात्मक अभ्यास पनि गराउन सकिन्छ । यसो गर्नाले विद्यार्थीहरूमा शब्दभण्डारको वृद्धि, उच्चारणमा सुधार र रचना कौशलको विकास हुन्छ ।

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन | १ |
| २. | शब्दोच्चारण | १ |
| ३. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ४. | भावबोध | १ |
| ५. | व्याख्या | १ |
| ६. | व्याकरण (वर्तमान काल) | १ |

पाठ्यवस्तु **सस्वरवाचन** घन्टी : १

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू प्रश्नोत्तर कविताको सस्वरवाचन गर्न सक्षम हुनेछन् ।

## शैक्षिक सामग्री

गति, यति देखाउने विश्राम तालिका

## शिक्षण क्रियाकलाप

(क) शिक्षकले लक्ष्मीप्रसाद देवकोटाका कविता कृतिहरूमा आधारित विभिन्न प्रश्नहरू सोध्नुहोस् र विद्यार्थीलाई पाठप्रति प्रेरणा जगाउनुहोस् ।

**प्रश्नहरू :**

१. लक्ष्मीप्रसाद देवकोटा कस्ता कति हुन् ?

२. उनले लेखेका कुनै रचना पढेका छौ ?

३. देवकोटालाई महाकवि किन भनिएको होला ?

(ख) सर्वप्रथम शिक्षकले 'प्रश्नोत्तर' कविताको लय मिलाएर सस्वरवाचन गरिदिनुहोस् ।

(ग) यस क्रममा कक्षाका विद्यार्थीहरूलाई आ-आफ्नो पाठ हेर्न र लयवद्ध वाचन सुन्न निर्देशन दिनुहोस् ।

(घ) माथि क - ग को क्रम सकिएपछि शिक्षकले कविताका प्रत्येक पङ्क्तिको लय हालेर आदर्श वाचन गरिदिनुहोस् र सोहीअनुसार विद्यार्थीहरूलाई पनि अभ्यास गराउनुहोस् ।

(ङ) लयवद्ध सस्वरवाचनको अभ्यास गराउँदा पहिले वेन्चवेन्चमा र पछि व्यक्तिव्यक्तिमा अभ्यास गराउनुहोस् ।

(च) लयवद्ध सस्वरवाचन गराउने क्रममा समूहसमूह छुट्टयाई प्रतियोगितात्मक वाचन गराउनुहोस् र मूल्याङ्कन पनि गरिदिनुहोस् ।

(छ) सस्वरवाचनको अभ्यास गराउने क्रममा अपाङ्ग महिला, जनजाति, दलित र कक्षाका कमजोर विद्यार्थीलाई विशेष प्रोत्साहन गर्नुहोस् ।

## मूल्याङ्कन

(क) निर्धारित श्लोक गति, यति, लय मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

**पाठ्यवस्तु** **शब्दोच्चारण** **घन्टी : १**

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू 'प्रश्नोत्तर' कवितामा भएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न सक्षम हुनेछन् ।

## शैक्षिक सामग्री

शब्दपत्ती, कठिन शब्दहरूको सूची, गोजीतालिका (आवश्यकतानुसार प्रयोग गर्ने)

## शिक्षण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई पाठप्रति आकर्षित गर्न शिक्षकले प्रश्नोत्तर कविता पाठमा आधारित विभिन्न प्रश्नहरू सोध्नुहोस् र उत्तर विद्यार्थीहरूवाट नै दिन प्रेरित गर्नुहोस् ।

(ख) यसपछि 'प्रश्नोत्तर' कवितालाई गति, यति र लय मिलाएर नमुनावाचन (सस्वरवाचन) गरिदिनुहोस् र विद्यार्थीहरूलाई ध्यानपूर्वक सुन्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूमध्येवाट कक्षाका उत्तम, मध्यम र कमजोर विद्यार्थीलाई पालैपालो गति, यति र लय मिलाई (ख वुँदामा शिक्षकले वाचन गरिदिएको नमुनाजस्तै) कविताको सस्वरवाचन गर्न लगाउनुहोस् । यसरी सस्वरवाचन गराउँदा विद्यार्थीहरूलाई उच्चारण गर्न कठिन भएका शब्दहरूमा चिनो लगाउन लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूले चिनो लगाएका शब्दहरू कालोपाटीमा टिप्दै उच्चारण गर्न लगाउनुहोस् । उनीहरूले शुद्ध उच्चारण गर्न नसकेमा शिक्षकले शुद्ध उच्चारण गरिदिंदै विद्यार्थीहरूलाई शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् ।

(ङ) शुद्ध उच्चारणको अभ्यास गराउने क्रममा वर्ण, शब्द, पङ्क्ति हुँदै सिङ्गो कविताको उच्चारण अभ्यास गराउनुहोस् ।

(च) शब्दोच्चारणको अभ्यास गराउने क्रममा दलित, जनजाति, महिला अपाङ्ग र कक्षाको कमजोर विद्यार्थीलाई विशेष प्रोत्साहन गर्नुहोस् ।

## मूल्याङ्कन

(क) निर्दिष्ट श्लोक गति, यति र लय मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) पाठका कठिन शब्दहरूलाई शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

## गृहकार्य

कक्षाकार्य गरी आ-आफूले चिन्न लगाएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न सक्ने भई आउन निर्देशन दिनुहोस् र परीक्षण पनि गर्नुहोस् ।

**पाठ्यवस्तु** **शब्दार्थ र वाक्यमा प्रयोग** **घन्टी : १**

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

(क) पाठका प्रयुक्त शब्दहरूको अर्थ भन्न,

(ख) ती शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न ।

## शैक्षिक सामग्री

शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, शब्दकोश, फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) शब्दार्थ शिक्षण गर्ने क्रममा शिक्षकले कविताका निर्धारित श्लोकहरू मौनवाचन गर्न निर्देशन दिनुहोस् र विद्यार्थीले अर्थ भन्न नजाने कठिन शब्दहरू कापीमा टिप्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले पाठबाट छानेका शब्दहरू कालोपाटीमा टिपोट गर्नुहोस् र ती शब्दहरूको अर्थ विद्यार्थीलाई पालैपालो सोध्नुहोस् र सकभर उनीहरूलाई नै अर्थ भन्न प्रेरित गर्नुहोस् । उनीहरूबाट शब्दको ठीक अर्थ नआएका शब्दहरूको मात्र शब्दपत्ती र अर्थपत्तीलाई गोजीतालिका वा फलाटिन पाटीमा प्रस्तुत गरी अर्थ बताई दिनुहोस् । शब्दको अर्थ बताउँदा उपयुक्त विधिको समेत प्रयोग गर्नुहोस् । जस्तै;

सुरदेव : देवता वा पूज्य व्यक्तिको तस्विर देखाएर अर्थ बताउने ।

नभव : आकाश देखाएर अर्थ बताउने ।

विवेक : गाडा अक्षरमा भएको परिभाषा हेर्न लगाएर वा परिभाषा दिएर अर्थ बताईदिने, आदि ।

(ग) शब्दको अर्थ सिकाइसकेपछि विद्यार्थीलाई तिनै शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले वाक्यमा प्रयोग ठीकै गरेमा स्याबासी दिनुहोस् र ठीक नभएमा वाक्यपत्तीका सहायताले ठीक प्रयोग गर्न विद्यार्थीलाई सहयोग गर्नुहोस् ।

(घ) शिक्षणका क्रममा दलित, जनजाति, महिला र कमजोर विद्यार्थीलाई विशेष प्रोत्साहन गर्नुहोस् ।

## मूल्याङ्कन

(क) पाठमा प्रयुक्त शब्दको अर्थ सोध्नुहोस् । यसरी अर्थ सोद्धा कमजोर र समाजमा पछि परेका विद्यार्थीमा आफ्नो ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) कक्षाका विद्यार्थीलाई बेग्लाबेग्लै शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र उनीहरूलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ग) यस पाठको अभ्यासअन्तर्गतको प्र.नं. ३, ५ र ६ को उत्तर भन्न लेख्न लगाउनुहोस् ।

## गृहकार्य

यस पाठको अभ्यासअन्तर्गतको प्र.नं.१ र २ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् र जाँची पार्न दिनुहोस् ।

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

(क) 'प्रश्नोत्तर' कविता लय हालेर पढ्न,

(ख) उक्त कविताको भाववोध गर्न ।

## शैक्षिक सामग्री

भाववोधसम्वन्धी प्रश्नहरूको सूची, भावार्थ लेखनको नमुना, फलाटिन पाटी ।

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले 'प्रश्नोत्तर' कविता विद्यार्थीलाई पटकपटक लय मिलाएर पढ्न निर्देशन दिनुहोस् ।

(ख) पठन अभ्यास गराउँदा विद्यार्थीवाट हुने त्रुटिक्षेत्र पत्ता लगाई गल्ती पठन र सही पठन दुवैको तुलनात्मक विवेचना गरी आवश्यक निर्देशन दिनुहोस् र त्रुटि भएका ठाउँमा सच्याउन विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् ।

(ग) भाववोधसम्वन्धी प्रश्नोत्तर गराउनुभन्दा पहिला विद्यार्थीलाई पुनः एकपटक पूरै कविता पढ्न लगाउनुहोस् ।

(घ) कविता पढिसकेपछि उक्त कविताको पहिला एकएक पाउ अनि पूरै कविताको भावार्थ ठम्याउन विद्यार्थीलाई प्रोत्साहित गर्नुहोस् ।

(ङ) शिक्षकले पहिल्यै तयार गरी ल्याएका तलका जस्ता प्रश्नहरूको सूची फलाटिन पाटीमा प्रदर्शन गर्दै सोधिएका प्रश्नहरूको उत्तरका आधारमा विद्यार्थीलाई भावार्थ पहिल्याउन लगाउनुहोस् । जस्तै;

१. सच्चा कमाइ गरी खाँदा के खाएको अनुभव हुन्छ ?

२. सवैले खोजेको सुख कहाँ छ ?

३. शान्ति कहाँ मिल्छ ?

४. ईश (ईश्वर) कहाँ वस्छन् ?

५. रहस्यमय जीवन भनेको के हो ?

यसरी भाव वताउन लगाउँदा शिक्षकले समग्र कविताको भाव वताउन र विशिष्ट खालका पङ्क्तिको भावविस्तार एवम् व्याख्या गर्न लगाउनुहोस् । यसरी भाववोधसम्वन्धी अभ्यास गराउँदा भावविस्तार गर्न विद्यार्थीलाई विशेष सहयोग गर्नुहोस् ।

(च) अन्त्यमा शिक्षकले भावार्थ लेखनको नमुना फलाटिन पाटीमा प्रदर्शन गर्दै विद्यार्थीवाट प्राप्त भाववोधसम्वन्धी उत्तरलाई समेत ध्यानमा राखी कविताको भाव वताईदिनुहोस् ।

## मूल्याङ्कन

(क) कविता लय हाली पढ्न लगाउनुहोस् ।

(ख) भाववोधसम्वन्धी प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् ।

## गृहकार्य

अभ्यासअन्तर्गत प्रश्न ७ को उत्तर गरेर ल्याउन लगाउनुहोस् र कापी पनि परीक्षण गरिदिनुहोस् ।

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

(क) प्रस्तुत पाठका विशिष्ट पङ्क्तिहरू छान्न,

(ख) कविताका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न ।

## शैक्षिक सामग्री

व्याख्याको नमुना उत्तर, फलाटिन पाटी, व्याख्याका लागि तयार पारिएका पङ्क्तिहरू

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले व्याख्याका लागि केकस्ता पङ्क्तिहरू उपयुक्त हुन्छन्, त्यसबारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् र विशिष्ट पङ्क्तिहरू छान्न लगाउनुहोस् । छनोटमा आफूले पनि सहयोग पुऱ्याउनुहोस् । जस्तै; विशिष्ट पङ्क्तिका नमुना यी हुनसक्छन् :

१. के हो ठूलो जगतमा ? पसिन विवेक
उद्देश्य के लिनु ? उडी चन्द्र एक

२. देखिन्छ ईश कुन मन्दिरमा पसेर ?
त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर

(ख) शिक्षकले व्याख्याका लागि आवश्यक नमुना उत्तर प्रदर्शन गरी विद्यार्थीलाई कक्षामा विशिष्ट पङ्क्तिको व्याख्या गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले गरेको व्याख्या कक्षामा प्रस्तुत गर्न लगाई उनीहरूकै बीचमा छलफल गराउनुहोस् र शिक्षकले आवश्यकतानुसार टिप्पणी पनि गरिदिनुहोस् ।

(घ) विद्यार्थीले तयार गरेका उत्कृष्ट खाले व्याख्यालाई कक्षामा नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् र त्यसमाथि छलफल गराउनुहोस् ।

व्याख्या के हो ? र यसको नमुना कस्तो हुनुपर्दछ ?

**व्याख्या :**

अर्थ स्पष्ट नभएको कुनै पद, वाक्य, कविता आदिको अर्थ र भाव स्पष्ट खुलाउने विवरणलाई व्याख्या भनिन्छ । भाषण, वक्तृता कुनै घटना, दृश्य आदिको खुलस्त वर्णन नै व्याख्या हो ।

निबन्ध, कथा, कविता र जीवनी आदि विधाका स्मरणीय र मार्मिक पङ्क्तिहरूको सन्दर्भ, भाव र आशयको विस्तार गर्नु नै व्याख्या गर्नु हो । मूलभावको विस्तृतीकरणको पुष्टिका लागि तर्क, उदाहरण र आशय स्पष्ट गर्नु पनि व्याख्या नै हो । यसलाई आदि, मध्य र अन्त्य गरी तीन भागमा विभाजन गरी लेखिन्छ । कहिलेकाहीँ ठाउँ र अवस्था हेरी एक अथवा दुई अनुच्छेदमा पनि व्याख्या गर्ने गरिन्छ । उद्धरणको विश्लेषण अथवा समीक्षा गरी रवर झैँ तन्काएर लेख्ने सीप कला नै व्याख्या हो । यसो गर्दा दिइएको उद्धरणको मूल मर्म मनै गरी व्याख्या गर्नु हुँदैन ।

## नमुना

हुँदैन विहान मिर्मिरमा तारा झरेर नगए
वन्दैनं मुलुक दुईचार सपूत मरेर नगए ।

प्रस्तुत श्लोक कवि भूपिले रचना गरेका हुन् । भ्याउरे लोक लयमा लेखिएको प्रस्तुत उद्धरणले क्रान्तिको जागरणलाई उजागर गरेको छ । यो श्लोक सहिदहरूको सम्झनामा भन्ने शीर्षकमा रहेको छ ।

यो श्लोक हाम्रा अमर सहिद, नेपाल माताका वीर सपूतहरूको गुणगानको मङ्गलाचरण हो । यसमा उनीहरूको सौर्य, पराक्रम वीरताको मुक्त कण्ठले प्रशंसा गरिएको छ । यसमा प्रतीकको पनि निकै राम्रो प्रयोग भएको छ । मुलुकका सपूतहरूलाई अन्धकार रात्रिका महाआकाशका चम्किला तारासंग तुलना गरिएको छ । जसरी अन्धकारमा आकाशवाट दुईचार ताराहरू झरेर नगए मिर्मिर उज्यालो हुँदैन त्यसरी नै कुशासन र अशिक्षाले गाँजेको मुलुकलाई नागरिक चेतना भएका सपूतहरूले प्राणको वाजी लगाएनन् भने देश वन्दैन ।

यस श्लोकले देश प्रेमको महत्त्व उच्चस्वरमा गाएको छ । मुलुक समृद्ध वन्न र विकासको अग्रगति लिनका लागि नागरिक चेतना भएका सपूतहरूले प्राणको आहुती दिनै पर्छ । नत्र देश अशिक्षा र अज्ञानको अंध्यारोमा रुमलिन्छ । अमेरिका स्वतन्त्रता सङ्ग्राम र फ्रान्सको राज्यक्रान्ति, भारत स्वाधीनताका लागि त्यहांका अमर सपूतहरूले आफ्नो ज्यानको वाजी लगाएका थिए । नेपालमा पनि प्रजातान्त्रिक नागरिक चेतना र विकासका लागि दशरथ चन्द, धर्मभक्त, गंगालाल, शुक्रराज जस्ता अनेकन वीर सपूतहरूले प्राणको आहुती दिएर्पछि नै मातृभूमि नेपाल स्वतन्त्र भई आर्थिक, शैक्षिक उन्नति र प्रजातान्त्रिक विकासको मार्गमा अग्रसर हुने क्रम अगाडि बढेको हो ।

व्याख्या गर्दा विषयवस्तुको व्याख्या र संरचनासमेतको व्याख्या गरी दुई किसिमवाट गर्न सकिन्छ । विषयवस्तुको व्याख्या भन्नाले परम्परागत व्याख्या पद्धतिलाई बुझाउंछ । यसमा व्याख्या गर्न दिइएका पङ्क्तिलाई विषयवस्तु वा अर्थका दृष्टिले मात्र व्याख्या गरिन्छ ।

संरचनाको व्याख्या भन्नाले व्याख्या गर्न दिइएको पङ्क्ति वा हरफ कसरी संरचित भएको छ त्यसको समेत चिरफार गरेर देखाउनु हो । यसमा दिइएको पङ्क्ति नाम, सर्वनाम, विशेषण, अव्यय, करण, अकरण आदि कुनकुन शब्दवर्गवाट वनेका छ त्यसको शब्दवर्ग छुट्याउने कार्य गरिन्छ । यसलाई शाब्दिक व्याख्या भनिन्छ ।

यसरी व्याख्या गर्दा आर्थिक र शाब्दिक दुवै दृष्टिले व्याख्या गर्ने पद्धति परम्परागत पद्धतिभन्दा भिन्न नवीन पद्धति हो । विद्यालयस्तरका विद्यार्थीहरूलाई व्याख्या गर्न सिकाउंदा यस पद्धतिलाई समेत प्रयोग गरी सिकाउन वान्छनीय हुन्छ ।

### मूल्याङ्कन

(क) शिक्षकले विद्यार्थीलाई विशिष्ट पङ्क्ति छान्न लगाउनुहोस् र तिनको व्याख्या गर्न लगाउनुहोस् ।

### गृहकार्य

(क) पाठको अभ्यासमा दिइएको प्र न ८ र ९ लाई गृहकार्यको रूपमा गरेर ल्याउन निर्देशन दिनुहोस् र परीक्षण पनि गरिदिनुहोस् ।

**पाठ्यवस्तु** **व्याकरण (वर्तमान काल)** **घन्टी : १**

## उद्देश्य

यस पाठका शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) वर्तमान कालको परिचय दिन,

(ख) वर्तमान कालको क्रियापदको पहिचान गर्न,

(ग) वर्तमान कालको प्रयोग ।

## शैक्षिक सामग्री

शब्दसूची, वाक्यसूची, तालिका, फलाटिन पाटी ।

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई ४ समूहमा बाँड्नुहोस् । त्यसपछि प्रत्येक समूहलाई प्रश्नोत्तर कविताका एकएक अनुच्छेदवाट क्रियापदको सूची बनाउन लगाउनुहोस् ।

(ख) चारओटै समूहवाट सङ्कलन भएका क्रियापदहरूलाई काल मिलाएर सूची बनाउनुहोस् । त्यसरी बनाएका क्रियापदलाई उदाहरण दिंदै कुनै क्रियापदले अहिलेको समयमा काम हुने, काम हुँदै गरेको र भरखरै काम पूरा भएको बुझाएमा त्यस्तो क्रियापदले सङ्केत गर्ने काललाई वर्तमान काल भनिन्छ भनी परिचय दिनुहोस् । जस्तै; हो, छ, खोज्छन्, मिल्छ, सकिन्छ, देखिन्छ, हाँस्छ, फुल्छन्, खुल्छन्, छन्, सोध, छुनु आदि ।

(ग) यसपछि वर्तमान कालका क्रियापद प्रयोग भएको अनुच्छेद कालोपाटीमा लेखी वा टिपी त्यसबाट वर्तमान कालका क्रियापद र वाक्य पहिचान गर्न लगाउनुहोस् ।

(घ) त्यसपछि विद्यार्थीहरूलाई वर्तमान कालका क्रियापदका वाक्य भन्न लगाई कालोपाटीमा लेख्नुहोस् । विद्यार्थीहरूबाट भनिएका वाक्य ठीक भए नभएको सुरुमा अरू विद्यार्थीहरूलाई सोध्नुहोस् । अरू विद्यार्थीहरूबाट देखाइएका प्रतिक्रियाका आधारमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ङ) वर्तमान कालका क्रियापद प्रयोग गरी एकएक अनुच्छेद लेख्न लगाई त्यसरी लेखिएका अनुच्छेदमा प्रयोग भएका क्रियापद हेरी आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

## मूल्याङ्कन

(क) वर्तमान कालले क्रियाको कस्तो अवस्था बुझाउँछ ?

(ख) वर्तमान कालका विभिन्न क्रियापद र वाक्यहरू लेखेर तीमध्ये वर्तमानकालका क्रियापद र वाक्य छुट्याउन लगाउनुहोस् ।

## गृहकार्य

पाठ अभ्यासको व्याकरणको प्रश्न न. क गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| पाठ : २ | सबैको रक्षक कानुन | जम्मा घन्टी : ९ |
|---|---|---|

## प्रबन्ध विधाको परिचय

सामान्यतया प्रवन्ध र निवन्धलाई उस्तै रूपमा लिने गरेको पाइन्छ । तर निवन्ध आत्मपरक ढङ्गले पनि प्रस्तुत गर्न सकिन्छ भने प्रवन्ध मूलतः वस्तुपरक ढङ्गले लेखिन्छ । जेहोस् विद्यालय तहमा प्रवन्ध शिक्षणको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको वोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । कुनै विषयमा केन्द्रित रही त्यससम्वन्धी विषयवस्तुलाई विस्तृत रूपले गद्यमा क्रमवद्ध र व्यवस्थित ढङ्गले गरिने वस्तुपरक अभिव्यक्तिलाई प्रवन्ध भनिन्छ । गद्य विधाको एक महत्त्वपूर्ण विधाका रूपमा प्रवन्ध रहेको हुन्छ ।

प्रवन्धमा व्यक्तिगत, विषयगत, भाषागत तथा प्रस्तुतीकरणगत विविधता रहेको हुन्छ । प्रवन्धमा विषयसम्वन्धी विभिन्न वस्तुतथ्यको सूचना, जानकारी, विवरण र चिन्तन प्रस्तुत गर्न सकिन्छ । प्रवन्धले विद्यार्थीहरूका विचार, भावना आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउने हुनाले भाषा शिक्षणका सन्दर्भमा यो निकै महत्त्वपूर्ण विद्याका रूपमा रहेको हुन्छ ।

प्रवन्ध शिक्षणका क्रममा निर्दिष्ट पाठको उपयोग गर्दै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा प्रवन्ध लेखनको अभ्यास गराउन सकिन्छ । त्यस्तै प्रवन्ध शिक्षणका क्रममा भाषिक सीप विकासका लागि अन्य क्रियाकलापहरू पनि गराउन सकिन्छ ।

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोच्चारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | वर्णविन्यास (हिज्जे) | १ |
| ४. | पठनबोध र तत्सम्बन्धी भाषिक सीप | ३ |
| ५. | अनुच्छेदलेखन | १ |
| ६. | निबन्धलेखन | १ |
| ७. | व्याकरण (वर्तमान कालका क्रियापद) | १ |

पाठ्यवस्तु सस्वरपाठन र शब्दोच्चारण घन्टी : १

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

## शैक्षिक सामग्री

उच्चारण गर्न कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका

## शिक्षण क्रियाकलाप

(क) शिक्षकले कानुन र समाजवारे स्तरअनुसारका केही प्रश्नहरू सोधी पाठप्रति विद्यार्थीहरूको ध्यानाकर्षण गर्ने ।

(ख) त्यसपछि पाठभित्रका सुरुका दुई अनुच्छेद शिक्षकले नमुना वाचन गरी कक्षामा सुनाउने र विद्यार्थीहरूलाई पठित अनुच्छेद हेरेर सुन्न निर्देशन दिने ।

(ग) विद्यार्थीहरूलाई आलोपालो गरी पाठका विभिन्न अनुच्छेद क्रमिक रूपमा सस्वरवाचन गरी सुनाउन लगाउने ।

(घ) उनीहरूमध्ये कसैले गति, यति नमिलाई गलत पढेमा गल्ती पठनको हेक्का राखी शिक्षकले पठनकै क्रममा सच्याएर पढी सुनाउने र सोको अनुकरण र अभ्यास गर्न लगाउने ।

(ङ) यस क्रममा एक विद्यार्थीले सस्वर पढेको अरू विद्यार्थीहरूले पाठ ध्यानपूर्वक सुन्ने र गल्ती पढेमा सो ठम्याउन र सही पठनको प्रदर्शनसमेत गर्न प्रोत्साहित गर्ने ।

(च) शिक्षकले यस पाठमा रहेका उच्चारणका दृष्टिले सम्भाव्य कठिन शब्दहरूको छनोट गरी कालोपाटीमा लेखिदिने वा शब्दपत्तीहरूमा लेखेर त्याएका त्यस्ता शब्दहरूको क्रमशः उच्चारण गर्न लगाउने ।

(छ) उक्त शब्दहरूको शुद्ध उच्चारण गर्न नसकेका ठाउँमा गल्ती निर्देश गरिदिने र शुद्ध उच्चारणको नमुना प्रदर्शनसमेत गरी त्यस स्थितिमा आवश्यकताअनुसार पुनः पुनः अभ्यास गराउने ।

**उच्चारणका लागि सम्भाव्य कठिन शब्दहरू :**

कर्तव्य, संरक्षण, प्रोत्साहित, वेफ्वांक, राष्ट्र, आदर्श, अस्तव्यस्त, प्रमाण, सार्वजनिक, प्रवृत्ति, विवेकशील, स्वतन्त्रता, संयमित ।

(ज) कक्षाका विद्यार्थीहरूलाई समूहमा विभाजन गरी सम्भावित कठिन शब्दहरूलाई आलोपालो गरी उच्चारण गर्ने प्रतियोगिता गराउने ।

(झ) शब्दोच्चारणको अभ्यासपछि पनि पुनः अर्को कुनै अनुच्छेद दिई सस्वरवाचन गर्न लगाउने र विद्यार्थीहरूको वाचन तथा उच्चारणमा परिष्कार ल्याउन प्रोत्साहित गर्न आवश्यक छ ।

## मूल्याङ्कन

(क) सस्वरपठनको मूल्याङ्कन पाठभित्रको कुनै छोटो अनुच्छेदलाई सस्वर पढ्न लगाएर गराउनु वेस हुन्छ ।

(ख) उच्चारणका क्रममा अभ्यास गराइएकामध्ये केही शब्दहरूको पुनः उच्चारण गर्न लगाएर शब्दोच्चारणको मूल्याङ्कन गर्न सकिन्छ ।

**गृहकार्य**

उच्चारण गर्न कठिनाइ परेका शब्दहरू पाठवाट खोजेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिने ।

---

**पाठ्यवस्तु** **शब्दभण्डार** **घन्टी : १**

**उद्देश्य**

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ बताउन र प्रयोग गर्न,

(ख) निर्धारित शब्दहरूको विपरीतार्थी भन्न,

(ग) पारिभाषिक/प्राविधिक खालका शब्दहरू पहिल्याई तिनको सही रूपमा प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी

**शिक्षण क्रियाकलाप**

(क) शब्दार्थ सिकाउँदा विद्यार्थीहरूलाई पाठका निश्चित अनुच्छेद मौन रूपमा सरसर्ती पढ्न लगाउने र तिनवाट कठिन खालका शब्दहरू खोजेर भन्न लगाउने ।

(ख) पाठमा गाढा अक्षरमा रहेका शब्दहरू र सोही पृष्ठको अन्त्यतिर दिइएका तिनका अर्थहरू हेर्न र वुझ्न प्रोत्साहित गर्ने, अर्थ नवुझेमा शिक्षकसँग सोध्न निर्देशन दिने ।

(ग) पाठमा अर्थ नदिइएका थप कठिन शब्दहरू भएमा मात्र तिनको अर्थ शिक्षकसँग सोध्न प्रोत्साहित गर्ने ।

(घ) पाठमा अर्थ नदिइएका कतिपय शब्दहरूको अर्थ सम्वन्धित वाक्य वा अनुच्छेद पढेर अनुमान गर्न लगाउने । जस्तै;

कहींकतैवाट मनोमानी हुन नदिने असल मनसायले नै कानुनको निर्माण गरिएको हुन्छ ।

यस वाक्यमा प्रयोग भएको सन्दर्भले पनि 'मनोमानी' र 'मनसाय' शब्दको अर्थ खुट्याउन मदत गर्न सक्छ । अझ कुनै शब्दको अर्थ खास वाक्यले नै जनाइराखेको हुन्छ । जस्तै;

- अधिकार र कर्तव्यको सीमामा वाँध्ने नियमलाई कानुन भनिन्छ ।
- देशको मूल कानुनलाई संविधान भन्छन् ।

(ङ) शब्दहरूको अर्थ पहिल्याउने अन्य उपायहरूप्रति पनि विद्यार्थीहरूको ध्यानाकर्षण गराउनु उचित हुन्छ । जस्तै;

उस्तै उस्तै अर्थ पहिल्याउने (पर्यायवाची जस्ता) शब्दको जोडी भएमा अर्थ अनुमान गर्न सकिन्छ : दण्डसजाय, कुटपिट, चोरीडकैती, सवुतप्रमाण

वनोटले पनि शब्दको अर्थ पहिल्याउन मदत गर्छ । जस्तै;

१. वनोटबाट अनुमान गर :

| | | |
|---|---|---|
| व्यवहार + इक | = | व्यावहारिक |
| कानुन + राज | = | कानुनीराज |
| संयम + इत | = | संयमित |

२. फरक देखाऊ :

| | | |
|---|---|---|
| विवेक | – | विवेकशील |
| प्रोत्साहन | – | प्रोत्साहित |
| आवश्यक | – | आवश्यकता |

(च) विद्यार्थीहरूको शब्दभण्डार बढाउन शब्दहरूको अर्थ खोज्ने, तिनको पर्यायवाची वा विपरीतार्थी भन्ने उपायहरू पनि उपयोगी हुनेछन् । जस्तै;

**पर्यायवाची शब्द :**

| | | |
|---|---|---|
| इज्जत | – | प्रतिष्ठा, मान, सम्मान |
| चनाखो | – | चतुर, चलाख, वाठो, टाठो |

**विपरीतार्थी शब्द :**

| | | |
|---|---|---|
| आवश्यक | – | अनावश्यक |
| प्रोत्साहित | – | निरुत्साहित |
| स्वतन्त्रता | – | परतन्त्रता |

(छ) पारिभाषिक/प्राविधिक शब्दहरू खास क्षेत्रसँग सम्वन्धित हुन्छन् । यो पाठ कानुन विषयसँग सम्बद्ध भएकाले यसमा कानुनी क्षेत्रका केही पारिभाषिक शब्दहरू प्रयोगमा आएका छन् । तिनको अर्थ पहिल्याउन विद्यार्थीहरूलाई शब्दकोशको समेत प्रयोग गर्न लगाउनुपर्छ ।

(ज) विभिन्न आधारमा शब्दहरूको अर्थ पहिल्याउन आंशिक मदत मिले पनि प्रयोग नगरी तिनको अर्थले सन्दर्भगत पूर्णता पाएको अनुभव गर्न नसकिने हुँदा विद्यार्थीहरूलाई खास शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउनु आवश्यक छ ।

(झ) शब्दभण्डारको अभ्यासका क्रममा पाठमा प्रयुक्त सामान्य शाब्दिक एकाइलाई मात्र ध्यान नदिई विशेष पदावली र वाक्यात्मक एकाइका रूपमा आउने टुक्का, उखानहरूको पनि अभिप्राय स्पष्ट गर्ने तथा तिनलाई आफ्नै वाक्यमा प्रयोग गर्न लगाउनु पनि जरुरी हुन्छ । जस्तै;

पानीमाथि आभानो हुनु - गल्ती गरेर पनि गल्ती नगरेको जस्तो भान पार्नु

पाप धुरीवाट कराउनु - लुकाएको अपराध उदाङ्गो हुनु

(ञ) पाठमा दिइएका शब्दार्थसम्वन्धी सवै अभ्यासलाई कक्षाकार्यका रूपमा गराउनुहोस् ।

## मूल्याङ्कन

(क) केही शब्दहरू दिई अर्थ भन्न लगाउने ।

(ख) प्रयोगशील केही शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउने ।

(ग) विपरीतार्थी वा पर्यायवाची शब्दहरू भन्न तथा लेख्न लगाउने ।

(घ) केही पारिभाषिक शब्दहरूको परिभाषा वताउन लगाउने ।

(ङ) शब्दको वनोट पहिल्याई अर्थ अनुमान गर्न लगाउने ।

## गृहकार्य

विद्यार्थीहरूको अनुभवको सेरोफेरोमा पर्ने विभिन्न क्षेत्रका पारिभाषिक शब्दहरू टिपोट गरेर ल्याउन निर्देशन दिने ।

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू पाठमा प्रयुक्त शब्दहरूमा उपयुक्त वर्णविन्यासको प्रयोग गर्न सक्षम हुनेछन् ।

## शैक्षिक सामग्री

वर्णविन्यासका दृष्टिले कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका, फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले पाठमा प्रयुक्त शब्दहरूमध्ये विद्यार्थीहरूलाई वर्णविन्यासका दृष्टिले कठिन लाग्ने शब्दहरूको सूची बनाउने ।

(ख) उक्त शब्दहरूलाई कठिनाइ वा गल्तीक्षेत्रका आधारमा वर्गीकरण गर्ने प्रयास गर्ने । जस्तै;

| | | |
|---|---|---|
| ह्रस्वदीर्घ | : | व्यावहारीक, सार्वजनीक, दायीत्व, संयमीत |
| य / ए | : | कर्तव्य, अस्तवेस्त, सभ्येता, अन्याये |
| ण /न | : | प्रमान, निर्नय, संरक्षन, परिनाम |
| श /ष/स | : | विसय, आदर्ष, मनशाय, शुरक्षा, अशल |
| व /ब | : | विवेक, वढी, वेफ्वाँक, सम्वन्धित |
| अन्य | : | रछेक, राष्ट, व्यत्ति... |

(ग) यस्ता विभिन्न शब्दहरूलाई कालोपाटीमा छ्यासमिस पारेर लेख्ने र विद्यार्थीहरूसँग प्रश्नोत्तर गरी सच्याउने वा उनीहरूलाई सच्याउन लगाउने ।

(घ) पाठका शब्दहरू र अनुच्छेदको समेत श्रुतिलेखन गराउने र पाठ हेरी विद्यार्थीहरू आफैँलाई आफूले लेखेको सच्याउन लगाउने वा एक-अर्काले लेखेका कापी साटासाट गरी सच्याउन लगाउने ।

(ङ) विद्यार्थीहरूलाई अग्र, मध्य, अन्त्यमा ह्रस्व वा दीर्घ लेखिने शब्दहरूको अलग-अलग सूची वनाउन लगाउने । यस्तै श /ष /स, व /ब, ण /न आदि लेखिने शब्दहरूको सूची वनाई देखाउन लगाउने (यस्तो कार्यकलाप पाठमा प्रयोग भएका खास किसिमका शब्दहरूको सङ्ख्यागत वहुलतालाई ध्यान दिई एक वा एकभन्दा वढी समस्या क्षेत्रमा केन्द्रित गरिनु पर्छ) ।

(च) वर्णविन्याससम्वन्धी समस्याका कारण विभिन्न हुन सक्छन् । उच्चारणगत समस्यावाट वर्णविन्यासमा त्रुटि भएको भए त्यस्ता शब्दको उच्चारण र लेखन दुवैको अभ्यास गराउनु पर्छ । कर्तव्ये, पर्योग, पर्मान, वेवस्था यस्तै त्रुटि भएका शब्दहरू हुन् । उच्चारण एउटै हुने तर लेखन मात्र फरक हुने भएमा तिनको समाधान लेखनको अभ्यासवाट मात्र गर्न सकिन्छ । ह्रस्वदीर्घ, श /ष /स आदिका समस्या यस्तै कुरासँग सम्वन्धित छन् ।

(ज) कक्षामा विभिन्न समूह वनाई पाठका शब्दहरूको शुद्ध वर्णविन्यास लेख्न हिज्जे प्रतियोगिता गराउने ।

(झ) शुद्ध वर्णविन्यासका लागि शब्दकोश, पाठमा प्रयुक्त शब्द, पाठको शब्दसूची आदि हेर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।

(ञ) वर्णविन्यासको अभ्यास क्रममा विभिन्न समस्या क्षेत्रका शब्दसूची, शब्दपत्तीहरू, गोजीतालिका आदिको शिक्षकले यथेष्ट प्रयोग गर्ने ।

**मूल्याङ्कन**

(क) वर्णविन्यासका दृष्टिले अशुद्ध शब्दसूची, वाक्यहरू वा अनुच्छेद दिई सच्याउन लगाउने ।

(ख) खास शब्दहरू, वाक्य वा अनुच्छेदको श्रुतिलेखन गराएर जाँच्ने ।

**गृहकार्य**

शब्दको मध्यमा ह्रस्व लेखिएका दसओटा शब्दहरू पाठवाट खोजेर ल्याऊ ।

---

## पाठ्यवस्तु — पठनबोध र तत्सम्बन्धी भाषिक सीप — घन्टी : ३

**उद्देश्य**

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) सम्वन्धित अनुच्छेदको मौनवाचन गरी सोधिएका वोधप्रश्नहरूको उत्तर दिन,

(ख) निर्धारित अनुच्छेदवाट बुँदाटिपोट गर्न,

(ग) निर्धारित अनुच्छेदको सारांश भन्न र लेख्न,

(घ) विशिष्ट पङ्क्तिको भावविस्तार गर्न र व्याख्या गर्न ।

**शिक्षण क्रियाकलाप**

(क) सम्बन्धित पाठवाट शिक्षकले खास अनुच्छेद वा गद्यांशको छनोट गर्ने र विद्यार्थीहरूलाई सो अनुच्छेदको विषयवस्तु वुझ्ने गरी मौनवाचन गर्न लगाउने । यसो गर्दा अनुच्छेदको लमाइ र विद्यार्थीहरूको सामान्य पठन गतिलाई ख्याल गरी समयसमेत तोक्नु उचित हुन्छ ।

(ख) विद्यार्थीहरूले अनुच्छेद पढिसकेपछि पहिले नै तयार पारिएका वोधप्रश्नहरू उनीहरूलाई सोधी त्यसमा प्रश्नोत्तर गराउने ।

उदाहरणका लागि पाठ्यपुस्तकको पृष्ठको अन्तिम अनुच्छेद लिनुहोस् ।

(समाजका जोकोही मानिसलाई कानुनी निर्णय दिने अधिकार हुँदैन । ... ... ...वास्तवमा कानुनीराजमा सवैको एक मात्र भरपर्दो रक्षक कानुन मात्र हुन्छ ।)

**बोध प्रश्न :**

(१) कानुनी निर्णय गर्ने अधिकार कसलाई हुन्छ ?

(२) सम्वन्धित निकाय भनेको के हो ?

(३) कस्ता मुद्दाहरूलाई समाजले नै छिनोफानो गर्न सक्छ ?

(४) सानातिना मुद्दालाई समाजले सुल्झाउँदा के फाइदा हुन्छ ?

(५) कानुनीराज कस्तो हुन्छ ?

(ग) पाठको कुनै अनुच्छेद छानी त्यसबाट मुख्य बुँदाहरू टिपोट गर्न लगाउने । जस्तै;

**उदाहरणका लागि अनुच्छेद :**

कानुनको उद्देश्य असल र फराकिलो हुन्छ । दोषीलाई सजाय दिन मात्र कानुनको सहायता लिइन्न । अन्यायमा परेकालाई उकास्न पनि कानुनकै सहयोग चाहिन्छ तर कहिलेकाहीँ कानुनको प्रयोग पनि व्यक्तिबाट गलत ढङ्गले हुन सक्छ । त्यसमा व्यक्ति आफै चनाखो हुनुपर्छ । कानुनको विशेषता भन्ने कि कमजोरी प्रमाणबिना कानुनले कसैलाई छुँदैन । त्यसैले त अपराध गर्नेहरू कहिलेकाहीँ सबुत प्रमाण लुकाएर पानीमाथिको ओभानो हुन खोज्छन् तर पाप धुरीबाट कराउँछ भने झैँ एक न एक दिन तिनीहरूको पोल नखुलिछाड्दैन ।

**उक्त अनुच्छेदबाट बुँदाटिपोटको नमुना :**

- दोषीलाई सजाय मात्र कानुनको उद्देश्य नहुने
- अन्याय परेकालाई पनि कानुन सहयोगी
- कहिलेकाहीँ कानुनको गलत प्रयोग
- कानुनको प्रयोगको आधार प्रमाण
- अपराधीहरूले प्रमाण लुकाउन सक्ने तर पाप धुरीबाट कराउने

**बुँदाटिपोट गर्दा अपनाउनुपर्ने प्रक्रिया:**

(१) बुँदा टिप्नुभन्दा पहिले सम्बन्धित अनुच्छेद कम्तीमा दुईपल्ट पढ्ने
(२) वाक्यहरूमा व्यक्त मुख्य मुख्य विचार ठम्याई खेस्रा टिपोट गर्ने
(३) अनुच्छेदलाई फेरि एकपल्ट पढेर आफ्नो खेस्रा टिपोटसँग रुजु गर्ने र साफी गर्ने
(४) बुँदाहरू पूर्ण वाक्यमा नभई अपूर्ण वाक्यमा प्रस्तुत गर्ने ।

(घ) बुँदाटिपोटका आधारमा सारांश लेख्न लगाउने । जस्तै; उल्लिखित अनुच्छेदको बुँदाटिपोटका आधारमा तयार पारिएको सारांश :

दोषीलाई सजाय मात्र कानुनको उद्देश्य नभई अन्यायमा परेकालाई पनि कानुनले हेर्छ । कानुनको आधार प्रमाण भएकाले अपराधीले प्रमाण लुकाई यसको गलत प्रयोग गर्न सक्छ तर पाप धुरीबाट कराउँछ ।

(ङ) विद्यार्थीहरूलाई समग्र पाठको मौनवाचन गर्न लगाई अभ्यासमा दिइएका प्रश्नहरूको संक्षिप्त उत्तर दिनेसमेत अभ्यासहरू गराउने ।

(च) अभ्यास नं. ५ र ६ मा उल्लिखित उद्धरणको भावविस्तार गर्न लगाउने । भावविस्तार गर्दा सम्बन्धित कथनको भावलाई सविस्तार प्रकाश पार्ने काम गरिन्छ ।

(छ) तलका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्ने अभ्यास गराउने :

- "कानुनका दृष्टिमा सबै बराबर"
- "अधिकार र कर्तव्य एकै सिक्काका दुई पाटा हुन् ।"

(ज) भावविस्तार र व्याख्याका लागि दिइएका कथनको भावबारे शिक्षकले विद्यार्थीहरूलाई कक्षामा छलफल गराउने । त्यसपछि मात्र सम्बन्धित कथनको भावविस्तार वा व्याख्या लेख्न लगाउने गर्न उचित हुन्छ ।

**मूल्याङ्कन**

(क) विद्यार्थीहरूले पाठ पढेका आधारमा विषयवस्तुसँग सम्बन्धित छोटा तथा लामा प्रश्नहरू सोधेर उनीहरूले बुझेनबुझेको जाँच्न सकिन्छ ।

(ख) विद्यार्थीहरूको उत्तरबाट पाठ नबुझेको देखिएमा समग्र पाठलाई पुनः मौनवाचन गराई पुनः प्रश्न सोध्नु पनि उपयुक्त हुन्छ ।

**गृहकार्य :**

पाठका आधारमा "कानुनको महत्त्व" शीर्षकमा एक अनुच्छेद लेखेर ल्याउन भन्ने ।

---

**पाठ्यवस्तु** **अनुच्छेदलेखन** **घन्टी : १**

**उद्देश्य**

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू पठित र स्वतन्त्र विषयमा अनुच्छेद लेख्न सक्षम हुनेछन् ।

**शैक्षिक सामग्री**

(क) अनुच्छेद लेखनमा ध्यान दिनुपर्ने कुराको सूची

(ख) अनुच्छेद लेखनको शीर्षक र बुँदा

(ग) अनुच्छेद लेखनको नमुना

(घ) निबन्ध लेखनको शीर्षक र बुँदा

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम अनुच्छेद लेखनका लागि शिक्षकले विद्यार्थीहरूको स्तरअनुसारको उपयुक्त शीर्षकको छनोट गर्ने । यस्तो शीर्षक विद्यार्थीहरूले पढेका विषयवस्तुसँग सम्बन्धित पनि हुन सक्छ वा बाहिरी (नपढेको भए पनि उनीहरूले जानेबुझेको) हुन सक्छ ।

> अनुच्छेद एकभन्दा बढी वाक्यमा लेखिने लघुतम गद्यात्मक अभिव्यक्ति हो । यो एक अनुच्छेदमा लेखिन्छ । यो आफैँमा पूर्ण हुन्छ । एउटै अनुच्छेदभित्र अग्र, मध्य र अन्त्य भाग हुन् यसको विशेषता हो । अनुच्छेदको सुरुको भाग वा वाक्य परिचयात्मक हुन्छ । बीचका वाक्यहरू विस्तारात्मक हुन्छन् । अन्त्य भाग वा वाक्य उपसंहारात्मक हुन्छ ।

(ख) अनुच्छेद लेखनको अभ्यास निर्देशित र स्वतन्त्र दुवै किसिमले गराउने । निर्देशित लेखन गराउँदा शिक्षकले विषयशीर्षकका साथै त्यसमा पर्न सक्ने प्रमुख बुँदाहरू पनि उल्लेख गरिदिनुपर्छ । जस्तै,

**शीर्षक : कृषि**

खेतबारीमा बाली उब्जाउने काम – नेपालको प्रमुख पेसा – धेरैजसो नेपालीहरू यसमा निर्भर – कृषिका लागि पशुपालन – उब्जनी बढाउन सिंचाइको सुविधा – कृषिमा सुधार जरुरी ।

(ग) अनुच्छेदको स्वतन्त्रलेखन गराउँदा विद्यार्थीहरूलाई शीर्षक मात्र लेखी सोबारे एक अनुच्छेदमा वर्णन गर्न निर्देशन दिने । यस्ता शीर्षकहरू अनुभवमा आधारित र पठित दुवै हुन सक्छन् । जस्तै,

| अनुभवमा आधारित शीर्षक | पठित शीर्षक |
|---|---|
| घर, वन, फूल, पानी | कानुन, शिक्षा, भ्रमण |

यस्ता शीर्षकमा अनुच्छेद लेख्नुभन्दा पहिले आवश्यक बुँदाहरू टिपोट गरी लेख्न प्रोत्साहित गर्ने ।

(घ) अनुच्छेद लेखनसम्बन्धी यस्तो अभ्यास कक्षाकार्यका रूपमा गराउन विद्यार्थीहरूलाई आफूले लेखेको अनुच्छेद एकपल्ट पुनः अवलोकन गर्न र आवश्यक परेमा काटछाँट गर्न लगाउने ।

(ङ) अनुच्छेद लेखनका क्रममा शिक्षकले विद्यार्थीहरूको लेखाइको सरसर्ती निरीक्षण गर्ने र आवश्यक परेमा निर्देशन समेत दिने । लेखिएका केही अनुच्छेदहरू (उत्तम र मध्यम खालका) कक्षामा शिक्षकले विद्यार्थीहरूलाई सुनाउन लगाउने र लेखाइवारे टिप्पणी गरी सुझाव समेत दिने ।

(च) अनुच्छेदलेखन छोटो अभिव्यक्ति हुनाले यसबाट विषयवस्तुको सङ्गठन र भाषाशुद्धिवारेमा विद्यार्थीहरूको क्षमता पहिल्याउन शिक्षकलाई सजिलो हुन सक्छ र विद्यार्थीहरूलाई पनि आफ्ना कमीकमजोरीमा सचेत भई लेखनमा परिष्कार गर्ने अवसर प्राप्त हुने हुँदा यस किसिमको अभ्यासमा शिक्षकले वढी जोड दिनु आवश्यक छ । साथै यसलाई निवन्ध लेखनको पूर्वाभ्यासका रूपमा समेत गराउनु उचित हुन्छ ।

## मूल्याङ्कन

(क) अनुच्छेद लेख्न दिई सोको लेखाइ अवलोकनका आधारमा विद्यार्थीको लेखनलाई उत्तम, मध्यम, निम्न आदि विभिन्न तहमा वर्गीकरण गरिदिने ।

(ख) विद्यार्थीहरूले लेखेका अनुच्छेदलाई मूल्याङ्कन गर्दा विषयवस्तु, सङ्गठन, प्रस्तुतिशिल्प, भाषाशुद्धि आदिको आधारमा अङ्क दिने ।

## गृहकार्य

विषयशीर्षक तोकिदिएर अनुच्छेद लेखेर ल्याउन निर्देशन दिने (गृहकार्य दिँदा प्रत्येक विद्यार्थीलाई अलग-अलग शीर्षक पनि दिन सकिनेछ ।)

---

**पाठ्यवस्तु** **निबन्धलेखन** **घन्टी : १**

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू पाठित र स्वतन्त्र विषयमा निवन्ध लेख्न सक्षम हुनेछन् ।

## शैक्षिक सामग्री

(क) निवन्धलेखनमा ध्यान दिन दिनुपर्ने कुराको सूची
(ख) निवन्धलेखनका लागि शीर्षक र बुँदाहरू
(ग) निवन्धलेखनको नमूना

## शिक्षण क्रियाकलाप

(क) निवन्धलेखन अनुच्छेदलेखनकै विस्तारित रूप भएकाले अनुच्छेद लेखनमा उल्लेख गरिएका सबैजसो शिक्षणप्रक्रिया र कार्यकलापहरू यसमा लागू गर्न सकिन्छन् ।

* निवन्ध लेखन कम्तीमा पनि तीन अनुच्छेदमा हुनुपर्छ :

(१) परिचय (२) विस्तार तथा व्याख्या (३) उपसंहार

निबन्धमा परिचय भाग र उपसंहार भाग एक-एक अनुच्छेदमा हुन्छ भने विस्तार भाग चाहिँ एक वा सोभन्दा वढी अनुच्छेदमा हुन्छ ।

* विषयवस्तुहरूको पूर्वापर सङ्गठन, सिलसिला, तार्किक अन्विति, अनुच्छेदहरूको गठन आदिका वारेमा यसमा विद्यार्थीहरू वढी खुलेर अभ्यास गर्न पाउँछन् । तसर्थ निवन्धलेखन उनीहरूका लागि उच्चस्तरको लेखन सीपको अभ्यासका साथै वौद्धिक र सृजनात्मक क्षमता बढाउने क्रियाकलाप पनि हो । यी कुरामा शिक्षकको ध्यान जानुपर्छ ।

(ख) निवन्धहरू वस्तुपरक र आत्मपरक दुवै हुन सक्छन् । कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट प्रवन्धका पाठहरू सवै वस्तुपरक प्रकृतिका छन् । तापनि शिक्षकले निवन्ध लेखाउँदा प्रवन्धपरक वा वस्तुपरक मात्र नभई आत्मपरक निवन्ध लेख्न समेत प्रोत्साहित गर्नु उचित हुन्छ । आत्मपरक निवन्धमा विद्यार्थीहरूको सृजनात्मक क्षमता वढी उजागर हुने हुन्छ । तसर्थ यसमा उनीहरूको वैयक्तिक रुचिलाई ध्यान दिएर लेखनको अभ्यास गराउन सकिन्छ ।

(ग) निवन्धलेखनका लागि शीर्षकहरू अनुच्छेद लेखनका लागि दिइने शीर्षकहरू जस्तै हुन पनि सक्छन् र अन्य पनि हुन सक्छन् ।

**उदाहरणका लागि केही शीर्षकहरू :**

(क) जीवन (ख) मानिस (ग) कानुन (घ) शिक्षा (ङ) किसान (च) हाम्रो खाना (छ) पहाड (ज) गाउँको वातावरण (झ) उद्योग-व्यवसाय (ट) पर्यटन (ठ) हवाईजहाज (ड) वनभोज (ढ) झरीको दिन (ण) अधिकार र कर्तव्य ।

(घ) निवन्ध पनि अनुच्छेद जस्तै निर्देशित र स्वतन्त्र दुवै किसिमले लेखाउनु आवश्यक छ । साथै कुनै शीर्षकमा निवन्ध लेख्नुभन्दा पहिले त्यस विषयमा पूर्वतयारीका लागि कक्षामा आवश्यक छलफल गराउने वा वुँदाटिपोट गर्न लगाउने र अनि मात्र निवन्ध लेख्ने अभ्यास गराउनु उचित हुन्छ ।

(ङ) कक्षामा निवन्धका वारेमा वताउने र निवन्ध लेख्न चाहिँ गृहकार्यका रूपमा दिने पुरानो परिपाटीलाई हटाई कक्षाकार्यका रूपमा निवन्ध लेख्ने अभ्यास गराउनमा जोड दिनु आवश्यक छ ।

(च) अर्को कुरा, निवन्धलेखनमा वर्णविन्यास, भाषाशुद्धिभन्दा विषयवस्तु र त्यसको सङ्गठन, अनुच्छेदगठन, प्रस्तुति र तिनको शिल्पले प्रमुखता पाउनुपर्ने हुँदा शिक्षकले कक्षामा निवन्धको अभ्यास गराउँदा विद्यार्थीहरूले लेखेका निवन्धहरू सुनी सोही अनुरूपको टिप्पणी र सुझाव दिनु उचित हुन्छ ।

## मूल्याङ्कन

(क) अनुच्छेद तथा निवन्ध लेख्न दिई सोको लेखाइ अवलोकनका आधारमा विद्यार्थीको लेखनलाई उत्तम, मध्यम, निम्न आदि विभिन्न तहमा वर्गीकरण गरिदिने ।

(ख) विद्यार्थीहरूले लेखेका निवन्धहरूलाई मूल्याङ्कन गर्दा विषयवस्तु, सङ्गठन, प्रस्तुतिशिल्प, भाषाशुद्धि आदिको आधारमा अङ्क दिने ।

## गृहकार्य

विषयशीर्षक तोकी अनुच्छेद तथा निवन्ध लेखेर ल्याउन निर्देशन दिने (गृहकार्य दिंदा प्रत्यक विद्यार्थीलाई अलग-अलग विषय पनि दिन सकिनेछ ।)

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू वर्तमान काल र त्यसमा प्रयुक्त हुने क्रियापदहरूको पहिचान गर्न सक्ने छन् ।

## शिक्षण सामग्री

(क) क्रियाका कालको तालिका

(ख) वर्तमान काल जनाउने क्रियापदको रूपावली

(ग) वर्तमान काल जनाउने क्रियाका शब्दपत्तीहरू, गोजीतालिका

## शिक्षण क्रियाकलाप

(क) तलका जस्ता उदाहरण दिई विद्यार्थीहरूलाई क्रियाका काल पहिल्याउन लगाउने -

१ - राम आज मेरो घरमा आउँछ ।
- हरि हिजो वीरगन्जबाट आयो ।

२ - सीता अहिले त्यस स्कुलमा पढ्छे ।
- विमलाले पहिले गाउँको स्कुल पढी ।

आयो, पढी जस्ता बितेका कुरा जनाउने क्रियापदका रूपका तुलनामा आउँछ, पढछे जस्ता क्रियापदले चाहिँ अभूत वा वर्तमान काल जनाएको कुरा शिक्षकले उल्लिखित किसिमका अन्य उदाहरणसमेत दिई स्पष्ट गरिदिने ।

(ख) पाठमा व्याकरण स्तम्भअन्तर्गत दिइएको निर्देशनअनुसार सातौँ, आठौं अनुच्छेदमा प्रयोग भएका वर्तमान कालका क्रियापदहरूको टिपोट गरी देखाउन लगाउने । यस क्रममा उक्त अनुच्छेदभित्र रहेका "हुँदैन, पाउँदैन" ले पनि वर्तमान कालको अकरण जनाउने कुराको उल्लेख गरिदिने ।

(ग) वर्तमान कालका क्रियापदका रूपहरू बताउन विद्यार्थीहरूलाई लगाउने । यस क्रममा खास क्रियाको रूपावली बनाउन शिक्षकले सघाउने ।

(घ) वर्तमान कालका विभिन्न क्रियापदहरूको प्रयोग गर्न लगाई बालक र बालिकाको छुट्टाछुट्टै रूपमा चार चार वाक्यमा वर्णन गर्न लगाउने ।

## मूल्याङ्कन

(क) क्रियाका विभिन्न रुपहरू छयासमिस पारेर राखी तिनवाट वर्तमान कालका रूपहरू पहिल्याउन लगाउने ।

(ख) वर्तमान कालको प्रयोग गरी कुनै विषयको वर्णन गर्न लगाउने ।

## गृहकार्य

पाठको चौथो अनुच्छेदमा रहेका वर्तमान कालका रूपहरूको टिपोट गरेर ल्याऊ ।

| पाठ : ३ | गोपालप्रसाद रिमाल | जम्मा घन्टी : ६ |
|---|---|---|

## जीवनी विधाको परिचय

समाज, राष्ट्र वा विश्वमा विशिष्ट योगदान पुऱ्याउने प्रतिभाको व्यक्तित्व प्रकाश पार्ने तथ्यमूलक घटनाको श्रृङ्खला जीवनी हो । यसमा विशिष्ट व्यक्तिको जीवनीसँग सम्वन्धित वृतान्त वा व्यक्तिको जन्मदेखि मृत्युसममका घटनाको श्रृङ्खलावद्ध प्रस्तुति गरिन्छ । विभिन्न क्षेत्रमा ख्याति प्राप्त व्यक्तिको जीवनी पढेर विद्यार्थीले आफ्नो व्यक्तित्वको विकास गराउन सक्छन् । महान् व्यक्तिको व्यक्तित्ववाट प्रेरणा लिएर विद्यार्थीले आफ्नो जीवनलाई महान् कार्य गर्नेतर्फ उत्प्रेरित गर्न सक्छन् । भाषा पाठ्यपुस्तकमा जीवनी राखिनुको मुख्य उद्देश्य कुनै व्यक्तित्वको जीवनचरित्रसँग परिचित गराएर तद्नुकूल विद्यार्थीको मनोवल उच्च वनाउन सघाउनु हो ।

जीवनी मूलतः तथ्यपरकतामा आधारित हुन्छ । त्यसैले जीवनी शिक्षण गर्दा सोही अनुरूप विद्यार्थीको व्यक्तित्व विकास गर्न महान् व्यक्तित्ववाट प्रेरणा लिन र त्यस्तो चरित्रको अनुकरण गर्ने ढङ्गले विद्यार्थीलाई उत्प्रेरित गर्नुपर्दछ । त्यसैगरी पाठ्यपुस्तकमा राखिएका जीवनीलाई विशेष गरेर विभिन्न विषयक्षेत्रका शब्दभण्डार र बोधक्षमताको विकास गर्ने प्रयोजनले पनि शिक्षण गर्न सकिन्छ । पठनवोध क्षमताको विकास गर्न व्यक्तिका जीवनसँग सम्वन्धित घटनाको तथ्यपरक विश्लेषण गर्न जीवनी शिक्षण गर्न सकिन्छ ।

जीवनी विधा मूलतः पाठ्य विधा भएकाले पढाइ सीपका साथै सुनाइ, बोलाइ र लेखाइ सीप विकासका लागि पनि उत्तिकै प्रयोग गर्न सकिन्छ । त्यस्तै श्रुतिवर्णन, सारांश लेखन, बुँदाटिपोट घटनाहरूको क्रम मिलाउने, श्रुतिलेखन, शव्दार्थ पठन, लिखित रचना र व्याकरणका विभिन्न पक्षमा शिक्षण गर्न जीवनी विधाको उपयोग गर्न सकिन्छ ।

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोच्चारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | वर्णविन्यास | १ |
| ४. | बोधसम्बन्धी छलफल र प्रश्नोत्तर | २ |
| ५ | व्याकरण (विशेषण) | १ |

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) प्रस्तुत जीवनीका निर्दिष्ट अनुच्छेदलाई गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) निर्दिष्ट कठिन शव्दको शुद्ध उच्चारण गर्न ।

## शैक्षिक सामग्री

गोपालप्रसाद रिमालको तस्विर, शव्दपत्ति, कठिन उच्चारण भएका शव्दहरूको सूची, गोपालप्रसाद रिमालका जीवनीका प्रमुख बुँदाहरूको सूची, गोजीतालिका आदि ।

## शिक्षण क्रियाकलाप

(क) शिक्षकले निर्धारित अनुच्छेदहरू गति, यति, मिलाई नमुना सस्वरपठन गरी कक्षामा सुनाउनुहोस् र विद्यार्थीलाई पनि त्यसैगरी सस्वरपठन गर्न लगाउनुहोस् । सस्वरपठन गराउँदा कक्षाका सक्षम, मध्यम तथा कमजोर सवैखाले विद्यार्थीहरूलाई सक्रिय गराउनुहोस् ।

(ख) कुनै एक विद्यार्थीले सस्वरपठन गर्दा कक्षाका अन्य विद्यार्थीहरूलाई पठित अनुच्छेद ध्यान दिएर हेर्न र सुन्न निर्देशन दिनुहोस् ।

(ग) यसपछि पठित अनुच्छेदहरूमा रहेका कठिन शव्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न सिकाउन उदाहरणका रूपमा आफूले केही शव्दहरूको शुद्धोच्चारण गरी विद्यार्थीहरूलाई पनि सोहीअनुसार अभ्यास गराउनुहोस् । यस क्रममा निर्धारित अनुच्छेदमा रहेका कठिन शव्दहरूको सूची वनाई गोजीतालिकामा देखाई सोअनुसार शुद्ध र स्पष्ट उच्चारण गर्ने र गर्न लगाउन पनि सकिन्छ ।

(घ) शुद्ध उच्चारणको अभ्यास गराउँदा शव्द, वाक्य र अनुच्छेदसम्मको अभ्यास गराउनुहोस् ।

## मूल्याङ्कन

(क) विद्यार्थीलाई निर्दिष्ट पाठका अनुच्छेद तोकी सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) पठित पाठका उच्चारणमा कठिन शव्दहरूको उच्चारण गराउनुहोस् ।

(ग) पाठको अभ्यासअन्तर्गत प्रश्न ३ को उत्तर दिन लगाउनुहोस् ।

## गृहकार्य

पाठका विभिन्न अनुच्छेदहरूको गति, यति मिलाई सस्वर पठन र अनुच्छेदमा रहेका कठिन शव्दको शुद्धोच्चारणको अभ्यास गरी आउन निर्देश गर्नुहोस् ।

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) पाठका कठिन शब्दको अर्थ बताउन,

(ख) पाठका कठिन शब्दलाई वाक्यमा प्रयोग गर्न,

(ग) शब्दार्थ मिल्ने शब्दबीच जोडा मिलाउन ।

## शैक्षिक सामग्री

शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, शब्दकोश, गोजितालिका, फलाटिन पाटी ।

## शिक्षण क्रियाकलाप

(क) यस पाठका शब्दभण्डारको शिक्षण गर्न सर्वप्रथम विद्यार्थीलाई निर्धारित अनुच्छेदहरूको मौनवाचन गर्न लगाउनुहोस् । मौनवाचन गर्दा विद्यार्थीहरूलाई कठिन लागेका शब्दहरूमध्ये पाठ्यपुस्तकमा गाढा अक्षर भएका शब्दको अर्थ त्यही पृष्ठको अन्त्यमा हेर्न अभ्यस्त गराउनुहोस् र त्यहाँ अर्थ नदिइएका कठिन शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ख) त्यसपछि विद्यार्थीले रेखाङ्कन गरेका कठिन शब्दहरू क्रमशः उनीहरूबाट भन्न लगाई कालोपाटीमा टिप्दै जानुहोस् । कालोपाटीमा टिपिएका शब्दको अर्थ सकभर विद्यार्थीहरूबाटै भन्न लगाउनुहोस् । यदि विद्यार्थीहरूबाट सही शब्दार्थ नआएमा शब्दपत्तीका माध्यमबाट गोजीतालिका वा फलाटिन पाटीको सहयोगले शब्दार्थ खोज्न लगाउनुहोस् । त्यस्तै शब्दार्थका लागि चित्र, वस्तु, पर्याय, अभिनय, वर्णन आदि उपयुक्त विधि अपनाएर पनि शब्दार्थ भन्न लगाउन सकिन्छ । यसबाहेक शब्दार्थ शिक्षणका क्रममा शब्दकोशबाट शब्दको अर्थ पत्ता लगाउन अह्राउन सकिन्छ । यसो गर्दा शब्दकोशको प्रयोग गर्ने तरिकाका बारेमा छलफल गरी शब्दकोशको प्रयोगबारे जानकारी दिई शब्दकोशबाट शब्दार्थ पत्ता लगाउने अभ्यास गराउनुहोस् ।

(ग) शब्दार्थ शिक्षण गरिसकेपछि तिनलाई सार्थक वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यमा प्रयोग गर्दा त्रुटिहरू गरेमा तिनलाई सुधार गरी उपयुक्त विकल्प दिनुहोस् । वाक्यमा प्रयोग सिकाउँदा वाक्यपत्तीको प्रयोग गर्नुहोस् । त्यस्तै उस्तैउस्तै लाग्ने शब्दको अर्थलाई वाक्यमा प्रयोग गरेर अर्थ स्पष्ट पार्नुहोस् ।

(घ) वाक्यमा प्रयोग सिकाउँदा एउटै शब्दका विभिन्न प्रयोगका उदाहरण देखाउँदै विद्यार्थीलाई पनि पर्याप्त अभ्यास गराउनुहोस् ।

## मूल्याङ्कन

(क) पाठमा रहेका कठिन शब्द दिई अर्थ भन्न लगाउनुहोस् ।

(ख) पाठका विभिन्न शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) पाठको अभ्यासमा रहेका प्रश्न न. ४ र शब्दभण्डारअन्तर्गत रहेको 'जोडा मिलाऊ' गर्न लगाउनुहोस् ।

## गृहकार्य

पाठबाट केही शब्दहरू दिई तिनको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु — वर्णविन्यास — घन्टी : १

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) अशुद्ध रूपमा दिइएका शब्द, वाक्यहरू शुद्ध गरी सार्न,

(ख) सामान्य वर्णविन्यास मिलाई लेख्न ।

## शैक्षिक सामग्री

वर्णविन्याससम्बन्धी नियमहरूको सूची, वर्णविन्यासका लागि कठिन शब्दको सूची, शब्दकोश, फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम कालोपाटीमा वर्णविन्यास मिलेका र नमिलेका शब्दहरू छयासमिसे रूपमा प्रस्तुत गर्नुहोस् र तिनको शुद्ध र अशुद्ध रूप भन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई ती शब्दका बारेमा शब्द शुद्ध र अशुद्ध हुनुका कारण सोधी अन्त्यमा तिनको सही रूप दिनुहोस् ।

(ग) वर्णविन्यास शिक्षण गर्दा शिक्षकले विभिन्न त्रुटिसंग सम्बन्धित शब्दहरू भनी विद्यार्थीहरूलाई क्रमैसंग ती शब्दहरूको शुद्ध वर्णविन्यास कालोपाटीमा लेख्न लगाउनुहोस् । विद्यार्थीले लेखेको शब्दको वर्णविन्यास ठीक भए नभएको कक्षामा छलफल गराउनुहोस् । ठीक नभए पहिला विद्यार्थीहरूबाटै सच्याउन लगाउनुहोस् र विद्यार्थीले सच्याउन नसकेमा शिक्षकले सच्याएर लेखिदिनुहोस् ।

(घ) कक्षामा विभिन्न किसिमका वर्णविन्यास भएका शब्दहरू छयासमिस पारी कालोपाटीमा लेखेर वा अशुद्ध शब्दपत्ती फलाटिन पाटीमा टासेर तिनलाई शुद्ध पार्ने तरिकाका बारेमा प्रशस्त अभ्यास गर्न लगाउनुहोस् । आवश्यकताअनुसार शुद्ध वर्णविन्यासका लागि सहयोग पुऱ्याउनुहोस् ।

## मूल्याङ्कन

(क) विद्यार्थीलाई अशुद्ध शब्द र त्यस्ता शब्द भएका वाक्य र अनुच्छेद दिई शुद्ध पार्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यासमा रहेको प्रश्न नं. ६ गर्न लगाउनुहोस् ।

## गृहकार्य

धेरै गल्ती हुने शब्द वा त्यस्ता गल्ती भएका वाक्य र अनुच्छेद दिई शुद्ध पारेर ल्याउन लगाउनुहोस् ।

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) 'गोपालप्रसाद रिमाल' जीवनी पाठको विषयवस्तुका सम्वन्धमा छलफलमा भाग लिई आफ्नो विचार प्रस्तुत गर्न,

(ख) विषयवस्तुसम्बन्धी प्रश्नका उत्तर दिन ।

## शैक्षिक सामग्री

गोपालप्रसादको जीवनीका प्रमुख घटनाको सूची, विषयवस्तुसम्वन्धी प्रश्नहरूको सूची, फलाटिन पाटी आदि ।

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले जीवनीका विषयवस्तु समेट्ने गरी तयार पारिएका प्रश्न सोद्धै विद्यार्थीहरूका वीचमा छलफल गराई तिनको उत्तर दिन लगाउनुहोस् । जस्तै; उदाहरणका लागि यस प्रकार प्रश्न सोध्न सकिन्छ :

१. गोपालप्रसाद रिमालको जन्म कहिले भयो ?
२. गोपालप्रसाद रिमालको पारिवारिक पृष्ठभूमि कस्तो थियो ?
३. गोपालप्रसाद रिमालको वाल्यकाल कसरी वित्यो ?
४. गोपालप्रसाद रिमालको रुचि र प्रवृत्ति कस्तो थियो ?
५. गोपालप्रसाद रिमालको लेखन कार्यको प्रारम्भ कसरी भयो ? उनले कुनकुन विधामा सफलता प्राप्त गरे ?
६. रिमालको प्रमुख साहित्यिक विशेषता केके हुन् ?
७. रिमालका नाट्यकृतिले कस्तो सन्देश दिन्छन् ?
८. रिमालले नेपाली साहित्यलाई कस्तो योगदान दिए ?
९. रिमालको जीवनीबाट केकस्तो प्रेरणा लिन सकिन्छ ?

(ख) विषयवस्तुसम्वन्धी छलफल र प्रस्तुतिपछि विद्यार्थीले दिएको उत्तर उपयुक्त भएनभएको हेरी ठीक उत्तर नभएमा सम्वन्धित पाठमा पुनः उत्तर खोज्न प्रोत्साहित गर्नुहोस् ।

(ग) यस पाठको विषयवस्तुसम्वन्धी कुनै अस्पष्टता भएमा विद्यार्थीलाई प्रश्न गर्न लगाउनुहोस् र शिक्षकले ती प्रश्नका वारेमा सर्वप्रथम विद्यार्थीवीच छलफल गराई निष्कर्ष निकाल्न लगाउनुहोस् । छलफलवाट उपयुक्त निष्कर्ष नआएमा शिक्षकले निष्कर्ष वताई दिनुहोस् ।

(घ) विषयवस्तुसम्वन्धी छलफल सकिएपछि विद्यार्थीलाई पाठको अभ्यास खण्डमा रहेका विषयवस्तुसम्वन्धी प्रश्नहरू सोधी तिनको उत्तर दिन लगाउनुहोस् । आवश्यक भए पाठवाट अन्य प्रश्न वनाई उत्तर दिन लगाउनुहोस् । उपयुक्त उत्तर नआएमा उत्तर वताई दिनुहोस् ।

## मूल्याङ्कन

(क) 'गोपालप्रसाद रिमाल' भन्ने जीवनीवाट विषयवस्तुसम्वन्धी प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

(ख) यस पाठको अभ्यास खण्डमा दिइएका प्रश्न नं.१, २ का प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् ।

## गृहकार्य

पाठ्यपुस्तकको यस पाठको अभ्यास खण्डको प्रश्न नं.६ र ७ गरेर ल्याउन निर्देशन गर्नुहोस् ।

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) सोदाहरण विशेषणको परिचय दिन,

(ख) पाठमा भएका विशेषण शब्द पहिल्याउन ।

## शैक्षिक सामग्री

विशेषण शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका

## शिक्षण क्रियाकलाप

(क) विशेषणको परिचय दिनका लागि सर्वप्रथम 'गोपालप्रसाद रिमाल' भन्ने पाठका विशेषताहरू समूहमा सूचीबद्ध गर्न लगाउनुहोस् । त्यसपछि समूहवाट तयार पारेको सूचीलाई कालोपाटीमा टिप्नुहोस् । कालोपाटीमा टिपिएका शब्दका माध्यमबाट "के हो" "कस्तो छ" आदि प्रश्नका उत्तरमा ती शब्दलाई समूहीकृत गर्दै नामको परिचय दिने, आकारप्रकार, गुण दोष जस्ता विशेषता वताउने, सङ्ख्या परिणाम आदि बुझाउने शब्दलाई विशेषण भनिन्छ भनी परिचय दिनुहोस् ।

(ख) विभिन्न वाक्यमा खाली ठाउँ दिई तिनमा विशेषण भर्न लगाउनुहोस् ।

(ग) पाठका विभिन्न अनुच्छेदहरू निर्देश गरी विशेषण शब्दहरू रखाङ्कन गरेर छान्न लगाई ती छानिएका शब्दलाई विशेषता जाहेर गर्ने ढङ्गले वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) समूहमा निम्नानुसारका विशेषता जनाउने विशेषणका ५/५ ओटा शब्द सङ्कलन गर्न लगाउनुहोस् :

१. नामको स्वरूप, गुण, दोष, अवस्था बुझाउने विशेषण जस्तै;
अग्लो, होचो, ठूलो, सानो, मीठो आदि ।

२. नामको परिमाण वा मात्रा बुझाउने विशेषण जस्तै;
धेरै, थोरै, यति, उति आदि ।

३. नामको सङ्ख्या क्रम, आवृत्ति जनाउने विशेषण जस्तै;
पहिलो, दोस्रो, दस, सयौं, हजारौं आदि ।

४. विशेषणका रूपमा प्रयोग हुने सर्वनाम जस्तै;
यो, त्यो, यति, जोसुकै, को, कस्तो आदि ।

5058

## मूल्याङ्कन

(क) पाठको आठौं अनुच्छेदमा प्रयोग भएका विशेषण शब्दहरू टिपोट गर ।

(ख) अभ्यासको व्याकरण खण्डको प्रश्न नं.१ र २ गर ।

## गृहकार्य

पाठको अनुच्छेद १ देखि ३ सम्मका विशेषण शब्द टिपी तिनलाई वाक्यमा प्रयोग गरेर ल्याउन निर्देश गर्नुहोस् ।

| पाठ : ४ | खसीको तौल | जम्मा घन्टी : ७ |
|---|---|---|

## कथाको परिचय

कथा भनेको जीवन्त र रोचक घटनासँग सम्वन्धित आफैंमा पूर्ण इतिवृत्त हो । कथाले विद्यार्थीको मानसिक, सामाजिक र नैतिक विकासमा सकारात्मक प्रभाव पारेको हुन्छ । मानिसका सुखदुःख, हर्षरोदन, जीवनका उकालीओराली अप्ठेरा सप्ठेरा सबै कुराहरू कथामा प्रस्तुत गरी रोमाञ्चक ढङ्गले प्रस्तुत गर्न सकिने भएकाले भाषा शिक्षणमा कथा शिक्षणको आफ्नै छुट्टै पहिचान रहेको हुन्छ । कथा शिक्षणबाट विद्यार्थीहरूलाई मनोरञ्जन, कौतूहलता प्राप्त हुनुका साथै उत्सुकता र कल्पनाशीलताको विकास गर्न सहयोग पुग्दछ । त्यस्तै विद्यार्थीको मानसिक, सामाजिक र नैतिक विकासमा कथाले सकारात्मक प्रभाव पारेको हुन्छ ।

विद्यार्थीहरूमा स्पष्ट एवम् क्रमिक रूपले घटनाक्रम मिलान गर्न सक्ने, विचार गर्न सक्ने, विभिन्न विषय क्षेत्रका शब्दभण्डारको विकास गर्न सक्ने एवम् तिनको प्रयोग गर्ने सुझावको विकास गर्न कथा शिक्षणले सघाउँछ । कथावोधबाट संवेगात्मक अनुभूति र कल्पनाशक्तिको विकास गर्न सक्ने क्षमताको अभिवृद्धि गर्न महत्त्वपूर्ण रूपमा सहयोग पुग्दछ ।

कथा शिक्षण गर्दा द्रूतपठन एवम् गहनपठन विधिका साथै कथाकथन, सारांश कथन, घटनाक्रम मिलाउने, कथा लेख्ने जस्ता विविध क्रियाकलाप गर्न सकिन्छ । त्यस्तै अन्य भाषिक सीप विकासका क्रियाकलापहरू पनि कथा शिक्षणमा उत्तिकै महत्त्वपूर्ण हुन्छन् ।

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन | १ |
| २. | शब्दोच्चारण | १ |
| ३. | शब्दभण्डार | १ |
| ४. | वर्णविन्यास | १ |
| ५. | बोध | १ |
| ६. | भाव विस्तार | १ |
| ७. | व्याकरण | १ |

## उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू 'खसीको तौल' कथाका निर्दिष्ट अनुच्छेदहरूको सस्वरपठन गर्नसक्नेछन् :

## शैक्षिक सामग्री

टेपरिकर्डर, सस्वरपठनका लागि अनुच्छेदका नमुनाहरू

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले विद्यार्थीहरूलाई प्रस्तुत कथाप्रति आकर्षित गर्न त्यसका बारेमा छोटो परिचय दिनुहोस् । अनि आजको पाठमा केके काम गर्नुपर्नेछ त्यसको चर्चा गर्नुहोस् ।

(ख) शिक्षकले विद्यार्थीहरूको बौद्धिक क्षमता, भाषिक पृष्ठभूमि आदिको ख्याल गरी पाठका केही अनुच्छेदहरू छान्नुहोस् र तिनको सस्वरपठन गरी विद्यार्थीहरूलाई सुनाउनुहोस् । उदाहरणका लागि यस पाठबाट तेस्रो र चौथो अनुच्छेद छान्न सकिन्छ । यदि उक्त अनुच्छेदहरू घरबाटै टेपमा भरेर ल्याउनु भएको छ भने आवश्यकता हेरी टेपरिकर्डरबाट मात्र वा आफूले समेत सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसरी सस्वरपठनको नमुना प्रस्तुत गर्दा विद्यार्थीहरूलाई सम्बन्धित अनुच्छेदहरू आ-आफ्ना पुस्तकमा ध्यान दिएर हेर्न र सचेत भएर सुन्न लगाउनुहोस् ।

(ग) आफ्नो प्रस्तुतिपछि शिक्षकले अब्बल, मध्यम र कमजोर विद्यार्थीहरूमध्ये २, ३ जनालाई उक्त अनुच्छेद पढी सुनाउन लगाउनुहोस् । विद्यार्थीहरूले गरेका त्रुटिहरूको मात्रा र किसिम हेरी पुनः एकचोटि नमुना प्रस्तुति दोहोऱ्याइदिनुहोस् ।

(घ) कक्षालाई स-साना समूहमा विभाजन गर्नुहोस् र उपर्युक्त अनुच्छेदहरूको गति, यति, लय मिलाई विद्यार्थीहरूलाई सस्वरपठनको अभ्यास गराउनुहोस् ।

(ङ) विद्यार्थीहरूको कठिनाइ अवलोकन गरी व्यक्तिगत रूपमा समेत उपर्युक्त किसिमका अभ्यास गराउनुहोस् ।

(च) सस्वरपठनमा साह्रै कमजोर देखिएका विद्यार्थीहरूलाई ससाना पदावली, वाक्य अनि अनुच्छेद गर्दै थप अभ्यास गराउनुहोस् ।

(सस्वरपठनको अभ्यास गराउँदा शिक्षक आफ्नो पठन नमुना लायकको पानं पूर्ण सचेत रहनुपर्छ ।)

(छ) कक्षामा टेपरिकर्डर उपलब्ध छ भने केही विद्यार्थीहरूलाई उपर्युक्त अनुच्छेदका केही अंश पढ्न लगाई रिकर्ड गर्नुहोस् र कथामा प्रस्तुत गरी छलफल गराउनुहोस् ।

## मूल्याङ्कन

(क) तलका हरफहरू गति, यति, लय मिलाएर पढ :

१. उ ... ... ... त्यो ... ... र देखिएको घर त हो नि । ... ... सङ्केत गरेकी होली ।

२. अनि खोलो तर्दा ... ... ... किन निर्जन ठानेको त ?

(ख) यस पाठका अन्तिम दुई अनुच्छेदको सस्वरवाचन गर ।

## उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू पाठमा दिइएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न सक्नेछन् ।

## शैक्षिक सामग्री

उच्चारणका दृष्टिले कठिन शब्दहरूको सूची, शब्दपत्ती, गोजीतालिका, फलाटिने पाटी

## शिक्षण क्रियाकलाप

(क) शिक्षकले पाठमा प्रयोग भएका उच्चारणका दृष्टिले कठिन देखिने शब्दहरूको सूची प्रस्तुत गर्दै त्यस्ता शब्दहरूको शुद्ध उच्चारण गरेर नमुना प्रदर्शन गर्नुहोस् ।

(ख) तपाईंले प्रस्तुत गर्नु भएको नमुनाका आधारमा केही विद्यार्थीहरूलाई पनि सोअनुसार उच्चारण गर्न लगाउनुहोस् र कक्षामा उपर्युक्त दुवै किसिमका उच्चारणका बारेमा छलफल गर्नुहोस् ।

(ग) त्यसपछि पुनः शिक्षकले शुद्ध उच्चारण गर्दै हरेक शब्दको विद्यार्थीहरूलाई पनि उच्चारण गर्ने अभ्यास गराउनुहोस् । तपाईंले एउटा के कुरा ख्याल गर्नुपर्छ भने विद्यार्थीहरूको मातृभाषाअनुसार कसैलाई कुन शब्द र कसैलाई कुन शब्द उच्चारणका लागि बढी कठिन हुन्छन् ।

(घ) विद्यार्थीहरूलाई पाठको अभ्यास २ मा दिइएका शब्दहरूसमेतको उच्चारणको पर्याप्त अभ्यास गराउनुहोस् । त्यसरी अभ्यास गराउँदा पहिले शब्द मात्रैको अनि त्यो शब्द वाक्यमा राखेर पनि अभ्यास गराउनुहोस् ।

(ङ) उच्चारणको पर्याप्त मौखिक अभ्यास गराइसकेपछि पनि अन्य भाषी विद्यार्थीहरूका उच्चारणसम्बन्धी कुनै कठिनाइ भए तिनमा मात्र केन्द्रित थप अभ्यास गराउनुहोस् ।

(च) शब्दपत्तीमा तयार गरेर ल्याएका शब्दहरूलाई गोजीतालिकामा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई तीन चार समूहमा बाँडी उच्चारण प्रतियोगिता गराउनुहोस् र विजेता समूहलाई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## मूल्याङ्कन

(क) तलका शब्दको उच्चारण गर :

हिंस्रक, यथाशक्य, वृद्ध, असहाय, तत्काल, जहान, स्तब्ध

(ख) तलका वाक्यमा रेखाङ्कित गरिएका शब्दको उच्चारण मिलाइ शुद्धसग पढ :

१. ..... उनीहरू दिक्क भएर त्यो गाउँ छाडी अन्यत्र बसाई सरे ।

२. ..... बढाकी छोरी गर्भवती रहिछन् ।

३. ब्वासो रिसाएर खसीतिर झम्ट्यो ।

## गृहकार्य

यस पाठबाट तिमीलाई उच्चारण गर्न अप्ठ्यारा लाग्ने शब्दहरू छानेर तिनको शुद्ध उच्चारणको अभ्यास गरेर आऊ ।

## उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नानुसार गर्न समर्थ हुनेछन् :

(क) पाठका कठिन शब्दहरूको अर्थ बताउन र वाक्यमा प्रयोग गर्न,

(ख) पाठका उखान तथा टुक्काहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

## शैक्षिक सामग्री

चित्र, शब्दपत्ती, शब्दार्थपत्ती वाक्यपत्ती उखान टुक्काहरूको सूची, गोजीतालिका, फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूको सहयोग लिई पाठबाट उनीहरूलाई कठिन लागेका शब्दहरू, उखान तथा टुक्काहरू सङ्कलन गर्नुहोस् । पाठमै अर्थ दिएका शब्दहरूको अर्थ सम्वन्धित पृष्ठमै खोज्न लगाउनुहोस् र वाक्यमा प्रयोगसमेत गराउनुहोस् ।

(ख) पाठमा अर्थ नदिइएका नयाँ शब्द तपाईंको शब्दसूचीमा नपरेका भए तिनलाई समेत समावेश गरी विद्यार्थीहरूलाई तिनको एकएक गरेर अर्थ पहिल्याउने अभ्यास गराउनुहोस् । स्मरणीय छ, शब्दको अर्थ बताउँदा तथा वाक्यमा प्रयोग सिकाउँदा पहिले विद्यार्थीबाट उत्तर माग्नुपर्छ र उनीहरूले ठीक उत्तर पहिल्याउन नसकेमात्र आफूले चित्र अर्थपत्ती, वाक्यपत्ती आदि सामग्रीको समेत उपयोग गर्दै अर्थ र प्रयोगको अभ्यास गराउनुपर्छ ।

(ग) उखान तथा टुक्काहरूको ससन्दर्भ अर्थ स्पष्ट गर्नुपर्ने भएकाले सोहीअनुसार विद्यार्थीहरूलाई अर्थ पहिल्याउन प्रोत्साहन दिने, तिनलाई विद्यार्थीहरूकै भाषामा अर्थ खुल्ने गरी प्रयोग गराउने र त्यस क्रममा आफूले शैक्षिक सामग्रीको समेत उपयोग गरी आवश्यक सहयोग गरिदिने ।

(घ) शब्दभण्डार शिक्षणका क्रममा पाठका अभ्यास ४ र ५ को समेत उत्तर पहिल्याउन लगाउनुहोस् ।

## मूल्याङ्कन

(क) तलका शब्दको अर्थ भन :
च्याखच्याख पार्नु, मतभेद, यत्रतत्र, पूर्ववत्, आङ, भुटभुटिनु

(ख) तलका शब्दलाई वाक्यमा प्रयोग गर :
ड्वारड्वार, ओत, हुनेखाने, सिकुवा, मौजा, नभन्दै

(ग) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :
चिन्नु न जान्नु घचेटी माग्नु, चाख लिनु, कुरा खेलाउनु, फत्ते गर्नु, एक कान दुई कान मैदान ।

## गृहकार्य

तिमीले पढेका पाठवाट र अरूसँग पनि सोधपुछ गरेर माथि (ग) मा भएका जस्ता पाँचपाँच उखानटुक्का खोजेर वाक्यमा प्रयोग गरेर ल्याऊ ।

## उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नानुसार गर्न समर्थ हुनेछन् :

(क) निर्धारित शब्दहरूको शुद्ध वर्णविन्यास पहिल्याउन,

(ख) लेखनमा उपर्युक्त शब्दहरूको शुद्ध हिज्जे प्रयोग गर्न ।

## शिक्षण सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका फलाँटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) शब्दपत्ती तथा कालोपाटीका सहायताले विभिन्न थेरीका वर्णविन्यासगत त्रुटि भएका शब्दहरू प्रस्तुत गर्दै विद्यार्थीहरूलाई पाठका सहायताले तथा आपसी छलफलबाट शुद्ध रूप पहिल्याउन लगाउनुहोस् । जस्तै;

परचारपरसार, वेपारि, लोटा, सीलशिला, श्वरग्वाश, देसवीदेस, वीस्वाश

(ख) पाठबाट वर्णविन्यास नमिलेका विभिन्न शब्दहरू दिई तिनलाई शुद्ध पारेर मार्न लगाउनुहोस् । जस्तै: वलीओ, अनेत्र, वीवाहा, परतीक्रीय, हांगा, नीजर्न

(ग) शुद्ध वर्णविन्यास प्रयोग भएको शब्द पहिल्याई खाली ठाउँ भर्न लगाउनुहोस् ।

१. केही मानिस ... ... लिन आए । (उनरूलाई उनीहरूलाई उनेरूलाइ)

२. ऊ चिन्नीले चौबीसै घण्टा ... ... लाग्यो । (भुतभुतीन भुटभुतीन भुटभुटिन)

३. श्याम असल ... ... हो । (व्यक्ति व्याक्ती व्यक्ती)

४. कृष्ण यस गाउँको ... ... मानिस हो । (धनिमानी धनिमानि धनीमानी)

५. ठूला मानिसको ... ... लाग्नु राम्रो हो । (ओत वट ओट)

(घ) वर्णविन्यासका दृष्टिले समस्यामूलक शब्दहरू छानी श्रुतिलेख गराउनुहोस् । बढी अङ्क प्राप्त गर्न विद्यार्थीहरूलाई विभिन्न तरिका अपनाइ पृष्ठपोषण दिनुहोस् ।

(ङ) पाठबाट कुनै खासखास एकदुई नियममा आधारित शब्दहरू टिप्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गराउनुहोस् । जस्तै;

१ अन्त्यमा दीर्घ हुने नाम शब्दहरू

२ अन्त्यमा दीर्घ हुने विशेषण शब्दहरू

३ शब्द मध्यमा ह्रस्व हुने शब्दहरू

## मूल्याङ्कन

(क) तलका शब्दहरूको शुद्ध रूप बताऊ :

परीचए, डीक्क, वसाई, वघैचा, हीलो

(ख) सुरुमा ह्रस्व लेखिने पाँचओटा शब्द भन ।

(ग) लेख्दा खुट्टा काटेर लेखिने पाँचओटा शब्द पाठबाट खोजेर भन ।

## गृहकार्य

अन्त्यमा दीर्घ हुने पाँचओटा तथा सुरु र बीचमा ह्रस्व हुने पाँचओटा शब्द पाठबाट छानेर लेखेर ल्याऊ ।

## उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नानुसार कार्य गर्न समर्थ हुनेछन् :

(क) 'खसीको तौल' कथाका निर्धारित अनुच्छेदहरू पढी बोधात्मक प्रश्नहरूको उत्तर दिन,

(ख) पढेका अनुच्छेदहरूबाट मुख्यमुख्य बुँदा टिप्न,

(ग) उक्त बुँदाहरूका आधारमा पठित अनुच्छेदहरूको सारांश बताउन,

(घ) उक्त अनुच्छेदहरूमा आधारित घटनाहरूको क्रम पहिल्याउन ।

## शिक्षण सामग्री

प्रश्नहरूको सूची, बुँदाहरूको सूची, सारांशको नमुना, घटनाहरूको सूची, फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) सबभन्दा पहिले शिक्षकले उपयुक्त अनुच्छेदहरूको छनोट गरी विद्यार्थीहरूलाई तिनको मौन पठन गर्न लगाउनुहोस् । विद्यार्थीहरूले मौन पठन उपयुक्त किसिमले गरे नगरेको निरीक्षण गर्नुहोस् र आवश्यक सुझावसमेत दिनुहोस् । प्रस्तुत कथाका अन्तिम दुई अनुच्छेदलाई नमुनाका रूपमा लिऊँ र बोध क्रियाकलाप गराऔं ।

(ख) मौन पठन सकिएपछि बोध प्रश्नहरूको सूची कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई हरेक प्रश्नको उत्तर भन्न लगाउनुहोस् । जस्तै;

१. मुखियाले युवकलाई भेटेर के गऱ्यो ?

२. मुखियाले खोरमा कुनकुन जनावर राख्यो ?

३. ब्वाँसालाई थोरै खान दिनुको उद्देश्य के थियो ?

४. खसी मीठोमीठो खाएर पनि किन मोटाउन सकेन ?

५. मुखियालाई युवकले कुन कुरामा ऱ्याखऱ्यास पाऱ्यो ?

६. मुखियाले कुन कुरा खोल्यो ?

७. युवकले मुखियाका कुरा सुनेर के कुरा बुझ्यो ?

८. युवकले आफ्नो परिवारसित कसरी भेट्न पायो ?

(ग) विद्यार्थीहरूबाट प्राप्त उत्तर ठीक भए ठीक भनिदिनुहोस् र ठीक नभए तिनको सुधार गरिदिनुहोस् । मौखिक प्रश्नोत्तर सकिएपछि तिनलाई लिखित रूप पनि दिनुहोस् ।

(घ) उपर्युक्त अनुच्छेदहरू (मुखियाले ... ... रहन थाले) बाट विद्यार्थीहरूलाई मुख्यमुख्य बुँदा पहिल्याई कापीमा टिपोट गर्न लगाउनुहोस् । त्यस क्रममा अनुच्छेदमा भएका बुँदासँग सम्बन्धित अंशहरूलाई रेखाङ्कित गर्न लगाउनुहोस् र ती अंशलाई बुँदाका रूपमा आफ्नै भाषामा टिपोट गर्न सचेत गराउनुहोस् ।

(ङ) आफूले तयार पारेर ल्याएको बुँदाहरूको सूची कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीहरूले टिपेका बुँदाहरू सुधार्न लगाउनुहोस् र बुँदा टिपोटलाई अन्तिम रूप दिनुहोस् । जस्तै;

१. मुखियाले युवकलाई भेटेर काम फत्ते गर्न सक्ने विश्वास दिलाई खसीसमेत लिएर फर्केको ।

२. उपयुक्त किसिमले खोर बनाउन लगाएर खसी र ब्वाँसालाई एउटाएउटा खोरमा थुनेको ।

३. खसीलाई मीठोमीठो खुवाउने तर ब्वाँसालाई निकै तड्पाएर खसीमाथि झम्टिने पारेर मात्र खुवाउने गरेको ।

४. खसीले जति खाए पनि ब्वाँसाको डरले आङमा मासु लाग्न नसकेजस्ताको तस्तै रहेको ।

५. मुखियाले यस्तो चलाखी कसरी गर्न सक्यो होला भन्ने ठानी युवकले उसलाई सत्य कुरा भन्न केरकार गरेको ।

६. मुखियाले साँचो कुरा भन्दै वसाइँ सरेर आएका एउटा बूढाकी छोरीले यस्तो बुद्धि सिकाएको यथार्थ खोलेको ।

७. युवकले आफ्नै ससुरा र श्रीमती पो रहेछन् भन्ने चिनेर आफ्ना गाउँमा झिकाएको ।

८. भेट भई सपरिवार खुसीसाथ बस्न थालेको ।

(च) उपर्युक्त बुँदाहरूलाई सिलसिलावद्ध रूप दिई सारांश तयार गर्न लगाउनुहोस् र पहिले मौखिक अनि लिखित रूपमा विद्यार्थीहरूलाई प्रस्तुत गर्न लगाउनुहोस् । कक्षा प्रस्तुतिपछि आफूले तयार पारेर ल्याएको सारांशको नमुना कालोपाटी वा फलाटिन पाटीमा प्रदर्शन गर्दै विद्यार्थीहरूले तयार पारेको सारांशलाई सच्याउन लगाउनुहोस् । जस्तै;

मुखियाले युवकलाई भेटेर उसले भनेअनुसार खसीको तोल जस्ताको तस्तै राख्न सक्ने विश्वास दिलाई ऊ खसी लिएर गाउँ फर्क्यो । आमुन्ने सामुन्ने पारेर दुईओटा खोर तयार गरी एउटामा खसी र अर्कोमा ब्वाँसो राखी खसीलाई मीठोमीठो खाना खुवाउने र ब्वाँसालाई भोकले तड्पाएर रिसले खसीमाथि झम्टिन थाल्ने भएपछि मात्र खुवाउन थाल्यो । खसी डरले थर्कमान भएर पटक्कै मोटाउन सकेन र जस्ताको तस्तै रहिरह्यो । युवक यो कुराले अचम्मित भई मुखियालाई केरकार गर्न थाल्यो र मुखियाले उसलाई यो जुक्ति बसाइँ सरेर गाउँमा वस्न आएका बूढाकी छोरीले सिकाएको कुरा बतायो । युवकले बूढाकी छोरी पनि आफ्नै श्रीमती होली भन्ठानेर उनीहरूलाई आफ्नै गाउँमा झिकायो यसरी उनीहरू खुसीसाथसँगै रहन थाले ।

(छ) उपर्युक्त अनुच्छेदहरूबाट छ्यासमिस गरी टिपिएका मुख्यमुख्य घटनाहरूको सूची कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई तिनको क्रम मिलाउन लगाउनुहोस् । जस्तै;

१. मुखियाले युवकलाई सबै साँचा कुरा बतायो ।

२. युवक आफ्ना परिवारसित खुसीसाथ रहन लाग्यो ।

३. मुखियाले युवकलाई भेट्यो ।

४. युवकले मुखियाका कुरा पत्याएर खसी दिएर पठायो ।

५. खसी मोटाउन सकेन ।

६. खसीको तौल नवढ्ने जुक्ति कसले सिकायो भनेर युवकले मुखियालाई निकै केरकार गऱ्यो ।

७. मुखियाका कुरावाट जुक्ति सिकाउने आफ्नै श्रीमती हुनुपर्ने युवकले अड्कल काट्यो ।

## मूल्याङ्कन

कक्षा क्रियाकलापका आधारमानै मूल्याङ्कन गर्नुहोस् ।

## गृहकार्य

(क) पाठको तेस्रो अनुच्छेदवाट मुख्यमुख्य बुँदा टिप र त्यसका आधारमा सारांश पनि लेखेर ल्याऊ ।

(ख) पाठको चौथो अनुच्छेदका मुख्यमुख्य भटनाहरू टिपेर ल्याऊ ।

(ग) अभ्यास ६ - ११ सम्मको उत्तर लेखेर ल्याऊ ।

## उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू पाठका विशिष्ट पङ्क्तिहरूको भावविस्तार गर्न सक्नेछन् ।

## शिक्षण सामग्री

विशिष्ट पङ्क्तिको नमुना, भावविस्तारको नमुना, फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) सबभन्दा पहिले शिक्षकले आफूले छानेर ल्याएको विशिष्ट पङ्क्तिको नमुना देखाउनुहोस् र त्यस पङ्क्तिको भावविस्तारका लागि आवश्यक बुँदाका बारेमा विद्यार्थीहरूसँग छलफल गर्दै टिपोटसमेत गर्दै जानुहोस् । उदाहरणका लागि आजको पाठका लागि 'घरगृहस्थी भएपछि ... ... कर्तव्य हो' (पृ.१५) पङ्क्ति लिनुहोस् । यस पङ्क्तिमा आधारित बुँदाहरू निम्नानुसार हुन सक्छन् :

१. मानिस समाजमा बस्ने ।
२. समाज घरपरिवार र आपसी सहयोगबाट टिक्ने ।
३. समाजमा बस्ने सबै मानिस पुगीसरी आएका नहुने, कोही अशक्त, निमुखा, भोका, समस्याग्रस्त आदि पनि हुने ।
४. अशक्त, बाल, वृद्ध र दीनदुःखीको सहयोग गर्नु मानवीय स्वभाव ।
५. घरगृहस्थी गर्नेले त्यस्तालाई सहयोग गर्नाले नै समाज बाँचिराख्ने ।
६. समाज बाँचे आफू पनि बाँच्ने, समाजलाई बँचाउनु हाम्रो कर्तव्य ।

(ख) शिक्षकले भावविस्तारको आफूले तयार पारेको नमुना प्रस्तुत गर्दै विद्यार्थहिरूलाई माथि दिइएका वा उनीहरू आफैँले तयार पारेका बुँदाहरूका आधारमा उल्लिखित विशिष्ट पङ्क्तिको भावविस्तार गर्न लगाउनुहोस् । जस्तै; मानिस समाजमै जन्मिन्छ, हुर्कन्छ र त्यसैमा विलीन हुन्छ । घरपरिवार र परिवारका सदस्यहरूको सामूहिक र व्यक्तिगत प्रयासबाट नै समाजको अस्तित्व रहन्छ । समाजमा सबै खाले मानिस हुन्छन् । जस्तै : अशक्त, बाल, वृद्ध, रोगी, असहाय, दीनहीन तथा भोकानाङ्गा । समाजमा बस्ने यस्ता खालका सदस्यहरूको आफूले सक्दो सहयोग गर्नु हरेक समर्थवान् सदस्यको कर्तव्य हो । घरगृहस्थी गरेर बस्नुको मूल उद्देश्य पनि यसो गरेमा नै पूरा गर्न सकिन्छ । यसरी अभावग्रस्त र दुःखी पीडितहरूको सहयोग गऱ्यौं भने समाज सारसौंदो भएर बाँच्न सक्छ । समाज रामग्री बाँच्यो भने हामी पनि राम्ररी बाँच्न सक्छौं । त्यसैले हामी घरगृहस्थी गरेर बस्नेले समाजप्रतिको आफ्नो कर्तव्य बुझेर राम्ररी पूरा गर्नुपर्छ । यही नै यो पङ्क्तिको मुख्य आशय हो ।

(ग) विद्यार्थीहरूले तयार पारेका भावविस्तारमध्ये केहीलाई कक्षामा प्रस्तुत गर्न लगाई शिक्षकले आवश्यकतानुसार सुधार गरिदिनुहोस् ।

## मूल्याङ्कन

कक्षा कार्यकलापका अधारमा नै मूल्याङ्कन गर्नुहोस् ।

## गृहकार्य

तलको विशिष्ट पङ्क्तिको भावविस्तार गरेर ल्याऊ :

समर्थ भईकन ... ... के भन्ने त ?

## उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नानुसार कार्य गर्न समर्थ हुनेछन् :

(क) पदावलीहरूवीच वचन, लिङ्ग र आदरको सङ्गति मिलाउन,

(ख) निर्दिष्ट सन्दर्भमा भूतकालका क्रियापदको प्रयोग पहिल्याउन,

(ग) सम्भावनार्थक क्रियापदको प्रयोग गरी दिइएको विषयवस्तुको वणन गर्न ।

## शिक्षण सामग्री

वचन, लिङ्ग र आदरको सङ्गति मिलेका पदावलीहरूको सूची, भूतकाल तथा सम्भावनार्थक क्रियापदको सूची, फलाटिन पाटी

### शिक्षण क्रियाकलाप

(क) वचन, लिङ्ग र आदरको सङ्गति मिलेका पदावलीहरूको सूची फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई तिनका वारेमा छलफल गराउने । पाठवाट त्यस्तै उदाहरणहरू खोज्न लगाउने र कक्षा प्रस्तुति गराउने तथा पाठवाहेकका उदाहरणहरूसमेत विद्यार्थीहरूलाई भन्न लगाई विस्तृत सूची वनाउने । उपर्युक्त सूचीका आधारमा पदावलीवीच हुने वचनगत सङ्गति, लिङ्गगत सङ्गति तथा आदरगत सङ्गतिको थप अभ्यास गराउने ।

(ख) वचन, लिङ्ग तथा आदरको सङ्गति नमिलेका पदावलीहरू दिई सङ्गति मिलाउन अभ्यास गराउने ।

(ग) एक किसिमको वचन, लिङ्ग तथा आदरसम्वन्धी पदावलीगत सङ्गतिलाई अर्को किसिममा परिवर्तन गर्ने अभ्यास गराउने । जस्तै; एकवचनवाट वहुवचन र वहुवचनबाट एकवचन, पुलिङ्गवाट स्त्रीलिङ्ग र स्त्रीलिङ्गवाट पुलिङ्ग तथा मध्यम आदरबाट शून्य आदर र उच्च आदर तथा उच्च आदरवाट मध्यम र शून्यमा परिवर्तन गर्न लगाउने । यस क्रममा आन्तरिक रूपमा देखिने परिवर्तनहरूका प्रति विद्यार्थीहरूको ध्यानाकर्षित गरी सचेत पनि गराउने ।

(घ) पाठका निर्दिष्ट अनुच्छेदहरूवाट भूतकालका क्रियापद खोज्न लगाई कक्षामा छलफल गराउने र विद्यार्थीहरूलाई त्यस्तै प्रकारका अन्य क्रियापद प्रयोग गरी वाक्य वनाउन अभ्यास गराउने । यसपछि उनीहरूलाई कुनै सन्दर्भ दिई सिलसिलावद्ध छोटो वर्णनसमेत गर्न लगाउने र त्यस्तो वर्णन कक्षामा प्रस्तुत गराई छलफल गराउने ।

(ङ) पाठमा सम्भावनार्थक क्रियापदहरूको प्रयोग भएका अनुच्छेद खोज्न लगाई त्यस्ता क्रियापदका वारेमा प्रश्नोत्तर, छलफल, वाक्यमा प्रयोग आदिका आधारमा धारणा स्पष्ट पार्दिने र व्याकरणको अभ्यास ४ मा भनिएअनुसारको कक्षाकार्य गराउने । सो कार्यलाई कक्षामा प्रस्तुत गराई छलफल र सुधारसमेत गर्दिने ।

## मूल्याङ्कन

(क) वचनको सङ्गति मिलेका पदावलीहरूको उदाहरण देऊ ।

(ख) कुन शुद्ध हो, भन :

आफ्नो भाउजूहरू आफ्ना भाउजूहरू

आफ्नो दाजु आफ्ना दाजु

मेरो बहिनी / मेरी बहिनी

आफ्नो भाइ / आफ्ना भाइ

मेरो भैंसी / मेरी भैंसी

हजुरको मामा / हजुरका मामा

(ग) भूतकाल जनाउने क्रियापद कुनकुन हुन् ?

खान्छ, गयो, डुल्छ, हिँडिरहन्छ, उडायो, भेट्यो, वुझेको छ, सुत्यो होला ।

(घ) सम्भावनार्थ जनाउने तीनतीनओटा क्रियापद भन ।

**गृहकार्य**

प्रश्न १ - ४ सम्मको उत्तर लेखेर ल्याऊ ।

| पाठ : ५ | दरबार | जम्मा घन्टी : ८ |
|---|---|---|

| | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोच्चारण | १ |
| २. | शब्दभण्डार | २ |
| ३. | वर्णविन्यास (हिज्जे) | १ |
| ४. | पठनबोध र तत्सम्बन्धी भाषिक सीप | २ |
| ५. | निबन्धलेखन | १ |
| ६. | व्याकरण (पूर्ण वर्तमान कालका क्रियापद) | १ |

## पाठ्यवस्तु — सस्वरपाठन र शब्दोच्चारण — घन्टी : १

### उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

उच्चारण गर्न कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका

### शिक्षण क्रियाकलाप

(क) शिक्षकले घर, भवन तथा दरबारबारे स्तरअनुसारका केही प्रश्नहरू सोधी पाठप्रति विद्यार्थीहरूको ध्यानाकर्षण गर्ने ।

(ख) त्यसपछि पाठभित्रको सुरुको अनुच्छेद शिक्षकले नमुना वाचन गरी कक्षामा सुनाउने र विद्यार्थीहरूलाई पठित अनुच्छेद हेरेर सुन्न निर्देशन दिने ।

(ग) विद्यार्थीहरूलाई आलोपालो गरी पाठका विभिन्न अनुच्छेद क्रमिक रूपमा सस्वरवाचन गरी सुनाउन लगाउने ।

(घ) उनीहरूमध्ये कसैले गति, यति नमिलाई गलत पढेमा गल्ती पठनको हेक्का राखी शिक्षकले पठनकै क्रममा सच्याएर पढी सुनाउने र सोको अनुकरण र अभ्यास गर्न लगाउने ।

(ङ) यस क्रममा एक विद्यार्थीले पढेको अरू विद्यार्थीहरूले पाठ हेरी ध्यानपूर्वक सुन्ने र गल्ती पढेमा सो ठम्याउन र सही पठनको प्रदर्शनसमेत गर्न प्रोत्साहित गर्ने ।

(च). शिक्षकले यस पाठमा रहेका उच्चारणका दृष्टिले सम्भाव्य कठिन शब्दहरूको छनोट गरी कालोपाटीमा लेखिदिने वा शब्दपत्तीहरूमा लेखेर ल्याएका त्यस्ता शब्दहरूको क्रमशः उच्चारण गर्न लगाउने ।

(छ) उक्त शब्दहरूको शुद्ध उच्चारण गर्न नसकेका ठाउँमा गल्ती निर्देश गरिदिने र शुद्ध उच्चारणको नमुना प्रदर्शनसमेत गरी आवश्यकताअनुसार पुनः पुनः अभ्यास गराउने ।

उच्चारणका लागि सम्भाव्य कठिन शब्दहरू :

रम्य, पर्यवेक्षण, भग्नावशेष, प्रखर, प्रचुर, सौन्दर्य, परिदृश्य, अस्तित्व, टुँडाल, स्तम्भ, तोरण, चित्रण, पृष्ठ, रमणीय, शुद्धोधन, मूर्ति

(ज) कक्षाका विद्यार्थीहरूलाई समूहमा विभाजन गरी सम्भावित कठिन शब्दहरूलाई आलोपालो गरी उच्चारण गर्ने प्रतियोगिता गराउने ।

(झ) शब्दोच्चारणको अभ्यासपछि पनि पुनः अर्को उपयुक्त अनुच्छेद दिई सस्वरवाचन गर्न लगाउने र विद्यार्थीहरूको वाचन तथा उच्चारणमा परिष्कार ल्याउन प्रोत्साहित गर्नु आवश्यक छ ।

## मूल्याङ्कन

(क) सस्वरपठनको मूल्याङ्कन पाठभित्रको कुनै छोटो अनुच्छेदलाई सस्वर पढ्न लगाएर गराउनु बेस हुन्छ ।

(ख) उच्चारणका क्रममा अभ्यास गराइएकामध्ये केही शब्दहरूको पुनः उच्चारण गर्न लगाएर शब्दोच्चारणको मूल्याङ्कन गर्न सकिन्छ । जस्तै; प्रखर, अस्तित्व, परिदृश्य, चित्रण, टुँडाल

## गृहकार्य

उच्चारण गर्न कठिनाइ परेका शब्दहरू पाठवाट खोजेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिने ।

---

**पाठ्यवस्तु** **शब्दभण्डार** **घन्टी : २**

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ वताउन र प्रयोग गर्न,

(ख) निर्धारित शब्दहरूको पर्यायवाची भन्न,

(ग) पाठमा प्रयुक्त विशिष्ट शब्दहरूलाई सन्दर्भअनुरूपका वाक्यहरूमा प्रयोग गर्न ।

## शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) शब्दार्थ सिकाउँदा विद्यार्थीहरूलाई पाठका निश्चित अनुच्छेद मौन रूपमा सरसर्ती पढ्न लगाउने र तिनवाट कठिन खालका शब्दहरू खोजेर भन्न लगाउने ।

(ख) पाठमा गाढा अक्षरमा रहेका शब्दहरू र सोही पृष्ठको अन्त्यतिर दिइएका तिनका अर्थहरू हेर्न र बुझ्न प्रोत्साहित गर्ने, अर्थ नबुझेमा शिक्षकसंग सोध्न निर्देशन दिने ।

(ग) पाठमा अर्थ नदिइएका थप कठिन शब्दहरू भएमा मात्र तिनको अर्थ शिक्षकसँग सोध्न प्रोत्साहित गर्ने ।

(घ) पाठमा अर्थ नदिइएका कतिपय शब्दहरूको अर्थलाई सम्वन्धित वाक्य वा अनुच्छेद पढेर अनुमान गर्न लगाउने ।

(ङ) शब्दहरूको अर्थ पहिल्याउने अन्य उपायहरूप्रति पनि विद्यार्थीहरूको ध्यानाकर्षण गराउनु उचित हुन्छ । (हेर्नू : पाठ २ को शब्दभण्डारसम्वन्धी शिक्षण-निर्देशन)

(च) विद्यार्थीहरूको शव्दभण्डार वढाउन शव्दहरूको अर्थ खोज्ने, तिनको पर्यायवाची वा विपरीतार्थी भन्ने उपायहरूको उपयोग गर्नुपर्छ । जस्तै;

| | | | |
|---|---|---|---|
| **पर्यायवाची शब्द :** | दरवार | – | महल, राजप्रासाद, लायकु |
| | आवास | – | घर, भवन, सदन, निकेतन |
| **विपरीतार्थी शब्द :** | राजा | – | रङ्क |
| | दरवार | – | कुटी |

(छ) यो पाठ इतिहास, संस्कृति तथा वास्तुकला विषयसँग सम्वन्धित भएकाले यसमा त्यही क्षेत्रका केही पारिभाषिक तथा विशिष्ट शव्दहरू प्रयोगमा आएका छन् । तिनको अर्थ पहिल्याउन विद्यार्थीहरूलाई शव्दकोशको समेत प्रयोग गर्न लगाउनु उचित हुन्छ ।

(ज) केही शव्दको अर्थ वुझ्न तिनको वनोटले पनि मदत गर्ने हुँदा यस्ता शव्दहरू खोजी विद्यार्थीहरूलाई तिनमा निहित अंशहरूको विच्छेद र संयोजन देखाउनु पनि उचित हुन सक्छ । तर यसो गर्दा सजिलै विच्छेद वा संयोजन देखाउन सकिने शव्दहरूलाई लिनु आवश्यक छ । नत्र विद्यार्थीहरूलाई थप वोझ पर्ने हुन्छ ।

वास्तुकला : वास्तु+कला, राजप्रासाद : राजा+प्रासाद, स्वर्णयुग : स्वर्ण+युग, धनराशि : धन+राशि, दुर्भाग्यवशः दुर्भाग्य+वश, प्रारम्भिक : प्रारम्भ+इक

(झ) विभिन्न आधारमा शव्दहरूको अर्थ पहिल्याउन आंशिक मदत मिले पनि प्रयोग नगरी तिनको अर्थले सन्दर्भगत पूर्णता नपाउने हुँदा विद्यार्थीहरूलाई खास शव्दहरूको वाक्यमा प्रयोग गर्न लगाउनु आवश्यक छ । यस पाठका केही प्रयोगयोग्य शव्दहरू :

परापूर्वकाल, उत्खनन, भग्नावशेष, स्वर्णयुग, जीवनयापन, उल्लेखनीय, आधारभूत, राजकीय, रमणीय, मुक्तकण्ठ, दुर्भाग्यवश, रोमाञ्चक

**प्रयोगका उदाहरण :**

परापूर्वकालमा काठमाडौं उपत्यका एक विशाल ताल थियो ।

पुरातत्त्वविद्‌रू प्राचीन भग्नावशेषहरूको उत्खननमा लागेका छन् ।

उनीहरूले अध्ययनमा उल्लेखनीय सफलता प्राप्त गरे ।

आम्दानीको स्रोत नभएकाले उसलाई जीवनयापन गर्न कठिनाइ भयो ।

(ञ) यस पाठमा भवन तथा वास्तुकलासम्वन्धी खास शव्दहरूको प्रयोग भएको छ । ती शव्दहरू खोजेर सूची वनाउन विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने । यस्ता केही शव्दहरू :

स्तम्भ, तोरण, टुँडाल, चोक, ढोका, मोहडा

(ट) पाठमा दिइएका शव्दार्थसम्वन्धी सवै अभ्यासलाई कक्षाकार्यका रूपमा गराउनुहोस् ।

**मूल्याङ्कन**

(क) केही शव्दहरू दिई अर्थ भन्न लगाउने ।

(ख) प्रयोगशील केही शव्दहरूको वाक्यमा प्रयोग गर्न लगाउने ।

(ग) विपरीतार्थी वा पर्यायवाची शब्दहरू भन्न तथा लेख्न लगाउने ।

(घ) केही पारिभाषिक शव्दहरूको परिभाषा बताउन लगाउने ।

(ङ) शब्दको बनोट पहिल्याई अर्थ अनुमान गर्न लगाउने ।

**गृहकार्य**

विद्यार्थीहरूको अनुभवको सेरोफेरोमा पर्ने विभिन्न क्षेत्रका पारिभाषिक शब्दहरू टिपोट गरेर ल्याउन निर्देशन दिने ।

---

## पाठ्यवस्तु — वर्णविन्यास (हिज्जे) — घन्टी : १

**उद्देश्य**

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू पाठमा प्रयुक्त शब्दहरूमा उपयुक्त वर्णविन्यासको प्रयोग गर्न सक्षम हुनेछन् ।

**शैक्षिक सामग्री**

वर्णविन्यासका दृष्टिले कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका, फलाटिन पाटी

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले पाठमा प्रयुक्त शव्दहरूमध्ये विद्यार्थीहरूलाई वर्णविन्यासका दृष्टिले कठिन लाग्ने शब्दहरूको सूची वनाउने ।

(ख) उक्त शव्दहरूलाई कठिनाइ वा गल्तीक्षेत्रका आधारमा वर्गीकरण गर्ने प्रयास गर्ने ।

(ग) यस्ता विभिन्न शव्दहरूलाई कालोपाटीमा छ्यासमिस पारेर लेख्ने र विद्यार्थीहरूसँग प्रश्नोत्तर गरी सच्याउने वा उनीहरूलाई सच्याउन लगाउने ।

(घ) पाठमा प्रयुक्त वर्णविन्यासका दृष्टिले कठिन शव्दहरू र अनुच्छेदको समेत श्रुतिलेखन गराउने र पाठ हेरी विद्यार्थीहरू आफैंलाई आफूले लेखेको सच्याउन लगाउने वा एक-अर्काले लेखेका कापी साटासाट गरी सच्याउन लगाउने ।

(ङ) विद्यार्थीहरूलाई अग्र, मध्य, अन्त्यमा ह्रस्व वा दीर्घ लेखिने शव्दहरूको अलग-अलग सूची बनाउन लगाउने । यस्तै श/ष/स, व/ब, ण/न आदि लेखिने शव्दहरूको सूची वनाई देखाउन लगाउने (यस्तो कार्यकलाप पाठमा प्रयोग भएका खास किसिमका शब्दहरूको सङ्ख्यागत वहुलतालाई ध्यान दिई एक वा एकभन्दा बढी समस्या क्षेत्रमा केन्द्रित गरिनु पर्छ) । जस्तै; यस पाठवाट ष र ण प्रयोग भएका शव्दको वेग्लावेग्लै सूची वनाउन लगाउन सकिन्छ :

ष : आकर्षक, भग्नावशेष, सर्माष्ट

ण : निर्माण, साधारण, गोकर्ण, मुक्तकण्ठ, उदाहरण, रमणीय, कारण, नारायण

(च) वर्णविन्याससम्वन्धी समस्याका कारण विभिन्न हुन सक्छन् । उच्चारणगत समस्यावाट वर्णविन्यासमा त्रुटि भएको भए त्यस्ता शव्दको उच्चारण र लेखन दुवैको अभ्यास गराउनुपर्छ । कर्तव्ये, पर्योग, पर्मान, वेवस्था यस्तै त्रुटि भएका शव्दहरू हुन् । उच्चारण एउटै हुने तर लेखन मात्र फरक हुने भएमा तिनको समाधान लेखनको अभ्यासबाट मात्र गर्न सकिन्छ । ह्रस्वदीर्घ, श/ष/स आदिका समस्या यस्तै कुरासँग सम्वन्धित छन् ।

(ज) कक्षामा विभिन्न समूह वनाई पाठका शव्दहरूको शुद्ध वर्णविन्यास लेख्न हिज्जे प्रतियोगिता गराउने ।

(झ) शुद्ध वर्णविन्यासका लागि शव्दकोश, पाठमा प्रयुक्त शव्द, पाठको शव्दसूची आदि हेर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।

(ञ) वर्णविन्यासको अभ्यास क्रममा विभिन्न समस्या क्षेत्रका शव्दसूची, शव्दपत्तीहरू, गोजीतालिका आदिको शिक्षकले यथेष्ट प्रयोग गर्ने ।

**मूल्याङ्कन**

(क) वर्णविन्यासका दृष्टिले अशुद्ध शव्दसूची, वाक्यहरू वा अनुच्छेद दिई सच्याउन लगाउने ।

(ख) खास शव्दहरू, वाक्य वा अनुच्छेदको श्रुतिलेखन गराएर जाँच्ने

**गृहकार्य**

श वर्ण प्रयोग भएका दशवटा शव्दहरू पाठबाट खोजेर ल्याऊ ।

---

## पाठ्यवस्तु — पठनबोध र तत्सम्बन्धी भाषिक सीप — घन्टी : २

**उद्देश्य**

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) सम्वन्धित अनुच्छेदको मौनवाचन गरी सोधिएका बोधप्रश्नहरूको उत्तर दिन,

(ख) निर्धारित अनुच्छेदबाट बुँदाटिपोट गर्न,

(ग) निर्धारित अनुच्छेदको सारांश भन्न र लेख्न ।

**शिक्षण क्रियाकलाप**

(क) सम्बन्धित पाठबाट शिक्षकले खास अनुच्छेद वा गद्यांशको छनोट गर्ने र विद्यार्थीहरूलाई सो अनुच्छेदको विषयवस्तु वुझ्ने गरी मौनवाचन गर्न लगाउने । यसो गर्दा अनुच्छेदको लमाइ र विद्यार्थीहरूको सामान्य पठन गतिलाई ख्याल गरी समयसमेत तोक्नु उचित हुन्छ ।

(ख) विद्यार्थीहरूले अनुच्छेद पढिसकेपछि पहिले नै तयार पारिएका वोधप्रश्नहरू उनीहरूलाई सोधी त्यसमा प्रश्नोत्तर गराउने ।

उदाहरणका लागि पाठको पहिलो अनुच्छेद लिने :

("राजा हुन् या रङ्क ... ... ... ... ... ... ... ... सिकार हुन्छन् ।")

बोध प्रश्न :

मानिसलाई वास किन चाहिन्छ ?

कीटहरूको वास कस्तो हुन्छ ?

दमाईंचराको गुँडलाई राम्रो भनिएको हो ?

माकुराको जालोका विशेषता के हुन् ?

(ग) विद्यार्थीहरूलाई समग्र पाठको मौनवाचन गर्न लगाई अभ्यासमा दिइएका बहुविकल्पी प्रश्नहरूको उत्तर दिनेसमेत अभ्यासहरू गराउने । साथै तलका जस्ता विभिन्न प्रश्न दिई तिनको उत्तर खोज्न लगाउने :

यस पाठमा कतिवटा दरबारको नाम उल्लेख छ ? भन ।

मल्लकालीन दरबारका विशेषता के हुन् ?

पाटनको दरबारलाई किन अतिसुन्दर मानिएको हो ?

(घ) विद्यार्थीहरूलाई तेस्रो अनुच्छेद पढी चारओटा बुँदा टिप्न लगाउने ।

(ङ) उक्त बुँदाका आधारमा सारांशसमेत लेख्न लगाउन सकिन्छ ।

**मूल्याङ्कन**

(क) विद्यार्थीहरूले पाठ पढेका आधारमा विषयवस्तुसँग सम्बन्धित वस्तुगत वा छोटा प्रश्नहरू सोधेर उनीहरूले बुझेनबुझेको जाँच्न सकिन्छ ।

(ख) विद्यार्थीहरूको उत्तरबाट पाठ नबुझेको देखिएमा समग्र पाठलाई पुनः मौनवाचन गराई पुनः प्रश्नोत्तर गराउनु पनि उपयुक्त हुन्छ ।

**गृहकार्य**

पाठका आधारमा "मानिसलाई वास किन चाहिन्छ ?" शीर्षकमा एक अनुच्छेद लेखेर ल्याउन भन्ने ।

---

## पाठ्यवस्तु — निबन्धलेखन — घन्टी : १

**उद्देश्य**

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू पठित र स्वतन्त्र विषयमा निबन्ध लेख्न सक्षम हुनेछन् ।

**शैक्षिक सामग्री**

(क) निबन्धलेखनमा ध्यान दिन दिनुपर्ने कुराको सूची

(ख) निबन्धलेखनका लागि शीर्षक र बुँदाहरू

(ग) निबन्धलेखनको नमुना

## शिक्षण क्रियाकलाप

(क) निबन्धलेखन अनुच्छेदलेखनकै विस्तारित रूप भएकाले अनुच्छेद लेखनमा उल्लेख गरिएका (हेर्नू : पाठ २ को अनुच्छेदलेखन) सबैजसो शिक्षणप्रक्रिया र कार्यकलापहरू यसमा लागू गर्न सकिन्छन् ।

(ख) त्यस्तै यस पाठको अन्त्यमा निबन्धसम्बन्धी अभ्यास गराउँदा पाठ २ मा उल्लिखित निबन्धलेखनसम्बन्धी ढाँचा तथा प्रक्रियालाई अवलम्बन गर्नुपर्नेछ ।

(ग) यस पाठमा निबन्धलेखनका लागि निम्न किसिमका शीर्षक उपयुक्त हुन सक्छन् :

(क) नेपालका दरबार (ख) दरबारको वास्तुकला

(ग) पाटनको वास्तुकला (घ) वास, गाँस र कपास

(ङ) नेपाली वास्तुकलाको संरक्षण (च) तिमीले देखेको दरवार

(घ) निबन्ध पनि अनुच्छेद जस्तै निर्देशित र स्वतन्त्र दुवै किसिमले लेखाउनु आवश्यक छ । साथै कुनै शीर्षकमा निबन्ध लेख्नुभन्दा पहिले त्यस विषयमा पूर्वतयारीका लागि कक्षामा आवश्यक छलफल गराउने वा बुँदाटिपोट गर्न लगाउने र अनि मात्र निबन्ध लेख्ने अभ्यास गराउनु उचित हुन्छ ।

(ङ) कक्षामा निबन्धका बारेमा बताउने र निबन्ध लेख्न चाहिँ गृहकार्यका रूपमा दिने पुरानो परिपाटीलाई हटाई कक्षाकार्यका रूपमा निबन्ध लेख्ने अभ्यास गराउनमा जोड दिनु आवश्यक छ ।

(च) अर्को कुरा, निबन्धलेखनमा वर्णविन्यास, भाषाशुद्धिभन्दा विषयवस्तु र त्यसको सङ्गठन, अनुच्छेदगठन, प्रस्तुति र तिनको शिल्पले प्रमुखता पाउनुपर्ने हुँदा शिक्षकले कक्षामा निबन्धको अभ्यास गराउँदा विद्यार्थीहरूले लेखेका निबन्धहरू सुनी सोही अनुरूपको टिप्पणी र सुझाव दिनु उचित हुन्छ ।

## मूल्याङ्कन

(क) अनुच्छेद तथा निबन्ध लेख्न दिई सोको लेखाइ अवलोकनका आधारमा विद्यार्थीको लेखनलाई उत्तम, मध्यम, निम्न आदि विभिन्न तहमा वर्गीकरण गरिदिने ।

(ख) विधार्थीहरूले लेखेका निबन्धहरूलाई मूल्याङ्कन गर्दा विषयवस्तु, सङ्गठन, प्रस्तुतिशिल्प, भाषाशुद्धि आदिको आधारमा अङ्क दिने ।

## गृहकार्य

विषयशीर्षक तोकी अनुच्छेद तथा निबन्ध लेखेर ल्याउन निर्देशन दिने (गृहकार्य दिँदा प्रत्येक विद्यार्थीलाई अलग-अलग विषय पनि दिन सकिनेछ ।)

---

## पाठ्यवस्तु व्याकरण (पूर्ण वर्तमान कालका क्रियापद ) घन्टी १

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू पूर्ण वर्तमान काल र त्यसमा प्रयुक्त हुने क्रियापदहरूको पहिचान र प्रयोग गर्न सक्ने छन् ।

## शिक्षण सामग्री

(क) पूर्ण वर्तमान कालका क्रियापदका रूपावलीको तालिका

(ख) वर्तमान काल जनाउने क्रियाका शब्दपत्तीहरू

(ग) गोजीतालिका

## शिक्षण क्रियाकलाप

(क) पाठ ५ को अन्त्यमा दिइएका पूर्ण वर्तमान कालका उदाहरण विद्यार्थीहरूलाई पढ्न लगाई वर्तमान कालमा क्रियापदले जनाउने पूर्णता पहिल्याउन लगाउने । साथै तलका उदाहरणका आधारमा क्रियापदको पूर्णता र अपूर्णतामा पाइने भिन्नता देखाउन लगाउने :

(क) रामले कथा पढेको छ ।

(ख) राम कथा पढ्दै छ ।

यसरी माथिका वाक्यमा पढेको छ र पढ्दै छ जस्ता क्रियापदमध्ये पहिलोले पूर्णता र दोस्रोले चाहिँ अपूर्णता जनाएको कुरा शिक्षकले उल्लिखित किसिमका अन्य उदाहरणसमेत दिई स्पष्ट गरिदिने ।

(ख) पाठमा व्याकरण स्तम्भअन्तर्गत कोष्ठकमा दिइएको निर्देशनअनुसार खाली ठाउँ भर्ने अभ्यास गराउने । जस्तै;

मैले भाइलाई चिठी पठाएको छु ।

भ्यागुताहरू कराएका छन् ।

मैले आठ कक्षा पास गरेको छु ।

तैंले स्वास्थ्यको ख्याल गरेको छैनस् ।

आजको वातावरण सफा भएको छ ।

(ग) पूर्ण वर्तमान कालका क्रियापदका रूपहरू बताउन विद्यार्थीहरूलाई लगाउने । यस क्रममा खास क्रियाको रूपावली बनाउन शिक्षकले सघाउने ।

(घ) पूर्ण वर्तमान कालका विभिन्न क्रियापदहरूको प्रयोग गर्न लगाई पाँच वाक्यमा वर्णन गर्न लगाउने ।

## मूल्याङ्कन

(क) क्रियाका विभिन्न रूपहरू छ्यासमिस पारेर राखी तिनबाट पूर्ण वर्तमान कालका रूपहरू पहिल्याउन लगाउने ।

(ख) पूर्ण वर्तमान कालको प्रयोग गरी कुनै विषयको वर्णन गर्न लगाउने ।

## गृहकार्य

पाठको सातौं अनुच्छेदबाट पूर्ण वर्तमान कालका रूपहरू खोजेर ल्याऊ ।

पाठ : ६ **महाकवि कालिदास** जम्मा घन्टी :

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | शब्दोच्चारण र शब्दोच्चारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | बोधसम्बन्धी प्रश्नोत्तर | २ |
| ४. | बुँदा टिपोट र जीवनी लेखन | २ |
| ५. | व्याकरण (सर्वनामको परिचय) | १ |

**पाठ्यवस्तु** **सस्वरवाचन र शब्दोच्चारण** **घन्टी :**

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) "महाकवि कालिदास" जीवनलाई गति, यति, मिलाई सस्वरवाचन गर्न,

(ख) जीवनीमा प्रयुक्त कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

## शैक्षिक सामग्री

कठिन शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका आदि ।

## शिक्षण क्रियाकलाप

(क) महाकवि कालिदास जीवनी पाठका निश्चित अनुच्छेदहरू कक्षामा आफूले गति, यति मिलाई सस्वरवाचन गरी सुनाउनुहोस् । त्यतिखेर विद्यार्थीलाई ध्यान दिएर सुन्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीहरूलाई पनि सोहीअनुसार गति, यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् सस्वरवाचन गराउँदा कक्षाका छात्र, छात्रा एवम् सबै स्तर र क्षमताका विद्यार्थीहरू छनोट गर्नुहोस् । त्यसरी विद्यार्थीले सस्वरवाचन गर्दा अरू विद्यार्थीलाई पाठ हेर्न र ध्यान दिएर सुन्न निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीले सही रूपमा सस्वरवाचन नगरेमा पुनः आफूले नमुना सस्वरवाचन गरी विद्यार्थीलाई पुनः सस्वरवाचन गराउनुहोस् । शुद्ध सस्वरवाचन नगरुन्जेल यस प्रक्रियालाई दोहोऱ्याउनुहोस् ।

(ग) शिक्षक एवम् विद्यार्थीले सस्वरवाचन गर्दा विद्यार्थीलाई कठिन लाग्ने शब्दलाई टिप्न वा रेखाङ्कन गर्न लगाउनुहोस् । सस्वरवाचन क्रियाकलाप सकिएपछि ती शब्दको शुद्ध एवम् स्पष्ट उच्चारण गर्न विद्यार्थीलाई अभ्यास गराउनुहोस् । विद्यार्थीले उच्चारण गर्दा सही उच्चारण नगरेमा सुधार गर्दै आदर्श उच्चारण, गरेर सुनाई विद्यार्थीले पुनः उच्चारण गराउनुहोस् ।

(घ) कक्षामा विद्यार्थीहरूलाई माथिका क्रियाकलाप गराउँदा कमजोर विद्यार्थीलाई बढी अभ्यास गराउनुहोस् । त्यस्तै कक्षामा विद्यार्थीको अवस्थाअनुसार दोस्रो भाषाका रूपमा नेपाली बोल्ने विद्यार्थीहरूलाई विशेष ध्यान पुऱ्याउनुहोस् ।

(ङ) सस्वरवाचन र शब्द उच्चारणका लागि व्यक्तिगत जोडी र समूहमा अभ्यास गराउन सकिन्छ । यस्तो अभ्यास गराउँदा प्रतिस्पर्धात्मक रूपले गर्न सके विद्यार्थीहरू बढी उत्प्रेरित हुनेछन् ।

**मूल्याङ्कन**

(क) विद्यार्थीलाई निश्चित अनुच्छेद दिई गति, यति मिलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यासअन्तर्गत प्रश्न नं.३ र ४ को का शब्दहरूको उच्चारण गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई कठिन उच्चारण भएका शब्दहरू कालोपाटीमा लेखी उच्चारण गर्न लगाउनुहोस् ।

**गृहकार्य**

पाठको अभ्यास प्र.नं.३, ४, ५ र ६ का शब्दहरूको शुद्ध उच्चारणको अभ्यास गरी आउन निर्देशन दिनुहोस् ।

---

**पाठ्यवस्तु** **शब्दभण्डार** **घन्टी : १**

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्षम हुनेछन् :

(क) महाकवि कालिदास पाठका कठिन शब्दहरूको अर्थ भन्न,

(ख) ती कठिन शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

कठिन शब्दहरूको सूची, शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती, शब्दकोश, गोजी तालिका आदि ।

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले यो जीवनी पाठ विद्यार्थीहरूलाई मौनवाचन गर्न लगाउनुहोस् । मौनवाचन गर्दा कठिन लागेका र नयाँ शब्दहरू रेखाङ्कन गर्न लगाउनुहोस् । यस क्रममा पाठ्यपुस्तकमा भएका गाढा अक्षरमा दिइएका शब्दको अर्थ सम्बन्धित पृष्ठको अन्त्यमा हेर्न अभ्यस्त गराउनुहोस् । यदि ती दिइएका शब्दको अर्थ पनि अझ स्पष्ट नभएमा स्पष्ट पारिदिनुहोस् ।

(ख) मौनवाचनका क्रममा विद्यार्थीवाट रेखाङ्कन गरिएका शब्दहरूलाई कालोपाटीमा टिप्नुहोस् र ती शब्दको अर्थ सर्वप्रथम विद्यार्थीहरूबाट बताउन प्रयास गराउनुहोस् । विद्यार्थीवाटै उत्तर नआएमा वा आंशिक रूपमा मात्र आएमा ठीक अर्थ सुनाउनुहोस् । यसका लागि आवश्यकताअनुसार शब्दपत्तीको प्रयोग गर्न सकिन्छ ।

(ग) शब्दको अर्थलाई अझ स्पष्ट पार्न र सन्दर्भगत अर्थ खुलाउन शब्दकोश हेर्न लगाउनुहोस् र त्यस्ता शब्दका सन्दर्भगत विभिन्न अर्थलाई पनि स्पष्ट पारिदिनुहोस् ।

(घ) शब्दको स्वरूप र प्रकृतिअनुसार शब्दार्थ शिक्षणका विभिन्न तरिकाहरू पनि उपयोग गर्दै शब्दार्थ शिक्षण गराउन सक्नुहुनेछ ।

| पाठ : ६ | महाकवि कालिदास | जम्मा घन्टी : ७ |
|---|---|---|

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | शब्दोच्चारण र शब्दोच्चारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | बोधसम्बन्धी प्रश्नोत्तर | २ |
| ४. | बुँदा टिपोट र जीवनी लेखन | २ |
| ५. | व्याकरण (सर्वनामको परिचय) | १ |

## पाठ्यवस्तु — सस्वरवाचन र शब्दोच्चारण — घन्टी : १

### उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) "महाकवि कालिदास" जीवनलाई गति, यति, मिलाई सस्वरवाचन गर्न,

(ख) जीवनीमा प्रयुक्त कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

कठिन शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका आदि ।

### शिक्षण क्रियाकलाप

(क) महाकवि कालिदास जीवनी पाठका निश्चित अनुच्छेदहरू कक्षामा आफूले गति, यति मिलाई सस्वरवाचन गरी सुनाउनुहोस् । त्यतिखेर विद्यार्थीलाई ध्यान दिएर सुन्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीहरूलाई पनि सोहीअनुसार गति, यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गराउँदा कक्षाका छात्र, छात्रा एवम् सबै स्तर र क्षमताका विद्यार्थीहरू छनोट गर्नुहोस् । त्यसरी विद्यार्थीले सस्वरवाचन गर्दा अरू विद्यार्थीलाई पाठ हेर्न र ध्यान दिएर सुन्न निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीले सही रूपमा सस्वरवाचन नगरेमा पुनः आफूले नमुना सस्वरवाचन गरी विद्यार्थीलाई पुनः सस्वरवाचन गराउनुहोस् । शुद्ध सस्वरवाचन नगरुन्जेल यस प्रक्रियालाई दोहोऱ्याउनुहोस् ।

(ग) शिक्षक एवम् विद्यार्थीले सस्वरवाचन गर्दा विद्यार्थीलाई कठिन लाग्ने शब्दलाई टिप्न वा रेखाङ्कन गर्न लगाउनुहोस् । सस्वरवाचन क्रियाकलाप सकिएपछि ती शब्दको शुद्ध एवम् स्पष्ट उच्चारण गर्न विद्यार्थीलाई अभ्यास गराउनुहोस् । विद्यार्थीले उच्चारण गर्दा सही उच्चारण नगरेमा सुधार गर्दै आदर्श उच्चारण गरेर सुनाई विद्यार्थीले पुनः उच्चारण गराउनुहोस् ।

(घ) कक्षामा विद्यार्थीहरूलाई माथिका क्रियाकलाप गराउँदा कमजोर विद्यार्थीलाई बढी अभ्यास गराउनुहोस् । त्यस्तै कक्षामा विद्यार्थीको अवस्थाअनुसार दोस्रो भाषाका रूपमा नेपाली बोल्ने विद्यार्थीहरूलाई विशेष ध्यान पुऱ्याउनुहोस् ।

(ङ) सस्वरवाचन र शब्द उच्चारणका लागि व्यक्तिगत जोडी र समूहमा अभ्यास गराउन सकिन्छ । यस्तो अभ्यास गराउँदा प्रतिस्पर्धात्मक रूपले गर्न सके विद्यार्थीहरू बढी उत्प्रेरित हुनेछन् ।

**मूल्याङ्कन**

(क) विद्यार्थीलाई निश्चित अनुच्छेद दिई गति, यति मिलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यासअन्तर्गत प्रश्न नं.३ र ४ को का शब्दहरूको उच्चारण गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई कठिन उच्चारण भएका शब्दहरू कालोपाटीमा लेखी उच्चारण गर्न लगाउनुहोस् ।

**गृहकार्य**

पाठको अभ्यास प्र.नं.३, ४, ५ र ६ का शब्दहरूको शुद्ध उच्चारणको अभ्यास गरी आउन निर्देशन दिनुहोस् ।

---

**पाठ्यवस्तु** **शब्दभण्डार** **घन्टी : १**

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्षम हुनेछन् :

(क) महाकवि कालिदास पाठका कठिन शब्दहरूको अर्थ भन्न,

(ख) ती कठिन शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

कठिन शब्दहरूको सूची, शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती, शब्दकोश, गोजी तालिका आदि ।

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले यो जीवनी पाठ विद्यार्थीहरूलाई मौनवाचन गर्न लगाउनुहोस् । मौनवाचन गर्दा कठिन लागेका र नयाँ शब्दहरू रेखाङ्कन गर्न लगाउनुहोस् । यस क्रममा पाठ्यपुस्तकमा भएका गाढा अक्षरमा दिइएका शब्दको अर्थ सम्बन्धित पृष्ठको अन्त्यमा हेर्न अभ्यस्त गराउनुहोस् । यदि ती दिइएका शब्दको अर्थ पनि अझ स्पष्ट नभएमा स्पष्ट पारिदिनुहोस् ।

(ख) मौनवाचनका क्रममा विद्यार्थीवाट रेखाङ्कन गरिएका शब्दहरूलाई कालोपाटीमा टिप्नुहोस् र ती शब्दको अर्थ सर्वप्रथम विद्यार्थीहरूबाट बताउन प्रयास गराउनुहोस् । विद्यार्थीवाटै उत्तर नआएमा वा आंशिक रूपमा मात्र आएमा ठीक अर्थ सुनाउनुहोस् । यसका लागि आवश्यकताअनुसार शब्दपत्तीको प्रयोग गर्न सकिन्छ ।

(ग) शब्दको अर्थलाई अझ स्पष्ट पार्न र सन्दर्भगत अर्थ खुलाउन शब्दकोश हेर्न लगाउनुहोस् र त्यस्ता शब्दका सन्दर्भगत विभिन्न अर्थलाई पनि स्पष्ट पारिदिनुहोस् ।

(घ) शब्दको स्वरूप र प्रकृतिअनुसार शब्दार्थ शिक्षणका विभिन्न तरिकाहरू पनि उपयोग गर्दै शब्दार्थ शिक्षण गराउन सक्नुहुनेछ ।

(ङ) कठिन शव्दको अर्थ शिक्षण गरेपछि ती शव्दहरूलाई पाठको सन्दर्भ एवम् आफ्नै वाक्यमा पनि प्रयोग गर्न लगाउनुहोस् । यसका लागि विद्यार्थीहरूलाई पालैपालो उठाएर वाक्यमा प्रयोग गर्न लगाउन सकिन्छ । यदि विद्यार्थीले प्रयोग गरेको शव्दको प्रयोग उपयुक्त वा अर्थ स्पष्ट नहुने भएमा कालोपाटीमा लेखेर वा पहिल्यै तयार भएको वाक्यपत्तीको प्रयोगवाट स्पष्ट पार्न सकिन्छ ।

(च) वाक्यमा प्रयोग गर्न लगाउँदा एक शब्दलाई एकभन्दा वढी वाक्य वनाउन लगाई शव्दका सन्दर्भगत अर्थ स्पष्ट पार्न अभ्यस्त गराउनुहोस् ।

**मूल्याङ्कन**

(क) पाठको अभ्यासको प्रश्न नं.५ गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठका अरू कठिन शव्द दिई अर्थ भन्न लगाउनुहोस् ।

(ग) पाठको अभ्यासको प्र.नं.६ गर्न लगाउनुहोस् ।

(घ) पाठको शव्दभण्डारअन्तर्गतको 'जोडा मिलाऊ' प्रश्न गर्न लगाउनुहोस् ।

---

## पाठ्यवस्तु — बोधसम्बन्धी प्रश्नोत्तर — घन्टी : २

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्षम हुनेछन् :

(क) प्रस्तुत जीवनीका पाठका तोकिएका अनुच्छेदहरूको वोध गरी सोधिएका प्रश्नहरूको उत्तर दिन,

(ख) तोकिएका वाक्य वा वाक्यांशको भाव स्पष्ट पार्न ।

**शैक्षिक सामग्री**

बोध प्रश्नहरूको सूची उत्तरको नमुना, भाव स्पष्ट पार्ने प्रश्नको नमुना उत्तर

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई महाकवि कालिदास पाठ मौनवाचन गर्न लगाउनुहोस् । मौनवाचन गर्दा ठीक तरिकाले गरेनगरेको हेरी ठीक किसिमले मौन वाचन नगर्नेलाई उपयुक्त ढङ्गले मौन वाचन गर्न लगाउनुहोस् ।

(ख) मौनवाचन पछि निर्दिष्ट अनुच्छेदवाट वोधप्रश्नहरू सोध्नुहोस् । बोध प्रश्नका लागि वोध प्रश्नहरूको सूची प्रस्तुत गर्नुहोस् । ती प्रश्नहरू विद्यार्थीहरूलाई पालैपालो गरी सोध्नुहोस् । जस्तै, पाठको चौथो अनुच्छेदवाट तयार पारिएका वोध प्रश्नको नमुना हेरौं :

१. 'उष्ट्र' शब्दको उच्चारण गर्दा कालिदासले के भने ?
२. कालिदासकी पत्नीको नाम के हो ?
३. कालिदास पत्नीवाट किन अपमानित हुनुपर्‍यो ?
४. कालिदासलाई केले प्रेरणा मिल्यो ?
५. कालिदास कसरी कालिका भक्त भए ?
६. काली किन प्रशन्न भइन् ?
७. कालीले कालिदासलाई कस्तो वरदान दिइन् ?
८. कालिदासको नाम केका आधारमा कालिदास रहेको हो ?

९. 'उष्ट्र' को अर्थ के हो ?

१०. यो अनुच्छेद पढेर के सन्देश पायौ ?

(ग) माथिको बोध प्रश्नोत्तरलाई मौखिक र लिखित आवश्यकताअनुसार प्रयोग गर्न लगाउनुहोस् ।

(घ) यसै गरी अन्य अनुच्छेदहरूबाट बोध प्रश्नोत्तर गराउनुहोस् ।

(ङ) पाठको अभ्यासको प्रश्न नं.१ का प्रश्नोत्तर मौखिक रूपमा पालैपालो सबै विद्यार्थीहरूलाई गराउनुहोस् ।

(च) पाठबाट केही महत्त्वपूर्ण वाक्य वा वाक्यांश झिकेर विद्यार्थीहरूलाई तिनको भाव स्पष्ट गर्न लगाउनुहोस् । जस्तै;

१. पत्नीको तिरस्कार उनलाई प्रेरणा बन्यो ।

२. हुनेहार दैव नटार

३. उपमा कालिदासस्य

विद्यार्थीहरूले उपर्युक्त वाक्य वा वाक्यांशको उपयक्त भाव स्पष्ट पार्न नसकेमा सकभर जान्ने वा जेहेनदार विद्यार्थीबाटै भाव स्पष्ट पार्न लगाउनुहोस् । यदि विद्यार्थीबाट उपयुक्त रूपमा भाव स्पष्ट नभएमा शिक्षक आफैंले स्पष्ट पारिदिनुहोस् ।

**मूल्याङ्कन**

(क) पाठको अभ्यासको प्रश्न नं.२ गर्न लगाउनुहोस् ।

(ख) पाठका कुनै अनुच्छेदबाट बोध प्रश्नोत्तर गराउनुहोस् ।

(घ) पाठको अभ्यासको प्रश्न ८ को भाव स्पष्ट गर्न लगाउनुहोस् ।

---

## पाठ्यवस्तु — बुँदा टिपोट र जीवनी लेखन — घन्टी : २

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्षम हुनेछन् :

(क) यस जीवनीका मुख्यमुख्य बुँदाहरूको टिपोट गर्न,

(ख) दिइएका मुख्य घटनजाहरूलाई सिलसिला मिलाई जीवनी लेख्न ।

**शैक्षिक सामग्री**

महाकवि कालिदासका जीवनका मुख्यमुख्य घटनाहरूको सूची, फलाटिन बोर्ड

**शिक्षण क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई सर्वप्रथम पाठको मौनवाचन गर्न लगाई कालिदासको जीवनीका प्रमुख बुँदाहरूको टिपोट समूहगत रूपमा गर्न लगाउनुहोस् । जस्तै;

१. महाकवि कालिदासको प्रामाणिक परिचय पाउन नसकिएको

२. अन्य - लगभग २०५० वर्ष अगाडि भारतको उज्जैनमा भएको विश्वास

३. पारिवारिक परिचय अप्राप्त

४. सामान्य परिवारमा जन्म लेखपढको वातावरण नपाएका

५. कालिदास महामूर्ख थिए भन्ने किंवदन्ती
६. विद्योत्तमा नामकी विदुषी राजकुमारीसँग विवाह हुनु
७. विद्योत्तमा र कालिदासवीच वार्तालापमा 'उष्ट्र' शब्दको उच्चारण गर्दा 'उट्र' गर्नु
८. उष्ट शब्दको अशुद्ध उच्चारणका कारण कालिदास पत्नीवाट अपमानित
९. पत्नीको तिरस्कारवाट प्रेरणा प्राप्त
१०. विद्याको भोकले भौंतारिनु र कालिका भक्त हुनु
११. कालिकाको मन्दिरमा जिब्रो काटेर अपर्ण गर्न उद्दत हुँदा काली प्रशन्न,
१२. कालिका प्रशन्न भई विद्याको वरदान प्राप्त
१३. कालिकाका दास भएकाले नाम पनि कालिदास रहनु
१४. संस्कृत भाषामा अनमोल साहित्यक कृतिहरू रचना गर्नु
१५. श्रव्यकाव्य र दृश्य काव्य दुवैमा समान रूपले सफलता हासिल गर्नु
१६. श्रव्यकाव्यमा कुमार सम्भव, रघुवंश, ऋतुसंहार, शृङ्गारतिलक मेघदूत प्रशिद्ध
१७. श्रव्यकाव्य पनि महाकाव्य र खण्डकाव्य दुईथरी काव्य
१८. दृश्यकाव्यका विक्रमोर्वशीय, कालविकाग्निभित्र र अभिज्ञान शाकुन्तलम् प्रशिद्ध
१९. कालिदासका कृतिमा मानवीय जीवनको यथार्थ वर्णन, मानवीय मूल्य र जीवनका शाश्वत पक्षहको चित्रण रहेको
२०. शैलीगत माधुर्यका साथ मानिसको उज्यालो पक्षको कामना गरिएको
२१. संस्कृत साहित्यको पर्यायका रूपमा कालिदास
२२. विश्वकविका रूपमा महाकवि कालिकासको स्थान

(ख) जीवनका मुख्य मुख्य वुँदाहरूको टिपोटपछि विद्यार्थीहरूलाई उक्त टिपिएका वुँदाहरू कक्षामा प्रस्तुत गर्न लगाउँदै कालोपाटीमा टिप्नुहोस् । टिपिएका बुँदा क्रमशः र सिलसिलावद्ध भए नभएको र कुनै महत्त्वपूर्ण वुँदा छुटेनछुटेका सम्वन्धमा विद्यार्थीहरूवीच छलफल गराउनुहोस् । यदि सिलसिलेवार नभए सिलसिला मिलाउन लगाउनुहोस् र कुनै महत्त्वपूर्ण छुटेको भए त्यसलाई समावेश गर्न लगाउनुहोस् । यदि कुनै घटना दोहोरिएको भए हटाउन पनि निर्देशित गर्नुहोस् ।

(ग) शिक्षक आफूले पहिल्यै वनाएको कालिदासका जीवनीमा प्रमुख वुँदाहरूको टिपोटको सूची फलाटिन बोर्डमा टाँस्नुहोस् र विद्यार्थीहरूवाट वनेको सूचीबीच तुलना गरी छुटेका बुँदा भए थप्ने र दोहोरिएका बुँदा भए हटाउन लगाउनुहोस् ।

(घ) टिपिएका वुँदाका आधारमा सिलसिला मिलाएर आफ्नै भाषामा विद्यार्थीलाई समूहगतरूपमा जीवनी तयार गर्न लगाउनुहोस् । जीवनी तयार गर्न लगाउँदा पहिला मौखिकरूपमा र त्यसपछि लिखितरूपमा गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीवाट प्रस्तुत गरिएको जीवनीमा थपघट वा सुधारको आवश्यकता भए आवश्यकतानुसार सुधार गरिदिनुहोस् ।

## मूल्याङ्कन

(क) स्थानीयस्तरका वा अन्य राष्ट्रियस्तरका व्यक्तित्वको जीवनीका प्रमुख वुँदा टिपी जीवनी तयार गर्न लगाउनुहोस् ।

## गृहकार्य

(क) पाठको अभ्यासको सिर्जनात्मक अभ्यास गर्न लगाउनुहोस् ।

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्षम हुनेछन् :

(क) सर्वनामको परिचय दिन,

(ख) सर्वनामको पहिचान गर्न र वाक्यमा प्रयोग गर्न ।

## शैक्षिक सामग्री

सर्वनामको तालिका, सर्वनामको शब्दपत्ती, वाक्यपत्ती, फलाटिनपाटी, गोजीतालिका ।

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम कालोपाटी वा फलाटिनपाटीमा सर्वनाम शब्दको प्रयोग भएका वाक्यहरू देखाई विद्यार्थीलाई ती कस्ता शब्द हुन भनेर प्रश्न सोध्नुहोस् । जस्तै;

१. तिम्रो नाम के हो ? मेरो नाम राकेश हो ।

२. राकेश कक्षा ८ मा पढ्छ । ऊ सधैं प्रथम हुन्छ ।

३. राकेश मिहिनेती भएकाले उसलाई सफलता मिलेको हो ।

४. तिमी पनि त्यस्तै मिहिनेत गर्छौ त ?

५. तपाईं कहाँ जाँदै हुनुहुन्छ ?

६. उनी हिजो आएकी हुन् ।

७. यहाँ कहिले पाल्नुभयो ?

८. उहाँ हिजै आउनु भएको हो ।

९. आफू त कहीँ गईदैन ।

१०. तँ जान्छस् त !

(ख) माथिको वाक्यहरूमा रेखाङ्कित शब्द के हुन् भनेर विद्यार्थीहरूसँग छलफल गर्दै वाक्यमा नामको सट्टा प्रयोग हुन आउने शब्दलाई सर्वनाम भनिन्छ भन्ने कुरा स्पष्ट पारिदिनुहोस् ।

(ग) हरेक विद्यार्थीहरूलाई सर्वनाम शब्द भएमा वाक्य भन्न लगाई कालोपाटीमा टिप्नुहोस् र सर्वनामको प्रयोग उपयुक्त भए नभएका सम्बन्धमा विद्यार्थीहरूबीच नै छलफल गराउनुहोस् ।

(घ) सर्वनामसम्बन्धी तलको तालिका पढी समूहगतरूपमा छलफल गर्न लगाउनुहोस् ।

| आदरहित | मध्यम आदर | उच्च आदर |
|---|---|---|
| ऊ, त्यो, यो, तँ | ती, यी, तिनी, यिनी, उनी, तिमी | उहाँ, यहाँ, तपाईं, हजुर |

(ङ) महाकवि कालिदास पहिलो, दोस्रो र तेस्रो अनुच्छेदमा भएका सर्वनाम शब्दहरू रेखाङ्कित गर्न लगाई तिनलाई कालोपाटीमा सूचीबद्ध गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## मूल्याङ्कन

(क) केही वाक्यहरू दिई तिनमा सर्वनमान शब्दको पहिचान गर्न लगाउनुहोस् ।

(ख) पाठको चौथो, पाँचौ र छैठौं अनुच्छेदबाट सर्वनाम शब्द सङ्कलन गरी तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## गृहकार्य

महाकवि कालिदास पाठमा प्रयोग भएका सर्वनाम शब्दहरूको सूची तयार गरी ल्याउन निर्देशन दिनुहोस् ।

| पाठ : ७ | छात्रवृत्तिका लागि निवेदन | जम्मा घन्टी : ६ |
|---|---|---|

## निवेदन परिचय

चिरी लिखित माध्यमद्वारा विचार तथा कुराकानीको विनियम गर्ने महत्त्वपूर्ण साधन हो । एक पक्षले अर्को पक्षसँग लिखित रूपमा सम्पर्क राख्नका लागि तयार पारिने कागज चिठी हो । चिठीलाई अर्को शब्दमा पत्र पनि भन्ने गरिन्छ । यो एक अर्काको अनुभवको आदान प्रदान गर्ने एवम् वैयक्तिक सम्बन्ध विकास गर्ने माध्यम पनि हो । व्यावहारिक जीवनमा चिठीपत्रको माध्यमवाट धेरै किसिमका कार्य सम्पन्न गर्नुपर्ने भएकाले चिठी लेखन अत्यन्त उपयोगी भाषिक कौशल हो ।

चिठीद्वारा विद्यार्थीमा स्वतन्त्र अभिव्यक्तिको विकास क्षमता अभिवृद्धि हुनुका साथै भन्न चाहेको कुराको स्पष्ट रूपमा अभिव्यक्ति गर्न, आदर सम्मान अभिभावदन गरी लेख्न सक्ने सीपको विकास हुन्छ । चिठी मुख्यतः लेख्य विधा हो । त्यसैले यस विधाको शिक्षण गर्दा विद्यार्थीको सिर्जनात्मकता र मौलिकता विकास गराउने क्रियाकलापका साथै अन्य भाषिक क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।

चिठी विभिन्न प्रकारका हुन्छन् । चिठीको प्रकारअनुसार चिठीको ढाँचा एवम् व्यहोरा पनि फरक फरक हुन सक्दछ । प्रायः घरायसी चिठीमा व्यक्तिगत कुराको प्रधानता रहन्छ । निवेदन लेखन, कार्यालयीय पत्र लेखनले दैनिक व्यावहारिक कामकाजमा सहयोग पुऱ्याउँछ । व्यावसायिक चिठीद्वारा तथ्याङ्कीय शैली सिकाउन सकिन्छ । यसरी चिठीलेखनवाट विभिन्न प्रकारका चिठी लेख्ने शैली र शिल्पको शिक्षण गराउन सकिन्छ ।

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | प्रश्नोत्तर | २ |
| ४. | चिठीलेखन | २ |

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसारका कार्यमा सक्षम हुनेछन् :

(क) पाठमा दिइएको निवेदनको उपयुक्त ढङ्गले सस्वरपठन गर्न,

(ख) पाठमा प्रयोग भएका उच्चारणका दृष्टिले कठिन शब्दहरूको उच्चारण गर्न ।

## शैक्षिक सामग्री

टेपरिकर्डर (उपलब्ध भए), शब्दपत्ती, गोजीतालिका/फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) शिक्षकले पाठको सामान्य परिचय दिई त्यसप्रति विद्यार्थीहरूको ध्यानाकर्षित गरिदिने र आज गरिने क्रियाकलापका बारेमा संक्षिप्त चर्चा गर्ने ।

(ख) शिक्षकले उपलब्ध भए टेपरिकर्डरको सहायता लिएर, नभए आफैंले गति, यति, लय मिलाएर 'छात्रवृत्तिका लागि निवेदन' पाठ सस्वर पढेर विद्यार्थीहरूलाई सुनाउने । आफूले सस्वर पठन गर्दा विद्यार्थीहरूलाई ध्यान दिएर सुन्न र पाठ हेर्न निर्देशन दिने ।

(ग) उक्त पाठलाई आफूले प्रस्तुत गरेको नमुनाअनुसार नै कक्षालाई पटकपटक सस्वर पठनको अभ्यास गराउनुहोस् । त्यसपछि समूहगत र व्यक्तिगत रूपमा पनि त्यस्तो अभ्यास गराउनुहोस् ।

(घ) केही विद्यार्थीहरूमा अझै पनि कुनै कसरमसर बाँकी भए त्यस्ता विद्यार्थीहरूलाई निराकरणात्मक रूपमा थप अभ्यास गराउनुहोस् ।

(ङ) उच्चारणका दृष्टिले कठिन देखिने पाठमा प्रयोग भएका केही शब्दहरूलाई शब्दपत्तीका सहायताले कक्षामा प्रस्तुत गर्दै तिनको शुद्ध उच्चारण गरेर विद्यार्थीहरूलाई सुनाउनुहोस् । यस पाठमा उच्चारण गर्न कठिन देखिने केही शब्दहरू यसप्रकार हुन सक्छन् :

प्रधानाध्यापक, माध्यमिक, विद्यालय, छात्रवृत्ति, उज्जवल, परिश्रम, स्थिति, पुरस्कृत, समस्या, प्रथम आदि ।

(च) उपर्युक्त शब्दहरूमध्ये हरेकको कक्षागत रूपमा, समूहगत रूपमा तथा व्यक्तिगत रूपमा पनि उच्चारणको अभ्यास गराउनुहोस् । समयले भ्याएसम्म यस्ता शब्दहरूलाई वाक्यमा प्रयोग गरेर समेत उच्चारण अभ्यास गराउनु उपयुक्त हुन्छ ।

(छ) अभ्यास ३ मा दिइएका वाक्यहरूलाई पनि विद्यार्थीहरूलाई शुद्धसँग पढ्न र त्यसपछि शुद्ध पारेर कापीमा सार्न लगाउनुहोस् ।

## मूल्याङ्कन

(क) तलका अंशहरू शुद्धसँग पढ :

१. श्रीमान् ... ... ... महोदय

२. यस विद्यालयको ... ... ... अनुरोध गर्दछु ।

३. आज्ञाकारी ... ... ... सानोठिमी ।

४. म एउटा गरिब ... ... ... सिर्जना भएको छ ।

(ख) तलका शब्दहरूको शुद्धसँग उच्चारण गर :

प्रकाशित, विद्यालय, कार्यक्रम, स्रोत, छात्रवृत्ति

## पाठ्यवस्तु शब्दभण्डार घन्टी : १

### उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसारका गर्न सक्षम हुनेछन् :

(क) पाठका कठिन शब्दहरूको अर्थ बताउन,

(ख) उक्त शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ।

### शैक्षिक सामग्री

शब्दपत्ती, अर्थपत्ती, गोजीतालिका / फलाटिन पाटी

### शिक्षण क्रियाकलाप

(क) शिक्षकले पाठवाट विद्यार्थीहरूको समेत सहायता लिई उनीहरूलाई कठिन हुने शब्दहरूको छनोट गर्नुहोस् । पाठमै अर्थ दिइएका शब्दहरूको अर्थ सम्बन्धित पृष्ठमै हेर्न लगाई त्यस्ता शब्द वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् ।

(ख) बाँकी कठिन शब्दहरूमध्ये शब्दपत्तीमा नपरेका शब्दहरूसमेतको सूची बनाई हरेकको अर्थ पहिल्याउने अभ्यास गराउनुहोस् । त्यस्तो अभ्यास गराउँदा सकेसम्म विद्यार्थीलाई नै ठीक उत्तर पहिल्याउन लगाउनुहोस् र अन्त्यमा मात्र आफूले अर्थ बताउने गर्नुहोस् ।

(ग) शब्दको अर्थसम्वन्धी अभ्यास गराइसकेपछि ती शब्दलाई वाक्यमा पनि प्रयोग गर्न लगाउनुहोस् । वाक्यमा प्रयोग गराउँदा पनि पहिले विद्यार्थीहरूलाई नै प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् र उनीहरूले नसकेका ठाउँमा मात्र आफूले मद्दत गरिदिनुहोस् ।

### मूल्याङ्कन

(क) तलका शब्दको अर्थ भन :

जहेनदार, विदतै, परिश्रम, नियमित, सहभागी

(ख) तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर :

उम्मेदवार, समस्या, अध्ययनरत, सिर्जना, जुटाउनु ।

---

## पाठ्यवस्तु प्रश्नोत्तर घन्टी : २

### उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसारका गर्न सक्षम हुनेछन् :

(क) पाठमा आधारित वोध प्रश्नहरूको उत्तर दिन,

(ख) निवेदनका ढाँचाका वारेमा सोधिएका प्रश्नको उत्तर दिन,

(ग) घरायसी चिठी र निवेदनमा फरक बताउन ।

### शैक्षिक सामग्री

निवेदनको ढाँचाको नमुना, प्रश्नहरूको सूची, घरायसी चिठीको नमुना

## शिक्षण क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई प्रस्तुत निवेदनको मौन पठन गर्न निर्देशन दिने र आफूले मौन पठनको निरीक्षण गर्ने । मौन पठन राम्ररी गर्न नसकेका विद्यार्थीहरूलाई उपयुक्त किसिमका सुझावसमेत दिने ।

(ख) मौन पठन गरिसकिएपछि बोध प्रश्नहरूको सूची फलाटिन पाटीमा प्रस्तुत गर्दै हरेक प्रश्नको उत्तर दिन लगाउनुहोस् :

१. यो निवेदन कुन उद्देश्यले दिन खोजिएको छ ?

२. यो निवेदन दिनुपर्ने संस्था कुन हो र त्यसको ठेगाना के हो ?

३. यो निवेदनसम्बन्धी सूचना कहिले प्रकाशित भएको हो ?

४. कस्ता छात्रछात्राले यो निवेदन दिन पाउने देखिन्छ ?

५. सूचनामा दिने भनिएको छात्रवृत्ति कस्ता विद्यार्थीको लागि हो ?

६. यो निवेदन दिने मानिस को हो ?

(ग) घरायसी चिठीको नमुना प्रस्तुत गर्दै निवेदन र घरायसी चिठीमा पाइने व्यहोरागत भिन्नता पहिल्याउन लगाउने ।

जस्तै;

| | निवेदन | घरायसी चिठी |
|---|---|---|
| सम्बोधन | ... ... ... | ... ... ... |
| व्यहोरा | ... ... ... | ... ... ... |
| समापन | ... ... ... | ... ... ... |

(घ) निवेदनको ढाँचाका बारेमा प्रश्नोत्तरका आधारमा छलफल गराउने । जस्तै; प्रारम्भ, व्यहोरा, समापन आदि ।

## मूल्याङ्कन

(क) कक्षा कार्यकलापका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

(ख) तलका जस्ता प्रश्न सोध्ने ।

१. निवेदनको सुरुमा केके लेख्नुपर्छ ?

२. निवेदनको व्यहोरामा केके कुरा समावेश गर्नुपर्छ ?

३. निवेदनको अन्त्यमा केके लेख्नुपर्छ ?

४. निवेदन दिने संस्था र प्रमुखको नाम कता राख्नुपर्छ ?

५. मिति कहाँ लेख्नुपर्छ ?

६. निवेदकको नाम र ठेगाना कता हुनुपर्छ ?

**पाठ्यवस्तु** **चिठीलेखन** **घन्टी : २**

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) घरायसी चिठीको ढाँचा बताउन,

(ख) निश्चित विषय र व्यहोराको घरायसी चिठी लेख्न ।

**शैक्षिक सामग्री**

घरायसी चिठीको ढाँचा, घरायसी चिठीको नमुना

**शिक्षण क्रियाकलाप**

(क) विभिन्न किसिमका घरायसी चिठीका नमुना प्रस्तुत गर्दै घरायसी चिठीका लागि आवश्यक पर्ने र घरायसी चिठीमा समावेश गर्नुपर्ने मुख्य कुराहरूका सम्बन्धमा स्पष्ट पारिदिनुहोस् । जस्तै : घरायसी चिठी लेख्दा मूलत; तीन भागमा लेखिन्छ ।

१. चिठीको प्रारम्भ भाग

- शिरमा प्रेपक -चिठी पठाउने वा लेख्ने) ठेगाना र त्यसको मुन्तिर मिति लेख्ने ।
- पत्रको वायाँतिर थोरै ठाउँ छोडी नाताअनुसार सम्वोधन गरी त्यसको लगत्तै तल अभिवादन र शिष्टाचारका शब्द लेख्ने ।

२. चिठीको मध्य भाग

- कुशलताको कामना गर्दै सम्वन्धित विषयको प्रस्तुतीकरण गर्ने ।
- चिठीको मुख्य व्यहोरा प्रस्तुत गर्दै भन्नु पर्ने कुरा सक्ने ।

३. चिठीको अन्त्य भाग

- प्रापकसँगको सम्वन्ध र आफ्नो नाम लेख्ने ।
- चिठी लेखिसकेपछि खामको दायाँतिर प्रापकको नाम र ठेगाना तथा बायाँतिर प्रेषकको नाम र ठेगाना लेख्नुपर्ने ।

(ख) शिक्षकले पहिले नै तयार पारी ल्याएको घरायसी चिठीको नमुना प्रस्तुत गर्दै माथिको (क) मा प्रस्तुत चिठीका भागका बारेमा स्पष्ट पारिदिने ।

(ग) यसपछि घरायसी चिठी लेख्दा सम्वोधन र समापनमा प्रयोग हुने शव्दावलीका बारेमा विद्यार्थीसँग छलफल गर्ने । जस्तै : वाबु, आमा, दाजु, दिदी, भाइ, वहिनी, छोराछोरी, साथी आदिलाई चिठी लेख्दा केकस्ता सम्वोधन, अभिवादन र समापनका शव्द प्रयोग गर्ने भनी छलफल गराई कालोपाटीमा लेखिदिने ।

(घ) माथिको क्रियाकलाप एवम् छलफलका आधारमा विद्यार्थीलाई कुनै एक घरायसी चिठीको नमुना लेख्न लगाउने । यस क्रममा शिक्षकले लेखेको चिठीको ढाँचा तथा व्यहोराको निरीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**मूल्याङ्कन**

(क) घरायसी चिठीको ढाँचामा समावेश गर्नुपर्ने कुरा भन्न लगाएर मूल्याङ्कन गर्ने ।

(ख) विद्यार्थीलाई उपयुक्त विषय प्रसङ्गमा चिठी तयार पार्न लगाउने ।

**गृहकार्य**

अभ्यासको प्र.नं.६ र सिर्जनात्मक अभ्यास गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| पाठ : ८ | मनु | जम्मा घन्टी : ७ |
|---|---|---|

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र उच्चारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | वर्णविन्यास | १ |
| ४. | बोध | १ |
| ५. | व्याख्या | १ |
| ६. | व्याकरण | २ |

## पाठ्यवस्तु — सस्वरपठन र उच्चारण — घन्टी : १

### उद्देश्य

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न समर्थ हुनेछन् :

(क) 'मनु' कथाका अन्तिम तीन अनुच्छेद गति, यति, लय मिलाई सस्वरपठन गर्न,

(ख) कथामा प्रयुक्त कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

कठिन शब्दहरूको सूची, शब्दपत्ती, गोजीतालिका/फलाटिन पाटी

### शिक्षण क्रियाकलाप

(क) 'मनु' कथाको छोटो परिचय दिंदै पाठप्रति विद्यार्थीहरूको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीहरूलाई 'मनु' कथाका अन्तिम तीन अनुच्छेद भएको पृष्ठ खोल्न लगाउनुहोस् र आफूले सस्वरपठन गर्दा ध्यान दिएर पुस्तक हेर्न र सुन्न निर्देशन दिनुहोस् ।

(ख) कथाका उक्त निर्धारित अनुच्छेदहरू शिक्षकले गति, यति, लय मिलाई सस्वरपठन गर्नुहोस् । आफ्नो पठन राम्रो नभए टेपरिकर्डरको वा कुनै राम्रो पढ्न सक्ने विद्यार्थीको पनि सहयोग लिन सक्नुहुन्छ ।

(ग) आफूले नमुना प्रस्तुत गरिसकेपछि सोहीअनुसार विद्यार्थीहरूलाई सस्वरपठनको अभ्यास गराउनुहोस् । अभ्यास गराउंदा समूहसमूहमा र व्यक्तिगत रूपमा गराउनुहोस् ।

(घ) अन्य मातृभाषी तथा कमजोर विद्यार्थीहरूको विशेष ख्याल गरी सस्वरपठनको थप अभ्यास गराउनुहोस् र त्यस्ता विद्यार्थीका पठनसम्बन्धी कुनै व्यक्तिगत समस्या भए निराकरण पनि गरिदिनुहोस् ।

(ङ) सस्वरपठनको पर्याप्त अभ्यास गराइसकेपछि विद्यार्थीहरूलाई सम्पूर्ण पाठमा र उक्त अनुच्छेदहरूमा भएका कठिन शब्दहरूको अभ्यास गराउनुहोस् ।

आफ्नो अनुभव र विद्यार्थीहरूको सहयोग लिई तयार पारेका कठिन शब्दहरूको सूची फलाटिन पाटीमा कालोपाटीमा प्रस्तुत गर्नुहोस् । जस्तै : स्नेहपूर्वक, हठात्, निष्प्राण, धैर्य, मुग्ध, क्षतविक्षत, तन्द्रा, स्मृति, घुँक्कघुँक्कक, उत्तरदायित्व

(च) शब्दहरूको उच्चारण पहिले शब्दस्तरमा अनि वाक्य स्तरमा पनि अभ्यास गराउन नबिर्सिनुहोला ।

(छ) अभ्यास २ का शब्दहरू वाक्यमा प्रयोग गर्न र शुद्धसँग पढ्न लगाउनुहोस् ।

## मूल्याङ्कन

(क) तलका हरपहरू पढ :

१. आमा ! आमा ! ढोका ... ... पस्छे सन्ध्या !

२. पूर्णकला कोठामा ... ... सक्दिनौ छोरी ।

३. उसो भए के यस घरप्रति ... ... लाग्दछिन् पूर्णकला ।

(ख) तलका शब्दहरूको शुद्धसँग उच्चारण गर :

निष्प्राण, क्षतविक्षत, स्मृति, धैर्य, घुक्कघुँक्क, स्नेहपूर्वक

## गृहकार्य

पाठका अन्य अनुच्छेदहरूको पनि सस्वरपठन गर्ने अभ्यास गरेर आऊ ।

---

**पाठ्यवस्तु** **शब्दभण्डार** **घन्टी : १**

## उद्देश्य

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्न कार्यमा समर्थ हुनेछन् :

(क) कथामा प्रयोग भएका कठिन शब्दहरूको अर्थ बताउन,

(ख) उक्त शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ।

## शैक्षिक सामग्री

कठिन शब्दहरूको सूची, शब्दपत्ती अर्थपत्ती, वाक्यपत्ती, गोजीतालिका/फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) शिक्षकले सबभन्दा पहिले विद्यार्थीहरूलाई प्रस्तुत कथा मौन रूपमा पढी कठिन शब्दहरू खोज्न लगाउनुहोस् र उनीहरूले भनेअनुसार त्यस्ता शब्दहरू कालोपाटीमा टिप्दै जानुहोस् ।

(ख) विद्यार्थीहरूले कठिन ठानेका शब्दहरूको अर्थ पाठका सम्वन्धित पृष्ठमा नै दिएका भए त्यहीँ हेर्न लगाउनुहोस् ।

(ग) तीबाहेकका शब्द र तपाइँले सूचीवद्ध गरेर तथा शब्दपत्तीमा समावेश गरेर ल्याएका शब्दहरूको अर्थको चित्र तथा शब्दपत्तीको समेत उपयोग गरी अभ्यास गराउनुहोस् । कठिन शव्दको अर्थ शिक्षण गर्दा पहिले विद्यार्थीहरूलाई नै अर्थ पहिल्याउन प्रोत्साहित गर्नुहोस् र उनीहरूबाट ठीक उत्तर नआए मात्र आफूले उत्तर दिनुहोस् ।

(घ) शब्दार्थ शिक्षण गर्दा शब्दकोशको प्रयोग गर्ने तरिका बताई विद्यार्थीहरूलाई त्यसको अभ्यास गराउनु पनि वाञ्छनीय हुन्छ ।

(ङ) शिक्षकले कठिन शब्दहरूको अर्थको शिक्षण गरिसकेपछि त्यस्ता शव्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । यस्तो अभ्यास गराउँदा पनि पहिले विद्यार्थीहरूवाटै उत्तरको खोजी गरिनुपर्छ र उनीहरूबाट ठीक उत्तर नआएको अवस्थामा मात्र वाक्यपत्तीको समेत उपयोग गरी शब्द प्रयोगको अभ्यास गराउनुपर्छ । पाठमै अर्थ दिइएका कठिन शब्दहरूको प्रयोग पनि यही क्रममा यसरी नै शिक्षण गर्नुपर्छ ।

## मूल्याङ्कन

(क) तलका शब्दको अर्थ भन :

दङ्ग पर्नु, आशक्ति, मगुग्ध, चतुर्‍याइँ, आघात, असामयिक

(ख) तलका शब्द प्रयोग गरी वाक्य बनाऊ :

तन्द्रा, निष्प्राण, हठात्, घुँक्कघुँक्क, स्मृति

## गृहकार्य

अभ्यासको प्रश्न नं.२ गरेर ल्याऊ ।

---

## पाठ्यवस्तु — वर्णविन्यास — घन्टी : १

## उद्देश्य

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) कठिन शब्दहरूको शुद्ध वर्णविन्यास पहिल्याउन,

(ख) लेखनमा वर्णविन्यासको शुद्ध प्रयोग गर्न ।

## शैक्षिक सामग्री

शव्दपत्ती, शव्दहरूको सूची, गोजीतालिका, फलाटिन पाटी

## शिक्षण सामग्री

(क) वर्णविन्यास नमिलेका शब्दहरूको सूची प्रस्तुत गर्दै त्यस्ता शव्दहरूको पालैपालो शुद्ध रूप पहिल्याउन लगाई कापीमा सार्न समेत लगाउने । त्यस्ता शव्दहरूको वर्णविन्यास खास नियमसँग आवद्ध भए त्यसको स्पष्टीकरणसमेत दिई विद्यार्थीहरूवाट थप उदाहरण पनि माग्नुहोस् ।

(ख) खाली ठाउँ भएका विभिन्न वाक्यहरू दिई शुद्ध शव्द छानी वाक्य पूरा गर्न लगाउनुहोस् । जस्तै,

१. मदन मेरो .. ... हो । (नाती नाति)

२. म ... ... मात्र चिया खान्छु । (कहिलेकाहीँ/कहीलेकाहिँ/कैलेकाइँ)

३. मानिस एक दिन ... ... हुनुपर्छ । (निस्पराण/निष्प्राण/निष्परान)

४. असल मानिस पैसामा ... ... खोज्दैन । (सन्तूस्टी/संतूष्टी/सन्तुष्टि)

५. उसको ... ... ले मलाई लगातार सताइरहेछ । (इस्मृती/स्मिर्ती/स्मृति)

(ग) कक्षालाई ३, ४ समूहमा बाँडी हिज्जे प्रतियोगिता गराउनुहोस् र बिजेता समूहलाई पृष्ठपोषण र पराजित समूहलाई हौसला दिनुहोस् ।

(घ) समस्यामूलक शब्दहरूको तथा त्यस्ता शब्दहरू भएका उदाहरणहरू छानी श्रुतिलेख गराउनुहोस् । कालोपाटीका सहायताले शुद्धाशुद्धी गरिदिई उच्च अङ्क प्राप्त गर्नेलाई पुरस्कृत घोषणा गर्नुहोस् ।

**मूल्याङ्कन**

(क) शुद्ध पारेर सार :

१. पीजरा, भूईं, परिक्षा, अलीअली, अगाडी

२. कसरि बिर्सु ? कसरि समालु र यो मनलाई ... घूक्क घूक्क रून लाग्छीन पुरनकला ।

**गृहकार्य**

शुद्ध वर्णविन्यासको प्रयोग गरी "मिहिनेत" का बारेमा एक अनुच्छेद लेखेर लगाऊ ।

**मूल्याङ्कन**

(क) तलका हरपहरू पढ :

१. आमा ! आमा ! ढोका ... ... पस्छे सन्ध्या !

२. पूर्णकला कोठामा ... ... सक्दिनौ छोरी ।

३. उसो भए के यस घरप्रति ... ... लाग्दछिन् पूर्णकला ।

(ख) तलका शब्दहरूको शुद्धसँग उच्चारण गर :

निष्प्राण, क्षतविक्षत, स्मृति, धैर्य, घुक्कघुँक्क, स्नेहपूर्वक

**गृहकार्य**

पाठका अन्य अनुच्छेदहरूको पनि सस्वरपठन गर्ने अभ्यास गरेर आऊ ।

---

**पाठ्यवस्तु** **बोध** **घन्टी : १**

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) निर्दिष्ट अनुच्छेदको मौनवाचन गरी सोधिएका बोध प्रश्नहरूको उत्तर दिन,

(ख) उक्त अनुच्छेदमा आधारित मुख्य बुँदाहरू पहिल्याई टिपोट गर्न,

(ग) उल्लिखित बुँदाहरूका आधारमा पठित अनुच्छेदको सारांश लेख्न ।

## शैक्षिक सामग्री

बोध प्रश्नहरूको नमुना, सारांशको नमुना, फलाटिन पाटी आदि ।

## शिक्षण क्रियाकलाप

(क) प्रस्तुत पाठबाट शिक्षकले उपयुक्त अनुच्छेदहरू तोकिदिने र विद्यार्थीहरूलाई समयसमेत निर्धारण गरिदिई सो अनुच्छेदको मौनवाचन गर्न लगाउने । उदाहरणका लागि यस पाठका पछिल्ला चार अनुच्छेदहरू (मनुको असामयिक .... .... सक्दिनन् उनी) लाई लिन सकिन्छ ।

(ख) विद्यार्थीहरूले अनुच्छेद पढिसकेपछि बोध प्रश्नहरूको नमुनामा भएका प्रश्नहरू एकएक गरी सोध्दै उनीहरूलाई उत्तर दिन लगाउने । जस्तै :

(क) पूर्णकला किन शोकाकुल भएकी हुन् ?

(ख) उनी बेसुरमा केके गर्छिन् ?

(ग) सन्ध्याले केको औषधी खोजेकी हुन् ?

(घ) आमाको कुन अवस्था देखेर सन्ध्यालाई दिक्क लाग्छ ?

(ङ) पूर्णकलालाई मनुको सम्झनाले कसरी सताइरहेको छ ?

(च) सन्ध्याका कस्ता प्रश्न पूर्णकलाका मनमा तरबारको धार झैँ तेर्सिन्छन् ?

(छ) 'के म पनि हजुरकी छोरी होइन र ?' भन्ने सोधेर सन्ध्याले आमालाई के भन्न खोजेकी हुन् ?

(ग) उपर्युक्त प्रश्नोत्तर गराउँदा विद्यार्थीहरूले ठीक उत्तर पहिल्याउन नसकेका, उनीहरूले नबुझेका र कुरा पुऱ्याउन नसकेका ठाउँमा शिक्षकले आवश्यक सहयोग गरिदिने ।

(घ) उपर्युक्त प्रश्नोत्तरका बारेमा विद्यार्थहिरूबीच छलफल गराई तिनका प्रमुख बुँदाहरू पहिल्याउन लगाउँदै तिनलाई कालोपाटीमा सूचीबद्ध गर्ने । जस्तै :

– छोराको असामयिक निधनले पूर्णकला असह्य वेदनामा डुबेकी

– कोठाबन्द गरेर छोराले प्रयोग गर्ने सामानहरू ओल्टाईपल्टाई गरेर आँसुमा डुब्नु उनको दिनचर्या

– आमाले मृत भाइलाई मात्र सम्झी आफूहरूको अस्तित्व नै नस्वीकारेको सन्ध्याको मौन गुनासो

– 'म पनि मरिसकें ?' भनेर सन्ध्याले आमाको मस्तिष्क मन्थन गर्न खोजेकी

– छोरीका शब्दले पूर्णकला अझ आहत र निशब्द बन्न पुगेकी

(ङ) शिक्षकले आफूले समेत सहयोग गरी उपर्युक्त बुँदाहरूका आधारमा विद्यार्थीहरूलाई सारांशको रूप दिन लगाउने । आफूले तयार पारेको नमुनासमेत प्रस्तुत गरी शुद्धाशुद्धि गरिदिने । जस्तै;

आफ्नो छोराको असामयिक मृत्यु भए पनि असैह्य वेदनामा डुबेकी पूर्णकला जति वेला पनि कोठा बन्द गरेर छोराले जीवित छँदा प्रयोग गर्ने गरेका सरसामानहरू ओल्टाइपल्टाइ गर्दै आँसुमा डुबिरहन्थिन् । घरको काममा र परिवारका अन्य सदस्यहरूका बारेमा समेत उनी ध्यान दिन सक्दिनथिन् । छोरी सन्ध्या आमाको यो चाल देखेर आमाले आफ्नो अस्तित्व नै नस्वीकारेको महसुस गरेर दिक्क थिइन् । तरकारी काट्दा औंलासमेत काटेर घाउ हुँदा पनि थाहा नपाउने आमालाई उनी 'म पनि मरिसकें ?' भनेर सचेत पार्न खोज्थिन् । तर पूर्णकलासँग अझ बढी घायल हुनुबाहेक कुनै उत्तर थिएन ।

**मूल्याङ्कन**

(क) प्रश्नहरू सोधी पठित अनुच्छेदका आधारमा उत्तर दिन लगाउने ।

(ख) पढेका अनुच्छेदबाट मुख्यमुख्य बुँदाहरू भन्न लगाउने ।

(ग) उक्त अनुच्छेदमा परेका मुख्यमुख्य कुराहरू नछोडी पढेका कुरा छोटकरीमा भन्न लगाउने ।

**गृहकार्य**

'मनु' पाठ पढेर अभ्यास १ - ४ सम्मका प्रश्नहरूको उत्तर लेखेर ल्याउन लगाउने र कक्षामा छलफल गराई शुद्धाशुद्धि गरिदिने ।

---

**पाठ्यवस्तु** **व्याख्या** **घन्टी : १**

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निर्धारित विशिष्ट पङ्क्ति (छोरीले गरेको ... सक्दिनन् उनी) को व्याख्या गर्न सक्नेछन् ।

**शैक्षिक सामग्री**

विशिष्ट पङ्क्तिमा आधारित मुख्यमुख्य बुँदाहरूको सूची, व्याख्याको नमुना, फलाटिन पाटी

**शिक्षण क्रियाकलाप**

(क) शिक्षकले व्याख्या गर्नका लागि छानिएको विशिष्ट पङ्क्ति कालोपाटीमा लेखेर वा आफूले तयार पारेर ल्याएको विशिष्ट पङ्क्तिको पत्ती (ल्याएको भए) कक्षामा प्रस्तुत गर्दै सप्रसङ्ग व्याख्या गर्दा ध्यान दिनुपर्ने कुराहरूका बारेमा प्रश्नोत्तर र छलफल गराउने । जस्तै;

- पाठका लेखिक (लेखक, लेखिका भएका पाठमा मात्र)
- उक्त पङ्क्ति पाठमा कहाँ र कुन प्रसङ्गमा प्रयोग भएको हो ?
- पाठको पूर्वप्रसङ्ग के छ ?

(ख) शिक्षकले विद्यार्थीहरूले तयार पारेको व्याख्या कालोपाटीमा टिपी वा कुनै विद्यार्थीहरूलाई टिप्न लगाई कक्षामा प्रस्तुत गर्ने । त्यसपछि आफूले तयार पारेर ल्याएका बुँदाहरूको सूची र व्याख्याका नमुना पनि फलाटिन पाटीमा राखेर प्रदर्शन गर्ने र आफूले नमुनाका रूपमा प्रस्तुत गरेका बुँदाहरू र व्याख्याका आधारमा सप्रसङ्ग व्याख्याको मस्यौदालाई अन्तिम रूप दिने ।

(ग) शिक्षकले विद्यार्थीहरूलाई व्याख्या मात्र गर्नुपर्दा भने सप्रसङ्ग व्याख्याका लागि उल्लेख गर्नुपर्ने पहिलो अनुच्छेदका विवरणहरू आवश्यक नहुने जानकारी पनि दिने ।

(घ) शिक्षकले अभ्यास ५ मा दिइएको पङ्क्तिको पनि भाव स्पष्ट गर्न लगाउने । भाव स्पष्ट गर्दा अपनाउने तरिकाको बारेमा 'खसीको तौल' कथाको सम्बद्ध पाठ्यवस्तुअन्तर्गत चर्चा गरिसकिएको छ ।

**मूल्याङ्कन**

छोटाछोटा प्रश्नहरू सोधी 'सप्रसङ्ग व्याख्या', 'व्याख्या' र 'भावविस्तार' का बारेमा उत्तर दिन लगाउने ।

## गृहकार्य

(क) अभ्यास ६ र ७ को उत्तर लेखेर ल्याउन भन्ने र कक्षामा छलफल तथा नमुना प्रस्तुतिद्वारा सच्याइदिने ।

(ख) सिर्जनात्मक अभ्यासमा दिइएको विषयवस्तुका बारेमा एउटा छोटो कथा लेखेर ल्याउन लगाउने र कक्षामा छलफल गराउने ।

---

## पाठ्यवस्तु व्याकरण घन्टी : २

### उद्देश्य

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) पाठका आधारमा लेख्य चिह्नहरूको प्रयोग पहिल्याउन,

(ख) भूतकालको पूर्ण पक्ष र अभ्यस्त पक्षमा प्रयोग हुने क्रियापदहरूको पहिचान गर्न,

(ग) निर्दिष्ट पदावलीहरूवीच लिङ्ग र आदरको सङ्गति मिलाउन ।

### शैक्षिक सामग्री

विभिन्न लेख्य चिह्नहरूका उदाहरण पत्ती, भूतकालका पूर्ण पक्ष र अभ्यस्त पक्षको रूपावली, लिङ्ग र आदरको प्रयोग भएका पदावलीहरूका पत्ती, गोजीतालिका/फलाटिन पाटी

### शिक्षण क्रियाकलाप

(क) विभिन्न लेख्य चिह्न प्रयोग भएका वाक्यपत्तीहरू प्रस्तुत गर्दै विद्यार्थीहरूलाई लेख्य चिह्नहरूको पहिचान र तिनको प्रयोगको पूर्वस्मरण गराउने ।

विद्यार्थीहरूलाई पनि यस्ता लेख्य चिह्नहरू प्रयोग गरी उदाहरण भन्न लगाउने र त्यसै गरी हरेक चिह्नका बारेमा छलफल तथा थप प्रयोगको अभ्याससमेत गराउने ।

(ख) पाठका विभिन्न अनुच्छेदहरू तोकिदिई तिनबाट विभिन्न लेख्य चिह्नहरू खोज्न लगाउने र ती चिह्नहरूलाई विद्यार्थीहरूले आफ्ना वाक्यमा पनि प्रयोग गर्न लगाउने । यसै क्रममा व्याकरण अन्तर्गत अभ्यास १ र २ को उत्तर पनि पहिल्याउन लगाउने ।

(ग) विभिन्न उदाहरणहरू दिई विद्यार्थीहरूलाई भूतकालको पूर्ण पक्षको पहिचान गर्न लगाउने । जस्तै;

रामले हिसाब जानेको थियो ।

सन्ध्याले पाठ गरेकी थिइन् ।

सीताले मलाई बोलाएकी थिई ।

हामीले पाठ पढेका थियौं ।

विद्यार्थीहरूबाट यस्तै अन्य उदाहरणसमेत मागी उदाहरणका आधारमा पूर्णभूतको अभिप्राय स्पष्ट गरिदिने । पूर्णभूतमा कुनै काम भूतकालमै सुरु भएर समाप्त पनि भइसकेको विशेष अवस्थाको जानकारी हुने स्पष्ट पारिदिने । साथै यसमा 'एको', 'एका', 'एकी' आदि र थियो, थिए, थिई आदि भूत कालबोधक रूपहरू लागेर पूर्ण भूतका क्रियापद बन्ने कुरा पनि स्पष्ट पारिदिने ।

(घ) शिक्षकले पूर्ण भूतकालका क्रियापदहरूको रूपावलीको तालिका फलाटिन पाटीमा प्रस्तुत गर्ने र विद्यार्थीहरूलाई हरेक रूपमा आधारित थप उदाहरणहरू दिन लगाई छलफलसमेत गराउने । जस्तै;

खाएको थिएँ, खाएका थियौँ

खाएको थिइस्, खाएका थियौ

खानु भएको थियो, खाएको थियो

खाएकी थिई, खाएका थिए, खाएकी थिइन् ।

(ङ) विद्यार्थीहरूलाई पाठबाट उपर्युक्त किसिमका उदाहरणहरू खोज्न लगाई तिनको सूची तयार गर्न लगाउने ।

(च) 'ग' बुँदामा जसरी नै विभिन्न उदाहरणहरू दिई भूतकालको अभ्यस्त पहिचान गर्न लगाउने । जस्तै;

पोहोर तिमी राम्ररी पढ्थ्यौ ।

अस्तिअस्ति राम बिहान घुम्थ्यो ।

गुरुआमा समयमा कक्षा लिनुहुन्थ्यो ।

विद्यार्थीहरूलाई पनि यस्तै उदाहरणहरू दिन लगाई तिनको समेत उपयोग गर्दै छलफल, प्रश्नोत्तर आदिका माध्यमद्वारा अभ्यस्त पक्षको धारणा स्पष्ट गरिदिने । साथै उदाहरणहरूकै आधारमा अभ्यस्त पक्षको परिचयसमेत ठम्याउन प्रोत्साहित गर्ने । 'कुनै काम पहिले हुने गर्थ्यो वा त्यस्तो गर्ने कसैको बानी थियो भन्ने कुरा अभ्यस्त भूतले जनाउँछ' भन्दै शिक्षकले त्यसलाई अझ स्पष्ट पारिदिने ।

(छ) शिक्षकले भूतकालको अभ्यस्त पक्षको रूपावलीको तालिका कक्षामा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई हरेक रूपको उदाहरण भन्न लगाई प्रयोगको अभ्यास गराउने । जस्तै;

| | | |
|---|---|---|
| घोक्थें | घोक्थ्यौँ | |
| घोक्थिस् | घोक्थ्यौ | |
| घोक्नुहुन्थ्यो | घोक्थ्यो | |
| घोक्थी | घोक्थे | घोक्थिन् |

प्रयोग : म पाठ घोक्थें । हामी पाठ घोक्थ्यौँ ।

म गीत गाउँथें । हामी गीत गाउँथ्यौँ । यसरी नै अन्य प्रयोग पनि गराउँदै तिनका वारेमा छलफल समेत गराउने ।

(ज) पाठवाट त्यस्ता उदाहरणहरू खोज्न लगाई तिनको प्रयोग सन्दर्भसमेतको पहिचान गर्न लगाउने र विद्यार्थीहरूका आफ्ना वाक्यमा प्रयोग गर्न पनि अभ्यास गराउने ।

(झ) पदावलीहरूवीच लिङ्ग र आदरका आधारमा मेल हुनुपर्ने कुरा पूर्व पाठको स्मरण गराउँदै उदाहरण दिई स्पष्ट गरिदिने । विद्यार्थीहरूलाई पनि त्यस किसिमका उदाहरण दिन लगाउने र त्यस्ता उदाहरणका आधारमा नियम पहिल्याउन प्रोत्साहित गर्ने ।

(ञ) लिङ्ग र आदरका आधारमा मेल नभएका त्रुटिपूर्ण पदावलीहरू दिई तिनमा भएका त्रुटि पहिल्याई सच्याउन लगाउने । जस्तै :

| | |
|---|---|
| रामको छोरी | उनको पिता |
| श्यामकी छोरीहरू | हाम्रो मामा |

| | |
|---|---|
| उनको दिदी | श्यामका गुरु |
| मेरो छात्रा | तिनको हजुरबा |
| तेरो माइजू | हाम्रो पुर्खा |

(ट) व्याकरणअन्तर्गत अभ्यास ४ मा भनिएअनुसार पाठबाट लिङ्ग र आदरका आधारमा सङ्गति मिलेका पदावलीहरू खोजी लेखेर कक्षामा सुनाउन लगाउने ।

(ठ) विद्यार्थीहरूलाई त्यस्तै अन्य पदावलीहरूका उदाहरण भन्न लगाई तिनलाई वाक्यमा समेत प्रयोग गराउने ।

## मूल्याङ्कन

(क) लेख्य चिह्नहरू नमिलेका वाक्य दिई शुद्ध पार्न लगाउने ।

(ख) लेख्य चिह्नहरू प्रयोग नगरी वाक्यहरू दिई ठीक चिह्नहरू प्रयोग गर्न लगाउने ।

(ग) पूर्ण भूत तथा अभ्यस्त पक्षका उदाहरणहरू भन्न लगाउने ।

(घ) विभिन्न धातुहरू दिई पूर्ण भूत र अभ्यस्त भूतमा रूपायन गर्न लगाउने ।

(ङ) पूर्ण पक्षका वाक्य दिई अभ्यस्त पक्षमा र अभ्यस्त पक्षका वाक्य दिई पूर्ण पक्षमा परिवर्तन गर्न लगाउने ।

(च) लिङ्ग र आदरको मेल भएका विभिन्न उदाहरण भन्न लगाउने ।

(छ) लिङ्ग र आदरको मेल नभएका पदावलीहरू दिई शुद्ध गर्न लगाउने ।

## गृहकार्य

(क) पाठमा प्रयोग भएका लेख्य चिह्नहरू प्रयोग गरेर वाक्य बनाएर ल्याउन लगाउने ।

(ख) पाठबाट पूर्ण भूत र अभ्यस्त भूतका थप उदाहरणहरू खोजेर ल्याउन लगाउने ।

(ग) लिङ्ग र आदरको मेल भएका पाँचपाँचओटा उदाहरणहरू खोजेर ल्याउन लगाउने ।

| पाठ : ९ | किसान | जम्मा घन्टी : ६ |
|---|---|---|

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन | १ |
| २. | शब्दोच्चारण | १ |
| ३. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ४. | भावबोध | १ |
| ५. | व्याकरण | २ |

## पाठ्यवस्तु — सस्वरवाचन — घन्टी : १

### उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू 'किसान' कविताको सस्वरवाचन गर्न सक्षम हुनेछन् ।

### शैक्षिक सामग्री

शब्दपत्ती, कठिन शब्दहरूको सूची, गोजीतालिका आवश्यकतानुसार प्रयोग गर्ने ।

### शिक्षण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई पाठप्रति आकर्षित गर्न शिक्षकले पाठमा आधारित भई विभिन्न प्रश्नहरू सोध्नुहोस् र उत्तर विद्यार्थीहरूलाई नै दिन प्रेरित गर्नुहोस् ।

(ख) त्यसपछि गति, यति र लय मिलाई किसान कविताको नमुना (सस्वरवाचन) वाचन गरिदिनुहोस् र विद्यार्थीहरूलाई ध्यानपूर्वक सुन्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूमध्येबाट कक्षाको जेहेनदार, मध्यम र कमजोर विद्यार्थीलाई पालैपालो गति, यति र लय मिलाई (ख) बुँदामा शिक्षकले वाचन गरिदिएको नमुना जस्तै गरी) कविता सस्वरवाचनको अभ्यास लगाउनुहोस् ।

(घ) सस्वरवाचनको अभ्यास गराउँदा पहिले बेन्चबेन्चमा र पछि व्यक्तिव्यक्तिमा अभ्यास गराउनुहोस् ।

(ङ) सस्वरवाचन गराउने क्रममा समूहसमूह छुट्टयाई प्रतियोगितात्मक वाचन गराउनुहोस् र मूल्याङ्कन पनि गरिदिनुहोस् ।

(च) सस्वरवाचनको अभ्यास गराउने क्रममा कक्षामा विशेष दृष्टि पुऱ्याउनु पर्ने विद्यार्थी माथि ध्यान दिनुहोस् ।

**मूल्याङ्कन**

(क) निर्धारित श्लोक पाठको उद्देश्यानुसार सस्वरवाचन गर्न लगाई पृष्ठपोषण दिनुहोस् ।

**गृहकार्य**

किसान कवितालाई घरमा सस्वरवाचनको अभ्यास गरी आउन निर्देशन दिनुहोस् ।

---

**पाठ्यवस्तु** **शब्दोच्चारण** **घन्टी : १**

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थी 'किसान' कवितामा भएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न सक्षम हुनेछन् ।

**शैक्षिक सामग्री**

शब्दपत्ती, कठिन शब्दहरूको सूची, गोजीतालिका

**शिक्षण क्रियाकलाप**

(क) शिक्षकले सर्वप्रथम अघिल्लो दिन पढाएको पाठमा आधारित भई विभिन्न प्रश्नहरू सोध्नुहोस् र विद्यार्थीलाई प्रस्तुत पाठतर्फ आकर्षित गर्नुहोस् ।

(ख) यसपछि 'किसान' कवितालाई विद्यार्थीहरूमध्येबाट कक्षाका उत्तम, मध्यम र कमजोर विद्यार्थी छनोट गरी पालैपालो गति, यति र लय मिलाई कविताको सस्वरवाचन गर्न लगाउनुहोस् । यसरी सस्वरवाचन गराउँदा विद्यार्थीलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्दहरूमा सिसाकलमले चिनो लगाउन निर्देश गर्नुहोस् ।

(ग) विद्यार्थीहरूले चिनो लगाएका शब्दहरू कालोपाटीमा टिप्दै जानुहोस् र विद्यार्थीहरूलाई पालैपालो ती शब्दहरू उच्चारण गर्न लगाउनुहोस् । उनीहरूले शुद्ध उच्चारण गर्न नसकेमा शिक्षकले शुद्ध उच्चारण गरिदिँदै विद्यार्थीहरूलाई शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् ।

(घ) शुद्ध उच्चारणको अभ्यास गराउने क्रममा वर्ण, शब्द, पङ्क्ति हुँदै सिङ्गो कविताको उच्चारण अभ्यास गराउनुहोस् ।

(ङ) मातृभाषा नेपाली नहुने र कमजोर विद्यार्थीलाई शुद्ध उच्चारणको अभ्यास गराउँदा विशेष ध्यान पुऱ्याउनुहोस् र समाजमा पछि परेका समुदायबाट भएका विद्यार्थीलाई विशेष प्रोत्साहन गर्नुहोस् ।

**मूल्याङ्कन**

(क) निर्धारित श्लोक गति, यति र लय हालेर सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) पाठका कठिन शब्दहरूलाई शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

**गृहकार्य**

कक्षाकार्य गरी आ-आफूले चिन्न लगाएका कठिन शब्दहरूको उच्चारण गर्न सक्ने भई आउन निर्देशन दिनुहोस् र परीक्षण पनि गर्नुहोस् ।

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू सक्षम हुनेछन् :

(क) कविताका कठिन शब्दहरूको अर्थ भन्न,

(ख) ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ।

## शैक्षिक सामग्री

शब्दार्थपत्ती, वाक्यापत्ती, फलाटिन पाटी र गोजीतालिका

## शिक्षण क्रियाकलाप

(क) शब्दार्थ शिक्षण गर्ने क्रममा शिक्षकले सर्वप्रथम कविता मौनवाचन गर्न निर्देशन दिनुहोस् र विद्यार्थीहरूले अर्थ भन्न नजानेका कठिन शब्दहरू टिप्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूले टिपोट गरेका शब्दहरू कालोपाटीमा टिप्नहोस् र ती शब्दको अर्थ पालैपालो सबै विद्यार्थीहरूलाई सोध्नुहोस् र सकभर उनीहरूलाई नै अर्थ भन्न प्रेरित गर्नुहोस् । उनीहरूबाट शब्दको ठीक अर्थ नआएका शब्दहरूको मात्र शब्दार्थपत्ती गोजीतालिका वा फलाटिन पाटीमा प्रदर्शन गरी अर्थ बताइदिनुहोस् । यसमा शिक्षकले पहिले नै शिक्षकले शब्दार्थपत्ती बनाई कक्षामा लिएर जानुपर्छ । शब्दको अर्थ बताउँदा शब्दार्थ शिक्षणका उपयुक्त विधिको समेत प्रयोग गर्नुहोस् । जस्तै;

स्पर्श : शरीर/माटोमा हुने

ऐश्वर्य : धनीको अभिनय गर्ने ।

लाखौँलाख : लाख + लाख छुट्टयाएर देखाउने

कर्मयोग : गाढा अक्षरमा भएको परिभाषा हेर्न लगाएर वा परिभाषा दिएर ।

(ग) शब्दको अर्थ सिकाइसकेपछि विद्यार्थीहरूलाई तिनै शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र विद्यार्थीले अर्थ खुल्ने गरी वाक्यमा ठीक प्रयोग गरेमा स्यावासी दिनुहोस् । ठीक नभएमा वाक्यपत्तीका सहायताले ठीक प्रयोग गर्न विद्यार्थीलाई सहयोग गर्नुहोस् साथै नेपाली मातृभाषा नहुने तथा कमजोर विद्यार्थीलाई विशेष सहयोग गर्नुहोस् ।

## मूल्याङ्कन

(क) पाठमा प्रयुक्त कठिन शबदका अर्थ सोध्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई वेग्लाबेग्लै शब्द दिई तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले वाक्यमा प्रयोग गरेका उत्तम दुई तीन नमुनाको छनोट गर्नुहोस् र त्यसमाथि कक्षामा छलफल गराउनुहोस् ।

## गृहकार्य

पाठको अभ्यास खण्डअन्तर्गतको प्र.नं.१, ४ र ५ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् र जाँची पनि दिनुहोस् ।

**पाठ्यवस्तु** **भावबोध** **घन्टी : १**

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थी 'किसान' कविताको भाववोध गर्न सक्षम हुनेछन् ।

## शैक्षिक सामग्री

भाववोधसम्वन्धी प्रश्नहरूको सूची, भावार्थ लेखनको नमुना, फलाटिन पाटी ।

## शिक्षण क्रियाकलाप

(क) भाववोधसम्वन्धी प्रश्नोत्तर गराउनुभन्दा पुनः एकपटक पूरै कविता मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) कविता पढिसकेपछि उक्त कविताको पहिला एकएक पाउ अनि पूरै श्लोकको भावार्थ ठम्याउन विद्यार्थीहरूलाई प्रोत्साहित गर्नुहोस् ।

(ग) शिक्षकले पहिल्यै तयार गरी ल्याएका तलका जस्ता प्रश्नहरूको सूची फलाटिन पाटीमा प्रदर्शन गर्दै सोधिएका प्रश्नहरूको उत्तरका आधारमा विद्यार्थीहरूलाई भावार्थ पहिल्याउन लगाउनुहोस् । जस्तै;

१. किसान कतिवेला वाहिर निस्कन्छ ?
२. किसानका स्पर्शले माटो के हुन्छ ?
३. किसानले कस्तो सपना देखेका छन् ?
४. किसानले कसकसलाई बचाउँछन् ?

(घ) शिक्षकले विद्यार्थीहरूलाई समग्र कविताको भात बताउन र विशिष्ट पङ्क्तिको भावविस्तार गर्न विद्यार्थीहरूलाई विशेष सहयोग गर्नुहोस् ।

(ङ) अन्त्यमा शिक्षकले भावार्थ लेखनको नमुना फलाटिन पाटीमा प्रदर्शन गर्दै विद्यार्थीबाट प्राप्त भाववोधसम्वन्धी उत्तरलाई समेत ध्यानमा राखी कविताको भाव बताइदिनुहोस् ।

## मूल्याङ्कन

(क) भाववोधसम्बन्धी प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् ।

(ख) कक्षामै किसान कविताको भावार्थ लेख्न लगाउनुहोस् र परीक्षण पनि गरिदिनुहोस् ।

## गृहकार्य

अभ्याअन्तर्गतका प्र.नं.६ र ७ गरेर ल्याउन लगाउनुहोस् र जाँची पनि दिनुहोस् ।

---

**पाठ्यवस्तु** **व्याकरण** **घन्टी : २**

## उद्देश्य

यस पाठका शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) करण अकरणको परिचय दिन,

(ख) करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करण वाक्यमा परिवर्तन गर्न ।

**शैक्षिक सामग्री**

वाक्यपत्ती, करण/अकरण वाक्यका सूची आदि ।

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले पहिल्यै नै तयार गरी ल्याएको करण अकरण वाक्यको सूची प्रस्तुत गरी उक्त सूचीमा भएका वाक्य कस्ता छन् भन्ने वारेमा छलफल गराउनुहोस् । जस्तै;

| | |
|---|---|
| • म लेख्छु । | • म लेख्दिन । |
| • तिमीले लेख । | • तिमीले नलेख । |
| • ऊ पास हुन्थ्यो । | • ऊ पास हुँदैनथ्यो । |
| • आज घाम लाग्यो । | • आज घाम लागेन । |
| • भोलि त्यो आउला । | • भोलि त्यो नआउला । |
| • जो पनि खराव हुन्छ । | • कोही पनि खराब हुँदैन । |
| • पढ्नेलाई सबैले माया गर्छन् । | • नपढ्नेलाई कसैले माया गर्दैन । |
| • सागर जे पनि खान्छ । | • सागर केही पनि खान्न । |
| • पानी परे शीतल हुन्छ । | • पानी नपरे शीतल हुँदैन । |

(ख) विद्यार्थीहरूलाई माथिको वाक्य सूचीमा उल्लेख भए जस्तै अन्य थप वाक्य जोडीहरू पनि भन्न लगाई तपाईंले कालोपाटीमा लेख्नुहोस् । यसरी एक विद्यार्थीले भनेको जोडा वाक्य भन्न लगाउँदा उपयुक्त वाक्य जोडी भने नभनेको कुरा अरू विद्यार्थीहरूलाई छलफल गर्न लगाउनुहोस् । त्यसरी भनिएका वाक्य जोडीमा करण अकरण नमिल्दा भए यसो हुन्छ कि ! भनेर विद्यार्थीहरूलाई पृष्ठपोषण दिनुहोस् ।

(ग) माथि 'क' र 'ख' क्रियाकलापमा गरिएका छलफल र निष्कर्षका आधारमा विद्यार्थीहरूलाई ती जोडा वाक्य बीच भएको खास भिन्नता के हो भनी सोध्नुहोस् । विद्यार्थीहरूबाट सही उत्तर आएमा त्यसैलाई र नआएमा पृष्ठपोषणसाथ विद्यार्थीहरूलाई करण र अकरणको परिचय दिनुहोस् । जस्तै;

जुन वाक्यले सकारात्मक अर्थ वुझाउँछ त्यसलाई करण वाक्य र जुन वाक्यले नकरात्मक अर्थ वुझाउँछ त्यसलाई अकरण वाक्य भनिन्छ । करण वाक्यको क्रियाले कुनै कार्य हुने भन्ने वा क्रिया व्यापार हुनु भन्ने वुझाउँछ भने अकरण वाक्यले कुनै काम नहुने वा क्रियापार नहुनु भन्ने वुझाउँछ ।

(घ) करण अकरण वाक्यको परिचय दिएपछि थप उदाहरण दिन लगाउनुहोस् । विद्यार्थीले दिएका वाक्य ठीक भए स्यावासी दिनुहोस् र वेठीक भए उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

(ङ) त्यसपछि विद्यार्थीहरूलाई करणवाट अकरण र अकरणवाट करण वाक्यमा कसरी परिवर्तन गर्न सकिन्छ भन्ने वारेमा विभिन्न उदाहरण दिन लगाउनुहोस् । एक विद्यार्थीलाई एउटा करण वा अकरण वाक्य भन्न लगाउने र अर्को विद्यार्थीहरूलाई करण भए अकरण र अकरण भए करण वाक्य बनाउन लगाउनुहोस् । जस्तै;

| | |
|---|---|
| • सिर्जना राम्ररी पढ्छे । | • सिर्जना राम्ररी पढ्दिन । |
| • सागर अमेरिका गयो । | • सागर अमेरिका गएन । |
| • तिमी भात खाऊ । | • तिमी भात नखाऊ । |
| • उनीहरू खान्थे । | • उनीहरू खाँदैनथे । |
| • सुजन कम्प्युटर सिक्थ्यो । | • सुजन कम्प्युटर सिक्दैनथ्यो । |
| • उनीहरू सुते | • उनीहरू सुतेनन् । |

(च) यसरी माथिका उदाहरण र छलफलका आधारमा नेपाली भाषामा करण वाक्यलाई अकरण बनाउँदा क्रियापद नै मूल आधार बनाइन्छ भन्ने कुरा स्पष्ट पार्दै करणलाई अकरण बनाउँदा क्रियापदको सुरु, बीच र अन्त्यमा 'न' को प्रयोग गरिने र अकरण क्रियापदमा भएको सुरु, बीच वा अन्त्यमा भएको भएको 'न' झिकेर करण बनाउन सकिने कुरा स्पष्ट पारिदिनुहोस् ।

(छ) माथिका उदाहरण झै विद्यार्थीहरूलाई विभिन्न करण र अकरण वाक्य दिई करण वाक्य भए अकरणमा र अकरण वाक्य भए करणमा परिवर्तन गर्न अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

(क) करण वाक्य भनेका कस्ता वाक्य हुन् ? उदाहरण देऊ ।

(ख) अकरण वाक्य भनेका कस्ता वाक्य हुन् ? उदाहरण देऊ ।

(ग) विभिन्न वाक्य दिई करण भए अकरणमा र अकरण भए करणमा परिवर्तन गर्नुहोस् ।

**गृहकार्य**

व्याकरण खण्डको अभ्यासको प्रश्न [illegible] गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| पाठ : १० | अन्तरिक्षयान | जम्मा घन्टी : ७ |
|---|---|---|

| | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोच्चारण | १ |
| २. | शब्दभण्डार | २ |
| ३. | पठनबोध र तत्सम्वन्धी भाषिक सीप | २ |
| ४. | निबन्धलेखन | २ |

## पाठ्यवस्तु — सस्वरपठन र शब्दोच्चारण — घन्टी : १

### उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

उच्चारण गर्न कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका

### शिक्षण क्रियाकलाप

(क) शिक्षकले आकाश, ग्रह, तारा आदिबारे स्तरअनुसारका केही प्रश्नहरू सोधी पाठप्रति विद्यार्थीहरूको ध्यानाकर्षण गर्ने ।

(ख) त्यसपछि पाठभित्रको सुरुको अनुच्छेद शिक्षकले नमुना वाचन गरी कक्षामा सुनाउने र विद्यार्थीहरूलाई पठित अनुच्छेद हेरेर सुन्न निर्देशन दिने ।

(ग) विद्यार्थीहरूलाई आलोपालो गरी पाठका विभिन्न अनुच्छेद क्रमिक रूपमा सस्वरवाचन गरी सुनाउन लगाउने ।

(घ) उनीहरूमध्ये कसैले गति, यति नमिलाई गलत पढेमा गल्ती पढेको ठम्याई शिक्षकले पठनकै क्रममा सच्याएर पढिदिने र सोको अनुकरण र अभ्यास गर्न लगाउने ।

(ङ) यस क्रममा एक विद्यार्थीले पढेको अरू विद्यार्थीहरूले पाठमा हेरी ध्यानपूर्वक सुन्ने र गल्ती पढेमा सो ठम्याउन र सही पठनको प्रदर्शनसमेत गर्न प्रोत्साहित गर्ने

(च) शिक्षकले यस पाठमा रहेका उच्चारणका दृष्टिले सम्भाव्य कठिन शब्दहरूको छनोट गरी कालोपाटीमा लेखिदिने वा शब्दपत्तीहरूमा लेखेर ल्याएका त्यस्ता शब्दहरूको क्रमशः उच्चारण गर्न लगाउने ।

(छ) उक्त शब्दहरूको शुद्ध उच्चारण गर्न नसकेका ठाउँमा गल्ती निर्देश गरिदिने र शुद्ध उच्चारणको नमुना प्रदर्शनसमेत गरी आवश्यकताअनुसार पुनः पुनः अभ्यास गराउने ।

उच्चारणका लागि सम्भाव्य कठिन शब्दहरू : अन्तरिक्ष, गुरुत्वाकर्षण, प्रक्षेपण, कृत्रिम, कक्ष, परिक्रमा, निर्याण, अन्वेषण, उपग्रह, सुदृढ, पदार्पण, अध्याय

(ज) कक्षाका विद्यार्थीहरूलाई समूहमा विभाजन गरी सम्भावित कठिन शब्दहरूलाई आलोपालो गरी उच्चारण गर्ने प्रतियोगिता गराउने ।

(झ) शब्दोच्चारणको अभ्यासपछि पनि पुनः अर्को उपयुक्त अनुच्छेद दिई सस्वरवाचन गर्न लगाउने र विद्यार्थीहरूको वाचन तथा उच्चारणमा परिष्कार ल्याउन प्रोत्साहित गर्नु आवश्यक छ ।

## मूल्याङ्कन

(क) सस्वरपठनंको मूल्याङ्कन पाठभित्रको कुनै छोटो अनुच्छेदलाई सस्वर पढ्न लगाएर गराउनु वेस हुन्छ । जस्तै; यस पाठको पाँचौं अनुच्छेद सस्वर पढ्न लगाउने ।

(ख) उच्चारणका क्रममा अभ्यास गराइएकामध्ये केही शब्दहरूको पुनः उच्चारण गर्न लगाएर शब्दोच्चारणको मूल्याङ्कन गर्न सकिन्छ । जस्तै; कृत्रिम, निर्याण, सुदृढ, गुरुत्वाकर्षण

## गृहकार्य

उच्चारण गर्न कठिनाइ परेका शब्दहरू पाठबाट खोजेर ल्याउन् विद्यार्थीहरूलाई निर्देशन दिने ।

---

## पाठ्यवस्तु — शब्दभण्डार — घन्टी : २

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू सक्षम हुनेछन् :

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ बताउन र प्रयोग गर्न,

(ख) निर्धारित शब्दहरूको पर्यायवाची भन्न,

(ग) पाठमा प्रयुक्त विशिष्ट शब्दहरूलाई सन्दर्भअनुरूपका वाक्यहरूमा प्रयोग गर्न ।

## शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) शब्दार्थ सिकाउँदा विद्यार्थीहरूलाई पाठका निश्चित अनुच्छेद मौन रूपमा सरसर्ती पढ्न लगाउने र तिनवाट कठिन खालका शब्दहरू खोजेर भन्न लगाउने ।

(ख) पाठमा गाढा अक्षरमा रहेका शब्दहरू र सोही पृष्ठको अन्त्यतिर दिइएका तिनका अर्थहरू हेर्न र बुझ्न प्रोत्साहित गर्ने, अर्थ नबुझेमा शिक्षकसँग सोध्न निर्देशन दिने ।

(ग) पाठमा अर्थ नदिइएका थप कठिन शब्दहरू भएमा मात्र तिनको अर्थ शिक्षकसँग सोध्न प्रोत्साहित गर्ने ।

(घ) पाठमा अर्थ नदिइएका कतिपय शब्दहरूको अर्थलाई सम्वन्धित वाक्य वा अनुच्छेद पढेर अनुमान गर्न लगाउने ।

(ङ) शब्दहरूको अर्थ पहिल्याउने अन्य उपायहरूप्रति पनि विद्यार्थीहरूको ध्यानाकर्षण गराउनु उचित हुन्छ । हेर्नू : पाठ २ को शब्दभण्डारसम्बन्धी शिक्षण-निर्देशन।

(च) विद्यार्थीहरूको शब्दभण्डार बढाउन शब्दहरूको अर्थ खोज्ने, तिनको पर्यायवाची वा विपरीतार्थी भन्ने उपायहरूको उपयोग गर्नुपर्छ । जस्तै;

**पर्यायवाची शब्द :**

| | | |
|---|---|---|
| परीक्षण | : | जाँच, प्रयोग |
| उपकरण | : | साधन, औजार |
| यान | : | वाहन, विमान |

**विपरीतार्थी शब्द :**

| | | |
|---|---|---|
| उडान | – | अवतरण |
| स्वर्गलोक | – | मर्त्यलोक |

(छ) यो पाठ अन्तरिक्ष विज्ञानसँग सम्बन्धित भएकाले यसमा त्यही क्षेत्रका केही पारिभाषिक तथा विशिष्ट शब्दहरू प्रयोगमा आएका छन् । तिनको अर्थ पहिल्याउन विद्यार्थीहरूलाई शब्दकोशको समेत प्रयोग गर्न लगाउनु उचित हुन्छ ।

(ज) केही शब्दको अर्थ बुझ्न तिनको बनोटले पनि मदत गर्ने हुँदा यस्ता शब्दहरू खोजी विद्यार्थीहरूलाई तिनमा निहित अंशहरूको विच्छेद र संयोजन देखाउनु पनि उचित हुन सक्छ । तर यसो गर्दा सजिलै विच्छेद वा संयोजन देखाउन सकिने शब्दहरूलाई लिनु आवश्यक छ । नत्र विद्यार्थीहरूलाई थप बोझ पर्ने हुन्छ ।

गुरुत्वाकर्षण : गुरुत्व+आकर्षण, पदार्पण : पद+अर्पण, वायुमण्डलीय : वायुमण्डल+ ईय, ज्योतिषीय : ज्योतिष+ईय, एकत्रित : एकत्र+इत, तल्लीन : तत्+लीन, निर्याणवाहक : निर्याण+वाहक

(झ) कतिपय स्थितिमा शब्द र अर्थको जोडा मिलाउन दिन सकिन्छ । जस्तै;

| | |
|---|---|
| अन्वेषण | हुत्त्याउने काम |
| प्रक्षेपण | साधन |
| यान | खोज |
| उपकरण | वाहन |

(झ) विभिन्न आधारमा शब्दहरूको अर्थ पहिल्याउन आंशिक मदत मिले पनि प्रयोग नगरी तिनको अर्थले सन्दर्भगत पूर्णता नपाउने हुँदा विद्यार्थीहरूलाई खास शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउनु आवश्यक छ । यस पाठका केही प्रयोगयोग्य शब्दहरू :

अन्वेषक, प्रक्षेपण, उडान, विकिरण, गुरुत्वाकर्षण, तल्लीन, वायुमण्डलीय

(ञ) यस पाठमा अन्तरिक्षसँग सम्वन्धित खास शव्दहरूको प्रयोग भएको छ । ती शब्दहरू खोजेर सूची बनाउन र तिनको सही अर्थ पहिल्याउन विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने । यस्ता केही शब्दहरू :

ग्रह, उपग्रह, पिण्ड, कक्ष,

यान, कृत्रिम भू-उपग्रह, निर्याणवाहक, स्पुतनिक, एपोलो

(ट) पाठमा दिइएका शव्दार्थसम्वन्धी सबै अभ्यासलाई कक्षाकार्यका रूपमा गराउनुहोस् ।

## मूल्याङ्कन

(क) केही शव्दहरू दिई अर्थ भन्न लगाउने ।

(ख) प्रयोगशील केही शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउने ।

(ग) विपरीतार्थी वा पर्यायवाची शब्दहरू भन्न तथा लेख्न लगाउने ।

(घ) केही पारिभाषिक शब्दहरूको परिभाषा बताउन लगाउने ।

(ङ) शब्दको बनोट पहिल्याई अर्थ अनुमान गर्न लगाउने ।

## गृहकार्य

विद्यार्थीहरूको अनुभवको सेरोफेरोमा पर्ने विभिन्न क्षेत्रका पारिभाषिक शब्दहरू टिपोट गरेर ल्याउन निर्देशन दिने ।

---

**पाठ्यवस्तु** **पठनबोध र तत्सम्बन्धी भाषिक सीप** **घन्टी : २**

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) तोकिएका अनुच्छेदको मौनवाचन गरी सोधिएका बोधप्रश्नहरूको उत्तर दिन,

(ख) निर्धारित अनुच्छेदबाट बुँदाटिपोट गर्न,

(ग) निर्धारित अनुच्छेदको सारांश भन्न र लेख्न ।

## शिक्षण क्रियाकलाप

(क) सम्बन्धित पाठबाट शिक्षकले खास अनुच्छेद वा गद्यांशको छनोट गर्ने र विद्यार्थीहरूलाई सो अनुच्छेदको विषयवस्तु बुझ्ने गरी मौनवाचन गर्न लगाउने । यसो गर्दा अनुच्छेदको लमाइ र विद्यार्थीहरूको सामान्य पठन गतिलाई ख्याल गरी समयसमेत तोक्नु उचित हुन्छ ।

(ख) विद्यार्थीहरूले अनुच्छेद पढिसकेपछि पहिले नै तयार पारिएका बोधप्रश्नहरू उनीहरूलाई सोधी त्यसमा प्रश्नोत्तर गराउने ।

(ग) पाठको तेस्रो र दोस्रो अनुच्छेद पढेका आधारमा तलको जोडा मिलाउन लगाउने ।

**जोडा मिलाऊ :**

| | |
|---|---|
| १९६९, जुलाई २० | पहिलो मानव अन्तरिक्षमा |
| १९५७, नोभेम्बर २३ | अन्तरिक्ष यात्री चन्द्रमामा |
| १९६१ | सर्वप्रथम अन्तरिक्ष यानले पृथ्वी घुमेको |
| १९५७, अक्टोबर ४ | अन्तरिक्ष यानमा कुकुर |

(ग) विद्यार्थीहरूलाई समग्र पाठको मौनवाचन गर्न लगाई अभ्यासमा दिइएका विषयवस्तुगत प्रश्नहरूको उत्तर दिने अभ्यासहरू गराउने ।

(घ) विद्यार्थीहरूलाई चौथो अनुच्छेद पढी चारओटा बुँदा टिप्न लगाउने ।

(ङ) उक्त बुँदाका आधारमा अनुच्छेदको सारांशसमेत लेख्न लगाउन सकिन्छ ।

**मूल्याङ्कन**

(क) विद्यार्थीहरूले पाठ पढेका आधारमा विषयवस्तुसँग सम्बन्धित वस्तुगत वा छोटा प्रश्नहरू सोधेर उनीहरूले बुझेनबुझेको जाँच्न सकिन्छ ।

(ख) विद्यार्थीहरूको उत्तरबाट पाठ नबुझेको देखिएमा समग्र पाठलाई पुनः मौनवाचन गराई पुनः प्रश्नोत्तर गराउनु पनि उपयुक्त हुन्छ ।

**गृहकार्य**

पाठका आधारमा "अन्तरिक्ष यात्रा" शीर्षकमा एक अनुच्छेद लेखेर ल्याउन भन्ने ।

---

## पाठ्यवस्तु — निबन्धलेखन — घन्टी : २

**उद्देश्य**

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू पठित र स्वतन्त्र विषयमा निबन्ध लेख्न सक्षम हुनेछन् ।

**शैक्षिक सामग्री**

(क) निबन्धलेखनमा ध्यान दिन दिनुपर्ने कुराको सूची

(ख) निबन्धलेखनका लागि शीर्षक र बुँदाहरू

(ग) निबन्धलेखनको नमुना ।

**शिक्षण क्रियाकलाप**

(क) निबन्धलेखन अनुच्छेदलेखनकै विस्तारित रूप भएकाले अनुच्छेद लेखनमा उल्लेख गरिएका (हेर्नू : पाठ २ को अनुच्छेदलेखन) सबैजसो शिक्षणप्रक्रिया र कार्यकलापहरू यसमा लागू गर्न सकिन्छन् ।

(ख) त्यस्तै यस पाठको अन्त्यमा निबन्धसम्बन्धी अभ्यास गराउँदा पाठ २ मा उल्लिखित निबन्धलेखनसम्बन्धी ढाँचा तथा प्रक्रियालाई अवलम्बन गर्नुपर्नेछ ।

(ग) यस पाठमा निबन्धलेखनका लागि निम्न किसिमका शीर्षकहरू उपयुक्त हुन सक्छन् :

**उदाहरणका लागि केही शीर्षकहरू :**

(क) अन्तरिक्ष र मानव (ख) अन्तरिक्षयात्रा कस्तो होला ? (ग) विज्ञानको चमत्कार (घ) ग्रहहरुको लोक (ङ) हवाईयात्रा

(घ) निबन्ध पनि अनुच्छेद जस्तै निर्देशित र स्वतन्त्र दुवै किसिमले लेखाउनु आवश्यक छ । साथै कुनै शीर्षकमा निबन्ध लेख्नुभन्दा पहिले त्यस विषयमा पूर्वतयारीका लागि कक्षामा आवश्यक छलफल गराउने वा बुँदाटिपोट गर्न लगाउने र अनि मात्र निबन्ध लेख्ने अभ्यास गराउनु उचित हुन्छ ।

(ङ) कक्षामा निबन्धका बारेमा बताउने र निबन्ध लेख्न चाहिं गृहकार्यका रूपमा दिने पुरानो परिपाटीलाई हटाई कक्षाकार्यका रूपमा निबन्ध लेख्ने अभ्यास गराउनमा जोड दिनु आवश्यक छ ।

(च) अर्को कुरा, निवन्धलेखनमा वर्णविन्यास, भाषाशुद्धिभन्दा विषयवस्तु र त्यसको सङ्गठन, अनुच्छेदगठन, प्रस्तुति र तिनको शिल्पले प्रमुखता पाउनुपर्ने हुँदा शिक्षकले कक्षामा निबन्धको अभ्यास गराउँदा विद्यार्थीहरूले लेखेका निबन्धहरू सुनी सोही अनुरूपको टिप्पणी र सुझाव दिनु उचित हुन्छ ।

## मूल्याङ्कन

(क) अनुच्छेद तथा निबन्ध लेख्न दिई सोको लेखाइ अवलोकनका आधारमा विद्यार्थीको लेखनलाई उत्तम, मध्यम, निम्न आदि विभिन्न तहमा वर्गीकरण गरिदिने ।

(ख) विद्यार्थीहरूले लेखेका निबन्धहरूलाई मूल्याङ्कन गर्दा विषयवस्तु, सङ्गठन, प्रस्तुतिशिल्प, भाषाशुद्धि आदिको आधारमा अङ्क दिने ।

## गृहकार्य

विषयशीर्षक तोकी अनुच्छेद वा निवन्ध लेखेर ल्याउन निर्देशन दिने (गृहकार्य दिँदा प्रत्येक विद्यार्थीलाई अलग-अलग विषय पनि दिन सकिनेछ ।)

| पाठ : ११ | उपमन्युको परिक्षा | जम्मा घन्टी : ७ |
|---|---|---|

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोचारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | वर्णविन्यास | १ |
| ४. | बोध | २ |
| ५. | भावविस्तार | १ |
| ६. | व्याकरण | १ |

## पाठ्यवस्तु — सस्वरपठन र शब्दोच्चारण — घन्टी : १

### उद्देश्य

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) निर्दिष्ट अनुच्छेदहरूको गति, यति मिलाई सस्वरपठन गर्न,

(ख) उच्चारणका दृष्टिले कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

उच्चारणका दृष्टिले कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका, फलाटिन पाटी आदि ।

### शिक्षण क्रियाकलाप

(क) शिक्षकले 'उपमन्युको परीक्षा' कथाको छोटो परिचय दिई आजको पाठमा गरिने कार्यहरूको समेत जानकारी दिंदै पाठप्रति विद्यार्थीहरूको ध्यानाकर्षण गराउने ।

(ख) त्यसपछि शिक्षकले सुरु (एक दिन ऋषि ...) देखि 'दूध दुहेर खान्छु' सम्मका अनुच्छेदहरू नमुना स्वरूप सस्वरपठन गरेर कक्षामा सुनाउने र विद्यार्थीहरूलाई उक्त अनुच्छेदहरू हेर्दै ध्यान दिएर सुन्न लगाउने ।

(ग) विद्यार्थीहरूलाई आलोपालो गरी उपर्युक्त नमुनाअनुसार उक्त अनुच्छेदहरू सस्वरपठन गर्न लगाउने । पठनका क्रममा विद्यार्थीहरूबाट कुनै त्रुटिहरू भए तिनको कालोपाटीमा टिपोट गर्दै जाने र आफूले सच्याएर पढी सुनाउने र त्यहीअनुसार अनुकरण र अभ्यास गर्न लगाउने ।

(घ) सस्वरपठनको अभ्यास गराउँदा सस्वरपठन गर्ने विद्यार्थीले पढेको अन्य विद्यार्थीहरूलाई ध्यान दिएर सुन्न लगाउने र गल्ती पढेमा त्यसलाई ठम्याउन र शुद्ध पठन गर्नेसमेत प्रोत्साहित गर्ने । उनीहरूले पढेको ठीक नभए शिक्षक आफैंले शुद्ध पठन गरी थप अभ्याससमेत गराउने ।

(ङ) शिक्षकले उच्चारणका दृष्टिले कठिन देखिएका शब्दहरूको सूची फलाटिन पाटीमा राखेर कक्षामा प्रस्तुत गर्दै त्यस्ता शब्दहरूको एकएक गरेर उच्चारण गरेर सुनाउने र विद्यार्थीहरूलाई सोहीअनुसार उच्चारण गर्न अभ्यास गराउने । जस्तै : आश्रम, शिक्षा, शिष्य, गोरक्षा, पुष्ट, निर्वाह, हृष्टपुष्ट, सत्य, गुणी, सिउँडी, नेत्रहीन, प्रसन्न, सम्पूर्ण ।

(च) विद्यार्थीहरूले शुद्ध उच्चारण गर्न नसकेका शब्दहरूका शब्दपत्तीसमेत उपयोग गर्दै आफूले उच्चारणको नमुना पुनः प्रस्तुत गरी पटपटक अभ्यास गराउने ।

(छ) उच्चारणको अभ्यास गराउँदा अन्य भाषी तथा विविध कारणले वञ्चित समुदायका विद्यार्थीहरूको विशेष ख्याल गरेर निराकरणात्मक उपाय पनि अवलम्बन गर्ने ।

(ज) समयले भ्याएसम्म सस्वरपठन र उच्चारणको अभ्यास सकेसम्म बढीभन्दा बढी अनुच्छेद र शब्दहरूको गराउनु अपेक्षित छ ।

(झ) अभ्यास २ मा दिइएका शब्दहरूको पनि उपर्युक्तअनुसार नै उच्चारण अभ्यास गराउने ।

## मूल्याङ्कन

(क) पाठवाट कुनै अनुच्छेद छानी सस्वरपठन गर्न लगाउने ।

(ख) कुनै शब्द दिई उच्चारण गर्न लगाउने ।

## गृहकार्य

पाठको सस्वरपठन गरी उच्चारणका लागि कठिन भएका शब्दहरू खोजेर ल्याउन लगाउने ।

---

## पाठ्यवस्तु — शब्दभण्डार — घन्टी : १

### उद्देश्य

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) पाठमा प्रयोग भएका कठिन शब्दहरूको अर्थ भन्न,

(ख) उपर्युक्त शब्दहरूको वाक्यमा प्रयोग गर्न,

(ग) निर्धारित शब्दहरूको विपरितार्थी रूप भन्न ।

### शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका फलाटिन पाटी

### शिक्षण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई पाठका अनुच्छेदहरू मौन रूपमा पढ्न लगाई तिनवाट कठिन शब्द खोजेर भन्न लगाउने । पाठमा गाढा अक्षरमा दिइएका शब्दहरूको अर्थ सम्बन्धित पृष्ठको पुछारमा दिने गरिएको हुँदा तिनको अर्थ त्यहीँ हेर्न र बुझ्न प्रेरित गर्ने र नबुझेका ठाउँमा शिक्षकले मद्दत गर्ने । बाँकी शब्दहरूचाहीँ कालोपाटीमा टिप्दै जाने ।

(ख) पाठमा अर्थ नदिइएका शब्दहरूको अर्थ एकएक गरी पहिले विद्यार्थीहरूलाई नै पहिल्याउन लगाउने । विद्यार्थीहरूबाट ठीक जवाफ नआएमा शिक्षकले शब्द तथा अर्थपत्तीहरूको समेत उपयोग गरी शब्दार्थ शिक्षणका विभिन्न विधि अपनाउँदै अर्थ स्पष्ट पारिदिने । यस पाठमा सम्भाव्य कठिन शब्दहरू तलका जस्ता हुन सक्छन् :

उपाध्याय, सन्ध्यावन्दना, निर्वाह, हृष्टपुष्ट, गुरुकुल, क्षमायाचना, आकुलव्याकुल, नेत्रहीन, वन्दना, विनयपूर्वक, वृत्तान्त, भिक्षान्न ।

(ग) विद्यार्थीहरूको शब्दभण्डार क्षमता वढाउने दृष्टिले विपरीतार्थी शब्द पहिल्याउने अभ्यास पनि उपयोगी हुन्छ । तर सबै शब्दहरूका विपरीतार्थी रूप हुँदैनन् र सबै स्थितिमा यिनको उपयोग गर्न खोज्नु उपयुक्त पनि हुँदैन । त्यसैले उपयुक्त विपरीतार्थी हुने शब्दहरूको शिक्षण मात्र त्यसरी गर्नु उचित हुन्छ । जस्तै;

सन्ध्या - प्रात; हृष्टपुष्ट - सुसुपाल; बुभ्झकी - मूर्ख; स्तुति - निन्दा; मिथ्या - सत्य; प्रकट - लुप्त; वरदान - श्राप

(घ) कतिपय अवस्थामा शब्दार्थ शिक्षण गर्दा पर्याय दिनु वा आशय बताउनुभन्दा खासखास शब्दहरूको बनोट तरिका देखाएर विद्यार्थीहरूलाई अर्थ पहिल्याउन लगाउनु बढी प्रभावकारी हुनसक्छ । माथि 'ख' मा भएका कतिपय शब्दहरू समास प्रक्रियाबाट बनेका छन् । तिनलाई टुक्र्याएर देखाइदिए विद्यार्थीहरू तिनको अर्थ सहजै अनुमान गर्न सक्छन् । जस्तै ;

सन्ध्या + वन्दना; गुरु + कुल, क्षमा + याचना, आकुल + व्याकुल, नेत्र + हीन आदि ।

(ङ) शब्दार्थ शिक्षण जुनसुकै उपायबाट गरे पनि हरेक नौला शब्दको प्रयोग गर्ने अभ्यास गराउनु अत्यावश्यक छ । अतः पाठमा भएका सम्पूर्ण कठिन शब्दहरूलाई एकएक गरेर वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउने । त्यसो गर्दा पहिले विद्यार्थीहरूलाई प्रयास गर्न लगाउने र उनीहरूबाट ठीक उत्तर नआए आफूले मद्दत गरिदिने ।

## मूल्याङ्कन

(क) कठिन शब्द दिई अर्थ सोध्ने ।

(ख) खासखास शब्दहरूको विपरीतार्थी रूप सोध्ने ।

(ग) कठिन शब्दहरू दिई वाक्यमा प्रयोग गर्न लगाउने ।

## गृहकार्य

तलका शब्दहरूको बनोट प्रक्रिया पत्ता लगाएर ल्याउन लगाउने :

गोरक्षा, शिरोपर, समर्पित, करबद्ध, निराहार, गुरुभक्ति, विनयपूर्वक, चिकित्सक, अनुचित, भिक्षान्न, नेत्रज्योति ।

## उद्देश्य

यस पाठ्यवस्तुका अध्ययनपछि विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न सक्नेछन् :

(क) पाठमा प्रयोग भएका निर्दिष्ट शब्दहरूको उपयुक्त वर्णविन्यास पहिल्याउन,

(ख) लेखनमा उपर्युक्त खालका शब्दहरूको शुद्ध वर्णविन्यास प्रयोग गर्न ।

## शैक्षिक सामग्री

वर्णविन्यासका दृष्टिले कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका/फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) शिक्षकले वर्णविन्यासका विभिन्न कठिनाइ क्षेत्रसँग सम्बन्धित अशुद्ध शब्दहरूको सूची फलाटिन पाटीमा प्रस्तुत गर्दै त्यस्ता शब्दहरूको शुद्ध वर्णविन्यास (हिज्जे) पहिल्याउन छलफल र प्रश्नोत्तर गराउने ।

(ख) शिक्षकले सम्बद्ध नियमहरूको समेत सन्दर्भ दिई त्यस्ता शब्दका अन्य उदाहरण पनि दिने र पाठको उपयोग गर्दै विद्यार्थीहरूलाई त्यसप्रकारका अन्य शब्द पनि खोज्न लगाउने । जस्तै :

शब्दादिमा ह्रस्व : शिरोपर, भिक्षा, शिष्य, निराहार, निषेध, मिथ्या

ब/व : करवद्ध, वाच्छा, बिरुवा, वरदान, स्तवन, वृत्तान्त, विनयपूर्वक, वेद

श/ष/स : शिष्य, प्रसन्न, समर्पित, आवश्यकता, सन्ध्या, ऋषि

(ग) यस्ता विभिन्न शब्दहरू कालोपाटीमा वर्णविन्यास नमिलाईकन टिप्दै तिनको शुद्ध रूपका बारेमा छलफल गराउने र त्यसो हुनुको कारणसमेत पहिल्याउन लगाउने । अनि त्यस्तै अन्य उदाहरण पनि भन्न वा खोज्न लगाउने ।

(घ) उच्चारणको असरका कारणले पनि वर्णविन्यासमा त्रुटि हुने सम्भावना भएकाले त्यस्ता शब्द पहिचान गरी वर्णविन्यासका साथै शुद्ध उच्चारणको समेत अभ्यास गराउने । उपाध्याय, धौम्य, उपमन्यु, हृष्टपुष्ट, शिष्य, प्रसन्न, प्रकट, स्तवन जस्ता शब्दका वर्णविन्यासगत त्रुटि पाइए गलत उच्चारणको परिणाम पनि हुन सक्छ भन्ने कुरामा शिक्षक सचेत हुने ।

(ङ) पाठमा प्रयुक्त कठिन शब्दहरूका साथै पूर्वपाठमा अभ्यास भइसकेको शब्दहरूका अभ्यासको समेत पुनरावृत्ति गराउने दृष्टिले १०/१५ मिनेट समय दिई कक्षा समयमै हिज्जे प्रतियोगिता पनि गराउने ।

(च) पाठबाट वर्णविन्यासका दृष्टिले कठिन शब्दहरू बढी प्रयोग भएको देखिने अनुच्छेद वा त्यस्ता अनुच्छेदहरू छानी श्रुतिलेखन गराउने र विभिन्न व्यावहारिक उपायहरू अपनाई (हेर्ने : पृ. मा) सच्याउन लगाउने ।

## मूल्याङ्कन

(क) विभिन्न प्रकारका वर्णविन्यासगत त्रुटि भएका शब्द वाक्य वा अनुच्छेदहरू दिई शुद्ध रूप पहिल्याउन लगाउने ।

(ख) वर्णविन्यास त्रुटि भएका खास शब्द, वाक्य वा अनुच्छेद दिई शुद्ध गर्न लगाउने ।

## गृहकार्य

पाठवाट वीचमा इकारान्त र उकारान्त दीर्घ भएका शब्दहरू खोजेर ल्याउन लगाउने ।

## उद्देश्य

यस पाठ्यवस्तुको अध्ययनपछि विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न सक्नेछन् ?

(क) निर्दिष्ट अनुच्छेको मौनवाचन गरी सोधिएका प्रश्नहरूको उत्तर दिन,

(ख) उक्त अनुच्छेदका मुख्यमुख्य घटना पहिल्याउन,

(ग) पठित अनुच्छेदको सारांश भन्न/लेख्न,

(घ) पाठ पढी अभ्यास १ र ४ को उत्तर भन्न / लेख्न ।

## शैक्षिक सामग्री

बोध प्रश्नहरूको सूची, मुख्यमुख्य घटनाहरूको सूची, सारांशको नमुना, फ्लाटिन, पाटी

## शिक्षण क्रियाकलाप

(क) शिक्षकले समय निर्धारित गरी पाठको अन्त्यतिर (त्यसपछि उपमन्युले ..... उनी सफल भए) का अनुच्छेदहरू मौनवाचन गर्न लगाउने । विद्यार्थीहरूले मौनवाचन उपयुक्त तरिकाले गरे, नगरेको अवलोकन गरी आवश्यक सुझावसमेत दिने ।

(ख) विद्यार्थीहरूले सम्बद्ध अनुच्छेदहरूको मौनवाचन गरिसकेपछि शिक्षकले नमुनाका रूपमा तयार पारेर ल्याएका प्रश्नहरूको समेत उपयोग गरी उनीहरूलाई बोधप्रश्नोत्तर गराउने । उल्लिखित अनुच्छेदहरूमा आधारित प्रश्नहरू यसप्रकारका हुन सक्छन् :

१. उपमन्युले अश्विनीकुमारको वन्दना कहिले गरे ?

२. अश्विनीकुमार को होलान् ?

३. उपमन्युले पुवा खान नमान्नुको कारण के थियो ?

४. अश्विनीकुमारले उपमन्युलाई पुवा खाने कुरामा कसरी सम्झाउन खोजे ?

५. उपमन्युलाई गुरुभक्तिले के फाइदा भयो ?

६. गुरुले उपमन्युलाई के भनेर विदा गरे ?

७. गुरुले उपमन्युको परीक्षा किन लिएका होलान् ?

८. उपमन्युले पाएको वरदानबाट गुरु खुसी भए होलान् कि दुःखी ? के कारणले ?

(ग) उक्त पाठांशबाट विद्यार्थीहरूलाई मुख्यमुख्य घटनाहरू पहिल्याई तिनको टिपोट गर्न लगाउने । शिक्षकले आफूले टिपोट गरेर ल्याएका घटनाहरूको सूची प्रस्तुत गर्दै छलफल तथा प्रश्नोत्तर गराउँदै त्यसलाई अन्तिम रूप दिने । जस्तै :

- उपमन्युबाट अश्विनीकुमारको वन्दना
- अश्विनीकुमारहरू प्रसन्न भई पुवा खान दिएका
- गुरुलाई समर्पण नगरी उपमन्यु पुवा खान नमानेको
- उपमन्युको गुरुभक्ति देखेर कुमारहरूले गुरुको भन्दा बढी ज्ञान प्राप्तिको वरदान दिएका
- गुरुले सो वृत्तान्त सुनेर खुसी हुँदै उपमन्युको कल्याण र ज्ञानको कामना गरी विदा गरेका
- उपमन्यु कठोर परीक्षामा सफल

(घ) उपर्युक्त घटनाहरूलाई सिलसिलावद्ध रूपमा अनुच्छेदमा लेख्न लगाई सारांश तयार गर्न लगाउने र दुई चारओटा राम्रा नमुना कक्षामा प्रस्तुत गराउने । प्रस्तुतिका बारेमा छलफल गराउँदै शिक्षकको नमुनासमेतको उपयोग गरी प्रस्तुत सारांशलाई अन्तिम रूप दिने । जस्तै :

गुरुको आज्ञानुसार उपमन्युले अश्विनीकुमारहरूको वन्दना सुरु गरे । उपमन्युको एकचित्त वन्दनाबाट प्रसन्न भई उनीहरूले पुवा दिँदै त्यसलाई खान सल्लाह दिए । तर उपमन्युले अश्विनीकुमारहरूले जति सम्झाए पनि गुरुलाई समर्पण नगरी पुवा खान मानेनन् । उपमन्युको यस्तो गुरुभक्ति देखेर प्रसन्न भई कुमारहरूले उनलाई सम्पूर्ण वेदको ज्ञान प्राप्तिको आशीर्वाद दिए । त्यो कुरा थाहा पाएर गुरुले पनि उनको उत्तरोत्तर कल्याणको कामना गरी उनलाई विदा गरे । यसरी उपमन्यु कठोर परीक्षाबाट उत्तीर्ण भए ।

(ङ) विद्यार्थीहरूलाई सम्पूर्ण पाठको मौनवाचन गर्न लगाई अभ्यास खण्डअन्तर्गत प्रश्न १ र ४ को उत्तर दिन आवश्यक सहयोग गर्दै अभ्यास गराउने ।

**मूल्याङ्कन**

कक्षा क्रियाकलापकै आधारमा मूल्याङ्कन गर्ने ।

**गृहकार्य**

अभ्यास ६ र ७ को उत्तर लेखी ल्याउन लगाउने र सच्याउने व्यवस्था गरिदिने ।

---

## पाठ्यवस्तु — भावविस्तार — घन्टी : १

**उद्देश्य**

यस पाठ्यवस्तुको अध्ययनपछि विद्यार्थीहरू निर्दिष्ट पङ्क्तिको भावविस्तार गर्न सक्नेछन् ।

**शैक्षिक सामग्री**

भावविस्तारको नमुना, फलाटिन पाटी आदि ।

**शिक्षण क्रियाकलाप**

(क) शिक्षकले पाठबाट कुनै उपर्युक्त विशिष्ट पङ्क्ति छानी विद्यार्थीहरूलाई त्यसलाई ध्यान दिएर पढ्न र अर्थ पहिल्याउन लगाउने । यसका लागि तलको पङ्क्ति उदाहरणका रूपमा लिन सकिन्छ :

अब तिम्रा सुनका दाँत हुनेछन् अर्थात् तिमीलाई तिम्रा गुरुको भन्दा पनि बढी ज्ञान प्राप्त हुनेछ ।

यस पङ्क्तिको अभिप्राय पहिल्याउन विद्यार्थीहरूलाई विभिन्न प्रश्नहरू सोधी उत्तर दिन लगाउने । तिनलाई बुँदाका रूपमा कालोपाटीमा टिप्दै जाने । (नमुनाका रूपमा हेर्ने खसीको तौल' पाठ हेर्ने)

(ख) त्यसरी टिपिएका बुँदाहरूलाई पूर्ण वाक्यको रूप दिँदै विद्यार्थीहरूलाई अनुच्छेद तयार गर्न सहयोग गर्ने । त्यसरी तयार पारिएको अनुच्छेदका बारेमा अझ थप छलफल गराई सम्बद्ध पङ्क्तिको अर्थ स्पष्ट पार्ने अभ्यास गराउने ।

(ग) शिक्षकले आफूले तयार गरेर ल्याएको भावविस्तारको नमुना प्रस्तुत गर्दै कक्षामा तयार गरिएको भावविस्तार र त्यसका बीच तुलना गर्न लगाउने र आवश्यक थपघटसहित उपयुक्तलाई चाहिँ अन्तिम रूप दिई विद्यार्थीहरूलाई उपलब्ध गराउने ।

**मूल्याङ्कन**

पाठबाट कुनै खास विशिष्ट पङ्क्ति दिई त्यसका मुख्यमुख्य बुँदाहरूबारे प्रश्नोत्तर गराई भावविस्तार गर्न लगाउने ।

**गृहकार्य**

अभ्यास ५ मा दिइएको उद्धारणको सप्रसङ्ग व्याख्या गरेर ल्याउन निर्देशन दिने ।

---

## पाठ्यवस्तु व्याकरण घन्टी : १

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) आज्ञार्थ वाक्यको बनोट पहिल्याउन,

(ख) सामान्यार्थ वाक्यलाई आज्ञार्थमा र आज्ञार्थ वाक्यलाई सामान्यार्थमा परिवर्तन गर्न,

(ग) पाठमा प्रयुक्त सामान्यार्थ वाक्य चिनी तिनलाई आज्ञार्थमा परिवर्तन गर्न ।

**शैक्षिक सामग्री**

वाक्यपत्ती, फलाटिन पाटी/गोजीतालिका आदि ।

**शिक्षण क्रियाकलाप**

(क) शिक्षकले सर्वप्रथम वाक्यपत्तीको प्रदर्शन गर्दै सामान्यार्थ वाक्यहरू प्रस्तुत गर्ने र तिनको क्रियापदको स्वरूपका बारेमा विद्यार्थीहरूबीच प्रश्नोत्तर छलफल गराउने । जस्तै; म भिक्षा मागेर आफ्नो जीविका चलाउँछु । म गुरूले भनेको सबैथोक मान्छु । म भोकै पनि बस्छु ।

(ख) उपर्युक्त प्रकारका वाक्यहरूलाई आज्ञार्थमा परिवर्तन गर्दा हुने अर्थगत र स्वरूपगत भिन्नतामा जोड दिँदै विद्यार्थीहरूलाई आज्ञार्थ वाक्यको स्वरूपगत तथा अर्थगत धारणा स्पष्ट पारिदिने । जस्तै;

म भिक्षा मागेर आफ्नो जीविका चलाउँछु → तिमी भिक्षा मागेर आफ्नो जीविका चलाऊ ।

म गुरूले भनेको सबैथोक मान्छु → तिमी गुरूले भनेको सबैथोक मान ।

शिक्षकले उपर्युक्त किसिमका विभिन्न उदाहरणहरू दिँदै विद्यार्थीहरूलाई ती दुवै प्रकारका वाक्यमा देखिने रूपहरूको पहिचान गर्न लगाउने र उनीहरूबाट त्यस्तै विभिन्न उदाहरणहरू लिई तिनका बारेमा थप प्रश्नोत्तर तथा छलफलसमेत गराउने ।

(ग) 'क' बुँदामा दिइएका सामान्यार्थ वाक्यहरूमा द्वितीय तथा तृतीय पुरुषका कर्ताको प्रयोग गरी तद्नुरूप सामान्यार्थ वाक्यमा अर्काथरी उदाहरण बनाउन लगाउने । जस्तै;

तिमी भिक्षा मागेर जीविका चलाउँछौ ।

राम भिक्षा मागेर जीविका चलाउँछ ।

राम भिक्षा मागेर जीविका चलाउँछ ।

विद्यार्थीहरूबाट यसप्रकार अन्य विभिन्न प्रकारका उदाहरण लिदै शिक्षकले कालोपाटीमा टिप्दै जाने ।

(घ) 'ग' बुँदाका उदाहरणहरूलाईमध्ये एकदुईलाई शिक्षकले आज्ञार्थ वाक्यमा परिवर्तन गरेर देखाइदिने र कक्षामा तिनका आपसी परिवर्तनगत भिन्नताका वारेमा प्रश्नोत्तर र छलफल गराउने । जस्तै;

तिमी भिक्षा मागेर जीविका चलाउँछ । → तिमी भिक्षा मागेर जीविका चलाऊ ।

राम भिक्षा मागेर जीविका चलाउँछ । → राम, भिक्षा मागेर जीविका चलाऊ ।

(ङ) शिक्षकले उपर्युक्त 'क - घ' का आधारमा आज्ञार्थ वाक्यमा हुने केही स्पष्ट पहिचानको विद्यार्थीहरूलाई सङ्केत गरिदिँदै पुष्ट्याइँका लागि विद्यार्थीहरूवाट उदाहरण प्राप्त गर्ने र आवश्यक सुधारसहित व्याख्या गरिदिने । जस्तै;

- वक्ता र स्रोताको प्रत्यक्ष सम्पर्क
- कर्ता अदृष्ट रहने
- द्वितीय पुरुषका सन्दर्भमा प्रयोग हुने
- उच्च आदरार्थीमा आज्ञार्थ भाव शिथिल भई अनुरोधमा परिणत हुने

(च) पाठवाट सामान्यार्थ र आज्ञार्थ वाक्यहरू खोज्न लगाई एकअर्कामा परिवर्तन गर्ने थप अभ्यास गराउने ।

(छ) पाठलाई आधार वनाई धौम्यले उपमन्युलाई दिने पाँचओटा उपदेशहरू सिलसिला मिलाई आज्ञार्थमा लेख्न लगाई शुद्धाशुद्धि गरिदिने ।

## मूल्याङ्कन

(क) सामान्यार्थ वाक्य दिई आज्ञार्थमा परिवर्तन गर्न लगाउने ।

(ख) आज्ञार्थ वाक्य दिई सामान्यार्थमा परिवर्तन गर्न लगाउने ।

(ग) आज्ञार्थ वाक्यमा सन्दर्भमा ख्याल राख्नुपर्ने कुराहरू सोध्ने ।

## गृहकार्य

गुरूको भनाइलाई आज्ञार्थ वाक्यमा प्रयोग गरी गुरूचेलावीचको छोटो संवाद लेखेर ल्याउन लगाउने ।

| पाठ : १२ | हामी एउटै हौं | जम्मा घन्टी : ६ |
|---|---|---|

## एकाङ्की विधाको परिचय

संवाद, एकाङ्की, वादविवाद, नाटकलाई रूपक विधाका रूपमा लिइन्छ । अभिव्यक्तिगत तथा अभिनयात्मक सीपसँग सम्वन्धित श्रव्यदृश्यात्मक विधा रूपक हो । विभिन्न पात्रका माध्यमद्वारा कुनै व्यक्तिको बानीवेहोरा, स्वभाव, हाउभाउ, रूपाकृतिजस्ता चारित्रिक विशेषताको श्रव्यदृश्यात्मक र अभिनयात्मक रूपमा हुने समूह प्रस्तुतिलाई रूपक भनिन्छ ।

विद्यालयस्तरको पाठ्यपुस्तकमा एकाङ्कीलाई रूपक विधाको उपविधाका रूपमा राखिएको छ । दृश्यकाव्यको प्रमुख विधा एकाङ्कीलाई एउटा मात्र अङ्क भएको नाटक भन्न सकिन्छ । एउटै उद्देश्य, एउटै घटना, विषयगत एकोन्मुखता र सूक्ष्म उद्देश्य भएको एक अङ्कको नाटक नै एकाङ्की हो । सामान्यतया यसमा एउटै विषय प्रसङ्ग, एउटै दृश्य र एउटै समय हुनुपर्दछ । कथामा भन्दा यसमा पात्रको अभिनय र सीमा निकै बढी रहेको हुन्छ ।

एकाङ्कीमा अभिनय साहित्यिक विधाका सवैजसो अभिनयगत विशेषतालाई अँगालिएको हुन्छ । नाटकीय अभिव्यक्तिगत विशेषताहरूसँग विद्यार्थीहरूलाई परिचित गराई त्यसमा उनीहरूलाई अभ्यस्त बनाउने प्रयोजनले पाठ्यपुस्तकमा एकाङ्की राखिएको हो । त्यसैले नाटक शिक्षण गर्दा मूलतः नाटकीय अभिव्यक्ति एवम् नाटकीकरणमा जोड दिन आवश्यक हुन्छ । पाठ्यपुस्तकका एकाङ्कीहरूलाई नाटकीय सस्वरपठनका साथै वास्तविक नाटकीकरणका लागि उपयोगी बनाउने तरिकाले शिक्षण गरिनुपर्दछ । यसरी एकाङ्की शिक्षण गर्दा नाटकीय अभिव्यक्ति पक्षमा अभ्यस्त बनाउनु, मौखिक भाषाको अभिव्यक्ति पक्षलाई सवल पार्नु, चारित्रिक भूमिका निर्वाह गर्ने ज्ञान प्राप्त गर्नु जस्ता पक्षमा विशेष जोड दिन आवश्यक हुन्छ । त्यस्तै एकाङ्की शिक्षण गर्दा नाटकीकरण, प्रश्नोत्तर, संवादात्मक क्रियाकलाप आदिको प्रयोग गर्न सकिन्छ ।

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | संवाद पठन र शुद्धोच्चारण | १ |
| २. | शब्द भण्डार (शब्दार्थ र वाक्यमा प्रयोग) | १ |
| ३. | बोध र प्रश्नोत्तर | १ |
| ४. | संवाद अभिनय र रचना | २ |
| ५. | व्याकरण (निपात) | १ |

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

(क) प्रस्तुत एकाङ्कीय भूमिकाअनुसार हाउभाउ मिलाएर संवाद एकाङ्की पठन गर्न,

(ख) प्रस्तुत पाठमा रहेका कठिन शब्दको शुद्ध उच्चारण गर्न ।

## शैक्षिक सामग्री

शब्दपत्ती, कठिन उच्चारण भएका शब्दहरूको सूची, गोजीतालिका वा फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले संवादका वार्तालापहरू गति, यति, हाउभाउ मिलाएर सस्वरवाचन गरी सुनाउनुहोस् र विद्यार्थीहरूलाई पनि गति, यति हाउभाउ मिलाई सस्वरवाचन गराउनुहोस् । यस्तो सस्वरवाचन गर्दा पात्रअनुसार छुट्टाछुट्टै विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् । त्यसबेला कक्षाका अन्य विद्यार्थीले ध्यानपूर्वक पाठ हेर्न र ध्यान दिएर सुन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले सस्वरवाचन गर्दा दिइएको निर्देशनअनुसार गर्न नसकेमा वा सस्वरवाचन गर्दा गल्ती गरेमा शिक्षकले फेरि आदर्शवाचन गरी विद्यार्थीलाई सोहीअनुसार पुनः अभ्यास गराउनुहोस् ।

(ग) सस्वरवाचन गर्दा विद्यार्थीहरूलाई कठिन लागेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । ती शब्दलाई कालोपाटीमा टिपेर सुरुमा शिक्षकले शुद्धोच्चारण गरी सुनाउनुहोस् र त्यसपछि विद्यार्थीहरूलाई पनि शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् ।

(घ) शब्द शुद्ध उच्चारण गराउँदा शिक्षकले वर्णको उच्चारण स्थान र खास वर्णको उच्चारण अवयवको स्थितिलाई समेत ख्याल गर्दै विद्यार्थीहरूलाई त्यसको अनुकरण गर्न लगाउनुपर्दछ ।

## मूल्याङ्कन

(क) पात्रअनुसारको संवाद गति, यति, र हाउभाउ मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) केही कठिन शब्द दिई तिनको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ग) पाठको अभ्यास खण्डको प्रश्न नं.१ र २ पनि गराउनुहोस् ।

## गृहकार्य

पाठका पात्रअनुसारका संवाद गति, यति, हाउभाउ मिलाई सस्वरवाचनको अभ्यास गर्न निर्देशन दिनुहोस् ।

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

(क) यस एकाङ्कीमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) यस एकाङ्कीमा प्रयुक्त कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ।

## शैक्षिक सामग्री

कठिन शब्दहरूको सूची, शब्दार्थपत्ती, वाक्यपत्ती, शब्दकोश, गोजीतालिका

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले विद्यार्थीलाई प्रस्तुत एकाङ्कीका निर्दिष्ट अनुच्छेदको मौनवाचन गराउनुहोस् । मौनवाचनका क्रममा कठिन लागेका शब्दहरू रेखाङ्कन गर्न लगाउनुहोस् । यसरी रेखाङ्कन गर्दा पाठमा गाढा अक्षरमा दिइएका शब्दको अर्थ सोही पृष्ठमा हेर्न अभ्यस्त गराउनुहोस् । पाठमा अर्थ नदिएका कठिन शब्दको अर्थ विद्यार्थीले नजानेमा रेखाङ्कन गर्ने निर्देशित गर्नुहोस् ।

(ख) सबै विद्यार्थीले रेखाङ्कन गरेका शब्दहरू क्रमशः कालोपाटीमा टिप्नुहोस् र सकेसम्म विद्यार्थीहरूबाटै ती शब्दहरूको अर्थ बताउने प्रयास गराउनुहोस् । यस क्रममा सम्भव भएसम्म शब्दार्थपत्ती बनाई फलाटिनपाटीमा शब्दार्थ देखाउनुहोस् । यसका लागि कठिन खालका सम्भावित शब्दहरूको शब्दपत्ती वा शब्दार्थपत्ती पहिले नै तयार पारेर राख्नुपर्दछ । त्यस्तै विद्यार्थीलाई शब्दको अर्थ शब्दकोशमा हेरी पत्ता लगाउन पनि अभ्यस्त गराउनुहोस् ।

(ग) शब्दार्थ शिक्षणपछि विभिन्न विद्यार्थीहरूलाई उक्त कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यसरी वाक्यमा प्रयोग गर्दा वाक्यगठन उपयुक्त नभएमा त्यसलाई सच्याएर उपयुक्त वाक्य गठन गरेर देखाउनुहोस् । यस क्रममा वाक्यपत्तीको प्रयोग गर्नु उपयुक्त हुन्छ ।

## मूल्याङ्कन

(क) पाठमा रहेका कठिन शब्दहरूमध्ये पालैपालो प्रत्येक विद्यार्थीलाई केही शब्दको अर्थ बताउन लगाउनुहोस् । शब्दार्थ सोद्धा कमजोर विद्यार्थीलाई बढी ध्यान दिनुहोस् ।

(ख) कक्षाका प्रत्येक विद्यार्थीलाई कम्तीमा एकएक शब्द दिई उपयुक्त वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले उपयुक्त रूपमा वाक्य गठन नगरेमा उपयुक्त वाक्य गठन गरी उदाहरण दिनुहोस् ।

## गृहकार्य

(क) पाठमा रहेका केही कठिन शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेर लिई आउन विद्यार्थीहरूलाई निर्देशित गर्नुहोस् ।

(ख) पाठको अभ्यास खण्डको प्रश्न ३ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

(ग) दिइएको गृहकार्यको उचित मूल्याङ्कन पनि गरिदिनुहोस् ।

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

(क) निर्धारित अंशका बोध प्रश्नहरूको उत्तर दिन,

(ख) पाठ र अभ्यास खण्डबाट सोधिएका प्रश्नको उत्तर दिन ।

## शैक्षिक सामग्री

संवाद र बोध प्रश्नका नमुनाहरू, पाठमा विषयवस्तुसम्बन्धी प्रश्नहरूको सूची

## शिक्षण क्रियाकलाप

(क) बोध शिक्षण गर्न सर्वप्रथम प्रस्तुत एकाङ्कीका निर्दिष्ट संवादहरू मौनवाचन गराउनुहोस् ।

(ख) विद्यार्थीहरूले मौनवाचन सही किसिमले गरे नगरेको कक्षाकोठाको चारैतिर घुमेर अवलोकन गर्नुहोस् । आवश्यकताअनुसार दुईतीन पटकसम्म निर्धारित संवाद मौनवाचन गर्न निर्देश गर्नुहोस् ।

(ग) मौनवाचनपछि निर्धारित अनुच्छेदवाट स्तरअनुसार उपयुक्त किसिमका बोध प्रश्नहरू तयार पारी विद्यार्थीहरूलाई एकएक गरी सोधेर उत्तर दिन लगाउनुहोस् । उदाहरणका लागि जस्तै यस प्रकारका प्रश्न सोध्न सकिने छ :

१. जनकले मानिसको परिचय कसरी दिएका छन् ?

२. एकाङ्कीमा नेपालीहरूको परिचय कसले दिएको छ ?

३. "हामी सबै यस हिमाली राष्ट्रका जिउँदा र स्वतन्त्र नागरिक हौं ।" यो भनाइ कसको हो ? आदि ।

(घ) निर्धारित संवादवाट बोधसम्बन्धी प्रश्नोत्तर कार्य समाप्त भएपछि पाठसम्बनधी विषयवस्तुका बारेमा गहिरो बोध गराउन विद्यार्थीहरूका बीच थप छलफल गराउँदै विषयवस्तुसम्बन्धी थप प्रश्नोत्तर गर्न सकिने छ ।

(ङ) यसपछि प्रश्नोत्तरमा निर्धारित विषयवस्तुसँग सम्बन्धित अभ्यास खण्डका प्रश्न नं.४ को प्रश्नोत्तर गराउनुहोस् ।

(च) कक्षामा विद्यार्थीहरूलाई प्रश्नोत्तर गराउँदा उपयुक्त उत्तर प्राप्त नभएमा विद्यार्थीले दिएको उत्तरलाई प्रोत्साहित गर्दै त्यसको परिमार्जित उत्तर दिने प्रयास गर्नुहोस् ।

(छ) विषयवस्तुको बोध गराउन र निर्देष्ट प्रश्नको उत्तर दिनका लागि विद्यार्थीबीच प्रशस्त छलफल गराउनुहोस् र प्रश्नोत्तर गराउनुहोस् ।

## मूल्याङ्कन

(क) हामी एउटै हौं एकाङ्कीबाट विभिन्न प्रकारका बोध प्रश्न बनाई तिनको उत्तर दिन लगाउनुहोस् ।

(ख) पाठको अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् ।

## गृहकार्य

यस पाठबाट प्रश्नहरू बनाएर र अभ्यास खण्डका प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन गर्नुहोस् र परीक्षण पनि गर्नुहोस् ।

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

(क) निर्दिष्ट संवाद अभिनय गर्न,

(ख) निर्दिष्ट शीर्षकमा संवाद रचना गर्न ।

## शिक्षण सामग्री

सम्भव भएमा संवादको परिवेशमा उल्लेख भएका सामग्रीहरू पात्रका नामको सूची, संवादका नमुना आदि ।

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम "हामी एउटै हौं" एकाङ्कीको अभिनय गर्नका लागि छात्रछात्राको भूमिकाअनुसार पात्रहरूको अभिनय गर्न विद्यार्थीहरूलाई तोक्नुहोस् ।

(ख) संवादको भूमिका निर्वाह गर्नका लागि कक्षाको अगाडि स्थान खाली गराई अगाडि ल्याएर सबैले देख्ने र सुन्ने गरी अभिनयका लागि उपयुक्त निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई पात्र अनुरूपको अभिनय कसरी गर्न भन्ने सम्बन्धमा अभ्यास गराउनुहोस् र अन्य विद्यार्थीलाई दर्शकका रूपमा भूमिका निर्वाह गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूले आ-आफ्नो भूमिका निर्वाह गर्दा केकति गर्दछन्, राम्ररी अवलोकन गरी अभिनय गर्दा भएका सबल पक्षको प्रशंसा गर्नुहोस् र कमजोरी भएमा सुधारका उपायहरू बताई दिनुहोस् ।

(ङ) एक समूहको अभिनयपछि अर्को समूहलाई पनि माथि भनिएझैं संवादको भूमिका निर्वाह गर्न लगाउनुहोस् ।

(च) संवाद अभिनयको क्रियाकलाप सकिएपछि हामी कुनै पनि विषयमै यस्तै खालका संवाद लेख्न सक्छौं भन्ने कुरा बताउँदै कुनै निर्दिष्ट शीर्षकमा संवाद लेख्ने तरिका बताई दिनुहोस् । संवाद लेख्दा परिवेश, पात्रचयन, संवादको लम्बाइ, शीर्षक सार्थकता वा पृष्टि आदि पक्षमा स्पष्ट पारिदिनुहोस् ।

(छ) कक्षालाई समूहमा विभाजन गरी सामूहिक छलफलबाट छोटाछोटा संवाद तयार पार्न लगाउनुहोस् । तिनमा भएका राम्रा पक्षलाई उत्प्रेरित गर्दै कमजोरीहरूलाई सुधार गरिदिनुहोस् ।

## मूल्याङ्कन

(क) संवाद अभिनय गर्दा कसले कस्तो भूमिका निर्वाह गर्छन् । त्यसका आधारमा मूल्याङ्कन गरी पृष्ठपोषण गर्नुहोस् ।

(ख) पाठको सिर्जनात्मक अभ्यासको (क) शीर्षकको विषयमा छोटो संवाद तयार पार्न लगाई त्यसको मूल्याङ्कन गर्नुहोस् ।

## गृहकार्य

कुनै एक शीर्षक दिएर घरबाट संवाद रचना गरी ल्याउन निर्देशन दिनुहोस् र त्यसको परीक्षण पनि गर्नुहोस् ।

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

(क) उदाहरणसहित निपातको परिणाम दिन,

(ख) उपयुक्त ठाउँमा निपातको प्रयोग गर्न ।

## शैक्षिक सामग्री

निपातहरूको सूची, निपात लागेका केही वाक्यहरूको सूची गोजीतालिका आदि ।

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम "हामी एउटै हौं" एकाङ्की मौनवाचन गरी उक्त एकाङ्कीमा भएका निपात रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीद्वारा रेखाङ्कन गरिएका निपातहरू कालोपाटीमा टिपी ती निपात कुनकुन वाक्यमा केकसरी प्रयोग भएका छन्, वाक्यमा तिनको प्रयोग नगर्दा अर्थमा कस्तो प्रभाव पर्दछ, भनी विद्यार्थीहरूलाई छलफल गराउनुहोस् ।

(ग) थप अभ्यासका लागि निपात नलागेका र लागेका केही वाक्यहरू कालोपाटीमा लेख्नुहोस् र ती वाक्यमा भिन्नतावारे विद्यार्थीहरूसँग छलफल गराउनुहोस् । जस्तै;

सिर्जनाले पुस्तक पढी । - सिर्जनाले त पुस्तक पो पढी ।

हरि गएछ । - हरि पो गएछ ।

राम गीत गाउँछ । - राम गीत गाउँछ रे ।

(घ) विद्यार्थीलाई यस्ता निपात भएका र नभएका अन्य वाक्यहरू भन्न लगाउनुहोस् र कालोपाटीमा टिपी निपात भएका र नभएका वाक्यको अर्थ र आशयमा भिन्नता ल्याउने कुरा बताउँदै निपातको परिचय दिनुहोस् । जस्तै; "वाक्यको अर्थ र आशयलाई उजिल्याउने वा सहज ढङ्गले प्रकट गर्न सहयोग पुऱ्याउने पद निपात हो । निपात प्रायः एकाक्षरी हुन्छन् । यिनको खास छुट्टै अर्थ हुँदैन । तर यिनले संवादका वाक्यमा खास शब्दसँग आएर अर्थलाई तिख्खर बनाउन मद्दत गर्दछन् । अर्थात् यसको प्रयोग स्वतन्त्र हुन्छ र वाक्यमा प्रयोग भएपछि मात्र भएको अर्थगत महत्त्व राख्दछ ।"

(ङ) पाठको अभ्यास खण्डको व्याकरणको प्रश्न नं.२ मा दिइएका कुराको सम्वन्धमा विद्यार्थीबीच छलफल गराई प्र.नं.३ मा दिइएका निपातलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## मूल्याङ्कन

(क) केही निपात दिएर वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ख) वाक्यमा खाली ठाउँ दिएर तिनमा उपयुक्त निपात शब्द भर्न लगाउनुहोस् ।

जस्तै; बहिनीले ... ... ... पढाइ सकिछ ।

उनी ... ... ... गइछन् ।

## गृहकार्य

केही निपातहरू दिई तिनलाई वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् र परीक्षण पनि गर्नुहोस् ।

| पाठ : १३ | फ्लोरेन्स नाइटिङ्गेल | जम्मा घन्टी : ६ |
|---|---|---|

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोच्चारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | वर्णविन्यास (हिज्जे) | १ |
| ४. | पठनबोध | २ |
| ५. | व्याकरण | १ |

## पाठ्यवस्तु — सस्वरपठन र शब्दोच्चारण — घन्टी : १

### उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्षम हुनेछन् :

(क) गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

कठिन शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजी तालिका

### शिक्षण क्रियाकलाप

(क) शिक्षकले स्थानीय कुनै महत्त्वपूर्ण योगदान दिने व्यक्तिको जीवनका मुख्यमुख्य बुँदा भन्दै विद्यार्थीको ध्यानाकर्षण गराउने ।

(ख) त्यसपछि पाठभित्रका सुरुका तीन अनुच्छेद शिक्षकले नमुना वाचन गरी कक्षामा सुनाउने र विद्यार्थीहरूलाई ध्यान दिएर सुन्न निर्देशन दिने ।

(ग) विद्यार्थीहरूलाई पालैपालो गरी पाठका विभिन्न अनुच्छेदहरू क्रमिक रूपमा गति, यति मिलाई सस्वरवाचन गर्न लगाउने ।

(घ) विद्यार्थीले सस्वरवाचन गर्दा गति, यति नमिलाई वा उपयुक्त ढङ्गले सस्वरवाचन नगरेमा सच्याएर नमुना प्रदर्शन गरी पुनः सस्वर वाचन गर्न लगाउने ।

(ङ) अरू विद्यार्थीलाई पनि ठीकसँग सस्वरवाचन गर्ने साथीको अनुकरण गरी उपयुक्त ढङ्गले सस्वरवाचन गर्न लगाउने ।

(च) यसपछि पठित अनुच्छेदहरूमा रहेका कठिन शब्दहरू रेखाङ्कित गर्न लगाउने ।

(छ) विद्यार्थीवाट रेखाङ्कन गरिएका कठिन शब्दहरू कालोपाटीमा लेखी दिने वा शब्दपत्तीमा लेखेर ल्याएका त्यस्ता शब्दहरू क्रमशः उच्चारण गर्न लगाउने । उक्त शब्दहरूको शुद्ध उच्चारण गर्न

नसकेका ठाउँमा गल्ती निर्देश गरिदिने र शुद्ध उच्चारणको नमुना प्रदर्शनसमेत गरी आवश्यकताअनुसार सबै विद्यार्थीहरूलाई अभ्यास गराउने ।

उदाहरणका लागि सम्भाव्य कठिन शब्दहरू :

प्रतीक, भावुक, मुक्तकण्ठ, प्रतिमूर्ति, व्यवस्थापन, प्रणेता मर्यादित, प्रशासनिक, फ्लोरेन्स नाइटिङ्गेल, बेवास्ता, दक्षता, अनुकरणीय, देहावसान, कैयौँ आदि ।

(ज) कक्षामा विद्यार्थीहरूलाई समूहमा विभाजन गरी सम्भावित कठिन शब्दहरूलाई आलोपालो गरी उच्चारण गर्ने प्रतियोगिता पनि गराउन सकिन्छ ।

**मूल्याङ्कन**

(क) विद्यार्थीहरूलाई निर्दिष्ट पाठको अनुच्छेद तोकेर सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) उच्चारणका क्रममा अभ्यास गराएकामध्ये कुनै शब्दहरूको पुनः उच्चारण गर्न लगाएर शब्दोच्चारणको मूल्याङ्कन गर्न लगाउनुहोस् ।

**गृहकार्य**

पाठका कठिन शब्द दिई शुद्ध र स्पष्ट उच्चारण गर्ने अभ्यास गरी आउन निर्देशन दिनुहोस् ।

---

## पाठ्यवस्तु — शब्दभण्डार — घन्टी : १

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्षम हुनेछन् :

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ बताउन,

(ख) पाठमा कठिन शब्दलाई वाक्यमा प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, शब्दकोश, गोजितालिका

**शिक्षण क्रियाकलाप**

(क) यस पाठका शब्दभण्डारको अध्यापन गर्न सर्वप्रथम निर्दिष्ट अनुच्छेदहरूको मौनवाचन गर्न लगाउने र मौनवाचन गर्दा कठिन लागेका शब्द रेखाङ्कन गर्न लगाउँदै रेखाङ्कित शब्दको अर्थ पाठ्यपुस्तकमा गाढा अक्षरमा दिइएको भए त्यहींबाट हेर्न लगाउने र पाठ्यपुस्तकमा अर्थ नदिएको भए त्यस्ता शब्दहरू कालोपाटीमा टिप्नुहोस् ।

(ख) कालोपाटीमा टिपिएका शब्दका अर्थ सकभर विद्यार्थी समूहबाट खोज्ने प्रयास गर्नुहोस् । यदि विद्यार्थीबाट नआएमा र शब्दार्थपत्तीको प्रयोग गर्दै कठिन शब्दको अर्थ बताइ दिनुहोस् । तर शब्दको अर्थ स्पष्ट पार्न र अर्थ बुझ्न शब्द प्रयोग भएको वाक्यको पनि सहयोग लिन सकिन्छ । जस्तै;

उनको अर्को महत्त्वपूर्ण योगदान नर्स सेवालाई या पेसालाई आदर्श र अनुकरणीय बनाउनु रहेको छ । उनको प्रेरणाले विरामीहरू रक्सी, चुरोट जस्ता दुर्व्यसनलाई तत्काल परित्याग गर्थे ।

यी वाक्यमा रेखाङ्कित गरिएका शब्दका अर्थ यी वाक्यवाट पनि स्पष्ट हुन्छ ।

(ग) कठिन शब्दको अर्थ पहिल्याउन अन्य उपायहरू पनि अपनाउन सकिने कुराप्रति विद्यार्थीहरूको ध्यानकर्षण गर्ने । जस्तै; माथिका उदाहरणका शब्दहरू :

अनुकरण + इर्य = अनुकरणीय
परि + त्याग = परित्याग
योग + दान = योगदान
दुर + व्यसन = दुर्व्यसन

(घ) कतिपय शब्दहरूलाई जोडा मिलाउन दिएर पनि शब्दको अर्थ स्पष्ट पार्न सकिन्छ । जस्तै;

| | |
|---|---|
| व्यवस्थापन | सुरुवातकर्ता |
| प्रतीक | परिचारिका |
| नर्स | चिनो |
| प्रणेता | देहावसान |
| मृत्यु | व्यवस्था मिलाउने काम |

(ङ) कालोपाटीमा टिपिएका कठिन शब्दहरूलाई अर्थ खुल्ने गरी विद्यार्थीहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यदि कुनै विद्यार्थीहरूले उचित ढङ्गले वाक्यमा प्रयोग नगरेमा अरू विद्यार्थीवीच पनि छलफल गराउनुहोस् । त्यस्तै कतिपय शब्दलाई वाक्यमा प्रयोग गरेका वाक्यपत्तीका माध्यमवाट पनि वाक्यमा प्रयोग गर्ने क्रियाकलाप गराउन सकिन्छ ।

**मूल्याङ्कन**

(क) पाठका केही शब्दहरू दिई अर्थ भन्न लगाउने । जस्तै; देहावसान, प्रणेता, परिचारिका, प्रतीक आदि ।

(ख) पाठमा दिइएका शब्दहरूमध्ये उपयुक्त शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउने ।

(ग) पाठको अभ्यासको प्र.नं.३ को जोडा मिलाऊ गर्न लगाउने ।

**गृहकार्य**

अभ्यासको प्रश्न नं.६ गरी ल्याउन निर्देशन दिने ।

---

## पाठ्यवस्तु — वर्णविन्यास (हिज्जे) — घन्टी : १

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्षम हुनेछन् :

(क) पाठमा प्रयुक्त शब्दहरूको उपयुक्त वर्णविन्यासको प्रयोग गर्न,

(ख) लेखन कार्यमा उपर्युक्त शब्दहरूको शुद्ध हिज्जे प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

वर्णविन्यासका दृष्टिले कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू र गोजीतालिका शब्दकोश ।

**शिक्षण क्रियाकलाप**

(क) शिक्षकले पाठमा प्रयोग भएका शब्दमध्ये विद्यार्थीहरूलाई वर्णविन्यासका दृष्टिले विभिन्न थरीका वर्णविन्यासगत त्रुटि भएका शब्दहरू प्रस्तुत गर्दै विद्यार्थीहरूलाई पाठको सहयोग एवम् समूहगत

छलफलका माध्यमबाट सही वर्णविन्यास पहिल्याउन लगाउनुहोस् । जस्तै; दुर्वेसन, वेक्तित्वो, पर्सासनिक, वेवास्ता, विभुसित, देहावसान, मुक्तकन्ठ, सन्तुपठी ।

(ख) त्यस्तै पाठमा दिइएका शव्दहरू लेखनमा गर्न सक्ने त्रुटिअनुसार अशुद्ध वर्णविन्यास दिई तिनलाई शुद्ध गर्न लगाउनुहोस् । जस्तै; फोलोरेन्स, प्रतिक, परतीमुरती, परणेता, टेर्निङ्, रुची, युद्द

(ग) तलका जस्ता शव्दहरू श्रुतिलेखन गर्न लगाई शुद्ध वर्णविन्यास प्रयोग गरेनगरेको साथीसाथीबीच साटासाट गरी हेर्न लगाउनुहोस् । जस्तै; दुर्व्यसन, व्यक्तित्व, प्रंशासनिक, फ्लोरेन्स नाइटिङ्गेल वेवास्ता, विभूषित, स्थापना, भावुक ।

(घ) वर्णविन्यासगत त्रुटिका विभिन्न कारणहरू हुनसक्छन् । अशुद्ध उच्चारण पनि यसको एउटा कारण हुनसक्छ । तसर्थ वर्णविन्यास शुद्ध गर्न शुद्ध उच्चारण पनि आवश्यक हुन्छ । यसका लागि प्रशस्त श्रुतिलेखनका क्रियाकलाप गराउनुहोस् ।

**मूल्याङ्कन**

(क) अशुद्ध केही शव्द तथा वाक्य दिई शुद्ध गर्न लगाउनुहोस् ।

(ख) तलका शब्दको श्रुतिलेखन गर्न लगाउनुहोस् ।

डाँको, विभूपित, मृत्यु, दुःख, चौविसै, प्रतिमूर्ति

(ग) पाठको अभ्यासको प्र.नं.४ गर्न लगाउनुहोस ।

**गृहकार्य**

(क) पाठका अभ्यासको प्र.नं.५ गरेर ल्याउन दिनुहोस् ।

(ख) केही अशुद्ध शब्द भएका वाक्य दिई शुद्ध गरी ल्याउन निर्देशन दिनुहोस् ।

---

## पाठ्यवस्तु — पठनबोध — घन्टी : २

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्षम हुनेछन् :

(क) निर्दिष्ट अनुच्छेदको मौनवाचन गरी सोधिएका वोध प्रश्नहरूको उत्तर दिन,

(ख) निर्धारित अनुच्छेदवाट वुँदाटिपोट गर्न ।

**शैक्षिक सामग्री**

प्रश्नहरूको सूची, बुँदाहरूको सूची

**शिक्षण क्रियाकलाप**

(क) प्रस्तुत पाठवाट खास अनुच्छेद छनोट गरी विद्यार्थीहरूलाई भाव वुझ्ने गरी मौनवाचन गर्न निर्देशन दिनुहोस् । यसरी मौनवाचन गर्न दिँदा अनुच्छेदको आकारअनुसार समय तोक्नु वेश हुन्छ ।

(ख) विद्यार्थीहरूले अनुच्छेद पढिसकेपछि पहिले नै तयार पारिएको प्रश्नहरूको सूची प्रस्तुत गर्दै विद्यार्थीहरूलाई प्रश्नोत्तर गराउने । जस्तै; पाठको पहिलो अनुच्छेदवाट निम्न प्रश्न सोध्न सकिन्छ :

१. फ्लोरेन्स नाइटिङ्गेलको जन्म कहिले कहाँ भएको थियो ?
२. फ्लोरेन्सको वाल्यकाल कहाँ वित्यो ?
३. फ्लोरेन्सको बाल्यकाल कसरी वितेको थियो ?
४. उनले कुनकुन भाषा जानेकी थिइन् ?
५. फ्लोरेन्स नाइटिङगेललाई केको प्रतिक मान्न सकिन्छ ?

(ग) पाठको कुनै अनुच्छेद छानी त्यसका मुख्यमुख्य वुँदाहरू टिप्न लगाउनुहोस् । जस्तै; पाठको अन्त्यको अनुच्छेदका बुँदाहरू :

— आदर्श नारी
— समाज सेवाका लागि आजीवन अविवाहित रहनु
— नर्स सेवालाई आदर्श र अनुकरणीय वनाउनु
— आफ्ना दुःखलाई परवाह नगरी समाज सेवा गर्नु
— समाज सेवा गर्दागर्दै ९० वर्षको उमेरमा अगस्त १३, १९१० मा देहावसान
— वेलायत सरकारले "अर्डर अफ र मेरिट" वाट सम्मान प्रदान
— फ्लोरेन्स विश्व महिला समाजकै प्रेरणाकी स्रोत

वुँदा टिपोट गर्दा अपनाउनु पर्ने प्रक्रिया :

१. वुँदा टिप्नुपर्ने अनुच्छेदको गहिरो अध्ययन (कम्तीमा २/३ पटक)
२. अनुच्छेदका मुख्यमुख्य वुँदा ठम्याई रेखाङ्कन गर्ने वा खेस्रो टिपोट गर्ने ।
३. खेस्रा टिपोटलाई अनुच्छेदको भावसँग मिलाउन पुनः एकपटक अनुच्छेद अध्ययन गरी साफी गर्ने ।
४. वुँदाहरू क्रम मिलाई अपूर्ण वाक्यमा प्रस्तुत गर्ने ।

**मूल्याङ्कन**

(क) शिक्षण क्रियाकलापका आधारमा पनि मूल्याङ्कन गर्नुहोस् ।

(ख) पाठको पहिलो र दोस्रो अनुच्छेद पढ्न लगाई तैलका भनाइहरू ठीक वेठीक छुट्याउन लगाउनुहोस् ।

१. फ्लोरेन्स नाइटिङ्गेल इटलीमा जन्मेकी हुन् ?
२. नाइटिङ्गेल उनका पिताकी एक मात्र छोरी थिइन् ।
३. नाइटिङ्गेलले ग्रिक, ल्याटिन, फ्रान्सेली र जर्मनी भाषा जान्दथिन् ।
४. उनले वाटोको विरामी कुकुरको पनि उपचार गर्दथिन् ।
५. फ्लोरेन्स उदार हृदयकी तर कडा स्वभावकी महिला थिइन् ?

(ग) पाठको तेस्रो अनुच्छेदका प्रमुख वुँदा टिप्न लगाउनुहोस् ।

**गृहकार्य**

(क) पाठको अभ्यासको प्रश्न नं.२ र ७ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

**पाठ्यवस्तु** **व्याकरण** **घन्टी : १**

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्षम हुनेछन् :

(क) भूतकालको पूर्ण र अपूर्ण पक्षको पहिचान गर्न,

(ख) भूतकालको पूर्ण र अपूर्ण पक्षको प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

भूतकालका विभिन्न क्रियापदको सूची भूतकालका विभिन्न पूर्ण र अपूर्ण पक्ष भएका वाक्यहरूको सूची

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीलाई फ्लोरेन्स नाइटिङगेल पाठको पहिलो अनुच्छेदमा प्रयोग भएका विभिन्न क्रियापदको सूची बनाउन लगाउनुहोस् । जस्तै; हुन्, सकिन्छ, भएको हो, थिइन्, गएका थिए, आदि ।

(ख) विद्यार्थीले सङ्कलन गरेका क्रियापदहरूलाई विभिन्न कालका आधारमा वर्गीकरण गर्न लगाउनुहोस् । उक्त अनुच्छेदमा वर्तमान् र भूतकालका क्रियापद भएकाले उदाहरणका आधारमा वर्तमान र भूतकालको छोटो परिचय दिनुहोस् ।

(ग) त्यसपछि भूतकालका विभिन्न पक्षका क्रियापदको सूची फलाटिन बोर्डमा टाँसेर वा कालोपाटीमा सूची लेखिदिएर त्यसका आधारमा पूर्ण र अपूर्ण भूतकालका क्रियापद छुट्टयाउन लगाउनुहोस् । जस्तै; भइन्, बित्यो, गरिन्, देखाइन्, मिल्यो, गरेकी थिइन्, ठहऱ्याएका थिएनन्, गएकी थिइन्, हुन सकेको थियो, मिलेको थियो, दिएकी थिइन्, लागेको थियो, परेको थियो, राखेको थियो, मिल्दै थियो, गर्दै थिइन्, गर्दै थिए, खाँदै थिए, भन्दै गइन्, डुल्दै गए, दिँदै थिइन् ।

(घ) माथिको 'ग' क्रियाकलापमा विद्यार्थीहरूले ठीक रूपमा छुट्टयाएका क्रियापदका आधारमा क्रियापदको धातुमा 'एको', 'एका', 'एकी' प्रत्यय जोडिएका क्रियापदले भूतकालको पूर्ण पक्ष जनाउँछ भने क्रियाका धातुमा तै/दै, तो/दो प्रत्यय जोडिएपछि अपूर्ण पक्ष जनाउँछ भनी स्पष्ट पारिदिने । यसअनुसार विद्यार्थीहरूलाई पूर्ण र अपूर्ण भूतकालका विभिन्न क्रियापदहरू पाठवाट खोज्न लगाउनुहोस् ।

(ङ) विभिन्न क्रियापद भएका वाक्य दिई भूतकालको पूर्ण वा अपूर्ण पक्षमा वदल्न लगाउनुहोस् । जस्तै;

१. उनका वावुआमा इटली गएका थिए । (अपूर्ण पक्ष)

२. उनले इतिहास, दर्शनको अध्ययन गरे । (पूर्ण पक्ष)

३. नाइटिङ्गेलले रोगीको सेवा गरिन् । (पूर्ण पक्ष)

४. उनी रोगीको सेवा गर्न खटिएकी थिइन् । (अपूर्ण पक्ष)

**मूल्याङ्कन**

तलका वाक्यमा क्रियापदलाई भूतकालको अपूर्ण पक्षमा वदल :

(क) रामले भात खायो ।

(ख) हरि रोएको थियो ।

(ग) भिनाजुले सालीलाई माया गऱ्यो ।

(घ) सागर परीक्षामा प्रथम भयो ।

**गृहकार्य**

पाठको अभ्यासको प्र.नं.१ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

# पाठ : १४ वन्यजन्तु तिनको सुरक्षा जम्मा घन्टी : ८

| | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोच्चारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | वर्णविन्यास (हिज्जे) | १ |
| ४. | पठनबोध र तत्सम्बन्धी भाषिक सीप | २ |
| ५. | अनुच्छेद तथा निबन्धलेखन | २ |
| ६. | व्याकरण (वाच्य) | १ |

## पाठ्यवस्तु सस्वरपठन र शब्दोच्चारण घन्टी : १

### उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू सक्षम हुनेछन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

उच्चारण गर्न कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका

### शिक्षण क्रियाकलाप

(क) शिक्षकले वनमा पाइने जन्तु तथा जनावरबारे स्तरअनुसारका केही प्रश्नहरू सोधी पाठप्रति विद्यार्थीहरूको ध्यानाकर्षण गर्ने ।

(ख) त्यसपछि पाठभित्रको सुरुको अनुच्छेद शिक्षकले नमुना वाचन गरी कक्षामा सुनाउने र विद्यार्थीहरूलाई पठित अनुच्छेद हेरेर सुन्न निर्देशन दिने ।

(ग) विद्यार्थीहरूलाई आलोपालो गरी पाठका विभिन्न अनुच्छेद क्रमिक रूपमा सस्वर वाचन गरी सुनाउन लगाउने ।

(घ) उनीहरूमध्ये कसैले गति, यति नमिलाई गलत पढेमा गल्ती पढेको ठम्याई शिक्षकले पठनकै क्रममा सच्याएर पढिदिने र सोको अनुकरण र अभ्यास गर्न लगाउने ।

(ङ) यस क्रममा एक विद्यार्थीले पढेको अरू विद्यार्थीहरूले पाठमा हेरी ध्यानपूर्वक सुन्ने र गल्ती पढेमा सो ठम्याउन र सही पठनको प्रदर्शनसमेत गर्न प्रोत्साहित गर्ने

(च) शिक्षकले यस पाठमा रहेका उच्चारणका दृष्टिले सम्भाव्य कठिन शब्दहरूको छनौट गरी कालोपाटीमा लेखिदिने वा शब्दपत्तीहरूमा लेखेर ल्याएका त्यस्ता शब्दहरूको क्रमशः उच्चारण गर्न लगाउने ।

(छ) उक्त शब्दहरूको शुद्ध उच्चारण गर्न नसकेका ठाउँमा गल्ती निर्देश गरिदिने र शुद्ध उच्चारणको नमुना प्रदर्शनसमेत गरी आवश्यकताअनुसार पुनः पुनः अभ्यास गराउने ।

उच्चारणका लागि सम्भाव्य कठिन शब्दहरू :

हिंस्रक, प्रतिबन्धित, आरक्ष, स्वास्थ्योपचार, रहस्य, प्रतिवद्ध, पराकाष्ठा, स्वभाव, प्रकृति

(ज) कक्षाका विद्यार्थीहरूलाई समूहमा विभाजन गरी सम्भावित कठिन शब्दहरूलाई आलोपालो गरी उच्चारण गर्ने प्रतियोगिता गराउने ।

(झ) शब्दोच्चारणको अभ्यासपछि पनि पुनः अर्को उपयुक्त अनुच्छेद दिई सस्वरवाचन गर्न लगाउने र विद्यार्थीहरूको वाचन तथा उच्चारणमा परिष्कार ल्याउन प्रोत्साहित गर्नु आवश्यक छ ।

## मूल्याङ्कन

(क) सस्वरपठनको मूल्याङ्कन पाठभित्रको कुनै छोटो अनुच्छेदलाई सस्वर पढ्न लगाएर गराउनु वेस हुन्छ । जस्तै; यस पाठको दोस्रो अनुच्छेद सस्वर पढ्न लगाउने ।

(ख) उच्चारणका क्रममा अभ्यास गराइएकामध्ये केही शब्दहरूको पुनः उच्चारण गर्न लगाएर शब्दोच्चारणको मूल्याङ्कन गर्न सकिन्छ । जस्तै; प्रकृति, रहस्य, स्वभाव, प्रतिबद्ध

## गृहकार्य

उच्चारण गर्न कठिनाइ परेका शब्दहरू पाठवाट खोजेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिने ।

---

**पाठ्यवस्तु** **शब्दभण्डार** **घन्टी : १**

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू सक्षम हुनेछन् :

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ वताउन र प्रयोग गर्न,

(ख) निर्धारित शब्दहरूको पर्यायवाची वा विपरीतार्थी भन्न,

(ग) पाठमा प्रयुक्त विशिष्ट शब्दहरूलाई सन्दर्भअनुरूपका वाक्यहरूमा प्रयोग गर्न ।

## शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) शब्दार्थ सिकाउँदा विद्यार्थीहरूलाई पाठका निश्चित अनुच्छेद मौन रूपमा सरसर्ती पढ्न लगाउने र तिनवाट कठिन खालका शब्दहरू खोजेर भन्न लगाउने ।

(ख) पाठमा गाढा अक्षरमा रहेका शब्दहरू र सोही पृष्ठको अन्त्यतिर दिइएका तिनका अर्थहरू हेर्न र बुझ्न प्रोत्साहित गर्ने, अर्थ नबुझेमा शिक्षकसँग सोध्न निर्देशन दिने ।

(ग) पाठमा अर्थ नदिइएका थप कठिन शब्दहरू भएमा मात्र तिनको अर्थ शिक्षकसँग सोध्न प्रोत्साहित गर्ने ।

(घ) पाठमा अर्थ नदिइएका कतिपय शब्दहरूको अर्थलाई सम्बन्धित वाक्य वा अनुच्छेद पढेर अनुमान गर्न लगाउने ।

(ङ) शब्दहरूको अर्थ पहिल्याउने अन्य उपायहरूप्रति पनि विद्यार्थीहरूको ध्यानाकर्षण गराउनु उचित हुन्छ । (हेर्नु : पाठ २ को शब्दभण्डारसम्बन्धी शिक्षण-निर्देशन)

(च) विद्यार्थीहरूको शब्दभण्डार बढाउन शब्दहरूको अर्थ खोज्ने, तिनको पर्यायवाची , विपरीतार्थी आदि भन्ने वा पहिल्याउने उपायहरूको उपयोग गर्नुपर्छ । जस्तै;

**पर्यायवाची शब्द :**

| | | |
|---|---|---|
| घुमफिर | : | भ्रमण, यात्रा, डुलघुम |
| गूढ | : | गम्भीर, गोप्य, अदृश्य |
| जन्तु | : | जनावर, जीव, प्राणी |
| कीटपतङ्ग | : | किराफट्याङ्ग्रा |
| व्याधा | : | सिकारी |

**फरक पहिल्याऊ :**

| | | |
|---|---|---|
| सुरक्षा | – | संरक्षण |
| चासो | – | चिन्ता |
| घर | – | आश्रय |

**विपरीतार्थी उल्लेख गर :**

| | | |
|---|---|---|
| हिंस्रक | – | ..... |
| सुलभ | – | ..... |
| शत्रुता | – | ..... |
| सुरक्षित | – | ..... |

(छ) यो पाठ अन्तरिक्ष विज्ञानसँग सम्बन्धित भएकाले यसमा त्यही क्षेत्रका केही पारिभाषिक तथा विशिष्ट शब्दहरू प्रयोगमा आएका छन् । तिनको अर्थ पहिल्याउन विद्यार्थीहरूलाई शब्दकोशको समेत प्रयोग गर्न लगाउनु उचित हुन्छ ।

(ज) केही शब्दको अर्थ बुझ्न तिनको बनोटले पनि मदत गर्ने हुँदा यस्ता शब्दहरू खोजी विद्यार्थीहरूलाई तिनमा निहित अंशहरूको विच्छेद र संयोजन देखाउनु पनि उचित हुन सक्छ । तर यसो गर्दा सजिलै विच्छेद वा संयोजन देखाउन सकिने शब्दहरूलाई लिनु आवश्यक छ । नत्र विद्यार्थीहरूलाई थप बोझ पर्ने हुन्छ ।

स्वास्थ्योपचार : स्वास्थ्य+उपचार, आहारविहार : आहार+विहार, मृगशावक : मृग+शावक, प्रतिबन्धित : प्रतिबन्ध+इत

(झ) पाठमा प्रयुक्त विशेषण-विशेष्य शब्दहरू खोजेर जोडा मिलाउन सकिन्छ । जस्तै;

| | |
|---|---|
| आदिम | सम्बन्ध |
| हृदयविदारक | संसार |

अन्योन्याश्रित दृश्य

सुरम्य युग

(ञ) विभिन्न आधारमा शब्दहरूको अर्थ पहिल्याउन आंशिक मदत मिले पनि प्रयोग नगरी तिनको अर्थले सन्दर्भगत पूर्णता नपाउने हुँदा विद्यार्थीहरूलाई खास शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउनु आवश्यक छ । यस पाठका केही प्रयोगयोग्य शब्दहरू :

कालान्तर, रैथाने, प्रतिवन्धित, निकुञ्ज, आहारविहार, फुत्रुकफुत्रुक, माडमुड

(ट) यस पाठमा वन र वन्यजन्तुसँग सम्वन्धित खास शब्दहरूको प्रयोग भएको छ । ती शब्दहरू खोजेर सूची वनाउन र तिनको सही अर्थ पहिल्याउन विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने । यस्ता केही शब्दहरू : आरक्ष, जङ्गली, सिकार, निकुञ्ज, व्याधा, मृगशावक,

(ठ) पाठमा प्रयोग भएका जङ्गली जनावरहरूका नामहरूको सूची वनाउन लगाउने र यस्तै उनीहरूले थाहा पाएका अन्य नामहरू पनि थप्न लगाउने ।

(ढ) पाठमा दिइएका शब्दार्थसम्वन्धी सवै अभ्यासलाई कक्षाकार्यका रूपमा गराउनुहोस् ।

## मूल्याङ्कन

(क) केही शब्दहरू दिई अर्थ भन्न लगाउने ।

(ख) प्रयोगशील केही शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउने ।

(ग) विपरीतार्थी वा पर्यायवाची शब्दहरू भन्न तथा लेख्न लगाउने ।

(घ) केही पारिभापिक शब्दहरूको परिभापा वताउन लगाउने ।

(ङ) शब्दको बनोट पहिल्याई अर्थ अनुमान गर्न लगाउने ।

## गृहकार्य

विद्यार्थीहरूको अनुभवको सेरोफेरोमा र्ने विभिन्न क्षेत्रका पारिभाषिक शब्दहरू टिपोट गरेर ल्याउन निर्देशन दिने ।

---

## पाठ्यवस्तु — वर्णविन्यास (हिज्जे) — घन्टी : १

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू पाठमा प्रयुक्त शब्दहरूमा उपयुक्त वर्णविन्यासको प्रयोग गर्न सक्षम हुनेछन् ।

## शैक्षिक सामग्री

(क) वर्णविन्यासका दृष्टिले कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका, फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले पाठमा प्रयुक्त शब्दहरूमध्ये विद्यार्थीहरूलाई वर्णविन्यासका दृष्टिले कठिन लाग्ने शब्दहरूको सूची वनाउने ।

(ख) उक्त शब्दहरूलाई कठिनाइ वा गल्तीक्षेत्रका आधारमा वर्गीकरण गर्ने प्रयास गर्ने ।

(ग) यस्ता विभिन्न शव्दहरूलाई कालोपाटीमा छ्यासमिस पारेर लेख्ने र विद्यार्थीहरूसँग प्रश्नोत्तर गरी सच्याउने वा उनीहरूलाई सच्याउन लगाउने ।

(घ) पाठमा प्रयुक्त वर्णविन्यासका दृष्टिले कठिन शव्दहरू र अनुच्छेदको समेत श्रुतिलेखन गराउने र पाठ हेरी विद्यार्थीहरू आफैँलाई आफूले लेखेको सच्याउन लगाउने वा एक-अर्काले लेखेका कापी साटासाट गरी सच्याउन लगाउने ।

(ङ) विद्यार्थीहरूलाई अग्र, मध्य, अन्त्यमा ह्रस्व वा दीर्घ लेखिने शव्दहरूको अलग-अलग सूची बनाउन लगाउने । यस्तै श/ष/स, व/ब, ण/न आदि लेखिने शव्दहरूको सूची बनाई देखाउन लगाउने ।

(च) वर्णविन्याससम्वन्धी समस्याका कारण विभिन्न हुन सक्छन् । उच्चारणगत समस्यावाट वर्णविन्यासमा त्रुटि भएको भए त्यस्ता शव्दको उच्चारण र लेखन दुवैको अभ्यास गराउनुपर्छ । उच्चारण एउटै हुने तर लेखन मात्र फरक हुने भएमा तिनको समाधान लेखनको अभ्यासवाट मात्र गराउनुपर्ने हुन्छ । ह्रस्वदीर्घ, श/ष/स आदिका समस्या यस्तै कुरासँग सम्वन्धित छन् ।

(ज) कक्षामा विभिन्न समूह वनाई पाठका शव्दहरूको शुद्ध वर्णविन्यास लेख्न हिज्जे प्रतियोगिता गराउने ।

(झ) शुद्ध वर्णविन्यासका लागि शव्दकोश, पाठमा प्रयुक्त शव्द, पाठको शव्दसूची आदि हेर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।

(ञ) वर्णविन्यासको अभ्यास क्रममा विभिन्न समस्या क्षेत्रका शव्दसूची, शव्दपत्तीहरू, गोजीतालिका आदिको शिक्षकले यथेप्ट प्रयोग गर्ने ।

### मूल्याङ्कन

(क) वर्णविन्यासका दृष्टिले अशुद्ध शव्दसूची, वाक्यहरू वा अनुच्छेद दिई सच्याउन लगाउने ।

(ख) खास शव्दहरू, वाक्य वा अनुच्छेदको श्रुतिलेखन गराएर जाँच्ने ।

### गृहकार्य

अगाडिको वर्ण ह्रस्व लेखिने दसवटा शव्दहरू पाठवाट खोजेर ल्याऊ ।

---

## पाठ्यवस्तु — पठनबोध र तत्सम्बन्धी भाषिक सीप — घन्टी : २

### उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू सक्षम हुनेछन् :

(क) तोकिएका अनुच्छेदहरूको मौनवाचन गरी सोधिएका वोधप्रश्नहरूको उत्तर दिन,

(ख) निर्धारित अनुच्छेदवाट वुँदाटिपोट गर्न,

(ग) निर्धारित अनुच्छेदको सारांश भन्न र लेख्न ।

### शिक्षण क्रियाकलाप

(क) सम्वन्धित पाठवाट शिक्षकले खास अनुच्छेद वा गद्यांशको छनोट गर्ने र विद्यार्थीहरूलाई सो अनुच्छेदको विषयवस्तु वुझ्ने गरी मौनवाचन गर्न लगाउने । यसो गर्दा अनुच्छेदको लम्बाइ र विद्यार्थीहरूको सामान्य पठन गतिलाई ख्याल गरी समयसमेत तोक्नु उचित हुन्छ ।

(ख) विद्यार्थीहरूले अनुच्छेद पढिसकेपछि पहिले नै तयार पारिएका बोधप्रश्नहरू उनीहरूलाई सोधी त्यसमा प्रश्नोत्तर गराउने ।

(ग) पाठको तेस्रो, चौथो र पाँचौं अनुच्छेद मौनपठन गराउने र सोका आधारमा बोध प्रश्नहरू बनाई प्रश्नोत्तर गराउने ।

(घ) विद्यार्थीहरूलाई समग्र पाठको पढ्न लगाई अभ्यासमा दिइएका विषयवस्तुगत प्रश्नहरूको उत्तर दिने अभ्यासहरू गराउने ।

(ङ) विद्यार्थीहरूलाई छैटौं अनुच्छेद पढी चार ओटा बुँदा टिप्न लगाउने ।

(च) पाठको पहिलो अनुच्छेद पढ्न लगाएर त्यसको सारांश लेख्न लगाउने ।

(च) पाठभित्रका तलका जस्ता केही विशिष्ट पङ्क्तिको भावविस्तार तथा व्याख्या गर्न लगाउन सकिन्छ :

- घना जङ्गलका निर्जन भूमिमा गर्जन नपाउने सिंह के सिंह ?
- एक प्रकारले यी दुई थरीले आ-आफ्ना स्वभाव नै साटासाट गरेझैं लाग्छ । नत्रभने आज मानिस किन पशुभन्दा पनि उद्दण्ड हुँदै गएको छ त ?

**मूल्याङ्कन**

(क) विद्यार्थीहरूले पाठ पढेका आधारमा विषयवस्तुसँग सम्बन्धित वस्तुगत वा छोटा प्रश्नहरू सोधेर उनीहरूले बुझेनबुझेको जाँच्न सकिन्छ ।

(ख) विद्यार्थीहरूको उत्तरबाट पाठ नबुझेको देखिएमा समग्र पाठलाई पुनः मौनवाचन गराई पुनः प्रश्नोत्तर गराउनु पनि उपयुक्त हुन्छ ।

**गृहकार्य**

पाठका आधारमा "वन्यजन्तु" शीर्षकमा एक अनुच्छेद लेखेर ल्याउन भन्ने ।

---

## पाठ्यवस्तु — अनुच्छेद तथा निबन्धलेखन — घन्टी : २

**उद्देश्य**

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू पठित र स्वतन्त्र विषयमा अनुच्छेद तथा निबन्ध लेख्न सक्षम हुनेछन् ।

**शैक्षिक सामग्री**

(क) अनुच्छेद तथा निवन्धलेखनमा ध्यान दिन दिनुपर्ने कुराको सूची

(ख) अनुच्छेद तथा निवन्धलेखनका लागि शीर्षक र वुँदाहरू

(ग) अनुच्छेद तथा निवन्धलेखनको नमुना ।

**शिक्षण क्रियाकलाप**

(क) निवन्धलेखन अनुच्छेदलेखनकै विस्तारित रूप भएकाले अनुच्छेद लेखनमा उल्लेख गरिएका (हेर्नू : पाठ २ को अनुच्छेदलेखन) सवैजसो शिक्षणप्रक्रिया र कार्यकलापहरू यसमा लागू गर्न सकिन्छन् ।

(ख) त्यस्तै यस पाठको अन्त्यमा अनुच्छेद तथा निबन्धलेखनसम्बन्धी अभ्यास गराउँदा पाठ २ मा उल्लिखित अनुच्छेद तथा निबन्धलेखनसम्बन्धी ढाँचा तथा प्रक्रियालाई अवलम्बन गर्नुपर्नेछ ।

(ग) यस पाठमा निबन्धलेखनका लागि निम्न किसिमका शीर्षक उपयुक्त हुन सक्छन् :

(क) वनजङ्गलको महत्त्व (ख) मानिस र वन्यजन्तु (ग) वन र वन्यजन्तुको सुरक्षा

(घ) निकुञ्ज र आरक्षहरूको आवश्यकता (ङ) वन, वन्यजन्तु र वातावरण

(घ) अनुच्छेद र निबन्ध निर्देशित र स्वतन्त्र दुवै किसिमले लेखाउनु आवश्यक छ । साथै कुनै शीर्षकमा अनुच्छेद वा निबन्ध लेख्नुभन्दा पहिले त्यस विषयमा पूर्वतयारीका लागि कक्षामा आवश्यक छलफल गराउने वा बुँदाटिपोट गर्न लगाउने र अनि मात्र लेख्ने अभ्यास गराउनु उचित हुन्छ ।

(ङ) कक्षामा निबन्धका बारेमा बताउने र निबन्ध लेख्न चाहिँ गृहकार्यका रूपमा दिने पुरानो परिपाटीलाई हटाई कक्षाकार्यका रूपमा निबन्ध लेख्ने अभ्यास गराउनमा जोड दिनु आवश्यक छ ।

(च) अर्को कुरा, निबन्धलेखनमा वर्णविन्यास, भाषाशुद्धिभन्दा विषयवस्तु र त्यसको सङ्गठन, अनुच्छेदगठन, प्रस्तुति र तिनको शिल्पले प्रमुखता पाउनुपर्ने हुँदा शिक्षकले कक्षामा निबन्धको अभ्यास गराउँदा विद्यार्थीहरूले लेखेका निबन्धहरू सुनी सोही अनुरूपको टिप्पणी र सुझाव दिनु उचित हुन्छ ।

## मूल्याङ्कन

(क) अनुच्छेद तथा निबन्ध लेख्न दिई सोको लेखाइ अवलोकनका आधारमा विद्यार्थीको लेखनलाई उत्तम, मध्यम, निम्न आदि विभिन्न तहमा वर्गीकरण गरिदिने ।

(ख) विद्यार्थीहरूले लेखेका अनुच्छेद तथा निबन्धहरूलाई मूल्याङ्कन गर्दा विषयवस्तु, सङ्गठन, प्रस्तुतिशिल्प, भाषाशुद्धि आदिको आधारमा अङ्क दिने ।

## गृहकार्य

विषयशीर्षक तोकी अनुच्छेद वा निबन्ध लेखेर ल्याउन निर्देशन दिने (गृहकार्य दिँदा प्रत्येक विद्यार्थीलाई अलग-अलग विषय पनि दिन सकिनेछ ।)

---

**पाठ्यवस्तु** **व्याकरण (वाच्य)** **घन्टी : १**

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू विभिन्न वाच्य (कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य) र त्यसमा प्रयुक्त हुने क्रियापदहरूको पहिचान र प्रयोग गर्न सक्ने छन् ।

## शिक्षण सामग्री

कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यका उदाहरणको तालिका, क्रियापदका विभिन्न वाच्यहरूका रूपहरूको शब्दपत्ती, गोजीतालिका

## शिक्षण क्रियाकलाप

(क) पाठ ५ को अन्त्यमा वाच्यका वारेमा दिइएका उदाहरण विद्यार्थीहरूलाई पढ्न लगाई क्रियापदको वाच्यताले वाक्यको बनोटमा भिन्नता आउने कुरा पहिल्याउन लगाउने ।

(ख) साथै कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यवारे पाठमा दिइएको थप जानकारी पढ्न लगाई उक्त तीन वाच्यमा पाइने भिन्नताका विषयमा छलफल गराउने ।

(ग) विभिन्न वाच्यका वाक्यहरू दिई तिनलाई कोष्ठकमा दिइएको सङ्केतअनुसार अर्को वाच्यमा परिवर्तन गर्न लगाउने :

- हामी हिजो चितवन गयौं । (भाववाच्य)
- रामले वहिनीलाई बोलायो । (कर्मवाच्य)
- चिठी लेखियो । (कर्तृवाच्य)

(ग) क्रियापदका कर्तृ, कर्म र भाववाच्यका विभिन्न रूपहरू एकैठाउँ दिई विद्यार्थीहरूलाई तिनलाई छुट्ट्याउन लगाउने

(घ) कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यका क्रियापदहरूको प्रयोग गर्न लगाई पाँच वाक्यमा वर्णन गर्न लगाउने । जस्तै,

कर्तृवाच्य : म घर गएँ । एकछिन वसें र फेरि विद्यालय फर्कें ।
भाववाच्य : घर गइयो । एकछिन वसियो र फेरि विद्यालय फर्कियो ।
कर्तृवाच्य : मैले किताब किनें । पाठहरू पढें । मुख्य वुँदा टिपें ।
कर्मवाच्य : किताव किनियो । पाठहरू पढिए । मुख्य वुँदा टिपिए ।

## मूल्याङ्कन

(क) कर्तृ, कर्म र भाववाच्य क्रियापदका विभिन्न रुपहरू छुयासमिस पारेर राखी तिनका रूपहरूलाई पहिल्याउन लगाउने ।

(ख) कर्मवाच्य र भाववाच्यको प्रयोग गरी कुनै विषयको वर्णन गर्न लगाउने ।

## गृहकार्य

पाठको छैटौं अनुच्छेदवाट कर्मवाच्यका रूपहरू खोजेर ल्याऊ ।

(ख) त्यस्तै यस पाठको अन्त्यमा अनुच्छेद तथा निबन्धलेखनसम्वन्धी अभ्यास गराउँदा पाठ २ मा उल्लिखित अनुच्छेद तथा निबन्धलेखनसम्बन्धी ढाँचा तथा प्रक्रियालाई अवलम्वन गर्नुपर्नेछ ।

(ग) यस पाठमा निबन्धलेखनका लागि निम्न किसिमका शीर्षक उपयुक्त हुन सक्छन् :

(क) वनजङ्गलको महत्त्व (ख) मानिस र वन्यजन्तु (ग) वन र वन्यजन्तुको सुरक्षा

(घ) निकुञ्ज र आरक्षहरूको आवश्यकता (ङ) वन, वन्यजन्तु र वातावरण

(घ) अनुच्छेद र निवन्ध निर्देशित र स्वतन्त्र दुवै किसिमले लेखाउनु आवश्यक छ । साथै कुनै शीर्षकमा अनुच्छेद वा निबन्ध लेख्नुभन्दा पहिले त्यस विषयमा पूर्वतयारीका लागि कक्षामा आवश्यक छलफल गराउने वा बुँदाटिपोट गर्न लगाउने र अनि मात्र लेख्ने अभ्यास गराउनु उचित हुन्छ ।

(ङ) कक्षामा निवन्धका वारेमा वताउने र निबन्ध लेख्न चाहिँ गृहकार्यका रूपमा दिने पुरानो परिपाटीलाई हटाई कक्षाकार्यका रूपमा निबन्ध लेख्ने अभ्यास गराउनमा जोड दिनु आवश्यक छ ।

(च) अर्को कुरा, निवन्धलेखनमा वर्णविन्यास, भाषाशुद्धिभन्दा विषयवस्तु र त्यसको सङ्गठन, अनुच्छेदगठन, प्रस्तुति र तिनको शिल्पले प्रमुखता पाउनुपर्ने हुँदा शिक्षकले कक्षामा निवन्धको अभ्यास गराउँदा विद्यार्थीहरूले लेखेका निवन्धहरू सुनी सोही अनुरूपको टिप्पणी र सुझाव दिनु उचित हुन्छ ।

## मूल्याङ्कन

(क) अनुच्छेद तथा निबन्ध लेख्न दिई सोको लेखाइ अवलोकनका आधारमा विद्यार्थीको लेखनलाई उत्तम, मध्यम, निम्न आदि विभिन्न तहमा वर्गीकरण गरिदिने ।

(ख) विद्यार्थीहरूले लेखेका अनुच्छेद तथा निबन्धहरूलाई मूल्याङ्कन गर्दा विषयवस्तु, सङ्गठन, प्रस्तुतिशिल्प, भाषाशुद्धि आदिको आधारमा अङ्क दिने ।

## गृहकार्य

विषयशीर्षक तोकी अनुच्छेद वा निवन्ध लेखेर ल्याउन निर्देशन दिने (गृहकार्य दिँदा प्रत्येक विद्यार्थीलाई अलग-अलग विषय पानि दिन सकिनेछ ।)

---

**पाठ्यवस्तु** **व्याकरण (वाच्य)** **घन्टी : १**

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू विभिन्न वाच्य (कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य) र त्यसमा प्रयुक्त हुने क्रियापदहरूको पहिचान र प्रयोग गर्न सक्ने छन् ।

## शिक्षण सामग्री

कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यका उदाहरणको तालिका, क्रियापदका विभिन्न वाच्यहरूका रूपहरूको शब्दपत्ती, गोजीतालिका

## शिक्षण क्रियाकलाप

(क) पाठ ५ को अन्त्यमा वाच्यका वारेमा दिइएका उदाहरण विद्यार्थीहरूलाई पढ्न लगाई क्रियापदको वाच्यताले वाक्यको वनोटमा भिन्नता आउने कुरा पहिल्याउन लगाउने ।

(ख) साथै कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यवारे पाठमा दिइएको थप जानकारी पढ्न लगाई उक्त तीन वाच्यमा पाइने भिन्नताका विषयमा छलफल गराउने ।

(ग) विभिन्न वाच्यका वाक्यहरू दिई तिनलाई कोष्ठकमा दिइएको सङ्केतअनुसार अर्को वाच्यमा परिवर्तन गर्न लगाउने :

- हामी हिजो चितवन गयौं । (भाववाच्य)
- रामले वहिनीलाई बोलायो । (कर्मवाच्य)
- चिठी लेखियो । (कर्तृवाच्य)

(ग) क्रियापदका कर्तृ, कर्म र भाववाच्यका विभिन्न रूपहरू एकैठाउँ दिई विद्यार्थीहरूलाई तिनलाई छुट्ट्याउन लगाउने

(घ) कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यका क्रियापदहरूको प्रयोग गर्न लगाई पाँच वाक्यमा वर्णन गर्न लगाउने । जस्तै,

कर्तृवाच्य : म घर गएँ । एकछिन वसें र फेरि विद्यालय फर्कें ।
भाववाच्य : घर गइयो । एकछिन वसियो र फेरि विद्यालय फर्कियो ।
कर्तृवाच्य : मैले किताव किनें । पाठहरू पढें । मुख्य वुँदा टिपें ।
कर्मवाच्य : किताव किनियो । पाठहरू पढिए । मुख्य वुँदा टिपिए ।

## मूल्याङ्कन

(क) कर्तृ, कर्म र भाववाच्य क्रियापदका विभिन्न रुपहरू छयासमिस पारेर राखी तिनका रूपहरूलाई पहिल्याउन लगाउने ।

(ख) कर्मवाच्य र भाववाच्यको प्रयोग गरी कुनै विषयको वर्णन गर्न लगाउने ।

## गृहकार्य

पाठको छैटौं अनुच्छेदवाट कर्मवाच्यका रूपहरू खोजेर ल्याऊ ।

# पाठ : १५ समाजसेवाको बाटोमा जम्मा घन्टी : ६

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोचारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | चिठीलेखन | २ |
| ४. | व्याकरण (वाच्य) | २ |

## पाठ्यवस्तु सस्वरपठन र शब्दोच्चारण घन्टी : १

### उद्देश्य

यस पाठ्यवस्तुको अध्ययनपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्नेछन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयोग भएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

उच्चारणका लागि कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका, फलाटिन पाटी आदि ।

### शिक्षण क्रियाकलाप

(क) शिक्षकले घरायसी चिठीको सामान्य परिचय दिंदै पाठप्रति विद्यार्थीहरूको आकर्षित गर्ने र उनीहरूलाई चिठीको सस्वरवाचन गरेर सुनाउने । शिक्षकले चिठीवाचन गर्दा विद्यार्थीहरूलाई पाठ हेरी ध्यानपूर्वक सुन्न लगाउने ।

(ख) विद्यार्थीहरूलाई आलोपालो गरी नमुनाअनुसार पाठको सस्वरवाचन गर्न लगाउने र वाचन गर्नेवाहेकका विद्यार्थीहरूलाई पाठ हेरी ध्यानपूर्वक सुन्न लगाउने ।

(ग) सस्वरवाचनका क्रममा विद्यार्थीहरूले कुनै त्रुटि गरे शिक्षकले शुद्ध वाचन गरी उक्त त्रुटिहरू सुधारिदिने ।

(घ) शिक्षकले उच्चारणका लागि कठिन देखिने शब्दहरूको सूची वा शब्दपत्ती कक्षामा प्रस्तुत गर्दै क्रमैसँग त्यस्ता शब्दहरूको शुद्ध उच्चारण गरे विद्यार्थीहरूलाई सुनाउन र त्यसै अनुरूप अभ्यास गराउने । उच्चारणको नमुना प्रस्तुत गर्दा शिक्षकले दोहोऱ्याइ तेहऱ्याई प्रस्तुत गर्ने र सम्भव भएसम्मका अवस्थामा उच्चारण अवयव समेत प्रदर्शन गर्ने । यस पाठमा त्यस्ता कठिन शब्दहरू निम्नानुसार हुन सक्छन् : आदरणीय, व्यस्तता, अनुपस्थिति, अध्यक्ष, प्रवेश, प्रेरणा, आत्मविश्वास, स्वास्थ्य, ग्रामीण, त्रुटि आदि ।

(ङ) उपर्युक्त शब्दहरूको उच्चारण अभ्यास गराइसकेपछि विद्यार्थीहरूलाई तिनको हिज्जेप्रति पनि सचेत गराउने सोका लागि उल्लिखित शब्दहरूको श्रुतिलेखन गराई छलफलद्वारा शुद्धाशुद्धिसमेत गरिदिनु बाञ्छनीय हुने ।

(च) सस्वरवाचन र उच्चारणमा अन्य भाषी, पिछडिएका समुदायका तथा विभिन्न कारणले सिकाइगति समात्न नसक्ने विद्यार्थीहरूका आ-आफ्ना खाले समस्याहरू हुने हुँदा उनीहरूलाई थप सहयोगको आवश्यकता हुने कुरामा शिक्षकले विशेष ध्यान दिने ।

(छ) उच्चारणको अभ्यास शब्द तहमा मात्र गराउनु पर्याप्त नहुने कुरालाई ध्यान दिई वाक्य तथा अनुच्छेद तहमा पनि तिनको अभ्यास गराउने प्रयास गर्ने ।

(ज) सस्वरवाचन तथा उच्चारणको अभ्यासपछि अभ्यास १ को प्रश्नोत्तर पनि गराउने ।

**मूल्याङ्कन**

(क) पाठको कुनै अनुच्छेद दिई सस्वरवाचन गर्न लगाउने ।

(ख) सम्भाव्य कठिन शब्दहरू दिई उच्चारण गर्न लगाउने ।

(ग) उच्चारणका लागि छानिएका शब्दहरूको वर्णविन्यास पनि सोध्ने ।

---

**पाठ्यवस्तु** **शब्दभण्डार** **घन्टी : १**

**उद्देश्य**

यस पाठ्यवस्तुको अध्ययनपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्नेछन् :

(क) पाठका कठिन शब्दहरूको अर्थ बताउन,

(ख) उक्त शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी आदि ।

**शिक्षण क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई मौन रूपमा पाठ पढी गाढा अक्षरमा दिइएका बाहेकका अन्य कठिन शब्दहरू खोजी शिक्षकलाई भन्न लगाउने र शिक्षकले टिप्ने । गाढा अक्षरमा दिइएका शब्दहरूको अर्थ सम्बन्धित पृष्ठमा नै हेर्न र बुझ्न लगाउने र नबुझेका खण्डमा विद्यार्थीहरूले स्पष्ट पारिदिने ।

(ख) विद्यार्थीहरूले टिपाएका गाढा अक्षरमा भएका बाहेकका शब्दहरूको अर्थ क्रमैसँग उनीहरूलाई नै सोध्ने र ठीक उत्तर आउन नसके मात्र शिक्षकले शब्द तथा अर्थपत्तीसमेत प्रयोग गरी अर्थ स्पष्ट पारिदिने ।

(ग) शब्दार्थ शिक्षण गर्दा आवश्यकता र उपयुक्तता हेरी विभिन्न विधिको प्रयोग गर्न नविर्सिने । जस्तै, पर्यायवाची शब्द दिँदा अर्थ स्पष्ट नहुने तर विपरीतार्थी शब्द दिँदा छर्लङ्ग हुने स्थिति छ भने विपरीतार्थी रूप दिएर अर्थ बुझाउने ।

| पाठ : १५ | समाजसेवाको बाटोमा | जम्मा घन्टी : ६ |
|---|---|---|

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोचारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | चिठीलेखन | २ |
| ४. | व्याकरण (वाच्य) | २ |

## पाठ्यवस्तु — सस्वरपठन र शब्दोच्चारण — घन्टी : १

### उद्देश्य

यस पाठ्यवस्तुको अध्ययनपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्नेछन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयोग भएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

उच्चारणका लागि कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका, फलाटिन पाटी आदि ।

### शिक्षण क्रियाकलाप

(क) शिक्षकले घरायसी चिठीको सामान्य परिचय दिँदै पाठप्रति विद्यार्थीहरूको आकर्षित गर्ने र उनीहरूलाई चिठीको सस्वरवाचन गरेर सुनाउने । शिक्षकले चिठीवाचन गर्दा विद्यार्थहिरूलाई पाठ हेरी ध्यानपूर्वक सुन्न लगाउने ।

(ख) विद्यार्थीहरूलाई आलोपालो गरी नमुनाअनुसार पाठको सस्वरवाचन गर्न लगाउने र वाचन गर्नेवाहेकका विद्यार्थीहरूलाई पाठ हेरी ध्यानपूर्वक सुन्न लगाउने ।

(ग) सस्वरवाचनका क्रममा विद्यार्थीहरूले कुनै त्रुटि गरे शिक्षकले शुद्ध वाचन गरी उक्त त्रुटिहरू सुधारिदिने ।

(घ) शिक्षकले उच्चारणका लागि कठिन देखिने शब्दहरूको सूची वा शब्दपत्ती कक्षामा प्रस्तुत गर्दै क्रमैसँग त्यस्ता शब्दहरूको शुद्ध उच्चारण गरे विद्यार्थीहरूलाई सुनाउन र त्यसै अनुरूप अभ्यास गराउने । उच्चारणको नमुना प्रस्तुत गर्दा शिक्षकले दोहोऱ्याइ तेहऱ्याई प्रस्तुत गर्ने र सम्भव भएसम्मका अवस्थामा उच्चारण अवयव समेत प्रदर्शन गर्ने । यस पाठमा त्यस्ता कठिन शब्दहरू निम्नानुसार हुन सक्छन् : आदरणीय, व्यस्तता, अनुपस्थिति, अध्यक्ष, प्रवेश, प्रेरणा, आत्मविश्वास, स्वास्थ्य, ग्रामीण, त्रुटि आदि ।

(ङ) उपर्युक्त शब्दहरूको उच्चारण अभ्यास गराइसकेपछि विद्यार्थीहरूलाई तिनको हिज्जेप्रति पनि सचेत गराउने सोका लागि उल्लिखित शब्दहरूको श्रुतिलेखन गराई छलफलद्वारा शुद्धाशुद्धिसमेत गरिदिनु वाञ्छनीय हुने ।

(च) सस्वरवाचन र उच्चारणमा अन्य भाषी, पिछडिएका समुदायका तथा विभिन्न कारणले सिकाइगति समान्न नसक्ने विद्यार्थीहरूका आ-आफ्ना खाले समस्याहरू हुने हुँदा उनीहरूलाई थप सहयोगको आवश्यकता हुने कुरामा शिक्षकले विशेष ध्यान दिने ।

(छ) उच्चारणको अभ्यास शब्द तहमा मात्र गराउनु पर्याप्त नहुने कुरालाई ध्यान दिई वाक्य तथा अनुच्छेद तहमा पनि तिनको अभ्यास गराउने प्रयास गर्ने ।

(ज) सस्वरवाचन तथा उच्चारणको अभ्यासपछि अभ्यास १ को प्रश्नोत्तर पनि गराउने ।

### मूल्याङ्कन

(क) पाठको कुनै अनुच्छेद दिई सस्वरवाचन गर्न लगाउने ।

(ख) सम्भाव्य कठिन शब्दहरू दिई उच्चारण गर्न लगाउने ।

(ग) उच्चारणका लागि छानिएका शब्दहरूको वर्णविन्यास पनि सोध्ने ।

---

## पाठ्यवस्तु — शब्दभण्डार — घन्टी : १

### उद्देश्य

यस पाठ्यवस्तुको अध्ययनपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्नेछन् :

(क) पाठका कठिन शब्दहरूको अर्थ बताउन,

(ख) उक्त शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ।

### शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी आदि ।

### शिक्षण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई मौन रूपमा पाठ पढी गाढा अक्षरमा दिइएका वाहेकका अन्य कठिन शब्दहरू खोजी शिक्षकलाई भन्न लगाउने र शिक्षकले टिप्ने । गाढा अक्षरमा दिइएका शब्दहरूको अर्थ सम्बन्धित पृष्ठमा नै हेर्न र बुझ्न लगाउने र नबुझेका खण्डमा विद्यार्थीहरूले स्पष्ट पारिदिने ।

(ख) विद्यार्थीहरूले टिपाएका गाढा अक्षरमा भएका बाहेकका शब्दहरूको अर्थ क्रमैसँग उनीहरूलाई नै सोध्ने र ठीक उत्तर आउन नसके मात्र शिक्षकले शब्द तथा अर्थपत्तीसमेत प्रयोग गरी अर्थ स्पष्ट पारिदिने ।

(ग) शब्दार्थ शिक्षण गर्दा आवश्यकता र उपयुक्तता हेरी विभिन्न विधिको प्रयोग गर्न नविर्सिने । जस्तै, पर्यायवाची शब्द दिँदा अर्थ स्पष्ट नहुने तर विपरीतार्थी शब्द दिँदा छर्लङ्ग हुने स्थिति छ भने विपरीतार्थी रूप दिएर अर्थ बुझाउने ।

(घ) शब्दार्थ शिक्षण गरिसकेपछि विद्यार्थीहरूको सक्रियतामा त्यस्ता शब्दहरूलाई वाक्यमा प्रयोग पनि गराउने । विद्यार्थहिरूले प्रयोग गर्न नसकेको स्थितिमा शिक्षक आफैंले वाक्यपत्तीको समेत उपयोग गरेर सही प्रयोग बताइदिने ।

**मूल्याङ्कन**

(क) कठिन शब्दहरूको अर्थ सोध्ने ।

(ख) शब्दहरू दिई वाक्यमा प्रयोग गर्न लगाउने ।

**गृहकार्य**

(क) पाठमा गाढा अक्षरमा दिइएका शब्दहरूलाई वाक्यमा प्रयोग गरेर ल्याउन लगाउने ।

(ख) अभ्यास ३ को उत्तर लेखेर ल्याउन लगाउने ।

---

## पाठ्यवस्तु — चिठीलेखन — घन्टी : २

**उद्देश्य**

यस पाठ्यवस्तुको अध्ययनपछि विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) अनुकृत ढाँचामा घरायसी चिठी लेख्न,

(ख) निर्दिष्ट घरायसी चिठीको उत्तर लेख्न,

(ग) निर्दिष्ट विषयमा आधारित भएर घरायसी चिठी रचना गर्न ।

**शैक्षिक सामग्री**

घरायसी चिठीको नमुना, घरायसी चिठीका विभिन्न अंशहरू (प्रारम्भ, मध्य भाग, समापन), फलाटिन पाटी आदि ।

**शिक्षण क्रियाकलाप**

(क) शिक्षकले घरायसी चिठीको नमुना फलाटिन पाटीमा टाँसी खामको नमुनासमेत कक्षामा प्रस्तुत गर्दै त्यसको खाम, ढाँचाकाँचा आदिका बारेमा छलफल गराउने अनि त्यसमा उल्लेख भएका ठाउँ ठेगाना, तिथिमिति, सम्बोधन विषय र समापनमा परिवर्तन गरी त्यही ढाँचामा अर्को चिठी लेख्न लगाउने । यस्तै खालका अन्य एक दुई चिठी लेख्ने थप अभ्यास पनि गराउने ।

(ख) घरायसी चिठीका प्रमुख अङ्गहरू छासमिस गरी छुट्टाछुट्टै रूपमा फलाटिन पाटीमा प्रस्तुत गर्ने र तिनका आधारमा कक्षालाई पनि समूहमा विभाजन गर्ने । अनि कुनै समूहलाई चिठीको सम्बोधन खण्ड, कुनै समूहलाई मुख्य व्यहोरा र कुनै समूहलाई समापन खण्ड दिई हरेक समूहलाई चिठीको पूर्ण रूप तयार गर्न लगाउने । यसरी तयार गरिएका चिठीलाई कक्षामा प्रस्तुत गराई आवश्यक सुधार गरिदिई अन्तिम रूप दिने ।

(ग) घरायसी चिठीका अन्य नमुना दिई त्यसलाई पढ्न लगाउने र त्यसको उत्तर लेख्न लगाउने । त्यसरी लेखिएका चिठीको उत्तरलाई पनि कक्षामा प्रस्तुत गराई छलफलका आधारमा सुधार समेत गरिदिई अन्तिम रूप दिने ।

(घ) कुने विषय दिई विद्यार्थीहरूलाई घरायसी चिठी रचना गर्न लगाउने र त्यसको जाँचबुझसमेत गरिदिने ।

(ङ) अभ्यास २ तथा सिर्जनात्मक अभ्यास क - ख अनुसारका पत्र रचना गर्न लगाउने र शिक्षकले शुद्धाशुद्धि गरिदिने ।

**मूल्याङ्कन**

(क) घरायसी चिठीको ढाँचाका बारेमा सोध्ने ।

(ख) विभिन्न व्यक्तिलाई लेखिने घरायसी चिठीको सम्बोधन भाग र समापन भागमा लेख्नुपर्ने कुराहरू सोध्ने ।

(ग) विभिन्न नाता तथा बाहिरी मानिसलाई घरायसी चिठी लेख्दा प्रयोग गर्नुपर्ने आदरार्थीका बारेमा सोधपुछ गर्ने ।

**गृहकार्य**

अभ्यास ५ को उत्तर लेखेर ल्याउन लगाउने र शुद्धाशुद्धि गरिदिने ।

---

**पाठ्यवस्तु** **व्याकरण (वाच्य)** **घन्टी : २**

**उद्देश्य**

यस पाठ्यवस्तुको अध्ययनपछि विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न सक्नेछन् :

(क) वाच्यका उदाहरण चिन्न र आफ्ना उदाहरणहरू भन्न,

(ख) एक किसिमको वाच्यमा भएका क्रियापदलाई अकोृ किसिममा परिवर्तन गर्न,

(ग) उदाहरणहरूका आधारमा वाच्यको परिचय पहिल्याउन र तिनको वर्गीकरण गर्न ।

**शैक्षिक सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, तालिका, फलाटिन पाटी आदि ।

**शिक्षण क्रियाकलाप**

(क) पाठ्यपुस्तकको व्याकरण खण्डअन्तर्गत दिइएको बुँदा १ को तालिका वा शिक्षकले आफैंले बनाएर ल्याएको तालिका कक्षामा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई उक्त तालिकामा भएका क्रियापदहरूलाई ध्यान दिएर पढी तिनमा देखिने भिन्नता अवलोकन तथा पहिचान गर्न निर्देश दिने । अनि उनीहरूलाई पनि त्यस्तै क्रियापदहरू भन्न लगाउने । त्यसपछि क्रमैसँग उक्त बुँदामा सूचीबद्ध गरिएका क्रियापदहरूलाई तालिकाको उपयुक्त कोठामा भर्न लगाउने ।

(ख) कुनै खास धातु दिई वा शब्दपत्तीको माध्यमले प्रदर्शन गरी त्यसलाई उपयुक्त हुने अर्को वाच्यमा परिवर्तन गर्न लगाउने । जस्तै;

| | | | |
|---|---|---|---|
| किन्नु | - | किन्छौं | किनिन्छ |
| बस्नु | - | बस्छु | बसिन्छ |
| जानु | - | जान्छ जान्छौ | गइन्छ |

विद्यार्थीहरूबाट पनि यसप्रकारका अन्य उदाहरण माग्ने र थप अभ्यास गराउने ।

(ग) शिक्षकले वाक्यपत्तीमा भएका विभिन्न वाच्यका वाक्यहरू कक्षामा प्रस्तुत गर्दै वा माथिकै क्रियापदलाई वाक्यमा प्रयोग गर्न लगाउँदै वाक्यमा वाच्यको स्थिति स्पष्ट पारिदिने । साथै एउटा क्रियापदलाई भिन्न वाच्यमा प्रयोग गर्दा देखिने वाक्यको रूप तथा अर्थगत भिन्नताका बारेमा पनि विद्यार्थीहरूलाई सोदाहरण अनुभव गराउने । जस्तै;

| (क) | (ख) |
|---|---|
| हामी किताव किन्छौं । | किताव किनिन्छ । |
| (हामीवाट) | (कोष्ठकमा सङ्केत गरिएको कर्ता ऐच्छिक रहने) |
| म त्यहीँ वस्छु । (आफू) | त्यहीँ वसिन्छ । |
| उनी सधैँ मोही खान्छन् । (उनीवाट) | सधैँ मोही खाइन्छ । |

(घ) माथि दिइएका उदाहरणहरूका आधारमा शिक्षकले विद्यार्थीहरूलाई वाच्यको परिचय पहिल्याउन प्रोत्साहित गर्ने र आवश्यक परे अन्य उदाहरणसमेत दिँदै विद्यार्थीहरूलाई वाच्यको परिचय ठम्याउन मद्दत गर्ने जस्तै;

वाक्यमा कर्ता, कर्म वा क्रियामध्ये कुनै एकलाई मुख्य मान्ने तरिकालाई वाच्य भनिन्छ । वाच्य क्रियासँग सम्वन्धित भएर देखापर्छ । 'राम चिठी लेख्छ' यस वाक्यमा राम (कर्ता) नहुने हो भने वाक्य पूरा हुँदैन । 'लेख्छ' भन्ने क्रियाले कर्ता तृतीय पुरुष, एकवचन र पुलिङ्ग हुनुपर्छ भन्ने सङ्केत मिल्छ । त्यसैले कर्ता यो वाक्यमा मुख्य रूपमा रहेको छ कहिलेकाहीँ कर्ता नभए पनि कर्मचाहिँ चाहिने वाक्यको रूप पनि प्रयोगमा आउन सक्छ । अनि कहिलेकाहीँ यी दुवै थरी भन्दा पनि क्रियाचाहिँ मुख्य हुने अवस्था पनि आइपर्छ । यी तीनओटै अवस्थालाई वाक्यकै आधारमा देखाउन सकिन्छ । यसरी नेपालीमा वाच्य तीन प्रकारका हुने कुरा स्पष्ट हुन्छ । तीन हुन्,

कर्तृवाच्य - कर्ताअनुसार वचन, लिङ्ग, पुरुष, आदरका आधारमा क्रियापद रहने ।
दिलुले मामालाई चिठी लेख्यो । (लेख्यो - सकर्मक क्रिया)
ऊ चिठी पढेर हाँस्यो । (हाँस्यो - अकर्मक क्रिया)

कर्मवाच्य - कर्म कर्ताका रूपमा देखा पर्ने र त्यसैका आधारमा क्रियापद रहने ।
(दिलुद्वारा) मामालाई चिठी लेखियो । (सकर्मक क्रियामा मात्र कर्मवाच्य वन्न सक्ने कुरा स्पष्ट पारिदिने)

भाववाच्य - क्रियापद मुख्य हुने र यो सधैँ तृतीय पुरुषको पुलिङ्गी एकवचनमा हुने । कर्ता, कर्म कुनैसँग पनि सङ्गति नजनाउने ।
(ऊद्वारा) चिठी पढेर हाँसियो । (अकर्मक क्रियामा मात्र भाववाच्य वन्न सक्ने कुरा स्पष्ट पारिदिने)

उपर्युक्त आधारमा विभिन्न प्रकारका उदाहरणहरूको उपयोग गर्दै विद्यार्थीहरूलाई पर्याप्त प्रश्नोत्तर तथा छलफल गराई प्रयोगात्मक अभ्यास गराउने ।

(ङ) व्याकरण खण्डका प्रश्न २ र ३ को अभ्यास पनि यसै क्रममा विद्यार्थीहरूको पूर्ण सक्रियतामा गराउने र हरेक उत्तरका सन्दर्भमा त्यसो हुनुको कारण तथा वाच्यको प्रकार पनि ठम्याउन लगाउने ।

(च) कर्तृवाच्यमा छोटो अनुच्छेद दिई अन्य वाच्यमा परिवर्तन गर्न लगाउने र त्यसका वारेमा कक्षामा छलफल गराउने ।

(छ) पाठवाट कर्तृवाच्यका वाक्य खोज्न लगाई अर्को उपयुक्त वाच्यमा परिवर्तन गर्न लगाउने ।

## मूल्याङ्कन

(क) एक किसिमका वाच्यमा क्रियापद दिई अर्को किसिममा परिवर्तन गर्न लगाउने र सो कुन वाच्य भयो सोध्ने ।

(ख) एक किसिमका वाच्यमा वाक्यहरू दिई अर्को किसिममा परिवर्तन गर्न लगाउने र परिवर्तित वाक्यको वाच्य भन्न लगाउने ।

(ग) कर्तृवाच्यमा छोटो अनुच्छेद दिई अन्य वाच्यमा परिवर्तन गर्न लगाउने ।

## गृहकार्य

हिजो कक्षामा के के गरियो कर्म तथा भाववाच्यमा लेखेर ल्याउन लगाउने ।

पाठ : १६ **धनभन्दा विद्या ठूलो** जम्मा घन्टी : ८

## वादविवादको परिचय

निश्चित विषयमा दुई पक्षका वक्ताहरूका वीचमा पक्ष र विपक्षमा रही विचारलाई खण्डन र मण्डन गर्ने कार्यलाई वादविवाद भनिन्छ । वादविवाद रूपक विधाकै एउटा उपविधा हो । यो रूपक विधाकै उपविधा भए पनि एकाङ्की र संवादभन्दा फरक प्रकृतिको उपविधा हो । यो संवादजस्तो पारस्पारिक मोखिक अभिव्यक्तिसँग सम्वन्धित देखिने भए पनि यो बढी तार्किक र वोद्धिक खालको हुन्छ । संवाद र एकाङ्कीमा एकअर्का पात्रवीच आफ्ना भनाइहरू एकपछि अर्काले क्रमशः राख्दै विचार प्रस्तुत गर्दछन् तर वादविवादमा आफ्नो भनाइ सुरु गरेपछि सक्नुपर्ने हुन्छ । फेरि अरूका भनाइ सुनेर प्रतिक्रिया व्यक्त गर्ने अवसर रहन्नँ । विषयवस्तु विवादास्पक हुनु र त्यस्ता विपयवस्तुमा पक्षविपक्ष भई तर्कहरू पेस गर्ने अभिव्यक्तिगत शैली यसमा अपनाइएको हुन्छ । संवादमा परस्परमा विचार वा भावनामा सहमति जनाउने प्रवल सम्भावना हुन्छ तर वादविवादमा परस्परका विचारका विपक्षमा तर्क दिइने, असहमति जनाउने, आफ्ना विपक्षी विचारको खण्डन गर्दै आफ्नो पक्षको विचारको पुष्टि वा मण्डन गर्ने गरिन्छ । संवादात्मक अभिव्यक्तिमा लयात्मकता प्रवल हुन्छ तर वादविवादको अभिव्यक्तिमा आघात्मक र आक्षेपात्मक खालको हुने प्रवल सम्भावना हुन्छ । संवाद मूलतः अनौपचारिक ढङ्गले प्रस्तुत गरिन्छ भने वादविवाद औपचारिक रूपमा प्रस्तुत गरिन्छ ।

पाठ्यपुस्तकमा वादविवाद राख्नुको प्रयोजन पनि तार्किक अभिव्यक्तिको विकास गराउनुका साथै विवादात्मक अभिव्यक्तिका उपयुक्त भिन्न विशेषताहरूमा विद्यार्थीहरूलाई परिचित गराउने र अभ्यस्त बनाउने कार्यमा सहयोग पुऱ्याउनु हो । अभिव्यक्ति सीपको विकास गर्नु, आत्मविश्वासको भावना बढाउनु, तार्किक क्षमताको विकास गर्नु, वौद्धिक एवम् सिर्जनशील क्षमताको विकास गर्नु, अरूका तर्कलाई खण्डन गर्दै आफ्ना भनाइलाई ओजपूर्ण ढङ्गले व्यक्त गर्ने वानीको विकास गर्नु आदि वादविवाद शिक्षणका प्रमुख प्रयोजन भएकाले शिक्षकले वादविवाद शिक्षण गर्दा यिनै कुराहरूलाई ध्यान दिन जरुरी हुन्छ । यसका लागि निम्नानुसारका क्रियाकलाप गराउन सकिन्छ :

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | वादविवाद पठन र बोध प्रश्नोत्तर | २ |
| २. | शब्दोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| ३. | वर्णविन्यास (लेख्य चिह्न) | २ |
| ४. | व्याकरण (आदरको प्रयोग) | १ |
| ५. | वादविवाद कार्यक्रम आयोजना | १ |

## उद्देश्य

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) यस वादविवादका निर्दिष्ट अनुच्छेदलाई गति, यति मिलाई हाउभाउसहित सस्वरवाचन गर्न,

(ख) पाठको विषयवस्तुका आधारमा सोधिएका प्रश्नहरूको उत्तर दिन ।

## शैक्षिक सामग्री

वादविवादका नमुना प्रश्नहरूको सूची, फलाटिन पाटी, गोजीतालिका आदि ।

## शिक्षण क्रियाकलाप

(क) शिक्षक आफैँले तयार पारेर ल्याएको वा अन्य स्रोतवाट सङ्कलन गरी ल्याइएको वा पाठको कुनै वक्ताको वादविवादको नमुनालाई फलाटिन पाटीमा टाँसेर उपयुक्त गति, यति र हाउभाउसहित सस्वरवाचन गरी सुनाउनुहोस् ।

(ख) शिक्षकले वादविवाद उपर्युक्त अंशलाई प्रस्तुत गर्दा वक्ताले बोले झैँ उपयुक्त हाउभाउ चेष्टा र अभिनयसहित नमुना सस्वरवाचन गर्ने र विद्यार्थीलाई त्यसतर्फ ध्यान दिएर सुन्न निर्देशन दिनुहोस् ।

(ग) त्यसपछि विद्यार्थीको स्तर र क्षमता हेरी सक्षम र कमजोर विद्यार्थी छानी शिक्षकले सस्वरवाचन गरेझैँ विद्यार्थीहरूलाई पनि उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित सस्वरवाचन गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूबाट गरिएको प्रस्तुति केकस्तो भयो भनी विद्यार्थीहरूलाई नै समीक्षा गर्न लगाउने र विद्यार्थीहरूले गरेको प्रस्तुतिको भिन्नताका बारेमा विद्यार्थीहरूलाई सङ्क्षिप्त छलफल गराउनुहोस् । यसपछि छलफलबाट निस्केको निष्कर्षका आधारमा पुनः केही विद्यार्थीहरूलाई उपयुक्त गति, यति हाउभाउ र अभिनयसहित सस्वरवाचन गराउने ।

(ङ) यसपछि विद्यार्थीहरूलाई समूह विभाजन गर्ने र हरेक समूहलाई एउटाएउटा पात्रको भूमिका दिई उपयुक्त ढङ्गले हाउभाउ, गति, यति मिलाएर सस्वरवाचन गर्ने अभ्यास गराउनुहोस् । यसरी सस्वरवाचन गर्दा समूहका अन्य विद्यार्थीहरूलाई पनि पालोपालो मिलाएर उपयुक्त सस्वरवाचन गर्न लगाउनुहोस् ।

(च) सस्वरवाचन गराउँदा कमजोर विद्यार्थीहरूलाई विशेष ध्यान दिनुहोस् । यस क्रममा वाचनमा देखिएका कमी कमजोरीका सम्बन्धमा उपयुक्त पृष्ठपोषण दिई पुनः निराकरणात्मक अभ्यास गराउनुहोस् ।

(छ) सस्वरवाचन क्रियाकलाप समाप्त भएपछि निश्चित समय तोकेर वादविवाद पाठलाई उपयुक्त ढङ्गले मौन पाठन गर्न लगाउनुहोस् ।

(ज) मौनवाचन सकिएपछि निम्न बोध प्रश्नहरू विदार्थीहरूलाई सोधी मैनवाचनबाट भएको बोधको मूल्याङ्कन गर्नुहोस् । जस्तै;

- सुमित्रा ठाकुरले धनभन्दा विद्या ठूलो भन्ने पक्षमा कस्ता तर्क दिएका छन् ?
- धनप्रसाद राइले किन 'धनहीन जीवन निरीह र टीठ लाग्दो हुन्छ' भनेका हुन् ?
- 'धन भनेपछि महादेवका पनि तीन नेत्र' भन्नाले के बुझिन्छ ?

- सागर शर्माले विद्या ठूलो भन्ने पक्षमा कस्ता तर्क दिएका छन् ?

(झ) उपर्युक्त खालका विभिन्न अन्य प्रश्नहरू सोध्नुहोस् र विद्यार्थीहरूलाई सोधिएका प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

(क) क्रियाकलाप साथसाथै निम्न प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :

- तिमी धनप्रसाद राई र सागर शर्मा मध्ये कसका विचारसँग छौ ? किन ?
- धनभन्दा विद्या ठूलो भन्ने पक्षमा तीन तर्क देऊ ।
- विद्याभन्दा धन ठूलो भन्ने पक्षमा तीन तर्क देऊ ।

**गृहकार्य**

पाठ्यपुस्तकको अभ्यासको नं.७ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

---

## पाठ्यवस्तु — शब्दोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग — घन्टी : २

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) निर्दिष्ट शब्दको शुद्ध उच्चारण गर्न,

(ख) पाठमा प्रयोग भएका कठिन शब्दको अर्थ बताउन,

(ग) पाठमा प्रयोग भएका शब्दलाई उपयुक्त वाक्यमा प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

वादविवादका कठिन शब्दहरूको सूची, शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती शब्दकोश, गोजितालिका, फलाटिन-पाटी ।

**शिक्षण क्रियाकलाप**

(क) शिक्षकले सक्षम र कमजोर विद्यार्थी दुवैको सहभागिता हुने गरी वादविवादका एकएक वक्ताका भनाइहरू शुद्ध उच्चारण गरी पढ्न लगाउनुहोस् । यदि विद्यार्थीले सही रूपमा शुद्ध उच्चारणका साथ नपढेमा उदाहरणसहित पढ्ने तरिका बताइदिनुहोस् । यसरी एउटा विद्यार्थीले पढ्दा अरू विद्यार्थीहरूलाई ध्यान दिएर सम्बन्धित अनुच्छेद हेर्न लगाउनुहोस् । त्यसरी हेर्दा आफूलाई कठिन लागेका शब्दहरू सिसाकलमले सङ्केत गर्न लगाउनुहोस् ।

(ख) पाठका सबै अनुच्छेद विभिन्न विद्यार्थीहरूलाई पढ्न लगाउँदा शुद्धसँग उच्चारण नभएमा शुद्ध उच्चारण नभएको शब्द वा वर्णका बारेमा शिक्षकले सही उच्चारण गरेर सुनाई सबै विद्यार्थीलाई सोहीअनुसार सामूहिक उच्चारण गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई कठिन लागेर सङ्केत गरेका शब्द कालोपाटीमा टिप्दै जानुहोस् । यसरी टिपिएका शब्दहरूको शुद्ध उच्चारणका साथै अर्थ बताउन पालोपालो विद्यार्थीहरूलाई नै लगाउनुहोस् । यसरी शब्दार्थ बताउन लगाउँदा पाठ्यपुस्तकमा भएका शब्दार्थको सहयोग लिन पनि भन्नुहोस् ।

(घ) विद्यार्थीहरूले सही शब्दार्थ बताउन नसकेमा विद्यार्थीहरूलाई शब्दकोश हेरी शब्दार्थ पत्ता लगाउन प्रोत्साहित गर्नुहोस् ।

(ङ) विद्यार्थीहरूले बताएका अर्थ वा शब्दकोशबाट पत्ता लगाएको अर्थलाई ठीक भए ठीक भनी प्रोत्साहन दिनुहोस् र ठीक रूपमा नमिलेमा विभिन्न प्रक्रियाद्वारा शब्दार्थ स्पष्ट पारिदिनुहोस् । जस्तै; चित्र देखाउने, परिभाषा बताउने, विपरीतार्थक शब्द दिने, पर्याय शब्द दिने आदि । यसका लागि विभिन्न शब्दपत्ती र शब्दार्थ पत्तीको पनि प्रयोग गर्न सकिन्छ ।

(च) शब्दार्थलाई अझ स्पष्ट पार्न विद्यार्थीहरूलाई विभिन्न शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यसरी शब्दार्थलई वाक्यमा प्रयोग गर्न लगाउँदा कठिन शब्द तथा पाठका अन्य महत्त्वपूर्ण शब्दहरूलाई पनि उपयोग गर्न सकिन्छ ।

(छ) विद्यार्थीहरूले शब्दलाई वाक्यमा प्रयोग गर्दा सही अर्थ नखुलेमा वा वाक्यमा प्रयोग अस्पष्ट भएमा वा सही रूपमा वाक्यमा प्रयोग नभएमा सही रूपमा वाक्यमा प्रयोग गरेर देखाउनुहोस् । यसका लागि शब्दार्थपत्ती र वाक्यपत्तीको सहयोग पनि लिन सकिन्छ ।

(ज) शब्दार्थलाई स्पष्ट पारी वाक्यमा प्रयोग गर्न पनि शब्दकोशको प्रयोग गर्न सकिने कुरा बताएर शब्दकोशको प्रयोग गर्ने बानीको विकास गराउनुहोस् ।

**मूल्याङ्कन**

(क) उच्चारणका दृष्टिले समस्यामूलक शब्दहरू दिई उच्चारण गर्न लगाउनुहोस् । जस्तै;
उद्घोषण, आमन्त्रित, पक्ष, विपक्ष, मनुष्य, संस्कृति, भ्रम, कैयौं, दुःख, निरर्थक, शाश्वत्

(ख) अशुद्ध उच्चारण सुनाएर शुद्ध रूप ठम्याउन लगाउनुहोस् ।

(ग) विभिन्न शब्द दिई अर्थ भन्न लगाउने । जस्तै;
अतिथि, शाश्वत्, साखान्, नेत्र, तर्क, पक्ष, विपक्ष, आर्जन, निरर्थक

(घ) विभिन्न कठिन शब्द दिई तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । जस्तै;
लालसा, सहानुभूति, परिकल्पना, उपादेयता, प्राविधिक, निरुपण, व्यावसायिक, सर्वोपरि, अतिथि

**गृहकार्य**

अभ्यासको ३, ४, ५ नं. गरेर ल्याउन निर्देशन दिनुहोस् ।

---

## पाठ्यवस्तु — वर्णविन्यास (लेख्य चिह्न) — घन्टी : २

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) विभिन्न लेख्य चिह्न चिन्न,

(ख) विभिन्न लेख्य चिह्नहरूको प्रयोग स्थान पहिल्याउन,

(ग) विभिन्न लेख्य चिह्नहरूको सही प्रयोग गर्न ।

## शैक्षिक सामग्री

नामसमेत खुलेका खेल्य चिह्न, चिह्नपत्ती, वाक्यपत्ती, चिह्न प्रयोग भएका वाक्यपत्तीहरू, गोजीतालिका, फलाटिन पाटी ।

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले चिह्नपत्तीका माध्यमले विभिन्न चिह्नहरूको नाम सोध्ने । यसका लागि चिह्नपत्तीको प्रयोग गर्दा गोजितालिका वा फलाटिनपाटीको प्रयोग पनि गर्न सकिन्छ ।

(ख) यसरी लेख्यचिह्न देखाएपछि तिनको प्रयोग भएका विभिन्न वाक्यहरू वनाउन लगाउनुहोस् । विद्यार्थीहरूले भनेका वाक्यहरू शिक्षकले कालोपाटीमा लेखी उक्त वाक्य र लेख्यचिह्नको प्रयोग ठीक भए नभएको सम्बन्धमा अरू विद्यार्थीहरूसँग छलफल गराउने । यदि कुनै विद्यार्थीले ठीक नभएको भनी उत्तर आएमा ठीक प्रयोग कुन हो भनी विद्यार्थीहरूबाटै उत्तर खोज्न लगाउने । यस क्रममा आवश्यकताअनुसार पृष्ठपोषण गर्ने ।

(ग) विद्यार्थीहरूवाट प्राप्त विभिन्न उदाहरण, दृष्टान्त आदिका आधारमा विभिन्न लेख्य चिह्नको प्रयोगका सम्बन्धमा स्पष्ट पारिदिने । यस क्रममा विभिन्न लेख्य चिह्नको प्रयोग गरी एकअर्का लेख्य चिह्न बीच फरकसमेत स्पष्ट पारिदिने । जस्तै;

- प्रश्न चिह्न (?) र पूर्ण विराम चिह्न (।)
- उद्गार (!) र उद्धरण चिह्न "... ..."
- कोष्ठक चिह्न ( ) योजक चिह्न (-)
- अल्पविराम (,) र अर्धविराम (;)
- योजक चिह्न (-) र निर्देश चिह्न (:)

(घ) विभिन्न लेख्य चिह्नहरू कालोपाटीमा लेखी विद्यार्थीहरूलाई तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । ठीक रूपमा प्रयोग नभए सकभर अरू विद्यार्थीवाट त्यसको सही प्रयोग गर्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले अन्य विकल्पहरू पनि दिनुहोस् । जस्तै;

| | |
|---|---|
| सागर | प्रथम भयो । |
| सागर | प्रथम भयो ? |
| सागर | प्रथम भयो ! |

(ङ) त्यस्तै शिक्षकले चिह्न प्रयोग नभएका विभिन्न वाक्यहरू कालोपाटीमा लेखी प्रश्नोत्तर र छलफलका माध्यमवाट ती वाक्यमा प्रयोग हुने उपयुक्त चिह्न पहिल्याउन लगाउनुहोस् ।

(च) लेख्य चिह्नको प्रयोगमा अझ स्पष्ट हुन पाठमा दिइएका विभिन्न चिह्नहरू समूहगत रूपमा सङ्कलन गर्न लगाउनुहोस् । पाठवाट सङ्कलन गरिएका लेख्य चिह्नहरू सूचीकृत गरी पाठको सन्दर्भ वाहेक अन्य सन्दर्भसहित वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यसका लागि विद्यार्थीहरूलाई विभिन्न समूहमा बाँडी निश्चित समय तोकी कसले सवभन्दा चाँडो वढी भन्दा वढी चिह्न सङ्कलन गर्ने भनेर समूह कार्य पनि गराउन सकिन्छ ।

(छ) विभिन्न चिह्न प्रयोगको भिन्नताले वाक्यको अर्थमा आउने फरकलाई विभिन्न उदाहरण दिई स्पष्ट पारिदिने । जस्तै;

रामले आलु खाएछ ।
रामले आलु खाएछ ?
रामले आलु खाएछ !

(ज) एक किसिमको चिह्न प्रयोग भएको वाक्यमा अर्को किसिमको चिह्न प्रयोग गर्न लगाई ती दुई वाक्यको अर्थगतका सम्बन्धमा विद्यार्थीहरूलाई विभिन्न उदाहरण भन्न लगाई ती वाक्यका बारेमा छलफल गराउँदै आवश्यकताअनुसार शिक्षकले थप उदाहरण दिई विभिन्न लेख्य चिह्नको प्रयोगलाई स्पष्ट पारिदिनुहोस् ।

(झ) शिक्षकले उपयुक्त वाक्य वा अनुच्छेद सुनाई त्यसका आधारमा विद्यार्थीहरूलाई उपयुक्त चिह्नको प्रयोग गर्न लगाउन पनि सकिन्छ । यसरी श्रुति रचना गर्दा विद्यार्थीले गरेका कमीकमजोरीका सम्बन्धमा शिक्षकले स्पष्ट पारिदिनुहोस् ।

## मूल्याङ्कन

(क) तलको चिह्नको नाम भन :

?, ; । ; "..." - :

(ख) तलका चिह्न प्रयोग भएका एकएक वाक्य भन्न लगाउनुहोस् ।

?, ; । ; "..." - :-

(ग) विभिन्न लेख्य चिह्न कालोपाटीमा लेखी तिनलाई वाक्यमा प्रयोग गर्न भन्नुहोस् ।

(घ) विभिन्न गलत चिह्न प्रयोग भएका वाक्य दिई तिनमा सही चिह्नको प्रयोग गर्न लगाउनुहोस् ।

(ङ) श्रुतिलेखन गर्न लगाई शुद्धाशुद्धिका आधारमा अङ्क प्रदान गरी प्रथम हुने व्यक्ति घोषणा गर्नुहोस् ।

## गृहकार्य

पाठ्यपुस्तकको व्याकरणको प्रश्न नं.१ र ३ गरेर लगाउन निर्देशन दिनुहोस् ।

---

## पाठ्यवस्तु — व्याकरण (आदरको प्रयोग) — घन्टी : १

## उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरूले नेपाली भाषामा प्रयोग हुने विभिन्न आदरहरूको प्रयोग गर्न सक्नेछन् ।

## शैक्षिक सामग्री

विभिन्न शब्दपत्ती, शब्दयुग्मपत्ती, वाक्यपत्ती, विभिन्न आदर भएका वाक्यहरूको सूची ।

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले केही विद्यार्थीहरूलाई विभिन्न आदरसूचक र आदररहित वाक्यहरू भन्न निर्देशन दिने । यसरी विद्यार्थीहरूवाट भनिएका वाक्यहरू शिक्षकले कालोपाटीमा टिप्दै जाने । यसरी टिप्दा एकै प्रकारका वाक्य नदोऱ्याई फरकफरक आदरको प्रयोग भएका वाक्य टिप्ने ।

(ख) यसरी टिपिएका वाक्यमा प्रयोग भएको आदरको सूची तयार गर्न लगाउने । उक्त सूचीलाई तलको सूचीसँग तुलना गर्न लगाउनुहोस् ।

| क्र.सं. | आदरको स्थिति | सर्वनाम |
|---|---|---|
| १. | आदररहित | तँ, यो, त्यो, ऊ |
| २. | मध्य आदर | तिमी, यी, ती, यिनी, तिनी, उनी |
| ३. | औपचारिक आदर | तपाईं |
| ४. | उच्च आदर | उहाँ, यहाँ |
| ५. | विशेष आदर | आफू |
| ६. | उच्चतर आदर | हजुर |
| ७. | उच्चतम आदर | मौसुफ सरकार |

ग) क्रियाकलाप नं. 'क' र 'ख' का सूचीका आधारमा विद्यार्थीहरूलाई विभिन्न आदरका वाक्यहरू प्रयोग गर्न लगाउने । यस क्रममा विभिन्न भूमिका निर्वाह गर्न लगाएर विद्यार्थीहरूलाई विभिन्न आदरहरूको प्रयोग गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई विभिन्न आदर प्रयोग भएका वाक्यहरू दिई तिनलाई अन्य आदरमा परिवर्तन गर्न लगाउनुहोस् । जस्तै;

- अव सुमित्रा ठाकुर वोल्छिन् । (उच्च आदर)
- हामीले भुल गर्‍यौं । (तृतीय पुरुष)
- म उनलाई बोलाउँछु । (वहुवचन)
- तपाईंले के विर्सनु भयो ? (आदररहित)

(ङ) विद्यार्थीहरूले वाक्य परिवर्तन गर्दा अलमलिएमा वा द्विविधा देखिएमा थप विभिन्न उदाहरण दिएर तथा उनीहरूलाई त्यस्ता वाक्यमा वढी प्रयोग गर्न लगाएर स्पष्ट पारिदिनुहोस् ।

**मूल्याङ्कन**

(क) विभिन्न वाक्यहरू दिएर विभिन्न प्रकारका आदरका आधारमा वाक्य निर्माण र परिवर्तन गर्न लगाउनुहोस् । जस्तै;

मध्यम आदर ... ... ...
आदररहित ... ... ...
उच्चतम आदर ... ... ...

**गृहकार्य**

व्याकरणको प्र.नं.५ र ६ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

---

## पाठ्यवस्तु — वादविवाद कार्यक्रम आयोजना — घन्टी : १

**उद्देश्य**

यस पाठको अन्तयमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) वादविवाद कार्यक्रम सञ्चालन प्रक्रिया वताउन,

(ख) विभिन्न भूमिकाका साथ वादविवादमा भाग लिन ।

**शैक्षिक सामग्री**

घडी, घन्टी, कागज, कलम आदि ।

## शिक्षण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई अघिल्लो दिन नै वादविवादको विषय दिई उक्त वादविवाद प्रतियोगिता सञ्चालन विद्यार्थीहरूबाट नै सञ्चालन गर्न निर्देशन दिनुहोस् । जस्तै;

विषय : **छोरीलाई विद्या दिनु कि अंश**

**विद्यार्थीको भूमिकाहरू**

उद्घोषक - सागर
सभापति - सिर्जना
प्रमुख अतिथि - प्र.अ.
निर्णायक वर्ग - शिक्षकहरू
कार्यक्रम व्यवस्थापकहरू : सुजन, सुरेश, सुस्मिता

(ख) क्रियाकलाप नं. (क) मा अनुसार जिम्मा दिइएको भूमिकाअनुसार विद्यार्थीहरू स्वयम्लाई कार्यक्रम व्यवस्थापन गर्न लगाई वादविवाद कार्यक्रम सञ्चालन गर्न लगाउने । मूल्याङ्कनकर्ताको भूमिका भने शिक्षकले गरिदिनुहोस् । विद्यार्थीहरूलाई कार्यक्रम सञ्चालन गर्न निम्नानुसारको व्यवस्थापन गर्न निर्देशन दिने ।

१. सहभागीहरू चयन गर्ने
   पक्ष - १. ... ... ... ... २. ... ... ... ...
   विपक्ष - १. ... ... ... ... २. ... ... ... ...
२. समय र नियम बनाउने । जस्तै;
   - वादविवाद कार्यक्रममा हरेक वक्ताले ५ मिनेट समय पाउने छ ।
   - चार मिनेट बितेपछि सङ्केतको घन्टी बज्ने छ ।
   - सङ्केतको घन्टी बजेपछि आफ्नो भनाइको समाप्तितर्फ लानु पर्नेछ ।
   - आफ्ना भनाइमा अरूलाई आक्षेप लगाउनु हुँदैन ।
३. उद्घोषक, समय हेर्ने, घन्टी बजाउने गर्नका लागि पनि विद्यार्थीहरूलाई नै जिम्मेवार बनाउने ।

(ग) सबै विद्यार्थीहरूलाई आ-आफ्नो भूमिका निर्वाह गरी वादविवाद कार्यक्रम सञ्चालन गर्न लगाउने । कार्यक्रम सञ्चालन गर्दा बीचबीचमा पृष्ठपोषण शिक्षकले दिने ।

(घ) वादविवाद प्रतियोगिता सञ्चालन भएपछि मूल्याङ्कनको नतिजा शिक्षकले बताउने । त्यसपछि वादविवाद सञ्चालन गर्दा ध्यान दिनु पर्ने थप कुरा भए, कुनै सुधार गर्नुपर्ने पक्ष भए त्यसका बारेमा पनि शिक्षकले थप स्पष्ट पारिदिने ।

(ङ) मुख्य अतिथिका रूपमा प्र.अ.लाई कार्यक्रमको समीक्षा गर्न लगाई विद्यार्थीको कार्यलाई थप उत्प्रेरणा प्रदान गर्न अनुरोध गर्ने ।

## मूल्याङ्कन

(क) मूल्याङ्कन कार्य कार्यक्रम सञ्चालन सँगसँगै गर्ने । त्यस्तै समग्रमा वादविवाद कार्यक्रम कस्तो रह्यो ? विद्यार्थीहरूलाई मूल्याङ्कन गर्न लगाउने र अझ राम्रो गर्न के गर्न सकिएला भन्ने छलफल गरी निष्कर्षमा पुग्न लगाउने । शिक्षकले आवश्यक सहयोग गर्नुहोस् । अन्त्यमा आवश्यक सुझाव दिनुहोस् ।

## गृहकार्य

तलका वादविवादका शीर्षकको बारेमा एक वक्ताले बोल्ने वादविवाद लेखी ल्याउन निर्देशन दिनुहोस् ।

(क) विज्ञान वरदार कि अभिशाप
(ख) बल ठूलो कि बुद्धि

| पाठ : १७ | विश्वेश्वरप्रसाद कोइराला | जम्मा घन्टी : ८ |
|---|---|---|

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शबदोच्चारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | पठनबोधसम्बन्धी प्रश्नोत्तर | २ |
| ४. | व्याख्या | १ |
| ५. | जीवनी लेखन | १ |
| ६. | व्याकरण (भाव) | २ |

## पाठ्यवस्तु — सस्वरपठन र शब्दोच्चारण — घन्टी : १

### उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) "विश्वेश्वरप्रसाद कोइराला" जीवनीका निर्दिष्ट अनुच्छेदहरूको सस्वर पठन गर्न,

(ख) पाठनमा प्रयुक्त कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

विश्वेश्वरप्रसाद कोइरालाको फोटो, कठिन शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका ।

### शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले निर्धारित पाठको निर्दिष्ट अनुच्छेदहरू गति, यति मिलाई आदर्श सस्वरपाठन गर्नुहोस् । शिक्षकले गरेको नमुना सस्वरपठनअनुसार कक्षामा सक्षम र कमजोर दुवैखाले विद्यार्थीलाई पालैपालो सस्वरपठन गर्न लगाउनुहोस् । विद्यार्थीले ठीक ढङ्गले सस्वरवाचन नगरेमा गल्ती भएको क्षेत्र निर्देश गरी उपयुक्त वाचनका लागि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ख) निर्धारित पाठका कठिन शब्दहरू शुद्ध र स्पष्ट उच्चारण गर्न सिकाउन शिक्षकले निर्दिष्ट अनुच्छेदमा रहेका कठिन शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गरेर देखाउनुहोस् । यसपछि विद्यार्थीलाई पनि कठिन शब्दका शुद्ध र स्पष्ट उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा कक्षाका विद्यार्थहिरूलाई समूहमा विभाजन गरी एक समूहवाट गरिएको शब्दोच्चारण सही भए नभएको अर्को समूहलाई भन्न लगाउन सकिन्छ । आवश्यकताअनुसार शिक्षकले सहयोग गर्नुहोस् ।

(ग) शुद्ध उच्चारणको अभ्यास गराउँदा शब्द, वाक्यांश, वाक्य र अनुच्छेदसम्म उच्चारण गर्न लगाई अभ्यास गराउन सकिन्छ ।

## मुल्याङ्कन

(क) विद्यार्थीहरूलाई निर्दिष्ट पाठका अनुच्छेद तोकी सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) पठित पाठका कठिन शब्दहरूको शुद्ध स्पष्ट उच्चारण गर्न लगाउनुहोस् ।

(ग) अभ्यासको प्रश्न नं.३ गर्न लगाउनुहोस् ।

## गृहकार्य

पाठका निर्दिष्ट अनुच्छेदहरूको सस्वरवाचन एवम् कठिन शब्दोच्चारण अभ्यास गरी आउन निर्देशन दिनुहोस् ।

---

## पाठ्यवस्तु — शब्दभण्डार — घन्टी : १

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन,

(ख) पाठमा प्रयोग भएका शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ।

## शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका ।

## शिक्षण क्रियाकलाप

(क) शब्दभण्डार शिक्षण गर्दा पाठका निश्चित अनुच्छेद मौन रूपमा पढ्न लगाउने । यसरी मौन पठन गर्दा कठिन लागेका शब्द कपीमा टिप्न लगाउने । ती कठिन शब्दको अर्थ पाठमा गाढा अक्षरमा रहेका शब्द भए तिनको अर्थ सम्बन्धित पृष्ठको अन्त्यमा हेर्न र बुझ्न प्रोत्साहित गर्ने, अर्थ नबुझेमा शिक्षकसँग सोध्न निर्देशित गर्ने । यदि कठिन शब्दार्थका रूपमा पाठमा नदिएको भए त्यसरी विद्यार्थीबाट टिपिएका शव्दहरू कालोपाटीमा टिपेर विद्यार्थीबीच सामूहिक छलफलद्वारा शब्दार्थ स्पष्ट पार्न लगाउने । विद्यार्थीबाट उपयुक्त उत्तर प्राप्त नभएमा शिक्षकले सहयोग पुऱ्याउने । जस्तै, विवश, अग्रणी, सङ्घर्षमय तीव्र, अभिष्ट, अभ्युदय, समवेदना आदि ।

(ख) शब्दार्थ शिक्षणका क्रममा कतिपय शव्दको अर्थलाई स्पष्ट पार्न वाक्यमा प्रयोग गराउने क्रियाकलापले सहयोग पुऱ्याउने हुँदा वाक्यमा प्रयोग गर्न लगाउने । जस्तै;

अनसन, घुलमिल, मिजासिलो, राजनेता आदि ।

(ग) शब्दार्थ शिक्षणका क्रममा सिङ्गो शब्दको मात्र शिक्षण अपूरो हुनसक्छ । तसर्थ पाठमा रहेका निम्ननानुसारका शब्दावलीहरू खोज्न लगाई तिनीहरूको अर्थ बुझ्न प्रेरित गर्नुहोस् । जस्तै;

पाइनसक्नु व्यक्तित्व, प्रजातान्त्रिक चरित्र, अग्रणी भूमिका, मुक्तिको बाटो, सुखमय जीवन, भद्र अवज्ञा आन्दोलन र सत्याग्रह, स्पष्ट राजनीतिक दर्शन बाटो पहिल्याउनु आदि ।

(घ) पाठमा रहेका उच्चारणका दृष्टिले कठिन शब्दहरूको शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । जस्तै; त्रिवेणी, अभिप्रेरित, विशिष्ट, दृष्टिकोण, आत्मीय, उत्तीर्ण, कृति, सपूत आदि ।

**मूल्याङ्कन**

(क) केही शब्दहरू दिई अर्थ भन्न लगाउने ।

(ख) प्रयोगशील केही शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउने ।

(ग) केही शब्दहरूको शुद्ध उच्चारण गर्न लगाउने ।

**गृहकार्य**

(क) पाठ्यपुस्तकको अभ्यासको प्र.नं.२ र ३ अभ्यास गरेर आउने निर्देशन दिनुहोस् ।

(ख) पाठ्यपुस्तकको अभ्यासको प्र.नं.४ र ५ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

---

**पाठ्यवस्तु** **पठनबोधसम्बन्धी प्रश्नोत्तर** **घन्टी : २**

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) "विश्वेश्वरप्रसाद कोइराला" जीवनीका निर्धारित अनुच्छेदहरूबाट सोधिएका बोध प्रश्नहरूको उत्तर दिन,

(ख) तोकिएका अनुच्छेदहरूको सार भन्न ।

**शैक्षिक सामग्री**

प्रश्नसूची, गोजीतालिका, फलांटेन बोर्ड आदि ।

**शिक्षण क्रियाकलाप**

(क) प्रस्तुत पाठबाट खास अनुच्छेद वा गद्यांशको छनोट गरी विद्यार्थीहरूलाई सो अनुच्छेदको विषयवस्तु बुझ्ने गरी मौनवाचन गर्न लगाउने । यसो गर्दा अनुच्छेदको लम्बाइ र विद्यार्थीको पठन गतिलाई ध्यान दिई समयसमेत तोक्न उपयुक्त हुन्छ ।

(ख) विद्यार्थीहरूले तोकिएको अनुच्छेद वा गद्यांश पढिसकेपछि पहिले नै तयार पारिएको बोध प्रश्नहरू उनीहरूलाई सोधी प्रश्नोत्तर गराउने । जस्तै;

**अनुच्छेद :**

नेपाल आमाका महान् सपूत र हरेक वर्गका जनताका मित्र विश्वेश्वरप्रसाद कोइरालाको मृत्यु वि.सं.२०३९ साल साउन ६ गते काठमाडौंमा भयो । उनको निधनमा स्वदेश तथा विदेशका जनता एवम् राजनेताहरूले शोकाकुल हुँदै समवेदना व्यक्त गरेका थिए । उनको निधनबाट नेपालका एक सफल राजनीतिक चिन्तक, कुशल साहित्यसृष्टा तथा आत्मीय राजनेताको अवशान भएको अनुभव गरिँदैछ ।

**बोध प्रश्न :**

१. विश्वेश्वरप्रसाद कोइरालाको निधन कहिले भएको हो ?

२. विश्वेश्वरप्रसाद कोइरालाको निधनले कसकसलाई शोकाकुल बनायो ?

३. विश्वेश्वरप्रसाद कोइरालालाई नेपाल आमा र नेपाली जनताका कस्ता व्यक्तिका रूपमा लिइन्छ ?

४. विश्वेश्वरप्रसाद कोइरालाका प्रमुख तीन योगदान उल्लेख गर ।

(ख) पाठको कुनै अनुच्छेद दिएर त्यसको सारांश लेख्ने अभ्यास गराउनुहोस् । जस्तै;

विश्वेश्वरप्रसाद कोइराला वाल्यकालदेखि नै गम्भीर स्वभावका थिए । सभा समारोहमा भाग लिने नारा जुलुसमा सम्मिलित हुने, पत्रपत्रिका पढ्न कार्य राख्ने, विभिन्न प्रतियोगिताहरूमा सहभागी वन्ने र तर्कपूर्ण ढङ्गले आफ्ना कुरा प्रस्तुत गर्ने स्वभावले गर्दा साथीभाइका माझ उनी छिट्टै घुलमिल हुनसक्दथे । यही स्वभावले गर्दा पनि उनलाई राजनीतिमा प्रवेश गर्न सजिलो भयो ।

**प्रमुख बुँदाहरू**

- वाल्यकालदेखि नै गम्भीर
- सभा समारोह, नाराजुलुस र प्रतियोगिताहरूमा सहभागिता
- पत्रपत्रिका पढ्ने रुचि
- तार्किकता
- राजनीतिमा प्रवेश गर्न सजिलो

**सारांश :**

विश्वेश्वरप्रसाद कोइरालाको गम्भीरता, सार्वजनिक एवम् प्रतियोगितात्मक कार्यमा सक्रियता, पढ्नमा रुचि, तार्किकता र घुलनशीलता जस्ता स्वभावले उनलाई राजनीतिमा प्रवेश गर्न सजिलो भएको हो ।

## मूल्याङ्कन

(क) विभिन्न अनुच्छेदबाट बोध प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् ।

(ख) विभिन्न अनुच्छेद दिई त्यसको सारांश लेख्न लगाउनुहोस् ।

## गृहकार्य

पाठ्यपुस्तकको प्रश्न नं.६ को उत्तर लेखी ल्याउन निर्देशन दिनुहोस् ।

---

**पाठ्यवस्तु** **व्याख्या** **घन्टी : १**

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू विश्वेश्वरप्रसाद कोइराला जीवन पाठका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न सक्षम हुनेछन् ।

## शैक्षिक सामग्री

विशिष्ट पङ्क्तिहरूको नमुना, फलाटिन पाटी ।

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले पाठबाट विशिष्ट पङ्क्तिहरू छानेर तिनको व्याख्याका लागि आवश्यक बुँदाका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् । जस्तै;

विशिष्ट पङ्क्तिको नमुना :

- विश्वेश्वरप्रसाद कोइराला राष्ट्रियता, प्रजातन्त्र र समाजनवादका त्रिवेणी हुन् ।
- विश्वेश्वरप्रसाद कोइराला साहित्यकार र राजनीतिज्ञ नेता मात्र थिएनन्, चिन्तक पनि थिए ।
- सम्पूर्ण देशको विकास र उन्नति नै हाम्रा अभीष्ट लक्ष्य हो ।
- साहित्य र राजनीति दुवै क्षेत्रमा उनको नाउँ अमर छ ।

व्याख्या के कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा विद्यार्थीहरूसँगको छलफलबाट प्राप्त बुँदाहरू उपयुक्त भए तिनलाई समेत समावेश गरी शिक्षकले व्याख्याको परिचय बारेमा स्पष्ट पारिदिने । जस्तै;

> सामान्यतया व्याख्या भनेको सूक्तिमय वाक्यको मूल भाव पत्रेर त्यसलाई पुष्टि गर्नु हो । यसमा उदाहरण, तर्क आदिका माध्यमबाट भावको विस्तार गरिन्छ । भावको व्याख्या गर्दा सम्बन्धित विधाको स्वरूप र प्रकृतिअनुसार सन्दर्भ, प्रसङ्ग तथा भाव वा आशयको विस्तार गरिन्छ ।
>
> सामान्य व्याख्या र सप्रसङ्ग व्याख्यामा अलि भिन्नता रहेको हुन्छ । सप्रसङ्ग व्याख्यामा प्रसङ्गसहित गरिने व्याख्या हो । यसमा अलि औपचारिक रूपमा व्याख्या गरिन्छ । लेखक, शीर्षक, विधा, प्रसङ्गसहित व्याख्या गर्नु सप्रसङ्ग व्याख्या हो । तर सामान्य व्याख्यामा पङ्क्तिको मूल आशय नबिग्रने गरी भाव विस्तार गर्न केही स्वतन्त्रता रहेको हुन्छ । व्याख्यामा मूलतः विशिष्ट पङ्क्तिको विषयवस्तु र संरचनाको व्याख्या गरिन्छ । व्याख्या गर्दा सम्बन्धित पङ्क्तिले व्यक्त गर्न खोजेको भाव वा आशयलाई स्पष्ट गर्ने काम गरिन्छ । उक्त पङ्क्तिमा लुकेर रहेको वा गहन अर्थलाई स्पष्ट पार्ने काम गरिन्छ ।

व्याख्याको परिचय एवम् प्रक्रियाका बारेमा स्पष्ट पारेपछि सोअनुसार माथि व्याख्याका लागि दिइएका पङ्क्तिमध्ये कुनै एउटा पङ्क्ति दिई विद्यार्थीहरूलाई व्याख्या गर्न लगाउनुहोस् । विद्यार्थीहरूबाट गरिएको व्याख्या सुनाउन लगाई त्यसमा थप गर्नुपर्ने बुँदाहरूका सम्बन्धमा विद्यार्थीबीच छलफल गराई व्याख्यालाई अन्तिम रूप दिनुहोस् ।

(ख) पाठबाट मार्मिक वा महत्त्वपूर्ण पङ्क्ति छान्न लगाई तीमध्ये केहीको व्याख्यासमेत गर्न लगाई व्याख्याका लागि थप अभ्यास गराउनुहोस् ।

## मूल्याङ्कन

(क) पाठबाट कुनै एक पङ्क्ति दिई त्यसको व्याख्या गर्न लगाउने ।

(ख) पाठबाट विशिष्ट पङ्क्ति छान्न लगाई कुनै एकको व्याख्या गर्न लगाउने ।

## गृहकार्य

पाठको अभ्यासको प्रश्न नं.७ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) पठित जीवनीका आधारमा ख्याती प्राप्त व्यक्तिका जीवनी सिलसिला मिलाई भन्न र लेख्न ।

## शैक्षिक सामग्री

ख्याति प्राप्त व्यक्तिका जीवनीका मुख्यमुख्य घटनाहरूको टिपोट, फलाटिन पाटी ।

## शिक्षण क्रियाकलाप

(क) विद्यार्थीहरूसँग राष्ट्रिय तथा स्थानीयस्तरमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिको नामको सूची सङ्कल गर्न लगाउनुहोस् ।

(ख) प्रस्तुत सूचीबाट कुनै दुईओटा नाम छनोट गरी तिनका बारेमा बुँदागत रूपमा चर्चा परिचर्चा गर्नुहोस् ।

(ग) प्राप्त बुँदाका आधारमा जीवनी लेख्न लगाउनुहोस् । उदाहरणका लागि तल नेपालका विख्यात कुटनीतिज्ञ, प्रशासक र साहित्यकार प्राध्यापक, यदुनाथ खनालको जीवनीका महत्त्वपूर्ण बुँदा दिइएको छ ।

| | | |
|---|---|---|
| जन्म | : | वि.सं.१९७० साउन २८ गते |
| जन्म थलो | : | गण्डकी अञ्चल, तनहुँ जिल्लाको मानुङ |
| मातापिता | : | नरनाथ खनाल र तारादेवी खनाल |
| विवाह | : | वि.सं.१९८३ (कमलादेवीसँग) |
| शिक्षा | : | वनारस विश्वविद्यालयबाट संस्कृतमा मध्यमा, कलकत्ता विश्वविद्यालयबाट अङ्ग्रजी साहित्यमा स्नातकोत्तर |
| प्राध्यापन | : | त्रिचन्द्र कलेजमा (वि.सं.१९९९ - २०१२ सम्म) |

**सरकारी सेवामा प्रवेश :**

१. प्रधानमन्त्री सचिवालयका प्रमुख स्वकीय सचिवका रूपमा (वि.सं.२०१३) परराष्ट्र सचिव (२०१७ - २०१९ र वि.सं.२०२४ - २०२७)
२. भारतमा राजदूत - वि.सं.२०१९ - २०२४
३. त्रि.वि. सेवा आयोगको अध्यक्ष - वि.सं.२०२९
४. संयुक्त राज्य अमेरिकाको राजदूत - वि.सं.२०३० - २०३२
५. लोक सेवा आयोगका अध्यक्ष - वि.सं.२०३२ - २०३५
६. चीनमा राजदूत - वि.सं.२०३५ - २०३९
७. परराष्ट्र मामिला सल्लाहकार - २०४८

**कृतिहरू :**

१. रिफ्लेक्सन अन नेपाल इन्डिया रिलेसन्स स्ट्रे थट्स, नेपाल ट्रान्जिसन फ्रम आइसोलेसनिज्म, एसेज अफ नेपाल फरेन एफेयर्स, महाकवि लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र भूपि शेरचनको विश्लेषणात्मक परिचय (अङ्ग्रेजीमा)
२. समालोचनाको सिद्धान्त, साहित्यक चर्चा, सूक्ति सञ्चय

३. अनुवाद - शिशुपाल बधको २१ औं सर्ग, भामिनी विलाश

**पदक, पुरस्कार र सम्मा :**

गोरखा दक्षिणवाहु प्रथम, त्रिशक्तिपट्ट प्रथम, नेपाल श्रीपद द्वितीय, डाक्टर अफ ल (अमेरिका)

- सरदार उपाधि (२०३३) सम्मानार्थ
- स्नातकोत्तर महाविद्यावारिधि २०५४ त्रि.वि.
- आदिकवि भानुभक्त पुरस्कार
- गण्डकी सामाजिक गुठीद्वारा अभिनन्दित २०५६

मृत्यु : ९२ वर्षको उमेरमा - २०६१ असोज १६ गते ।

## मूल्याङ्कन

(क) कक्षामा छलफल भएका व्यक्तित्वमध्ये कुनै एक व्यक्तित्वका बारेमा प्रश्नहरू सोध्नुहोस् ।

(ख) माथिको जीवनी लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

## गृहकार्य

पाठको सिर्जनात्मक अभ्यासका प्रश्न नं. क र ख गरी लिएर आउन निर्देशन दिनुहोस् ।

---

## पाठ्यवस्तु — व्याकरण (भाव) — घन्टी : २

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) भाव र यसका प्रकारहरूको सामान्य परिचय दिन,

(ख) भावअनुसारका वाक्यहरूको प्रयोग गर्न ।

## शैक्षिक सामग्री

विभिन्न भावसँग सम्बन्धित वाक्यहरूको सूची, भाव र तिनका उदाहरणसम्वन्धी तालिका फलाटिन बोर्ड ।

## शिक्षण क्रियाकलाप

(क) शिक्षकले विश्वेश्वरप्रसाद कोइराला जीवनी पाठको व्याकरण खण्डको १ नं. मा दिइएका उदाहरणहरू प्रस्तुत गरी भाव सम्बन्धमा विद्यार्थीहरूसँग आवश्यक छलफल गर्नुहोस् ।

| (क) सामान्यार्थ | (ख) आज्ञार्थक | (ग) इच्छार्थ | (घ) सम्भावनार्थ | (ङ) सङ्केतार्थक |
|---|---|---|---|---|
| अनिल पाठ पढ्छ ।<br>सत्यको जीत हुन्छ ।<br>जनआन्दोलन भयो ।<br>दसैं आयो ।<br>सौगात छिट्टै आउँछ । | काम गर ।<br>तँ छिट्टै आइजा ।<br>भुइँमा नवस ।<br>तिमीहरू घर जाओ ।<br>छुट्टीमा खेल खेल । | विद्यार्थीहरू पढ्न सवैको कल्याण होस् ।<br>भगवान्ले बुद्धि दिऊन् ।<br>अन्न धेरै उब्जियोस् तिम्रो कीर्ति फैलियोस् । | दसैंमा छोरा आउला ।<br>आज पानी पर्ला ।<br>बहिनी पर्सि फर्कलिन् ।<br>भाइले पुस्तक किन्ला ।<br>पत्रिका भोलि निस्कला । | पानी परेपछि खोलो बढ्छ ।<br>पढेपछि उत्तीर्ण होइन्छ ।<br>कुहिरो लागेमा पानी पर्छ ।<br>मिहिनेत नगरे फेल भइन्छ ।<br>पानी परेमा जाडो हुन्छ । |

(ख) दिइएको उदाहरणका आधारमा विद्यार्थीसँग छलफल गरिसकेपछि तिनै उदाहरणलाई आधार मानेर भावको परिचय दिनुहोस् । जस्तै;

वाक्यमा वक्ताको सामान्य, आज्ञा, इच्छा, सम्भावना र सङकेतसम्बन्धी मानसिक प्रतिक्रियालाई बुझाउने क्रियापदको अर्थलाई भाव भनिन्छ । जस्तै;

१. सामान्यार्थ :

हो वा होइन भन्ने सामान्य मनोभाव व्यक्त गर्ने, भावलाई सामान्यार्थ भनिन्छ । जस्तै;

ऊ मेरा भाइ हो । म दसैँमा घर जान्छु ।

२. आज्ञार्थ :

आज्ञा, आदेश, अनुरोध व्यक्त गर्ने भावलाई आज्ञार्थ भनिन्छ । जस्तै;

राम्रोसँग काम गर । यो पाठ पढ । गृहकार्य गरेर ल्याऊ ।

३. इच्छार्थ :

मनका इच्छा आकाङ्क्षा व्यक्त गर्ने भाव । जस्तै;

तिमी ठूलो मानिस हुन् । तैँले राम्रो काम गरेस् ।

४. सम्भावनार्थ : सम्भावना, अनिश्चय आदि बुझाउने भाव । जस्तै;

हामी सबै घर जाने होला । उसले भनेको होला । त्यो काम सकिएला ।

५. सङ्केतार्थ : कारण र कार्यको सङ्केत गर्ने भाव । जस्तै;

काम गर्दै भए बाधा नगर । रक्सी नखाएको भए राम्रै भयो ।

(ग) एउटै वाक्य वा भनाइलाई लिएर सामान्य कथन, आज्ञा, इच्छा, सम्भावना, सङकेत बुझाउने वाक्यात्मक स्वरूप देखाई त्यस्ता वाक्यका भिन्नताका माध्यमबाट भावका विभिन्न स्वरूपलाई स्पष्ट पार्नुहोस् । यसका लागि विद्यार्थीहरूबाटै उदाहरण भन्न लगाई ती वाक्यहरू ठीक भए नभएको छलफल गरी निष्कर्ष निकाल्नुहोस् ।

(घ) पाठको व्याकरण अभ्यासको प्रश्न नं. २ गर्न लगाई छलफल गराउनुहोस् ।

## मूल्याङ्कन

(क) विभिन्न भाव बुझाउने वाक्यहरू दिई ती वाक्यहरू छान्न लगाउनुहोस् ।

(ख) विभिन्न भावका वाक्यहरू दिई ती वाक्यलाई अन्य भाव भएका वाक्यमा परिवर्तन गर्न लगाउनुहोस् ।

## गृहकार्य

सबै भावको प्रयोग गरी पाँचपाँचओटा वाक्य लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| पाठ : १८ | घर झगडा | जम्मा घन्टी : ८ |
|---|---|---|

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोचारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | वर्णविन्यास | १ |
| ४. | बोध | २ |
| ५. | व्याख्या | १ |
| ६. | व्याकरण | २ |

## पाठ्यवस्तु — सस्वरपठन र शब्दोच्चारण — घन्टी : १

### उद्देश्य

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) निर्दिष्ट अनुच्छेदहरूको गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) उच्चारणका दृष्टिले कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

उच्चारणका लागि कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका, फलाटिन पाटी आदि ।

### शिक्षण क्रियाकलाप

(क) शिक्षकले 'घर झगडा' कथाको सङ्क्षिप्त चर्चा गर्दै पाठप्रति विद्यार्थीहरूको ध्यानाकर्षण गराउने र आजको पाठमा गरिने कार्यहरूको समेत जानकारी दिने ।

(ख) शिक्षकले सस्वरवाचनका लागि अनुच्छेदहरू तोकिदिई (उदाहरणका लागि यस पाठका सुरुका दुई अनुच्छेद लिऊँ) आफूले ती अनुच्छेदको नमुना वाचन गरी कथामा सुनाउने र सो क्रममा विद्यार्थीहरूलाई निर्धारित अनुच्छेदहरू हेर्दै ध्यान दिएर सुन्न निर्देशन दिने ।

(ग) शिक्षकले नमुना वाचन गरिसकेपछि दुई तीनजना राम्रो वाचन गर्न सक्ने विद्यार्थीहरू छानी ती अनुच्छेदहरू आफूले जसरी नै सस्वर पढेर सुनाउन लगाउने । यस प्रकारको अनुकरण वाचन सकिएपछि प्रश्नोत्तर र छलफलसमेत गराउँदै वाचनमा देखिएका त्रुटिहरू औंल्याउँदै सम्पूर्ण विद्यार्थीहरूलाई तिनप्रति सचेत तुल्याउने ।

(घ) शिक्षक आफैँवाट वा कुनै राम्रो विद्यार्थीबाट उपर्युक्त अनुच्छेदहरूको नमुना सस्वरवाचन प्रस्तुत गरी/गराई सोअनुसार कक्षाका विद्यार्थीहरूलाई आलोपालो गरी वाचनको अभ्यास गराउने । आवश्यक परे समूह तथा पूरै कक्षालाई समवेत वाचनसमेत गराई पटक-पटक अभ्यास गराउने ।

(ङ) सस्वरवाचनको अभ्यास गराउँदा सस्वरपठन गर्ने विद्यार्थी वा समूहले पढेको अन्य विद्यार्थी वा समूहलाई ध्यान दिएर सुन्न लगाउने र गल्ती पढेमा त्यसलाई ठम्याई शुद्ध रूप पहिल्याउनसमेत प्रोत्साहन दिने । विद्यार्थीहरूलाई कठिन भएका ठाउँमा शिक्षक आफैँले शुद्ध पठन गरी अभ्यास गराउने ।

(च) विद्यार्थीहरूले शुद्ध उच्चारण गर्न नसकेका शब्दहरूको शब्दपत्तीसमेत प्रयोग गर्दै शिक्षकले पुनः उच्चारण गरेर सुनाई त्यसैअनुसार पटक-पटक अभ्यास गराउने ।

**मूल्याङ्कन**

(क) पाठका खास-खास अनुच्छेदहरू सस्वर पठन गर्न लगाउने ।

(ख) विभिन्न प्रकारका शब्दहरू दिई उच्चारण गर्न लगाउने ।

---

**पाठ्यवस्तु** **शब्दभण्डार** **घन्टी : १**

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ भन्न,

(ख) उक्त शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

(ग) पाठमा भएका उखानटुक्काहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी आदि ।

**शिक्षण क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई मौनरूपमा पाठ पढ्न लगाई कठिन शब्द खोजेर भन्न लगाउने । पाठमै दिइएका शब्दहरूको अर्थ सम्बन्धित पृष्ठमा नै हेर्न र बुझ्न लगाउने र आवश्यक परे शिक्षकले मद्दत गर्ने । ती वाहेकका कठिन शब्दहरू भने शिक्षकले कालोपाटीमा टिप्दै जाने ।

(ख) उपर्युक्तअनुसार टिपिएका शब्दहरूको अर्थ क्रमसँगै पहिले विद्यार्थीहरूलाई नै सोध्ने र विद्यार्थीहरूवाट ठीक उत्तर आउन नसके मात्र शिक्षकले शब्द तथा अर्थपत्तीको समेत सहयोग गरी शब्दको अर्थ बताई दिने । शब्दको अर्थ बताउँदा शब्दार्थ शिक्षणका शब्दको किसिम हेरी उपयुक्त विधिहरू अपनाउने । उदाहरणका लागि गलहत्ती, हुत्याउनु जस्ता शब्दहरूको अर्थ बताउन नाटकीकरण विधि जति प्रभावकारी हुन्छ, त्यति अरू हुँदैन ।

(ग) शब्दार्थ शिक्षण गर्दा कठिन शब्दको प्रकृति हेरी शब्दभण्डार विकासमा मद्दत पुऱ्याउने अन्य क्रियाकलापहरूको पनि उपयोग गर्दै जाने जस्तै, विपरीतार्थी, रूप, लघुवाची रूप, श्रुतिसमभिन्नार्थक रूप पहिल्याउने आदि ।

(घ) शब्दार्थ शिक्षण गर्दा कतिपय शब्दहरूको बनोट तरिका देखाएर बुझाउँदा विद्यार्थीहरूले सजिलै अर्थ पक्डन सक्छन् । साथै यसबाट शब्दहरू कसरी निर्माण हुँदा रहेछन् र कुनै खास शब्द कसरी बनेको रहेछ भन्ने धारणा समेत स्पष्ट हुँदै जान्छ । नायबी, कमलपित्त, ढालतरवार, मानवता, मातृत्व जस्ता शब्दहरू शिक्षण गर्दा यो तरिका पनि अपनाउनु उपयुक्त हुन सक्छ ।

(ङ) यस पाठमा विभिन्न टुक्काहरूको पनि प्रयोग भएको छ । टुक्काको शिक्षण गर्दा उपयुक्तता हेरी आशय बताउने, प्रयोग प्रसङ्ग बताउने जस्ता उपाय अवलम्बन गर्न सकिन्छ । तर तिनको सन्दर्भपूर्ण प्रयोग गराउन भने बिर्सिनु हुँदैन ।

(च) विभिन्न तरिकाले शब्दार्थ तथा उखानटुक्काको शिक्षण गर्दै जाँदा तिनलाई वाक्यपत्तीको समेत उपयोग गर्दै वाक्यमा प्रयोग गराउने अभ्यास पनि गराउँदै जानु आवश्यक छ । वाक्यमा प्रयोग गराउने अभ्यास गराउँदा पनि शब्दार्थ शिक्षण गर्दा जसरी नै पहिले विद्यार्थीहरूबाटै प्रयास गराउने र आवश्यक परे शिक्षकले सही प्रयोग बताई दिने ।

### मूल्याङ्कन

(क) कठिन शब्द दिई अर्थ बताउन लगाउने ।

(ख) खास-खास शब्द दिई तिनको बनोट तरिका सोध्ने ।

(ग) पाठमा भएका उखानटुक्काहरूको आशय सोध्ने ।

(घ) पाठमा पढेका कठिन शब्द तथा उखानटुक्काहरूलाई वाक्यमा प्रयोग गर्न लगाउने ।

### गृहकार्य

(क) बनोट तरिका पहिल्याएर ल्याउन लगाउने : नादानी, कुपात्र, समझदार, पुत्रस्नेह, गजराज, परिस्थिति, राष्ट्रियता, जाति, हलचल, सदुपयोग, निःसहाय ।

(ख) पाठमा गाढा अक्षरमा दिइएका शब्दहरू वाक्यमा प्रयोग गरेर ल्याउन लगाउने ।

---

## पाठ्यवस्तु — वर्णविन्यास — घन्टी : १

### उद्देश्य

यस पाठ्यवस्तुको अध्ययनपछि विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न सक्नेछन् :

(क) पाठमा प्रयोग भएका कठिन शब्दहरूको शुद्ध वर्णविन्यास ठम्याउन,

(ख) लेखनमा त्यस्ता शब्दहरूको शुद्ध वर्णविन्यास प्रयोग गर्न ।

### शैक्षिक सामग्री

समस्यामूलक शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका, फलाटिनपाटी आदि ।

### शिक्षण क्रियाकलाप

(क) शिक्षकले पाठमा दिइएका विभिन्न कठिन शब्दहरूको वर्णविन्यास (हिज्जे) विगारी तयार गरिएको शब्दसूची, फलाटिनपाटी कालोपाटी गोजीतालिकामा राखेर कक्षामा प्रस्तुत गर्दै त्यस्ता

शब्दहरूको क्रमैसँग छलफल, प्रश्नोत्तर आदि उपाय अपनाई शुद्ध वर्णविन्यास पहिल्याउन लगाउने ।

(ख) त्यस्ता शब्दहरू खास-खास वर्णविन्यासीय नियमहरूसँग सम्वन्धित भए सम्वद्ध नियमहरूको समेत सन्दर्भ दिई पाठबाट त्यस्तै अन्य उदाहरण पनि खोजेर भन्न लगाउने । जस्तै;

| | | |
|---|---|---|
| शब्दान्तमा दीर्घ | : | नादानी, नायवी, वुझक्की, सिंहिनी, कमजोरी, वुद्धिमानी, वाहिरी |
| शब्दान्तमा ह्रस्व | : | व्यक्ति, तिलाञ्जलि, मातृभूमि, जाति, परिस्थिति, देशभक्ति |
| व/व | : | विवेकी, वलिदान, नावालक, गुलाव, वाण, व्यवहार |
| श/ष/स | : | शमन, समझदार, षडयन्त्र, आशा, कनसुत्लो, स्वार्थसिद्धि, शपथ, दृष्टि |

उपर्युक्तअनुसार नै अन्यान्य शब्दहरू खोज्न लगाई नियमसमेत पहिल्याउन लगाउने ।

(ग) अशुद्ध उच्चारणले वर्णविन्यास शुद्धाशुद्धिमा पनि असर पर्न सक्ने वढी सम्भावना भएका शब्दहरू खोजी त्यस्ता शब्दको शुद्ध उच्चारणका साथै सही वर्णविन्यासको पनि अभ्यास गराउने । जस्तै :

रक्षा, दैया, प्रयत्न, पुत्रस्नेह, विष, वैमनस्य, वाध्य, व्याधि

(घ) शब्दपत्ती, कालोपाटी आदिको उपयोग गर्दै वर्णविन्यासका लागि कठिन हुने शब्दहरूको हिज्जे बिगारी कक्षामा प्रस्तुत गर्ने र विद्यार्थीहरूलाई तिनको शुद्ध रूप पहिल्याउन प्रोत्साहित गर्ने तथा त्यसो हुनाको कारणसमेत दिन लगाउने ।

(ङ) पूर्व पाठमा अभ्यास भएका शब्दहरूको हिज्जेसम्वन्धी पुनरावृत्तिका लागि हिज्जे प्रतियोगिता, हिज्जे खेल, हिज्जे खोज जस्ता क्रियाकलापका लागि १०/१५ मिनेट समय दिई राम्रो गर्नेलाई पृष्ठपोषणसमेत दिने ।

(च) वर्णविन्यासको अभ्यासका लागि उपयुक्त हुने अनुच्छेद वा अनुच्छेदहरू छानी श्रुतिलेखन गराउने र शुद्धाशुद्धिका लागि कक्षामा छलफल गराउने ।

## मूल्याङ्कन

(क) अशुद्ध शब्दहरू दिई शुद्ध रूप सोध्ने ।

(ख) अशुद्ध वाक्य वा अनुच्छेद दिई शुद्ध गर्न लगाउने ।

(ग) खास नियमहरू दिई तिनमा आधारित शब्दहरू भन्न वा पाठमा खोज्न लगाउने ।

## गृहकार्य

पाठवाट शब्दादि र शब्द मध्यमा इकार र उकार दीर्घ हुने शब्दहरू खोजी ल्याउन लगाउने ।

---

**पाठ्यवस्तु** **बोध** **घन्टी : १**

## उद्देश्य

प्रस्तुत पाठ्यवस्तुको अध्ययनपछि विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न सक्नेछन् :

(क) निर्धारित अनुच्छेदहरूको मौन पठन गरी सोधिएका प्रश्नहरूको उत्तर दिन,

(ख) पठित अनुच्छेदमा आधारित घटनाहरूको क्रम पहिल्याउन,

(ग) पाठ पढी प्रश्न २ र ४ को उत्तर दिन ।

**शैक्षिक सामग्री**

नमुना प्रश्नसूची, घटनासूची, फलाटिनपाटी आदि ।

**शिक्षण क्रियाकलाप**

(क) शिक्षकले समय निश्चित गरी दिई विद्यार्थीहरूलाई पाठका सुरुका दुई अनुच्छेदहरू (वडो मुस्किलसँग ..... नजरवन्द गराइदिएँ) मौनवाचन गर्न लगाउने । मौनवाचनका समयमा शिक्षकले अवलोकन गरी आवश्यक सुझाव पनि दिने ।

(ख) विद्यार्थीहरूले निर्दिष्ट अनुच्छेदहरूको मौनवाचन गरिसकेपछि शिक्षकले प्रश्नसूचीको उपयोग गर्दै विद्यार्थीहरूलाई क्रमैसँग ती प्रश्नको उत्तर भन्न लगाउने । उदाहरणका लागि उल्लिखित अनुच्छेदहरूमा निम्नानुसारका प्रश्नहरू हुन सक्छन् :

(१) नजरवन्दमा हुने मानिस को हो ?

(२) कुपात्र भनेर कसलाई भनिएको हो ?

(३) रानीको वहादुर शाहलाई कहाँ पुऱ्याउने सुर छ ?

(४) पहिलो अनुच्छेदमा भएका 'विष' र 'वैद्य' को अर्थ केके हो ?

(५) रानीले किन जुम्सो हुनु ठीक छैन भन्ने ठानिन् ?

(६) रणवहादुर शाह किन 'समझदार' नभएका हुन् ?

(७) वहादुर शाहले राजेन्द्रलक्ष्मीलाई कुन कुरामा मद्दत गरेका थिए ?

(८) राजेन्द्रलक्ष्मी वहादुर शाहलाई किन गलहत्ती लगाइएको ठान्थिन् ?

(९) वहादुर शाहलाई कसले किन नजरवन्द गरेको हो ?

(ग) उक्त अनुच्छेदहरूमा आधारित मुख्य-मुख्य घटनाहरू छासमिस गरिएको घटनाहरूको सूची कक्षामा प्रस्तुत गर्दै पठित अनुच्छेदका आधारमा तिनको क्रम मिलाउन लगाउने । उदाहरणका लागि सम्भावित घटनाहरूको छासमिसे सूची यस्तो हुन सक्छ :

– वहादुर शाहलाई रानीले नजरवन्द गराइन् ।

– रानी नजरबन्दवाट छुटेपछि देवरसँग वदला लिन दाउ हेर्न थालिन् ।

– वहादुर शाहले भाउजूलाई सती जानवाट वचाएका थिए ।

– रानीले छोरालाई जसरी पनि राजा वनाउनुपर्छ भन्ने निधो गरिन् ?

– रानीको भारदारहरूमाथि निकै भरोसा थियो ।

– रानी झण्डै सती जानु परेको थियो ।

– रानीलाई वहादुर शाहले शासन हत्याउन लागेको शङ्का वढ्यो ।

– रानीले आफूलाई आफ्नो वच्चामाथि अरू आइलागेको सिंहिनी जस्तै ठानिन् ।

(घ) उपर्युक्त घटनाहरूको क्रम मिलाइसकेपछि त्यसमा आवश्यक थपघटसमेत गरी उक्त अनुच्छेदहरूको सारांश तयार गर्न लगाउने । विद्यार्थीहरूको उक्त सारांशका केही राम्रा नमुनाहरू कक्षामा प्रस्तुत गर्न लगाई आवश्यक परिमार्जनसहित एउटा उपयुक्त सारांशको नमुना तयार गरिदिने र कक्षाको अन्य विद्यार्थीहरूलाई सोअनुसार सच्याउन लगाउने ।

(ङ) विद्यार्थीहरूलाई पाठको अन्त्यमा दिइएका अभ्यास २, ४ र ६ को उत्तरका वारेमा कक्षा छलफल गराउने र आवश्यक भए टिपोटसमेत गर्न लगाउने ।

**मूल्याङ्कन**

(क) प्रश्न सोधी उत्तर दिन लगाउने ।

(ख) घटनाक्रम पहिल्याउन लगाउने ।

**गृहकार्य**

पाठका अन्तिम तीन अनुच्छेद पढी सारांश लेखेर ल्याउन लगाउने ।

---

**पाठ्यवस्तु** **व्याख्या** **घन्टी : १**

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निर्धारित विशिष्ट पङ्क्ति (खास आफ्नो बच्चमाथि ..... हालेर बस्ली ?) को व्याख्या गर्न समर्थ हुनेछन् ।

**शैक्षिक सामग्री**

व्याख्याका प्रमुख बुँदाहरूको सूची, व्याख्याको नमुना, फलाटिन पाटी आदि ।

**शिक्षण क्रियाकलाप**

(क) शिक्षकले व्याख्याका लागि विशिष्ट पङ्क्ति छानिदिई कक्षामा त्यसलाई कालोपाटीमा लेखेर वा पङ्क्तिमा प्रस्तुत गर्दै त्यसको व्याख्या गर्ने तरिकाका वारेमा प्रश्नोत्तर र छलफल गराउने । सप्रसङ्ग व्याख्या गराउने भए प्रस्तुत पङ्क्तिको पूर्व प्रसङ्गका वारेमा पनि छलफल गराउने (हेर्ने पाठ ८ को व्याख्या अन्तर्गतका क-ख क्रियाकलाप पनि) जस्तै;

पूर्व प्रसङ्ग : नजरवन्दवाट छुटेपछि देवर वहादुर शाहसँग आगो बनेकी राजेन्द्रलक्ष्मी वदलाको भावनाले चुर भएर मनमा कुरा खेलाउँदै गरेकी ।

प्रसङ्ग : उनी आफ्नो अहिलेको अवस्थाका वारेमा सोचिरहेकी नावालक छोरा राजकुमार रणवहादुर शाह गद्दीको उत्तराधिकारी हुन नपाउलान् भन्ने उनको मनमा शङ्का उपशङ्का । देवर वहादुरको भूमिका शङ्कास्पद र आशै नगरेको खालको ।

(ख) प्रश्नोत्तर र छलफलका आधारमा उपर्युक्त खालका बुँदाहरू पहिल्याई कालोपाटीमा टिपोट गरिसकेपछि वा तयारी नमुना प्रस्तुत गरिसकेपछि पङ्क्तिको अर्थका सम्वन्धमा पनि छलफल गराउने । (स्मरणीय छ व्याख्या मात्र गराउने भए 'क' मा उल्लेख भएको पूर्व प्रसङ्ग आवश्यक नहुने) । जस्तै;

– रानीको चिन्ता के हो ?

– रणवहादुर शाहको अवस्था कस्तो छ ?

– रानी आफ्लाई किन सिंहिनी ठान्छिन् ?

- सिंहिनी आफ्नो बच्चामाथि कोही आइलागे के गर्छे ?
- आफ्ना बच्चाप्रति जुनसुकै आमाको उत्तरदायित्व के हुन्छ ?
- आफ्नो छोराको हक र अधिकारका बारेमा रानीको कस्तो सोचाइ छ ?
- त्यस्तो सोचाइ हुनु एउटी आमाका हृदयका लागि स्वाभाविक हो, होइन ?
- पङ्क्तिको मुख्य अभिप्राय के हो ?

(ग) शिक्षकले माथि 'ख' मा उल्लिखित प्रश्नहरूका आधारमा प्राप्त विषयवस्तुलाई बुँदागतरूपमा कालोपाटीमा टिप्दै जाने र प्रश्नोत्तरका आधारमा तिनलाई अन्तिम रूप दिने ।

(घ) छलफलबाट प्राप्त व्याख्याका बुँदाहरूलाई आधार मानी विद्यार्थीहरूलाई सम्बन्धित पङ्क्तिको व्याख्या तयार गर्न लगाउने ।

(ङ) विद्यार्थीहरूले व्याख्या तयार गरिसकेपछि दुईचारओटा व्याख्याहरू कक्षामा प्रस्तुत गर्न लगाउने । प्रश्नोत्तर र छलफल गराउने र आवश्यक पृष्ठपोषणसमेत दिने । अनि आफूले तयार गरेर ल्याएको बुँदा सूची र त्यसमा आधारित व्याख्याको नमुना पनि प्रस्तुत गर्ने र विद्यार्थीहरूले गरेका व्याख्यामा देखिएका छुटपुट कुराहरू समावेश गराई व्याख्याको परिमार्जित रूप तयार गरिदिने ।

**मूल्याङ्कन**

कक्षाकार्यका आधारमा नै मूल्याङ्कन गर्ने ।

**गृहकार्य**

(क) अभ्यास ५ का पङ्क्तिहरूको सप्रसङ्ग/व्याख्या गरेर ल्याउन लगाउने ।

(ख) सिर्जनात्मक अभ्यासमा दिइएअनुसारको लेख लेखेर ल्याउन लगाउने र कक्षामा प्रस्तुत गराई छलफल गराउने ।

---

**पाठ्यवस्तु** **व्याकरण** **घन्टी : २**

**उद्देश्य**

यस पाठ्यवस्तुको अध्ययनपछि विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) अज्ञात र अभ्यस्त पक्षको प्रयोग पहिल्याउन,

(ख) अज्ञात र अभ्यस्त पक्षको प्रयोग गर्न,

(ग) अज्ञान र अभ्यस्त पक्षको परिचय दिन,

(घ) अज्ञात पक्षका क्रियापदलाई अभ्यस्त पक्षमा र अभ्यस्त पक्षका क्रियाकलापलाई अज्ञात पक्षमा परिवर्तन गर्न,

(ङ) दिइएका क्रियापदलाई अज्ञात वा अभ्यस्त पक्षमा परिवर्तन गर्न,

(च) व्याकरण खण्डअन्तर्गत दिइएको अभ्यासको उत्तर पहिल्याउन ।

## शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिनपाटी आदि ।

## शिक्षण क्रियाकलाप

(क) शिक्षकले सर्वप्रथम पुस्तक (पृ.९०) मा दिइएका 'क' खण्डका वाक्यहरू पढेर सुनाउने र तिनको क्रियापद र अर्थका बारेमा छलफल गराउने । अनि विद्यार्थीहरूबाट पनि त्यस्तै उदाहरणहरू लिंदै थप छलफल गराउने ।

(ख) शिक्षकले वाक्यपत्तीका सहायताले वा अन्य उपायद्वारा अन्य पक्षका वाक्यहरू र अज्ञात पक्षका वाक्यहरू छार्सामिस गरी कक्षा प्रस्तुत गर्दै अज्ञात पक्षका वाक्यहरू चिन्न लगाउने र अन्य पक्षका वाक्य तथा अज्ञात पक्षका वाक्यमा हुने भिन्नता अवलोकन गर्न लगाउने । जस्तै;

पानी पर्छ । पानी परेछ । पानी परेथ्यो । पानी पर्ला । पानी पऱ्यो । उनीहरू आए । उनीहरू आएछन् । उनीहरू आएका छन् । उनीहरू आउलान् । रामले जाँच विगाऱ्यो । राम पाँच विगार्ला । राम जाँच विगार्न सक्छ । रामले जाँच विगारेछ ।

(ग) उपर्युक्त उदाहरणहरूमा भएका अन्य पक्षका वाक्यहरूलाई पनि अज्ञात पक्षमा परिवर्तन गर्न लगाउने र त्यसो गर्दा देखिने स्वरूपगत तथा अर्थगत परिवर्तनका बारेमा विद्यार्थीहरूको ध्यानाकर्षण गरिदिने ।

(घ) उपर्युक्त उदाहरणहरूका आधारमा विद्यार्थीहरूलाई अज्ञात पक्षको परिचय पहिल्याउन प्रोत्साहित गर्ने । जस्तै;

- यी उदाहरणहरूमा कुनै कार्य भइसकेको वा कुनै घटना घटिसकेको तर जानकारी चाहिँ अहिले हुन आएको देखिने ।
- क्रियापदका धातुमा 'एछ' लाग्ने ।
  'सीताले रमाइलो कविता लेखिछ ।' यस वाक्यमा कविता लेख्ने काम पहिले नै भइसकेको तर थाहा भने अहिले मात्र हुन आएको अवस्था छ । त्यसैले यो अज्ञात पक्ष हो ।

(ङ) उपर्युक्त 'क-ग' कै क्रममा तिनै तरिका अपनाई अभ्यस्त पक्षको पनि शिक्षण गर्नुहोस् ।

(च) अभ्यस्त पक्षको शिक्षणका क्रममा दिइएका विभिन्न उदाहरणहरूको छलफल तथा अवलोकन पछि विद्यार्थीहरूलाई अभ्यस्त पक्षको परिचय पहिल्याउन प्रोत्साहित गर्ने । जस्तै;

- माथि छलफलमा आएका उदाहरणहरूमा पहिले-पहिले कुनै कार्य वा घटना नियमितरूपमा वा पटक-पटक हुने गरेको देखिने ।
- क्रियापदका धातुमा 'थ्यो' 'थी' 'थे' जस्ता रूपहरू जोडिने ।
  'राम निकै राम्रो पढ्थ्यो ।' यस वाक्यमा पढ्ने काम नियमितरूपमा वा पटक-पटक वा बानीको रूपमा हुने गर्थ्यो । त्यसैले यो अभ्यस्त पक्ष हो । अभ्यस्त पक्षलाई कामको आवृत्ति वा अभ्यस्त स्वभाव जनाउने पक्षका रूपमा चिनाउन सकिन्छ ।

(छ) अभ्यस्त तथा अज्ञात पक्षका क्रियापदहरू दिई अभ्यस्त भए अज्ञात पक्षमा र अज्ञात भए अभ्यस्त पक्षमा परिवर्तन गर्न लगाउने । जस्तै;

| | | | |
|---|---|---|---|
| गाउँथी | गाइछ | पढेछ | ... ... |
| लेख्थी | ... ... | खान्थे | ... ... |
| सुतिछ | ... ... | चिनेछन् | ... ... |
| आउनु भएछ | ... ... | रिसाउथे | ... ... |

| | | | |
|---|---|---|---|
| जानुहुन्थ्यो | ... ... | लडेछन् | ... ... |
| वोल्थी | ... ... | भेट्थ्यो | ... ... |

(ज) अभ्यास २ मा भनिएअनुसार विद्यार्थीहरूलाई पाठवाट मध्यम आदरार्थी क्रियापद खोजी कापीमा सार्न लगाउने र छलफल तथा प्रश्नोत्तर गराई जाँचवुझ गरिदिने । छलफलका क्रममा आवश्यक परे पाठ १६ को व्याकरण खण्डमा पढिसकेको आदरार्थीसम्वन्धी प्रसङ्ग पनि उठाउने ।.

## मूल्याङ्कन

(क) अज्ञात पक्ष र अभ्यस्त पक्षका क्रियापहरू दिई चिन्न लगाउने ।

(ख अज्ञात पक्ष र अभ्यस्त पक्षका वाक्यहरू दिई चिन्न लगाउने ।

(ग) अज्ञात पक्षबाट अभ्यस्त पक्षमा वा अभ्यस्त पक्षवाट अज्ञात पक्षमा वाक्य तथा क्रियापदहरू दिई एक अर्कामा परिवर्तन गर्न लगाउने ।

## गृहकार्य

(क) पाँच-पाँचओटा अज्ञात पक्ष र अभ्यस्त पक्षका वाक्यहरू लेखेर ल्याउन लगाउने ।

(ख) अज्ञात पक्षको प्रयोग गरी विद्यार्थी आफूले देखेको सपनाको छोटो वर्णन गरेर ल्याउन लगाउने ।

(ग) 'पोहोर तिमीले राम्रो पढ्नका लागि केके गर्ने गरेका थियौ त्यसको वारेमा पाँच वाक्यमा वर्णन गरेर ल्याऊ' भनी आफ्नो वर्णन गरेर ल्याउन लगाउने ।

| पाठ : १९ | ओखलढुङ्गा | जम्मा घन्टी : ७ |
|---|---|---|

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन शब्दोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | लयबोध | १ |
| ४. | भावबोध | १ |
| ५. | व्याख्या | २ |
| ६. | व्याकरण | १ |

**पाठ्यवस्तु** **सस्वरपठन र शब्दोच्चारण** **घन्टी : १**

### उद्देश्य

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) कविताका पङ्क्तिहरूलाई गति, यति र लय मिलाई सस्वर वाचन गर्न,

(ख) 'ओखलढुङ्गा' कविताका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

शब्दपत्ती, कठिन शब्दहरूको सूची, गोजीतालिका (आवश्यकतानुसार प्रयोग गर्ने)

### शिक्षण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई पाठप्रति आकर्षित गर्न शिक्षकले पाठमा आधारित भई विभिन्न प्रश्नहरू सोध्नुहोस् र उत्तर विद्यार्थीहरूलाई नै दिन प्रेरित गर्नुहोस् ।

(ख) गति, यति र लय मिलाई ओखलढुङ्गा कविताको नमुना (सस्वरवाचन) वाचन गरिदिनुहोस् र विद्यार्थीहरूलाई ध्यानपूर्वक सुन्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूमध्येबाट कक्षाको जेहेनदार, मध्यम र कमजोर विद्यार्थीलाई पालैपालो गति, यति र लय मिलाई (ख) बुँदामा शिक्षकले वाचन गरिदिएको नमुना जस्तै गरी) कविता सस्वरवाचन गर्न लगाउनुहोस् । यसरी सस्वरवाचन गराउँदा विद्यार्थीलाई उच्चारण गर्न कठिन भएका शब्दहरूमा चिनो लगाउन लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूले चिनो लगाएका शब्दहरू कालोपाटीमा टिप्दै जानुहोस् र विद्यार्थीहरूलाई पालैपालो ती शब्दहरू उच्चारण गर्न लगाउनुहोस् । उनीहरूले शुद्ध उच्चारण गर्न नसकेमा शिक्षकले शुद्ध उच्चारण गरिदिंदै विद्यार्थीहरूलाई शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् ।

(घ) शुद्ध उच्चारणको अभ्यास गराउने क्रममा वर्ण, शब्द, पङ्क्ति हुँदै सिङ्गो कविताको उच्चारण अभ्यास गराउनुहोस् ।

(ङ) मातृभाषा नेपाली नहुने र कमजोर विद्यार्थीलाई शुद्ध उच्चारणको अभ्यास गराउँदा विशेष ध्यान पुऱ्याउनुहोस् ।

**मूल्याङ्कन**

(क) निर्धारित श्लोक गति, यति र लय हालेर सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) पाठका कठिन शब्दहरूलाई शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ग) पाठको अभ्यास २ अन्तर्गतका शब्दहरूको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

**गृहकार्य**

कक्षाकार्य गरी आ-आफूले चिनो लगाएका कठिन शब्दहरूको उच्चारण गर्न सक्ने भई आउन निर्देशन दिनुहोस् र परीक्षण पनि गर्नुहोस् ।

---

**पाठ्यवस्तु** **शब्दार्थ र वाक्यमा प्रयोग** **घन्टी : १**

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) कवितामा प्रयुक्त कठिन शब्दहरूको अर्थ भन्न

(ख) ती शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

शब्दार्थपत्ती, वाक्यपत्ती, फलाटिन पाटी, गोजीतालिका

**शिक्षण क्रियाकलाप**

(क) शब्दार्थ शिक्षण गर्ने क्रममा शिक्षकले सर्वप्रथम कविता मौनवाचन गर्न निर्देशन दिनुहोस् र विद्यार्थीहरूले अर्थ भन्न नजानेका कठिन शब्दहरू टिप्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूले टिपोट गरेका शब्दहरू कालोपाटीमा टिप्नुहोस् र ती शब्दको अर्थ पालैपालो सबै विद्यार्थीहरूलाई सोध्नुहोस् र सकभर उनीहरूलाई नै अर्थ भन्न प्रेरित गर्नुहोस् । उनीहरूबाट शब्दको ठीक अर्थ नआएका शब्दहरूको मात्र शब्दार्थपत्ती गोजीतालिका वा फलाटिन पाटीमा प्रदर्शन गरी अर्थ बताइदिनुहोस् । यसमा शिक्षकले पहिले नै शब्दार्थपत्ती बनाई कक्षामा लिएर जानुपर्छ । शब्दको अर्थ बताउँदा शब्दार्थ शिक्षणका उपयुक्त विधिको समेत प्रयोग गर्नुहोस् । जस्तै;

| | | |
|---|---|---|
| वक्षस्थल | : | छाती छुने, वक्ष+स्थल सन्धी विच्छेद गर्ने र वक्ष र स्थलको छुट्टाछुट्टै अर्थ बताइदिने । |
| स्मृति | : | सम्झेको अभिनय गर्ने । |
| गगन | : | आकाशतिर देखाउने । |
| द्रुतगामी | : | छिटोछिटो हिँडेर देखाउने । |
| शावक | : | वन्यजन्तुका बच्चा वा छाउराको चित्र देखाउने र शावकको अर्थ बताईदिने । |

(ग) शब्दको अर्थ सिकाइसकेपछि विद्यार्थीहरूलाई तीनै शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र विद्यार्थीले अर्थ खुल्ने गरी वाक्यमा ठीक प्रयोग गरेमा स्यावासी दिनुहोस् र ठीक नभएमा वाक्यपत्तीका सहायताले ठीक प्रयोग गर्न विद्यार्थीलाई सहयोग गर्नुहोस् साथै मातृभाषा नेपाली नहुने र कमजोर विद्यार्थीलाई विशेष सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

(क) पाठमा प्रयुक्त कठिन शब्दका अर्थ सोध्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई बेग्लाबेग्लै शब्द दिई तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

**गृहकार्य**

पाठमा भएका कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् र जाँची पनि दिनुहोस् ।

---

**पाठ्यवस्तु** **लयबोध** **घन्टी : १**

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू ओखलढुङ्गा कविताको लयबोध गर्न समर्थ हुनेछन् ।

**शैक्षिक सामग्री**

लयबोधका लागि गति, यति र विश्रामको तालिका

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले ओखलढुङ्गा कविताको लयबद्ध वाचन गरिदिनुहोस् ।

(ख) यस क्रममा अरू विद्यार्थीहरूलाई आफ्नो पाठ हेर्न र लयबद्ध वाचन सुन्न निर्देशन दिनुहोस् ।

(ग) माथि 'क' र 'ख' को क्रम सकिएपछि शिक्षकले कविताका प्रत्येक पङ्क्ति लय हालेर पढी दिनुहोस् । सोहीअनुसार विद्यार्थीलाई पनि लय हालेर वाचन गर्ने अभ्यास गराउनुहोस् ।

(घ) लयबद्ध वाचनको अभ्यास गराउँदा शिक्षकले पहिले बेन्चबेन्चमा र पछि व्यक्तिव्यक्तिमा अभ्यास गराउनुहोस् ।

(ङ) शिक्षकले कविताको लयवद्ध वाचन गराउने क्रममा व्यक्ति वा समूहस्तरमा प्रतियोगिता पनि गराउनुहोस् ।

(च) विद्यार्थीहरूलाई अभ्यास गराउने क्रममा महिला, दलित, जनजाति र पिछडिएको वर्गबाट आएका विद्यार्थीमा विशेष ध्यान केन्द्रित गर्नुहोस् ।

**मूल्याङ्कन**

(क) ओखलढुङ्गा कविताको निर्धारित अंश लय मिलाएर पढ्न लगाउनुहोस् ।

**गृहकार्य**

प्रस्तुत कविता गति, यति र लय वाचन गर्न सक्ने भई आउन निर्देश गर्नुहोस् ।

## उद्देश्य

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) 'ओखलढुङ्गा' कविता लय मिलाई पढ्न,

(ख) उक्त कविताको भावबोध गर्न ।

## शैक्षिक सामग्री

भावबोधसम्बन्धी प्रश्नहरूको सूची, भावार्थ लेखनको नमुना र फलाटिन् पाटी

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले 'ओखलढुङ्गा' कविता विद्यार्थीहरूलाई पटकपटक लय हालेर पढ्न निर्देशन दिनुहोस् ।

(ख) पठन अभ्यास गराउँदा विद्यार्थीहरूबाट हुने त्रुटिक्षेत्र पत्ता लगाई गल्ती पठन र सही पठन दुवैको तुलनात्मक विवेचना गरी आवश्यक निर्देशन दिनुहोस् र त्रुटि भएका ठाउँमा सच्याउन विद्यार्थीहरूलाई सहयोग गर्नुहोस् ।

(ग) भावबोधसम्बन्धी प्रश्नोत्तर गराउनुभन्दा पहिले विद्यार्थीहरूलाई पुनः एकपटक पूरै कविता पढ्न लगाउनुहोस् ।

(घ) कविता पढिसकेपछि उक्त कविताको पहिला एकएक पाउ अनि पूरै श्लोकको भावार्थ ठम्याउन विद्यार्थीहरूलाई प्रोत्साहित गर्नुहोस् ।

(ङ) शिक्षकले पहिल्यै तयार गरी ल्याएका तलका जस्ता प्रश्नहरूको सूची फलाटिन पाटीमा प्रदर्शन गर्दै सोधिएका प्रश्नहरूको उत्तरका आधारमा विद्यार्थीहरूलाई भावार्थ पहिल्याउन लगाउनुहोस् । जस्तै;

१. कविको जन्मस्थल कहाँ हो ?
२. कविको बाल्यकाल कहाँ बित्यो ?
३. कवि कहाँ रमाउँथे र कहाँ घुम्थे ?
४. भावको डुङ्गा चढेर सैर गर्दा कविलाई कस्तो अनुभव भयो ?

(च) शिक्षकले विद्यार्थीहरूलाई समग्र कविताको भाव बताउन र विशिष्ट पङ्क्तिको भावविस्तार एवम् व्याख्या गर्न लगाउनुहोस् । यसरी भावबोधसम्बन्धी अभ्यास गराउँदा भाव विस्तार गर्न र व्याख्या गर्न विद्यार्थीहरूलाई विशेष सहयोगसमेत गर्नुहोस् ।

(छ) अन्त्यमा शिक्षकले भावार्थ लेखनको नमुना फलाटिन पाटीमा प्रदर्शन गर्दै विद्यार्थीहरूबाट आएका भावबोधसम्बन्धी उत्तरलाई समेत ध्यानमा राखी कविताको भाव बताइदिनुहोस् ।

## मूल्याङ्कन

(क) कविताका निर्दिष्ट पङ्क्तिहरू पालैपालो लय मिलाएर पढ्न लगाउनुहोस् ।

(ख) भावबोधसम्बन्धी प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

## गृहकार्य

अभ्यास खण्डमा समाविष्ट प्र.नं.७ र ८ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् र जाँची पनि दिनुहोस् ।

**पाठ्यवस्तु** **व्याख्या** **घन्टी : २**

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) प्रस्तुत पाठबाट विशिष्ट पङ्क्तिहरू छान्न,

(ख) तिनको व्याख्या गर्न ।

**शैक्षिक सामग्री**

विशिष्ट पङ्क्तिहरूको सूची, व्याख्याको नमुना र फलाटिन पाटी

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले व्याख्याका लागि के कस्ता पङ्क्तिहरू उपयुक्त हुन्छन् त्यसबारेमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् र विशिष्ट पङ्क्तिहरू छान्न लगाउनुहोस् । छनोटमा आफूले पनि सहयोग पुऱ्याउनुहोस् ।

(ख) शिक्षकले व्याख्याका लागि आवश्यक नमुना उत्तर प्रदर्शन गरी विद्यार्थीहरूलाई कक्षामा विशिष्ट पङ्क्तिको व्याख्या गर्न लगाउनुहोस् । (पूर्व पाठमा दिइएको नमुना उत्तरलाई समेत आधार मानी प्रस्तुत गर्नुहोस्)

(ग) विद्यार्थीहरूले गरेका व्याख्या कक्षामा प्रस्तुत गर्न लगाई उनीहरूकै बीचमा छलफल गराउनुहोस् र शिक्षकले आवश्यकताअनुसार टिप्पणी पनि गरिदिनुहोस् ।

(ङ) विद्यार्थीहरूले तयार पारेका उत्कृष्ट खालका व्याख्यालाई कक्षामा नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् र त्यसमाथि छलफल पनि गराउनुहोस् ।

**मूल्याङ्कन**

शिक्षकले विद्यार्थीहरूलाई आवश्यकतानुसार समूहमा विभाजन गरी विशिष्ट पङ्क्तिहरू छान्न लगाउनुहोस् र आ-आफ्नो समूहले छानेका पङ्क्तिहरूलाई समूहमा सप्रसङ्ग व्याख्या गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् र मूल्याङ्कन पनि गरिदिनुहोस् ।

**गृहकार्य**

अभ्यास खण्डको प्र.नं.५ को उत्तर गरेर ल्याउन निर्देशन दिनुहोस् र आवश्यक मूल्याङ्कन गरी आवश्यकतानुसार उपयुक्त सल्लाह र सुझाव पनि दिनुहोस् ।

---

**पाठ्यवस्तु** **व्याकरण** **घन्टी : १**

**उद्देश्य**

यस पाठका शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) नामको परिचय दिन,

(ख) उदाहरणसहित नामका प्रकार बताउन,

(ग) नाम शब्द पहिचान गर्न ।

**शैक्षिक सामग्री**

विभिन्न प्रकारका नाम शब्दका सूची, नाम प्रयोग भएका वाक्य सूचीहरू ।

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई तलको शब्दहरूको सूची प्रस्तुत गर्दै ती शब्द कस्ता हुन् भनी छलफल गराउनुहोस् ।

| | |
|---|---|
| समूह 'क' | • जनक, सागर, नेपाल, एसिया, पृथ्वी, कमल, सिंहदरवार, दसैँ, तिहार, मेची, कोसी, माछापुच्छे, नाँगडाडा |
| समूह 'ख' | • गाई, फूल, चरो, रूख, गाउँ, किताव, चाड, पशु, देश, महादेश, मानिस, सहर, दरबार, पहाड, हिमाल |
| समूह 'ग' | • दल, टोली, जोडा, जोर, गण, जमात, फौज, बथान, गोलो, पोलो, वगाल, रास, थुप्रो, डङ्गुर, झुप्पो |
| समूह 'घ' | • चामल, पीठो, गहुँ, सुन, चाँदी, फलाम, पानी, दूध, पेट्रोल, हावा, धुँवा, नुन, नाइट्रोजन, माटो, ढुङ्गा |
| समूह 'ङ' | • प्रेम, दया, माया, हेला, सुख, दुःख, मानवता, राष्ट्रियता, वीरता, धैर्य, विद्वता, पढाइ, लेखाइ, हिँडाइ, लेखोट |

(ख) माथिका शब्द सूचीको छलफल पछि तिमीहरूले पनि यस्ता शब्दहरूका थप उदाहरण भन भनेर नाम शब्दका थप उदाहरण प्रस्तुत गर्न लगाउनुहोस् ।

(ग) माथिको शब्द सूची तथा विद्यार्थीले ठीक रूपमा भनेका शब्दका आधारमा यी शब्द नाम हुन् भन्दै नाम शब्दको परिचय प्रस्तुत गर्नुहोस् । जस्तै;

कुनै वस्तु, पदार्थ, स्थान तथा तिनीहरूमा हुने गुण वा भाव वुझाउने शब्दलाई नाम भनिन्छ । सामान्यतया नाम शब्द 'को' 'के' भन्ने प्रश्नको उत्तरको रूपमा आउँछ । जस्तै;

| | |
|---|---|
| को ? | • सागर, सिर्जना, भाउजू, मामा, वुवा आदि । |
| के ? | • घर, वथान, सुख, दुःख, चाँदी, पहाड आदि । |

(घ) माथिको क्रियाकलाप के मा प्रस्तुत गरिएको शब्दसूची फेरी देखाई यी नामवीच केकस्तो सम्वन्ध छ वा यी नाम शब्दवीच एकापसमा कस्तो सम्वन्ध छ भन्दै यी नामको स्वरूप फरक छ, छैन भनेर सोध्नुहोस् । विद्यार्थीवाट प्राप्त उत्तरका आधारमा नाम शब्दलाई विभिन्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ भन्ने कुरा बताउँदै शब्दसूचीमा दिइएका शब्दले निम्नानुसारका नामको प्रतिनिधित्व गर्ने कुरा स्पष्ट पारिदिनुहोस् । जस्तै;

| | | |
|---|---|---|
| समूह 'क' | व्यक्तिवाचक नाम | एउटै वस्तु वा पदार्थलाई किटेर वुझाउने नाम |
| समूह 'ख' | जातिवाचक नाम | एउटा मात्र वस्तु वा पदार्थलाई मात्र किटेर वुझाइ एउटा सिङ्गै जातिलाई वुझाउने नाम |
| समूह 'ग' | समूहवाचक नाम | दुई वा दुईभन्दा वढी वस्तुको समूह वुझाउने नाम |

| | | |
|---|---|---|
| समूह 'घ' | द्रव्यवाचक नाम | गन्न नमिल्ने नापतौलबाट यति भनेर छुट्याइने नाम |
| समूह 'ङ' | भाववाचक नाम | पदार्थमा रहेको भाव गुण अवस्था बुझाउने नाम |

(ङ) माथि दिइएका उदाहरण झै विद्यार्थीहरूलाई व्यक्तिवाचक, जातिवाचक समूहवाचक, द्रव्यवाचक, भाववाचक नामका थप उदाहरण प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीहरूले भनेका नाम ठीक नभए उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(च) पाठ्यपुस्तकको कुनै पाठको अनुच्छेद दिएर त्यसबाट विभिन्न प्रकारका नामहरू टिप्न लगाई उपयुक्त पृष्ठपोषण प्रदान गरी नाम शब्द पहिचान गर्ने अभ्यास गराउनुहोस् ।

(छ) विभिन्न प्रकारका नामहरू छ्यासमिस भएको सूची दिई तिनबाट नामका प्रकार छुट्याउन लगाउनुहोस् ।

(झ) कालोपाटीमा नाम जस्तै लाग्ने अन्य शब्दवर्गसमेत मिसाई नाम मात्र छुट्याउन लगाउनुहोस् ।

(ञ) कालोपाटीमा विभिन्न प्रकारका शब्दहरू छ्यासमिसे रूपमा दिई तिनलाई वर्गीकरण गर्न लगाउनुहोस् ।

## मूल्याङ्कन

(क) नाम शब्दको परिचय बताउन लगाउने ।

(ख) विभिन्न शब्द दिई नामको प्रकार बताउन लगाउने ।

(ग) विभिन्न शब्द दिई नाम शब्द पहिचान गर्न लगाउने ।

## गृहकार्य

पाठ्यपुस्तकको व्याकरण खण्डको प्रश्न नं.२ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| पाठ : २० | म्याडम क्युरी | जम्मा घन्टी : ८ |
|---|---|---|

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोच्चारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | वर्णविन्यास | ३ |
| ४. | पठनबोध | २ |
| ५. | व्याख्या | १ |

## पाठ्यवस्तु — सस्वरपठन र शब्दोच्चारण — घन्टी : १

### उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

म्याडम क्युरीको फोटो, कठिन शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका

### शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले निर्धारित पाठको निर्दिष्ट अनुच्छेदहरू गति, यति मिलाई नमुना वाचन गरी कक्षामा सुनाउने र विद्यार्थीहरूलाई पठित अनुच्छेद हेरेर सुन्न निर्देशन दिने ।

(ख) यसपछि शिक्षकले सस्वरपठन गरेझैं विद्यार्थीहरूलाई पनि आलोपालो गरी पाठका विभिन्न अनुच्छेदहरू क्रमिक रूपमा सस्वरवाचन गरी सुनाउन लगाउने ।

(ग) विद्यार्थीमध्ये कसैले उपयुक्त ढङ्गले सस्वरवाचन गरे नगरेका बारेमा विद्यार्थीवीच छलफल गराउने । साथै उपयुक्त ढङ्गले पठन गरेनगरेको हेक्का राखी विद्यार्थीले कुनै कमीकमजोरी गरेको भए शिक्षकले सच्याएर पढी सुनाउने र सोको अनुकरण र अभ्यास गर्न लगाउने ।

(घ) सस्वरपठनका क्रममा शिक्षक मात्र सक्रिय नभई एक विद्यार्थीले गरेको सस्वरपठनका गल्ती ठम्याउन लगाई उनीहरूलाई सही पठनको प्रदर्शन गर्न प्रोत्साहित गर्ने ।

(ङ) शिक्षकले प्रस्तुत पाठमा रहेका उच्चारणका दृष्टिले कठिन जस्ता देखिने शब्द छनोट गरी कालोपाटीमा लेखिदिने पहिल्यै नै शब्दपत्तीहरूमा लेखेर ल्याएका शब्दहरूको उच्चारण गर्न

लगाउने । जस्तै; रेडियो, टेस्टट्युब, पदार्थ, सिद्धान्त, प्रयत्नशील, संलग्न, समर्पित, शुश्रुषा, कल्याण, विशेषज्ञ आदि ।

(च) कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न नसकेको ठाउँमा गल्ती निर्देश गरिदिने र शुद्ध उच्चारणको नमुना प्रदर्शनसमेत गरी आवश्यकताअनुसार अभ्यास गराउने ।

**मूल्याङ्कन**

(क) सस्वर पठनको मूल्याङ्कनका लागि पाठभित्र कै कुनै छोटो अनुच्छेद सस्वर पठन गर्न लगाई मूल्याकन गर्ने ।

(ख) केही शब्दहरू दिई तिनको शुद्ध शब्दोच्चारण गर्न लगाउने । जस्तै;

विरक्त, आपत्, अहोरात्र, सम्मानित अन्ततः, अभीष्ट, प्राध्यापक, म्याडम क्युरी आदि ।

**गृहकार्य**

पाठवाट उच्चारण गर्न कठिनाइ परेका शब्दहरू छनोट गरी ल्याउन निर्देशन दिनुहोस् ।

---

**पाठ्यवस्तु** **शब्दभण्डार** **घन्टी : १**

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ वताउन,

(ख) पाठमा प्रयुक्त शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका शब्दकोश ।

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम पाठका निर्धारित अनुच्छेदहरू मौनवाचन गर्न लगाउनुहोस् र मौनवाचन गर्दा अर्थ नजानेका नयाँ र कठिन शब्दहरू रेखाङ्कन गर्न वा कापीमा टिप्न लगाउनुहोस् ।

विद्यार्थीले रेखाङ्कन गरेका वा कापीमा टिपेका शब्द पाठ्यपुस्तकको गाढा शब्दमा परेको भए तिनको अर्थ त्यही पृष्ठको अन्त्यमा हेर्न निर्देशन दिनुहोस् ।

(ख) त्यसपछि विद्यार्थीले सङ्केत गरेका वाँकी शब्दहरू पालैपालो गरी भन्न लगाई शिक्षकले कालोपाटीमा टिप्ने । त्यसपछि ती टिपाएका शब्दहरूको अर्थ अरू कुनै विद्यार्थीले जाने नजानेको सोधी सकभर विद्यार्थीवाटै उत्तर खोज्ने । विद्यार्थीवाट ठीक शब्दार्थ नआएमा उपलब्ध भएसम्म शब्दकोशको प्रयोग गर्न उत्प्रेरित गर्नुहोस् । यदि विद्यार्थीवाट सही शब्दार्थ नआएमा शिक्षकले उदाहरणसहित स्पष्ट अर्थ वताई दिने ।

(ग) तोकिएका अनुच्छेदहरूका शब्दार्थ शिक्षण गराएपछि ती शब्दहरूलाई अर्थ स्पष्ट हुने गरी आफ्नै खालका वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यसरी वाक्यमा प्रयोग गराउँदा एकभन्दा वढी प्रयोगहरू गर्न उत्प्रेरित गर्नुहोस् । विद्यार्थीले सही रूपमा वाक्यमा प्रयोग गरेमा स्यावासी

दिनुहोस् भने सही रूपमा नगरेमा पहिले नै तयार पारी ल्याएका वाक्यपत्तीको प्रयोग वा मौखिक वाक्यद्वारा वाक्यमा प्रयोग गरेर स्पष्ट पारिदिनुहोस् ।

**मूल्याङ्कन**

(क) पाठमा रहेका कठिन शब्दहरूको पालैपालो गरी अर्थ सोध्नुहोस् ।

(ख) पाठमा प्रयुक्त शब्दहरूलाई आफ्नै शब्दमा वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

**गृहकार्य**

अभ्यासको प्रश्न नं.४, ५, ६ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

---

**पाठ्यवस्तु** **वर्णविन्यास** **घन्टी : ३**

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) उदाहरणसहित वर्णविन्यासको परिचय दिने,

(ख) पाठमा प्रयुक्त शब्दहरूमा उपयुक्त वर्णविन्यासको प्रयोग गर्न,

(ग) ह्रश्व दीर्घको नियमको प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

वर्णविन्यासका दृष्टिले कठिन हुने शब्दहरूको सूची शब्दपत्ती, पदादि, पदान्तमा ह्रश्व दीर्घ हुने शब्दहरूको सूची, ह्रश्वदीर्घका नियमको सूची

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले विद्यार्थीको पूर्वज्ञानका आधारमा उनीहरूसँग छलफल गर्दै वर्णविन्यासको परिचय र आवश्यकताका बारेमा स्पष्ट पारिदिनुहोस् । यस क्रममा शिक्षकले कालोपाटीमा वर्णविन्यास मिलेका र नमिलेका शब्दहरू छ्यासमिस पारी वर्णविन्यास मिले नमिलेका बारेमा विद्यार्थीसँग छलफल गर्दै नमिलेको वर्णविन्यासको शुद्ध रूप ठम्याउन लगाउन सकिन्छ । साथै ती शब्दहरू शुद्ध र अशुद्ध हुनुका कारण सोध्दै वर्णविन्यासको परिचय दिनुहोस् । जस्तै;

शब्दहरूमा वर्णहरूको रखाइक्रम नै वर्णविन्यास हो । वर्णविन्यास भाषाको लेख्य रूपसँग सम्बन्धित हुन्छ । नेपाली भाषा जसरी बोलिन्छ, त्यसरी लेखिँदैन । लेख्नका लागि निश्चित नियमहरू बनाइएका छन् । त्यही नियमबद्ध लेखाइलाई वर्णविन्यास भन्न सकिन्छ । छोटकरीमा भन्नुपर्दा भाषाका वर्णहरूको शुद्ध र उचित प्रयोगलाई वर्णविन्यास भनिन्छ ।

(ख) वर्णविन्यास शिक्षण गर्दा शिक्षकले विभिन्न खालका त्रुटियुक्त शब्दहरू कालोपाटीमा लेखी विद्यार्थीहरूलाई पालैपालो तिनको शुद्ध रूप भन्न लगाउनुहोस् । विद्यार्थीले शब्दको वर्णविन्यास ठीक रूपमा नभनेमा त्यसको सही उत्तर र त्यसको कारण बताईदिनुहोस् ।

(ग) विद्यार्थीलाई शुद्ध वर्णविन्यासमा बढी अभ्यस्त गराउन र वर्णविन्यासका गल्ती निराकरण गर्न आवश्यकताअनुसार तलका कार्य गराउनुहोस् :

१. वर्णविन्यासका दृष्टिले कठिन शब्दहरू सङ्ग्रह गर्न लगाउने ।

२. श्रुतिलेखन गराई वर्णविन्यासका त्रुटि सच्याउन लगाउने ।

३. वर्णविन्यास गल्ती भएका शब्दहरू शुद्ध वनाई सार्न लगाउने ।

४. वर्णविन्याससम्बन्धी खेल र प्रतियोगिता सञ्चालन गर्न लगाउने ।

५. सही वर्णविन्यासको प्रयोग गर्न शब्दकोशको उपयुक्त प्रयोग गर्न सिकाउने र त्यस कार्यमा उत्प्रेरित गर्ने ।

६. धेरै गल्ती हुने शब्द छानेर शुद्ध प्रयोग गर्न वढीभन्दा बढी समूह कार्य र गृहकार्य गराउने ।

७. विद्यार्थीले गरेका वर्णविन्यासगत त्रुटिहरू शुद्धीकरण गरिदिने ।

(घ) वर्णविन्यास शिक्षणका क्रममा ह्रश्वदीर्घको भिन्नताले पनि अर्थमा भिन्नता आउने कुरा स्पष्ट पार्दै वर्णविन्यासको जुन पाठ वा अंश सिकाउनु छ, त्यसबाट प्रशस्त उदाहरणहरू प्रस्तुत गरी त्यसको नियम र प्रयोग सिकाउनुहोस् । यसका लागि पाठ्यपुस्तकमा दिइएका नियमहरू पढ्न लगाउनुहोस् ।

(ङ) ह्रश्वदीर्घसम्बन्धी वर्णविन्यास शिक्षण गर्दा जुन नियमसँग सम्वन्धित वर्णविन्यास शिक्षण गर्न लागिएको सोका प्रशस्त शब्द वा उदाहरणहरू दिई तिनकै माध्यमबाट सम्बन्धित वर्णविन्यासको नियम र प्रयोगमा अभ्यास गराउनुहोस् । जस्तै;

पदको अन्त्यमा ह्रश्व हुने शब्दहरूको वर्णविन्यास (हिज्जे) को नियम र प्रयोग शिक्षण गर्नुछ भने भाइ, दाइ, नाति, पनाति, बाबु, दाजु, स्कुल, आदि शब्दहरू दिई यस्तै खालका शब्दहरू पाठवाट वा अन्यत्रवाट सङ्कलन गर्न लगाई सम्वन्धित नियम र प्रयोगमा अभ्यास गराउनुहोस् ।

(च) वर्णविन्यास (हिज्जे) को नियम सिकाउँदा शब्दका सुरु, मध्य र अन्त्यमा ह्रश्व वा दीर्घ लेखिने शब्दहरूको अलगअलग सूची बनाउन लगाउने । त्यस्तै श, ष, स/व, ब/ ण, न/ शिरबिन्दु, चन्द्विन्दु, विसर्ग आदि लागेका शब्द सूची बनाई अभ्यास गराउने । त्यस्तै पदयोग र पदवियोग हुँदा अर्थमा आउने भिन्नताका सम्वन्धमा उदाहरणसहित स्पष्ट पारिदिने ।

(छ) कक्षामा विभिन्न समूह बनाएर ह्रश्वदीर्घसम्बन्धी नियम र तिनको प्रयोग सम्वन्धमा अभ्यास गराउने ।

(ज) वर्णविन्यास शिक्षणका लागि श्रुतिलेख, शब्दखेल आदि प्रतियोगिताका माध्यमवाट प्रशस्त अभ्यास गराउने ।

(झ) वर्णविन्यासको उपयुक्त प्रयोग गर्न शब्दकोशको प्रयोग वढाउनुहोस् ।

**मूल्याङ्कन**

(क) विद्यार्थीलाई अशुद्ध शव्द वाक्य दिई तिनलाई शुद्ध पार्न लगाउनुहोस् ।

(ख) ह्रश्व दीर्घसम्वन्धी नियमानुसारका शव्द सङ्कलन गर्न लगाउनुहोस् ।

(ग) पाठका अभ्यासका प्रश्नहरू सोध्नुहोस् ।

**गृहकार्य**

(क) पाठको अभ्यासको प्रश्न ४, गर्न लगाउनुहोस् ।

(ख) व्याकरणको प्रश्न नं.३ र ४ ह्रश्वदीर्घ नियमको प्र.नं.१, २, ३ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

**पाठ्यवस्तु** **पठनबोध** **घन्टी : २**

**उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) म्याडम क्युरी जीवनी पाठ पढी बोध गर्न,

(ख) पाठबाट सोधिएका बोध प्रश्नको उत्तर दिन ।

**शैक्षिक सामग्री**

पाठका प्रमुख बुँदाहरूको टिपोट, बोध प्रश्नहरूको सूची, फलाटिन पाटी ।.

**शिक्षण क्रियाकलाप**

(क) पठनबोधका लागि सर्वप्रथम प्रस्तुत जीवनका निर्दिष्ट अनुच्छेदहरू विद्यार्थीहरूलाई मौनवाचन गराउनुहोस् ।

(ख) विद्यार्थीहरूले मौनवाचन सही ढङ्गले गरे नगरेको कक्षाकोठाको चारैतिर घुमेर अवलोकन गर्नुहोस् । आवश्यकताअनुसार दुईतीन पटकसम्म निर्धारित संवाद मौनवाचन गर्न निर्देश गर्नुहोस् ।

(ग) तोकिएको मौनवाचन क्रियाकलाप सकिएपछि ३ निर्दिष्ट अनुच्छेदबाट स्तरअनुसार पहिल्यै नै बनाई ल्याएका उपयुक्त किसिमका बोध प्रश्नहरू एकएक गरी सोधेर उत्तर दिन लगाउनुहोस् । उदाहरणका लागि जस्तै यसप्रकारका प्रश्न सोध्न सकिनेछ ।

**दोस्रो र तेस्रो अनुच्छेदका प्रश्नहरू**

१. म्याडम क्युरीको जन्म कहिले कहाँ भएको थियो ?

२. म्याडम क्युरीको बाल्यकालको नाम के थियो ?

३. म्याडम क्युरीको बाल्यकालमा कस्तो शिक्षाको अवसर पाएकी थिइन् ?

४. म्याडम क्युरीले आफ्नो ध्येय केलाई मान्दथिन् ?

५. म्याडम क्युरीलले केकस्तो उच्च शिक्षा प्राप्त गरिन् ?

(घ) निर्धारित जीवनीबाट बोधसम्बन्धी प्रश्नोत्तर कार्य समाप्त भएपछि पाठसम्बन्धी विषयवस्तुका बारेमा गहिरो बोध गराउन विद्यार्थीहरूका बीच विभिन्न अनुच्छेदका विषयवस्तुका बारेमा थप छलफल र अन्तर्क्रिया गराउन सकिन्छ । त्यस क्रममा थप प्रश्नोत्तर गर्न सकिन्छ ।

(ङ) यसपछि पाठबाट सोधिएका बोध प्रश्नका लागि सम्बन्धित अभ्यास खण्डका प्रश्न ३ र ८ का प्रश्नोत्तर गराउनुहोस् ।

(च) प्रश्नोत्तर राउँदा उपयुक्त उत्तर प्राप्त नभएमा प्राप्त उत्तरलाई प्रोत्साहित गर्दै त्यसको परिमार्जित उत्तरका लागि विद्यार्थी समूहबाट उत्तर प्राप्त गर्ने प्रयास गरी अन्त्यमा शिक्षकले निष्कर्ष उत्तर दिनुहोस् ।

(छ) विषयवस्तुको बोधका माध्यमबाट बोध प्रश्नोत्तरका माध्यमबाट जीवनीमा हुने प्रमुख पक्षहरूका बारेमा पूर्व पाठका आधारमा ध्यानकर्षण गराउनुहोस् ।

**मूल्याङ्कन**

(क) पाठका अनुच्छेदबाट बोध प्रश्न बनाई तिनको उत्तर दिन लगाउनुहोस् ।

(ख) पाठका अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् ।

**गृहकार्य**

अभ्यास खण्डको प्रश्न नं. ३ र ८ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू पाठका विशिष्ट पङ्क्तिहरूको भाव व्याख्या गर्न सक्नेछन् ।

## शैक्षिक सामग्री

विशिष्ट पङ्क्तिको सूची (नमुना), व्याख्याको नमुना फलाटिन पाटी ।

## शिक्षण क्रियाकलाप

(क) व्याख्या कसरी गर्ने भन्ने सन्दर्भमा अघिल्ला पाठहरूमा उल्लेख भएअनुसार स्पष्ट पारिदिने ।

(ख) सर्वप्रथम विद्यार्थीलाई मौन रूपमा पढ्न लगाउने र त्यसरी पढ्दा पाठमा भएका विशिष्ट पङ्क्ति सङ्केत गर्न लगाउने ।

(ग) विद्यार्थीहरूले सङ्केत गरेका पङ्क्तिमध्ये विशिष्ट खालका पङ्क्तिहरू कालोपाटीमा टिप्दै जाने ।

(घ) कालोपाटीमा टिपिएका विशिष्ट पङ्क्तिमध्ये महत्त्वपूर्ण पङ्क्तिहरूलाई विद्यार्थीहरूको समूहमा व्याख्या गर्न लगाई समूह कार्य कक्षामा प्रस्तुत गर्न लगाउने ।

(ङ) एउटा समूहले प्रस्तुत गरेको व्याख्यालाई अरू समूहवीच छलफल गराई त्यसमा पूर्णता दिने । त्यसमा शिक्षकले आवश्यकताअनुसार टिप्पणी गरी पृष्ठपोषण प्रदान गर्ने ।

(च) शिक्षकले पहिले नै तयार गरी ल्याएको विशिष्ट पङ्क्तिको सूची कक्षामा प्रस्तुत गर्दै त्यसको लागि नमुना व्याख्या प्रस्तुत गर्नुहोस् ।

## मूल्याङ्कन

व्याख्या गर्न लगाउने :

"अनुसन्धान र खोजी सीमित रूपमा रहँदैन" म्याडम क्युरीको जीवनीको विवरण दिँदै यस भनाइको पुष्टि गर ।

## गृहकार्य

पाठको कुनै एक विशिष्ट पङ्क्ति दिई व्याख्या गरेर लिई आउन निर्देशन दिनुहोस् । जस्तै;

(क) रेडियम एउटा विचित्र किसिमको तत्त्व हो ।

(ख) म्याडम क्युरी हाम्रा सामु नभए पनि मानव कल्याणका लागि समर्पित महत्त्वपूर्ण आविष्कारले सदैव स्मरण गराइरहनेछ ।

| पाठ : २१ | पर्यटन | जम्मा घन्टी : ७ |
|---|---|---|

| | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोच्चारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | वर्णविन्यास (हिज्जे) | १ |
| ४. | पठनबोध र तत्सम्बन्धी भाषिक सीप | २ |
| ५. | निबन्धलेखन | १ |
| ६. | व्याकरण (नाम र विशेषण) | १ |

## पाठ्यवस्तु — सस्वरपठन र शब्दोच्चारण — घन्टी : १

### उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू सक्षम हुनेछन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

उच्चारण गर्न कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका

### शिक्षण क्रियाकलाप

(क) शिक्षकले भ्रमण, यात्रा आदिबारे स्तरअनुसारका केही प्रश्नहरू सोधी पाठप्रति विद्यार्थीहरूको ध्यानाकर्षण गर्ने ।

(ख) त्यसपछि पाठभित्रको सुरुको अनुच्छेद शिक्षकले नमुना वाचन गरी कक्षामा सुनाउने र विद्यार्थीहरूलाई पठित अनुच्छेद हेरेर सुन्न निर्देशन दिने ।

(ग) विद्यार्थीहरूलाई आलोपालो गरी पाठका विभिन्न अनुच्छेद क्रमिक रूपमा सस्वर वाचन गरी सुनाउन लगाउने ।

(घ) उनीहरूमध्ये कसैले गति, यति नमिलाई गलत पढेमा गल्ती पढेको ठम्याई शिक्षकले पठनकै क्रममा सच्याएर पढिदिने र सोको अनुकरण र अभ्यास गर्न लगाउने ।

(ङ) यस क्रममा एक विद्यार्थीले पढेको अरू विद्यार्थीहरूले पाठमा हेरी ध्यानपूर्वक सुन्ने र गल्ती पढेमा सो ठम्याउन र सही पठनको प्रदर्शनसमेत गर्न प्रोत्साहित गर्ने ।

(च) शिक्षकले यस पाठमा रहेका उच्चारणका दृष्टिले सम्भाव्य कठिन शब्दहरूको छनोट गरी कालोपाटीमा लेखिदिने वा शब्दपत्तीहरूमा लेखेर ल्याएका त्यस्ता शब्दहरूको क्रमशः उच्चारण गर्न लगाउने ।

(छ) शब्दहरूको शुद्ध उच्चारण गर्न नसकेका ठाउँमा गल्ती निर्देश गरिदिने र शुद्ध उच्चारणको नमुना प्रदर्शन गरी आवश्यकताअनुसार पुनः पुनः अभ्यास गराउने ।

**उच्चारणका लागि सम्भाव्य कठिन शब्दहरू :**

व्यवस्थित, प्रतिस्पर्धा, विद्यमान, प्रेरित, साक्षात्कार, शृङ्खला, संस्कृति, पर्यटक, पदयात्रा

(ज) कक्षाका विद्यार्थीहरूलाई समूहमा विभाजन गरी सम्भावित कठिन शब्दहरूलाई आलोपालो गरी उच्चारण गर्ने प्रतियोगिता गराउने ।

(झ) शब्दोच्चारणको अभ्यासपछि पनि पुनः अर्को उपयुक्त अनुच्छेद दिई सस्वरवाचन गर्न लगाउने र विद्यार्थीहरूको वाचन तथा उच्चारणमा परिष्कार ल्याउन प्रोत्साहित गर्नु आवश्यक छ ।

## मूल्याङ्कन

(क) सस्वरपठनको मूल्याङ्कन पाठभित्रको कुनै छोटो अनुच्छेदलाई सस्वर पढ्न लगाएर गराउनु बेस हुन्छ । जस्तै; यस पाठको तेस्रो अनुच्छेद सस्वर पढ्न लगाउने ।

(ख) उच्चारणका क्रममा अभ्यास गराइएकामध्ये केही शब्दहरूको पुनः उच्चारण गर्न लगाएर शब्दोच्चारणको मूल्याङ्कन गर्न सकिन्छ । जस्तै; संस्कृति, प्रेरित, विद्यमान, शृङ्खला

## गृहकार्य

उच्चारण गर्न कठिनाइ परेका शब्दहरू पाठबाट खोजेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिने ।

---

## पाठ्यवस्तु — शब्दभण्डार — घन्टी : १

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू सक्षम हुनेछन् :

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ बताउन र प्रयोग गर्न,

(ख) निर्धारित शब्दहरूको पर्यायवाची वा विपरीतार्थी भन्न,

(ग) पाठमा प्रयुक्त विशिष्ट शब्दहरूलाई सन्दर्भअनुरूपका वाक्यहरूमा प्रयोग गर्न ।

## शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी ।

## शिक्षण क्रियाकलाप

(क) शब्दार्थ सिकाउँदा विद्यार्थीहरूलाई पाठका निश्चित अनुच्छेद मौन रूपमा सरसर्ती पढ्न लगाउने र तिनबाट कठिन खालका शब्दहरू खोजेर भन्न लगाउने ।

(ख) पाठमा गाढा अक्षरमा रहेका शब्दहरू र सोही पृष्ठको अन्त्यतिर दिइएका तिनका अर्थहरू हेर्न र बुझ्न प्रोत्साहित गर्ने, अर्थ नबुझेमा शिक्षकसँग सोध्न निर्देशन दिने ।

(ग) पाठमा अर्थ नदिइएका थप कठिन शब्दहरू भएमा मात्र तिनको अर्थ शिक्षकसँग सोध्न प्रोत्साहित गर्ने ।

(घ) पाठमा अर्थ नदिइएका कतिपय शब्दहरूको अर्थलाई सम्बन्धित वाक्य वा अनुच्छेद पढेर अनुमान गर्न लगाउने ।

(ङ) शब्दहरूको अर्थ पहिल्याउने अन्य उपायहरूप्रति पनि विद्यार्थीहरूको ध्यानाकर्षण गराउनु उचित हुन्छ । (हेर्नू : पाठ २ को शब्दभण्डारसम्वन्धी शिक्षण-निर्देशन)

(च) विद्यार्थीहरूको शब्दभण्डार बढाउन शब्दहरूको अर्थ खोज्ने, तिनको पर्यायवाची , विपरीतार्थी आदि भन्ने वा पहिल्याउने उपायहरूको उपयोग गर्नुपर्छ । जस्तै;

**पर्यायवाची शब्द :**

| | |
|---|---|
| पर्यटन | : भ्रमण, यात्रा, डुलघुम |
| झमेला | : झन्झट, झिजो, अल्झो |
| फस्टाउनु | : फैलनु, विस्तार हुनु, सप्रनु |
| प्रतिस्पर्धा | : होड, प्रतियोगिता, जितवाजी |

**फरक पहिल्याऊ :**

| | | |
|---|---|---|
| पर्यटन | – | पर्यटक |
| प्रकृति | – | प्राकृतिक |
| स्वभाव | – | स्वाभाविक |
| संस्कृति | – | सांस्कृतिक |
| पुरातत्त्व | – | पुरातात्त्विक |

**अर्थ अनुमान गर :**

| | | |
|---|---|---|
| हस्तकला | – | ..... |
| काष्ठकला | – | ..... |
| वास्तुकला | – | ..... |
| मूर्तिकला | – | ..... |

(छ) यो पाठ पर्यटनसँग सम्वन्धित भएकाले यसमा त्यही क्षेत्रका केही विशिष्ट शब्दहरू प्रयोगमा आएका छन् । तिनको अर्थ पहिल्याउन विद्यार्थीहरूलाई शब्दकोशको समेत प्रयोग गर्न लगाउनु उचित हुन्छ ।

(ज) केही शब्दको अर्थ बुझ्न तिनको वनोटले पनि मदत गर्ने हुँदा यस्ता शब्दहरू खोजी विद्यार्थीहरूलाई तिनमा निहित अंशहरूको विच्छेद र संयोजन देखाउनु पनि उचित हुन सक्छ । तर यसो गर्दा सजिलै विच्छेद वा संयोजन देखाउन सकिने शब्दहरूलाई मात्र लिनु आवश्यक छ । नत्र विद्यार्थीहरूलाई थप वोझ पर्ने हुन्छ । जस्तै;

दृश्यावलोकन : दृश्य+अवलोकन, व्यवस्थित : व्यवस्था+इत, पदयात्रा : पद+यात्रा, समुचित : सम्+उचित

(झ) विभिन्न आधारमा शब्दहरूको अर्थ पहिल्याउन आंशिक मदत मिले पनि प्रयोग नगरी तिनको अर्थले सन्दर्भगत पूर्णता नपाउने हुँदा विद्यार्थीहरूलाई खास शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउनु आवश्यक छ । यस पाठका केही प्रयोगयोग्य शब्दहरू :

मनोरञ्जन, अनुपम, अनमोल, वासिन्दा, जलविहार, जनशक्ति, वेरोजगारी

(ञ) पाठमा प्रयुक्त केही पारिभाषिक शब्दहरूको परिभाषा दिने । जस्तै,

पर्यटक : हेर्नू : पहिलो अनुच्छेद

पुरातत्त्व : जमिनमा प्राप्त प्राचीन अवशेष वा त्यसका आधारमा गरिने प्राचीन कालको जीवन, रहनसहन आदिको अध्ययन

पदयात्रा : पैदलवाट गरिने यात्रा

यस्तै गरी तलका शब्दहरूको परिभाषा भन्न प्रोत्साहित गर्ने ।

(ञ) पाठमा दिइएका शव्दार्थ तथा शव्दभण्डारसम्बन्धी सबै अभ्यासलाई कक्षाकार्यका रूपमा गराउनुहोस् ।

**मूल्याङ्कन**

(क) केही शव्दहरू दिई अर्थ भन्न लगाउने ।

(ख) प्रयोगशील केही शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउने ।

(ग) विपरीतार्थी वा पर्यायवाची शब्दहरू भन्न तथा लेख्न लगाउने ।

(घ) केही पारिभाषिक शव्दहरूको परिभाषा वताउन लगाउने ।

(ङ) शब्दको वनोट पहिल्याई अर्थ अनुमान गर्न लगाउने ।

**गृहकार्य**

विद्यार्थीहरूको अनुभवको सेरोफेरोमा पर्ने विभिन्न क्षेत्रका पारिभाषिक शब्दहरू टिपोट गरेर ल्याउन निर्देशन दिने ।

---

## पाठ्यवस्तु — वर्णविन्यास (हिज्जे) — घन्टी : १

**उद्देश्य**

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू पाठमा प्रयुक्त शव्दहरूमा उपयुक्त वर्णविन्यासको प्रयोग गर्न सक्षम हुनेछन् ।

**शैक्षिक सामग्री**

वर्णविन्यासका दृष्टिले कठिन हुने शव्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका, फलाटिन पाटी

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले पाठमा प्रयुक्त शब्दहरूमध्ये विद्यार्थीहरूलाई वर्णविन्यासका दृष्टिले कठिन लाग्ने शव्दहरूको सूची बनाउने ।

(ख) उक्त शव्दहरूलाई कठिनाइ वा गल्तीक्षेत्रका आधारमा वर्गीकरण गर्ने प्रयास गर्ने ।

(ग) यस्ता विभिन्न शव्दहरूलाई कालोपाटीमा छ्यासमिस पारेर लेख्ने र विद्यार्थीहरूसँग प्रश्नोत्तर गरी सच्याउने वा उनीहरूलाई सच्याउन लगाउने ।

(घ) पाठमा प्रयुक्त वर्णविन्यासका दृष्टिले कठिन शव्दहरू र अनुच्छेदको समेत श्रुतिलेखन गराउने र पाठ हेरी विद्यार्थीहरू आफैँलाई आफूले लेखेको सच्याउन लगाउने वा एक-अर्काले लेखेका कापी साटासाट गरी सच्याउन लगाउने ।

(ङ) विद्यार्थीहरूलाई अग्र, मध्य, अन्त्यमा ह्रस्व वा दीर्घ लेखिने शब्दहरूको अलग-अलग सूची बनाउन लगाउने । यस्तै श/ष/स, व/व, ण/न आदि लेखिने शब्दहरूको सूची बनाई देखाउन लगाउने (यस्तो क्रियाकलाप पाठमा प्रयोग भएका खास किसिमका शब्दहरूको सङ्ख्यागत बहुलतालाई ध्यान दिई एक वा एकभन्दा बढी समस्या क्षेत्रमा केन्द्रित गरिनु पर्छ) ।

(च) वर्णविन्यासस्मबन्धी समस्याका कारण विभिन्न हुन सक्छन् । उच्चारणगत समस्याबाट वर्णविन्यासमा त्रुटि भएको भए त्यस्ता शब्दको उच्चारण र लेखन दुवैको अभ्यास गराउनुपर्छ । उच्चारण एउटै हुने तर लेखन मात्र फरक हुने भएमा तिनको समाधान लेखनको अभ्यासबाट मात्र गराउनुपर्ने हुन्छ । ह्रस्वदीर्घ, श/ष/स आदिका समस्या यस्तै कुरासँग सम्बन्धित छन् ।

(ज) यस पाठको अन्तिम अनुच्छेदमा रहेका इक प्रत्ययवाला शब्दहरूको पदमध्यको इकार ह्रस्व वा दीर्घ कस्तो लेखिएको छ, खोजेर बताउन लगाउने ।

(ज) कक्षामा विभिन्न समूह बनाई पाठका शब्दहरूको शुद्ध वर्णविन्यास लेख्न हिज्जे प्रतियोगिता गराउने ।

(झ) शुद्ध वर्णविन्यासका लागि शब्दकोश, पाठमा प्रयुक्त शब्द, पाठको शब्दसूची आदि हेर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।

(ञ) वर्णविन्यासको अभ्यास क्रममा विभिन्न समस्या क्षेत्रका शब्दसूची, शब्दपत्तीहरू, गोजीतालिका आदिको शिक्षकले यथेष्ट प्रयोग गर्ने ।

**मूल्याङ्कन**

(क) वर्णविन्यासका दृष्टिले अशुद्ध शब्दसूची, वाक्यहरू वा अनुच्छेद दिई सच्याउन लगाउने ।

(ख) खास शब्दहरू, वाक्य वा अनुच्छेदको श्रुतिलेखन गराएर जाँच्ने ।

**गृहकार्य**

पदान्तमा ह्रस्व लेखिने शब्दहरू पाठको पहिलो र तेस्रो अनुच्छेदबाट खोजेर ल्याऊ ।

---

## पाठ्यवस्तु — पठनबोध र तत्सम्बन्धी भाषिक सीप — घन्टी : २

**उद्देश्य**

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू सक्षम हुनेछन् :

(क) तोकिएका अनुच्छेदहरूको मौनवाचन गरी सोधिएका बोधप्रश्नहरूको उत्तर दिन,

(ख) निर्धारित अनुच्छेदबाट बुँदाटिपोट गर्न,

(ग) निर्धारित अनुच्छेदको सारांश भन्न र लेख्न ।

**शिक्षण क्रियाकलाप**

(क) सम्बन्धित पाठबाट शिक्षकले खास अनुच्छेद वा गद्यांशको छनोट गर्ने र विद्यार्थीहरूलाई सो अनुच्छेदको विषयवस्तु बुझ्ने गरी मौनवाचन गर्न लगाउने । यसो गर्दा अनुच्छेदको लमाइ र विद्यार्थीहरूको सामान्य पठन गतिलाई ख्याल गरी समयसमेत तोक्नु उचित हुन्छ ।

(ख) विद्यार्थीहरूले अनुच्छेद पढिसकेपछि पहिले नै तयार पारिएका बोधप्रश्नहरू उनीहरूलाई सोधी त्यसमा प्रश्नोत्तर गराउने । उदाहरणका लागि पाठको अन्तिम अनुच्छेद मौनपठन गराउने र सोका आधारमा बोध प्रश्नोत्तर गराउने ।

**बोध प्रश्नहरू :**

– नेपाली संस्कृतिको विशेषता के हो ?

– पर्यटकलाई कसरी आकर्षित गर्न सकिन्छ ?

– पर्यटकहरूका लागि नेपाल किन बढी आकर्षक रहेको छ ?

– नेपालका मानिसहरूको स्वभाव कस्तो हुन्छ ?

(घ) विद्यार्थीहरूलाई समग्र पाठको पढ्न लगाई अभ्यासमा दिइएका विषयवस्तुगत प्रश्नहरूको उत्तर दिने अभ्यासहरू गराउने ।

(घ) विद्यार्थीहरूलाई दोस्रो अनुच्छेद पढी तीनओटा बुँदा टिप्न लगाउने ।

(ङ) पाठको पाँचौं अनुच्छेद पढ्न लगाएर त्यसको सारांश लेख्न लगाउने ।

## मूल्याङ्कन

(क) विद्यार्थीहरूले पाठ पढेका आधारमा विषयवस्तुसँग सम्बन्धित वस्तुगत वा छोटा प्रश्नहरू सोधेर उनीहरूले बुझेनबुझेको जाँच्न सकिन्छ ।

(ख) विद्यार्थीहरूको उत्तरबाट पाठ नबुझेको देखिएमा समग्र पाठलाई पुनः मौनवाचन गराई पुनः प्रश्नोत्तर गराउनु पनि उपयुक्त हुन्छ ।

## गृहकार्य

पाठका आधारमा "पर्यटन" शीर्षकमा एक अनुच्छेद लेखेर ल्याउन भन्ने ।

---

**पाठ्यवस्तु** **निबन्धलेखन** **घन्टी : १**

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू पठित र स्वतन्त्र विषयमा निबन्ध लेख्न सक्षम हुनेछन् ।

## शैक्षिक सामग्री

निबन्धलेखनमा ध्यान दिन दिनुपर्ने कुराको सूची, निबन्धलेखनका लागि शीर्षक र बुँदाहरू, निबन्धलेखनको नमुना

## शिक्षण क्रियाकलाप

(क) निबन्धलेखन अनुच्छेदलेखनकै विस्तारित रूप भएकाले अनुच्छेद लेखनमा उल्लेख गरिएका (हेर्नू : पाठ २ को अनुच्छेदलेखन) सबैजसो शिक्षणप्रक्रिया र क्रियाकलापहरू यसमा लागू गर्न सकिन्छन् ।

(ख) त्यस्तै यस पाठको अन्त्यमा निवन्धसम्वन्धी अभ्यास गराउँदा पाठ २ मा उल्लिखित निवन्धलेखनसम्बन्धी ढाँचा तथा प्रक्रियालाई अवलम्वन गर्नुपर्नेछ ।

(ग) यस पाठमा निवन्धलेखनका लागि निम्न किसिमका शीर्षक उपयुक्त हुन सक्छन् :

(क) नेपालमा पर्यटन (ख) नेपालको प्राकृतिक सौन्दर्य

(ग) नेपाली खाना (घ) नेपालीहरूको अतिथिप्रेम

(घ) निवन्ध पनि अनुच्छेद जस्तै निर्देशित र स्वतन्त्र दुवै किसिमले लेखाउनु आवश्यक छ । साथै कुनै शीर्षकमा निवन्ध लेख्नुभन्दा पहिले त्यस विषयमा पूर्वतयारीका लागि कक्षामा आवश्यक छलफल गराउने वा बुँदाटिपोट गर्न लगाउने र अनि मात्र निवन्ध लेख्ने अभ्यास गराउनु उचित हुन्छ ।

(ङ) कक्षामा निवन्धका वारेमा वताउने र निवन्ध लेख्न चाहिँ गृहकार्यका रूपमा दिने पुरानो परिपाटीलाई हटाई कक्षाकार्यका रूपमा निवन्ध लेख्ने अभ्यास गराउनमा जोड दिनु आवश्यक छ ।

**मूल्याङ्कन**

(क) अनुच्छेद तथा निवन्ध लेख्न दिई सोको लेखाइ अवलोकनका आधारमा विद्यार्थीको लेखनलाई उत्तम, मध्यम, निम्न आदि विभिन्न तहमा वर्गीकरण गरिदिने ।

(ख) विद्यार्थीहरूले लेखेका निवन्धहरूलाई मूल्याङ्कन गर्दा विषयवस्तु, सङ्गठन, प्रस्तुतिशिल्प, भाषाशुद्धि आदिको आधारमा अङ्क दिने ।

**गृहकार्य**

विषयशीर्षक तोकी अनुच्छेद वा निवन्ध लेखेर ल्याउन निर्देशन दिने (गृहकार्य दिंदा प्रत्येक विद्यार्थीलाई अलग-अलग विषय पनि दिन सकिनेछ ।)

---

## पाठ्यवस्तु व्याकरण (नाम र विशेषण) घन्टी : १

**उद्देश्य**

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू नाम र विशेषणको सम्वन्ध पहिल्याउन सक्ने छन् ।

**शिक्षण सामग्री**

विशेषण-विशेष्य जनाउने शब्दहरूको तालिका, नाम र विशेषणका शव्दपत्तीहरू, गोजीतालिका

**शिक्षण क्रियाकलाप**

(क) नाम र विशेषणको सम्वन्धका वारेमा तल दिइएको जस्ता कथन र उदाहरण विद्यार्थीहरूलाई पढ्न दिने :

विशेषणहरूले नामको वर्णन गर्दछन् । जस्तै;

सुन्दर दृश्य, सरल स्वभाव, सीमित उद्देश्य, व्यावहारिक ज्ञान

माथिका पदावली विशेषण र विशेष्य (नाम) ले वनेका छन् । यहाँ सुन्दर, सरल, सीमित, व्यावहारिक, सुहाउँदा शव्दले विशेषण वनी क्रमशः आफूसँग आएका नामको वर्णन गरेका छन् । यस कुरालाई शिक्षकले उल्लिखित किसिमका अन्य उदाहरणसमेत दिई स्पष्ट पार्दिने ।

(ख) पाठका अन्त्यमा दिइएको विशेषण र नामको जोडा मिलाउने अभ्यास गराउने ।

(ग) तल दिइएका वाक्यमा कतिओटा विशेषणको प्रयोग भएको छ, खोजेर देखाऊ :

पर्यटकहरू खास गरी यिनै कुराका लागि स्वच्छ, शान्त, स्वतन्त्र र उन्मुक्त वातावरणमा रमाउन चाहन्छन् । तसर्थ तिनीहरूका लागि सुहाउँदो वातावरण आवश्यक हुन्छ ।

**मूल्याङ्कन**

छ्यासमिस पारेर एकैठाउँमा राखिएका नाम र विशेषणलाई अलग गरी देखाउन विद्यार्थीहरूलाई लगाउने ।

**गृहकार्य**

पाठको तेस्रो अनुच्छेदबाट पाँचपाँचओटा नाम र विशेषण खोजेर ल्याउन लगाउने ।

| पाठ : २२ | नुनको सोझो | जम्मा घन्टी : ६ |
|---|---|---|

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोचारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | वर्णविन्यास | १ |
| ४. | बोध | १ |
| ५. | व्याकरण | २ |

## पाठ्यवस्तु — सस्वरपठन र शब्दोच्चारण — घन्टी : १

### उद्देश्य

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयोग भएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

उच्चारणका लागि कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका, फलाटिन पाटी

### शिक्षण क्रियाकलाप

(क) शिक्षकले पाठका बारेमा केही परिचयात्मक प्रश्नहरू सोधी विद्यार्थीहरूको पाठप्रति ध्यानाकर्षण गराउने र आजको पाठमा गरिने कार्यहरूको जानकारी दिने ।

(ख) शिक्षकले सस्वरवाचनको अभ्यासका लागि खास अनुच्छेद निश्चित गरिदिने र विद्यार्थीहरूलाई उक्त अनुच्छेदहरू हेर्दै ध्यान दिएर सुन्न लगाई आफूले अनुच्छेदको नमुना वाचन प्रस्तुत गर्ने ।

(ग) विद्यार्थीहरूलाई आलोपालो गरी नमुनाअनुसार वाचन गरेर सुनाउन लगाउने र विद्यार्थीबाट त्रुटि भएका ठाउँमा आफूले पुनः नमुना वाचन गरी त्यसैअनुसार सुधारसमेत गरिदिने । विद्यार्थीहरूलाई पाठका अन्य अनुच्छेदहरू पनि त्यसै गरी वाचन गर्न निर्देशन दिने र भ्याएसम्म अभ्याससमेत गराउने ।

(घ) सस्वरवाचनको अभ्यास गराउँदा एउटा विद्यार्थीले गरेको वाचन कक्षाका अन्य विद्यार्थीलाई सम्बद्ध अंश हेर्दै ध्यानपूर्वक सुन्न लगाउने । गल्ती पढेमा त्यसको टिपोट गरी उक्त वाचनपछि त्यस्ता त्रुटिलाई छलफलमा ल्याउन लगाउने र सही पठन प्रस्तुतसमेत गर्न प्रेरित गर्ने ।

(ङ) शिक्षकले यस क्रममा अभ्यास २ मा दिइएका शब्दहरूको उच्चारणको पनि अभ्यास गराउने । सकेसम्म उच्चारण अङ्गहरूसमेत देखिने गरी उच्चारणको नमुना प्रस्तुत गर्ने प्रयास गर्ने । साथै उच्चारणको अभ्यास शब्द तहका अतिरिक्त वाक्य तहमा पनि गराउन नविर्सिने ।

(च) सस्वरवाचन र उच्चारणमा अन्य भाषी विद्यार्थी, वञ्चित समुदायका विद्यार्थी तथा पछौटे विद्यार्थीका विशेष किसिमका समस्याहरू हुने हुँदा उनीहरूलाई निराकरणात्मक उपाय पनि आवश्यक हुने कुरामा पर्याप्त ध्यान दिने ।

**मूल्याङ्कन**

(क) पाठको कुनै अनुच्छेद दिई सस्वरवाचन गर्न लगाउने ।

(ख) सम्भाव्य कठिन शब्दहरू दिई शुद्ध उच्चारण गर्न लगाउने ।

**गृहकार्य**

पाठका खासखास अनुच्छेदहरू दिई सस्वरवाचन तथा तिनमा भएका कठिन शब्दहरूको उच्चारणको अभ्यास गरेर आउन लगाउने ।

---

**पाठ्यवस्तु** **शब्दभण्डार** **घन्टी : १**

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) पाठका कठिन शब्दहरूको अर्थ बताउन,

(ख) निर्धारित शब्दहरूको विपरीतार्थी रूप पहिल्याउन,

(ग) पाठका कठिन शब्द तथा टुक्काहरूलाई वाक्यमा प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी आदि ।

**शिक्षण क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई मौन रूपमा पाठ पढी कठिन शब्द खोजेर भन्न लगाउने । पाठमा गाढा अक्षरमा दिइएका शब्दहरू र तिनको अर्थ सम्बन्धित पृष्ठमा नै हेर्न तथा बुझ्न लगाउने र आवश्यक परे स्पष्ट पारिदिने । ती बाहेकका अन्य कठिन शब्दहरू शिक्षकले विद्यार्थीहरूले भनेअनुसार कालोपाटीमा टिप्दै जाने ।

(ख) कठिन शब्दहरूको सङ्कलन गरिसकेपछि विद्यार्थीहरूलाई त्यस्ता शब्दहरूको क्रमैसँग अर्थ सोध्ने र विद्यार्थीहरूले ठीक अर्थ बताउन नसके शिक्षकले शब्द तथा अर्थपत्तीसमेत प्रयोग गरी अर्थ स्पष्ट पारिदिने । शब्दको अर्थ बताउँदा शब्दको प्रकृति हेरी सबभन्दा उपयुक्त र प्रभावकारी हुने शब्दार्थ शिक्षण विधि एवम् उपायहरूको उपयोग गर्ने ।

(ग) कठिन शब्दहरूको अर्थ शिक्षण गरिसकेपछि टुक्काहरूलाई जसरी नै शिक्षण गरिएका शब्दहरूलाई पनि वाक्यमा प्रयोग गराउनु आवश्यक छ । प्रयोगको अभ्यास गराउँदा सकेसम्म विद्यार्थीहरूबाटै सही प्रयोग गराउने प्रयास गर्ने ।

**मूल्याङ्कन**

(क) कठिन शब्दहरूको अर्थ सोध्ने ।

(ख) खासखास शब्दहरूको विपरीतार्थी, पर्याय, भिन्नार्थ आदि सोध्ने ।

(ग) शब्द तथा टुक्काहरू दिई वाक्यमा प्रयोग गर्न लगाउने ।

**गृहकार्य**

(क) बनोट प्रक्रिया पहिल्याएर ल्याउन लगाउने :

परमात्मा, सर्वोच्च, अनुभूति, त्रसित, आपराधिक, सदाचार, कुमार्ग, इमानदारी, स्वादिलो, कदापि, कुकर्मी

(ख) अभ्यास ४ - ५ को उत्तर लेखेर ल्याउन लगाउने ।

---

## पाठ्यवस्तु — वर्णविन्यास — घन्टी : १

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) पाठका कठिन शब्दहरूको शुद्ध वर्णविन्यास पहिल्याउन,

(ख) लेखनमा त्यस्ता शब्दहरूको शुद्ध वर्णविन्यास प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

वर्णविन्यास विगारी तयार गरिएका शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका/फलाटिन पाटी आदि ।

**शिक्षण क्रियाकलाप**

(क) शिक्षकले पाठमा प्रयुक्त कठिन शब्दहरूको वर्णविन्यास विगारी तयार पारिएको शब्दसूची फलाटिन पाटी/कालोपाटीका सहायताले कक्षामा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई क्रमैसँग त्यस्ता शब्दहरूको शुद्ध वर्णविन्यास पहिल्याउन लगाउने । त्यस्ता शब्दहरू निम्नानुसारका जस्ता हुन सक्छन् : तिब्र, वहुमूल्य, परयत्नसिल, हींशा, करतूत, हैशीएत, क्रितृमता, मार्ग

(ख) त्यस्ता शब्दहरूमध्ये खासखास नियमसँग आवद्ध शब्दहरूको समूहसमूह निर्माण गरेर विद्यार्थीहरूलाई नियमको समेत स्पष्टीकरण दिई अन्य उदाहरणहरू पनि खोज्न, भन्न लगाउने ।

(ग) अशुद्ध उच्चारणका कारणले वर्णविन्यासमा पनि असर पर्ने खालका शब्दहरू भए विद्यार्थीहरूलाई त्यस्ता शब्दहरूको शुद्ध उच्चारणप्रति पनि सचेत गराउने ।

(घ) पाठको अभ्यास ३ मा दिइएका शब्दहरूको शुद्ध वर्णविन्यासका बारेमा कक्षामा प्रश्नोत्तर, छलफल गराई शुद्ध रूप पहिल्याउन मद्दत गर्ने ।

(ङ) वर्णविन्यासको निरन्तर अभ्यास भई राख्नुपर्ने भएकाले पूर्वपाठहरूमा सिकिसकेका शब्दहरूको वर्णविन्यासको पुनअभ्यासका लागि ५/७ मिनेटको समय मिलाई हिज्जे प्रतियोगिता, हिज्जे खेलजस्ता क्रियाकलाप पनि गराउने ।

(च) वर्णविन्यासको अभ्यासका लागि उपयुक्त हुने अनुच्छेद छानी श्रुतिलेखन गराउने र छलफल, कापी साटासाट, कालोपाटीमा शुद्ध रूप लेखिदिने आदि उपायद्वारा शुद्ध गरिदिने ।

**मूल्याङ्कन**

(क) अशुद्ध शब्दहरू दिई शुद्ध रूप सोध्ने ।

(ख) शुद्ध, अशुद्ध शब्दहरू दिई अशुद्ध जति चिन्न र शुद्ध रूप पहिल्याउन लगाउने ।

(ग) वर्णविन्यासका दृष्टिले अशुद्ध वाक्यहरू/अनुच्छेद दिई शुद्ध गर्न लगाउने ।

(घ) खास नियमहरू दिई पाठबाट तिनको उदाहरण पत्ता लगाउन लगाउने ।

**गृहकार्य**

वर्णविन्यासको अभ्यास हुने दृष्टिले उपयुक्त कुनै अनुच्छेदहरू दिई अनुलेखन गरेर ल्याउन लगाउने । (जस्तै पृ.१११ को अन्तिम अनुच्छेद)

---

**पाठ्यवस्तु** **बोध** **घन्टी : १**

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) पठित उद्धरणमा आधारित बोध प्रश्नहरूको उत्तर दिन,

(ख) पढेका कुरालाई छोटकरीमा व्यक्त गर्न,

(ग) पाठ पढी अभ्यास ६, ८ र ९ को उत्तर दिन ।

**शैक्षिक सामग्री**

बोध प्रश्नहरूको सूची, निर्धारित अनुच्छेदमा आधारित बुँदाहरूको सूची, फलाटिन पाटी आदि ।

**शिक्षण क्रियाकलाप**

(क) शिक्षकले समय तथा अनुच्छेदहरू तोकिदिई विद्यार्थीहरूलाई उक्त समयभित्र निर्धारित अनुच्छेदहरू (उदाहरणका लागि सुरुका दुई अनुच्छेद 'धेरै पहिलेको .... भूमियालाई लाग्यो' लिऊँ) गर्न लगाउने/मौन पठनका क्रममा शिक्षकले पठनको निरीक्षण गर्ने र आवश्यक सुझावसमेत दिने ।

(ख) विद्यार्थीहरूको पठन सकिएपछि उल्लिखित अनुच्छेदहरूमा आधारित तलका जस्ता बोध प्रश्नहरू भएको प्रश्नसूचीको उपयोग गर्दै प्रश्नोत्तर गराउने :

१. भुमियाले गुरु नामकलाई कुन रूपमा लियो ?

२. भुमियाले के कुरा सोचेर गुरु नानकलाई आफ्नै घरमा बास बस्न भन्यो ?

३. गुरु नानकको सत्य सन्देश के थियो ?

४. नानक सत्यलाई कुन रूपमा लिन्थे ?

५. सत्य अँगाल्नु किन सरल र सहज हुन्छ ?

६. भुमियाले नानकसँग किन विवाद गर्न खोजेन ?

(ग) उपर्युक्त अनुच्छेदहरूमा आधारित मुख्यमुख्य बुँदाहरू पहिल्याउन लगाउने र मस्यौदाका रूपमा तिनलाई शिक्षकले कालोपाटीमा टिप्दै जाने । उक्त बुँदाहरूका बारेमा कक्षामा छलफल गराउँदै आफूले तयार पारेर ल्याएका बुँदाहरूको सूचीसमेत प्रस्तुत गर्दै तिनलाई अन्तिम रूप दिने । त्यस्ता बुँदाहरू निम्नानुसारका हुन सक्छन् :

- गुरु नानकसँग भुमियाको भेट उनको भ्रमणका क्रममा भएको ।
- साँझका पाहुनाको सत्कार गर्नु मानवीय कर्तव्य ठानेर भुमियाले आफ्नै निवासमा नानकलाई बास बसाउने व्यवस्था मिलाएको ।
- गुरु नानक सत्यलाई ईश्वर र ईश्वरलाई सत्य अनि स्वर्गको मूल बाटो पनि सत्य नै ठान्ने ।
- असत्य र झुट कठिन र कृत्रिम अनि सत्य र इमानदारी सरल र सहज कुरा हुने उनको भनाइ ।
- भुमियाले घरमा आएको पाहुनासित विवाद गर्नु अनुचित ठानी नानकका कुरा धैर्यपूर्वक सुनेको ।

(घ) विद्यार्थीहरूलाई उपर्युक्त बुँदाहरूका आधारमा आफूले पढेका कुरा छोटकरीमा बताउन लगाउने र शिक्षकले आवश्यक परिमार्जनसमेत गरिदिई त्यसलाई सारांशको रूप दिने ।

(ङ) विद्यार्थीहरूलाई पाठका अभ्यास ६, ८ र ९ को उत्तरका बारेमा प्रश्नोत्तर र छलफल गराउने र आवश्यक भए टिपोट पनि गराउने ।

**मुल्याङ्कन**

(क) प्रश्न सोधी उत्तर दिन लगाउने ।

(ख) मुख्यमुख्य बुँदाहरूल्याई भन्न लगाउने ।

(ग) पढेका कुरा छोटकरीमा भन्न लगाउने ।

**गृहकार्य**

अभ्यास ८ र ९ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन लगाउने तथा जाँचबुझ गरिदिने ।

---

## पाठ्यवस्तु — व्याकरण (अव्यय) — घन्टी : २

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) वाक्यमा प्रयोग भएका अव्यय चिन्न,

(ख) अव्ययको ठीकठीक प्रयोग गर्न,

(ग) अव्ययको परिचय दिन,

(घ) अव्ययको प्रकार बताउन ।

**शैक्षिक सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) शिक्षकले व्याकरण खण्डअन्तर्गत नमुना अभ्यासमा दिइएका अव्ययका उदाहरणहरूका बारेमा प्रश्नोत्तर र छलफल गराउने तथा विद्यार्थीहरूलाई पनि त्यस्तै उदाहरणहरू भन्न लगाउने ।

(ख) शिक्षकले शब्दपत्ती तथा वाक्यपत्तीहरूको पनि उपयोग गर्दै अव्ययका उदाहरणहरू छासमिस गरी कक्षामा प्रस्तुत गर्ने र विद्यार्थीहरूलाई तिनको पहिचान गर्न लगाउने । जस्तै;

१. भित्र, नेर, अनि, अहो !, खै, किनभने, अनि

२. छानामाथि नकुद । राम जान्छ तर कहिले हो ? छि तँ त यस्तै कुरा गर्छेस् ।
सीता पोहोर पो पढ्न थालेकी । यसपालि असोजमा पनि बेसरी पानी परिरहेछ ।

(ग) विद्यार्थीहरूलाई अव्यय जनाउने विभिन्न शब्दहरू भन्न लगाउने र तिनलाई वाक्यमा प्रयोग गर्न लगाउने । अनि उक्त शब्द कुनचाहिँ अव्यय हो भन्न लगाउने ।

(घ) पाठको कुनै अनुच्छेद पढ्न लगाई त्यसमा प्रयोग भएका अव्यय जतिलाई रेखाङ्कित गर्न लगाउने र ती कुनकुन प्रकारका अव्ययअन्तर्गत पर्छन् छुट्याउन लगाउने ।

(ङ) माथिका उदाहरणहरूका आधारमा विद्यार्थीहरूलाई अव्ययको परिचय पहिल्याउन प्रोत्साहित गर्ने र सो कार्यमा शिक्षक आफूले पनि सहयोग गर्ने ।

(च) अव्ययको परिचय ठम्याइसकेपछि विद्यार्थीहरूलाई तिनका प्रकारको पनि सोहीअनुसार परिचय पहिल्याउन लगाउने ।

(छ) पाठबाट विभिन्न प्रकारका अव्ययहरू खोजी तिनलाई आफ्ना शब्दमा प्रयोग गर्न लगाउने ।

(ज) व्याकरणअन्तर्गत अभ्यास १ - ३ को उत्तर दिन लगाई जाँचबुझसमेत गरिदिने ।

## मूल्याङ्कन

(क) अव्ययको परिचय सोध्ने ।

(ख) अव्ययका प्रकार सोध्ने ।

(ग) शब्द दिई त्यो कुन प्रकारमा पर्छ, सोध्ने ।

(घ) वाक्यहरू दिई अव्यय खोज्न लगाउने ।

(ङ) उदाहरणहरू सोधी तिनलाई वाक्यमा प्रयोग गर्न लगाउने ।

## गृहकार्य

पाँचै प्रकारका अव्ययका पाँच, पाँच उदाहरणहरू लेखी तिनलाई वाक्यमा समेत प्रयोग गरेर ल्याउन लगाउने ।

| पाठ : २३ | जैविक नियन्त्रणविधि | जम्मा घन्टी : ६ |
|---|---|---|

| | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोच्चारण | १ |
| २. | शब्दभण्डार | १ |
| ३. | वर्णविन्यास (हिज्जे) | १ |
| ४. | पठनबोध र तत्सम्बन्धी भाषिक सीप | २ |
| ५. | व्याकरण (कारक र विभक्ति) | १ |

## पाठ्यवस्तु — सस्वरपठन र शब्दोच्चारण — घन्टी : १

### उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू सक्षम हुनेछन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

उच्चारण गर्न कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजीतालिका

### शिक्षण क्रियाकलाप

(क) शिक्षकले भ्रमण, यात्रा आदिबारे स्तरअनुसारका केही प्रश्नहरू सोधी पाठप्रति विद्यार्थीहरूको ध्यानाकर्षण गर्ने ।

(ख) त्यसपछि पाठभित्रका सुरुका दुई अनुच्छेद शिक्षकले नमुनावाचन गरी कक्षामा सुनाउने र विद्यार्थीहरूलाई पठित अनुच्छेद हेरेर सुन्न निर्देशन दिने ।

(ग) विद्यार्थीहरूलाई आलोपालो गरी पाठका विभिन्न अनुच्छेद क्रमिक रूपमा सस्वरवाचन गरी सुनाउन लगाउने ।

(घ) उनीहरूमध्ये कसैले गति, यति नमिलाई गलत पढेमा गल्ती पढेको ठम्याई शिक्षकले पठनकै क्रममा सच्याएर पढिदिने र सोको अनुकरण र अभ्यास गर्न लगाउने ।

(ङ) यस क्रममा एक विद्यार्थीले पढेको अरू विद्यार्थीहरूले पाठमा हेरी ध्यानपूर्वक सुन्ने र गल्ती पढेमा सो ठम्याउन र सही पठनको प्रदर्शनसमेत गर्न प्रोत्साहित गर्ने ।

(च) शिक्षकले यस पाठमा रहेका उच्चारणका दृष्टिले सम्भाव्य कठिन शब्दहरूको छनोट गरी कालोपाटीमा लेखिदिने वा शब्दपत्तीहरूमा लेखेर ल्याएका त्यस्ता शब्दहरूको क्रमशः उच्चारण गर्न लगाउने ।

(छ) शब्दहरूको शुद्ध उच्चारण गर्न नसकेका ठाउँमा गल्ती निर्देश गरिदिने र शुद्ध उच्चारणको नमुना प्रदर्शन गरी आवश्यकताअनुसार पुनः पुनः अभ्यास गराउने । जस्तै; जीवाणु, मत्स्यपालन, विध्वंसक, सुरक्षित, प्रविधि, उदाहरण, कीटपतङ्ग, उत्पादन, लाभ्रे

(ज) कक्षाका विद्यार्थीहरूलाई समूहमा विभाजन गरी सम्भावित कठिन शब्दहरूलाई आलोपालो गरी उच्चारण गर्ने प्रतियोगिता गराउने ।

(झ) शब्दोच्चारणको अभ्यासपछि पनि पुनः अर्को उपयुक्त अनुच्छेद दिई सस्वरवाचन गर्न लगाउने र विद्यार्थीहरूको वाचन तथा उच्चारणमा परिष्कार ल्याउन प्रोत्साहित गर्नु आवश्यक छ ।

**मूल्याङ्कन**

(क) सस्वरपठनको मूल्याङ्कन पाठभित्रको कुनै छोटो अनुच्छेदलाई सस्वर पढ्न लगाएर गराउनु बेस हुन्छ । जस्तै; यस पाठको तेस्रो अनुच्छेद सस्वर पढ्न लगाउने ।

(ख) उच्चारणका क्रममा अभ्यास गराइएकामध्ये केही शब्दहरूको पुनः उच्चारण गर्न लगाएर शब्दोच्चारणको मूल्याङ्कन गर्न सकिन्छ । जस्तै; विध्वंसक, उत्पादन, प्रविधि, जीवाणु, प्रकोप

**गृहकार्य**

उच्चारण गर्न कठिनाइ परेका शब्दहरू पाठबाट खोजेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिने ।

---

## पाठ्यवस्तु — शब्दभण्डार — घन्टी : १

**उद्देश्य**

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू सक्षम हुनेछन् :

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ बताउन र प्रयोग गर्न,

(ख) निर्धारित शब्दहरूको पर्यायवाची वा विपरीतार्थी भन्न,

(ग) पाठमा प्रयुक्त विशिष्ट शब्दहरूलाई सन्दर्भअनुरूपका वाक्यहरूमा प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी

**शिक्षण क्रियाकलाप**

(क) शब्दार्थ सिकाउँदा विद्यार्थीहरूलाई पाठका निश्चित अनुच्छेद मौन रूपमा सरसर्ती पढ्न लगाउने र तिनबाट कठिन खालका शब्दहरू खोजेर भन्न लगाउने ।

(ख) पाठमा गाढा अक्षरमा रहेका शब्दहरू र सोही पृष्ठको अन्त्यतिर दिइएका तिनका अर्थहरू हेर्न र बुझ्न प्रोत्साहित गर्ने, अर्थ नबुझेमा शिक्षकसँग सोध्न निर्देशन दिने ।

(ग) पाठमा अर्थ नदिइएका थप कठिन शब्दहरू भएमा मात्र तिनको अर्थ शिक्षकसँग सोध्न प्रोत्साहित गर्ने ।

(घ) पाठमा अर्थ नदिइएका कतिपय शब्दहरूको अर्थलाई सम्बन्धित वाक्य वा अनुच्छेद पढेर अनुमान गर्न लगाउने ।

(ङ) शब्दहरूको अर्थ पहिल्याउने अन्य उपायहरूप्रति पनि विद्यार्थीहरूको ध्यानाकर्षण गराउनु उचित हुन्छ ।

(च) विद्यार्थीहरूको शब्दभण्डार बढाउन शब्दहरूको अर्थ खोज्ने, तिनको पर्यायवाची, विपरीतार्थी आदि भन्ने वा पहिल्याउने उपायहरूको उपयोग गर्नुपर्छ ।

(ज) केही शब्दको अर्थ बुझ्न तिनको बनोटले पनि मदत गर्ने हुँदा यस्ता शब्दहरू खोजी विद्यार्थीहरूलाई तिनमा निहित अंशहरूको विच्छेद र संयोजन देखाउनु पनि उचित हुन सक्छ । तर यसो गर्दा सजिलै विच्छेद वा संयोजन देखाउन सकिने शब्दहरूलाई मात्र लिनु आवश्यक छ । नत्र विद्यार्थीहरूलाई थप बोझ पर्ने हुन्छ ।

विनाश+कारी, अहित+कारी, पर+जीवी, हानि+कारक, रोग+व्याधि, जन्म+जात, रोक+थाम

(झ) विभिन्न आधारमा शब्दहरूको अर्थ पहिल्याउन आंशिक मदत मिले पनि प्रयोग नगरी तिनको अर्थले सन्दर्भगत पूर्णता नपाउने हुँदा विद्यार्थीहरूलाई खास शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउनु आवश्यक छ । यस पाठका केही प्रयोगयोग्य शब्दहरू :

सखाप, झारपात, पशुपालन, जैविक नियन्त्रण, महामारी, वरदान, लीला, सुरक्षित, विध्वंसक, रोकथाम

(ञ) पाठमा प्रयुक्त केही पारिभाषिक शब्दहरूको परिभाषा दिने । जस्तै;

जैविकनियन्त्रणविधि : हेर्नू : तेस्रो अनुच्छेद

यस्तै गरी तलका शब्दहरूको परिभाषा भन्न प्रोत्साहित गर्ने :

परजीवी, जीवाणु, प्रकोप

## मूल्याङ्कन

(क) केही शब्दहरू दिई अर्थ भन्न लगाउने ।

(ख) प्रयोगशील केही शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउने ।

(ग) विपरीतार्थी वा पर्यायवाची शब्दहरू भन्न तथा लेख्न लगाउने ।

(घ) केही पारिभाषिक शब्दहरूको परिभाषा बताउन लगाउने ।

(ङ) शब्दको बनोट पहिल्याई अर्थ अनुमान गर्न लगाउने ।

## गृहकार्य

बिरालो र मुसो जस्तै आफूले जानेका शत्रु जीवहरूको नाम टिपोट गरेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिने ।

**पाठ्यवस्तु** **वर्णविन्यास (हिज्जे)** **घन्टी : १**

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू पाठमा प्रयुक्त शब्दहरूमा उपयुक्त वर्णविन्यासको प्रयोग गर्न सक्षम हुनेछन् ।

## शैक्षिक सामग्री

(क) वर्णविन्यासका दृष्टिले कठिन हुने शब्दहरूको सूची

(ख) शब्दपत्तीहरू

(ग) गोजीतालिका, फलाटिन पाटी

## शिक्षण क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले पाठमा प्रयुक्त शब्दहरूमध्ये विद्यार्थीहरूलाई वर्णविन्यासका दृष्टिले कठिन लाग्ने शब्दहरूको सूची बनाउने ।

(ख) उक्त शब्दहरूलाई कठिनाइ वा गल्तीक्षेत्रका आधारमा वर्गीकरण गर्ने प्रयास गर्ने ।

(ग) यस्ता विभिन्न शब्दहरूलाई कालोपाटीमा छ्यासमिस पारेर लेख्ने र विद्यार्थीहरूसँग प्रश्नोत्तर गरी सच्याउने वा उनीहरूलाई सच्याउन लगाउने ।

(घ) पाठमा प्रयुक्त वर्णविन्यासका दृष्टिले कठिन शब्दहरू र अनुच्छेदको समेत श्रुतिलेखन गराउने र पाठ हेरी विद्यार्थीहरू आफैँलाई आफूले लेखेको सच्याउन लगाउने वा एक-अर्काले लेखेका कापी साटासाट गरी सच्याउन लगाउने ।

(ङ) विद्यार्थीहरूलाई अग्र, मध्य, अन्त्यमा ह्रस्व वा दीर्घ लेखिने शब्दहरूको अलग-अलग सूची बनाउन लगाउने । यस्तै श/ष/स, व/ब, ण/न आदि लेखिने शब्दहरूको सूची बनाई देखाउन लगाउने (यस्तो क्रियाकलाप पाठमा प्रयोग भएका खास किसिमका शब्दहरूको सङ्ख्यागत बहुलतालाई ध्यान दिई एक वा एकभन्दा बढी समस्या क्षेत्रमा केन्द्रित गरिनुपर्छ) । यस पाठबाट श र ष प्रयोग भएका शब्दहरू खोज्न लगाउने ।

(च) कक्षामा विभिन्न समूह बनाई पाठका शब्दहरूको शुद्ध वर्णविन्यास लेख्न हिज्जे प्रतियोगिता गराउने ।

(छ) शुद्ध वर्णविन्यासका लागि शब्दकोश, पाठमा प्रयुक्त शब्द, पाठको शब्दसूची आदि हेर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।

## मूल्याङ्कन

(क) वर्णविन्यासका दृष्टिले अशुद्ध शब्दसूची, वाक्यहरू वा अनुच्छेद दिई सच्याउन लगाउने ।

(ख) खास शब्दहरू, वाक्य वा अनुच्छेदको श्रुतिलेखन गराएर जाँच्ने

## गृहकार्य

पाठबाट शब्द अगिल्लो अक्षर दीर्घ लेखिएका शब्दहरू खोजेर ल्याऊ ।

**पाठ्यवस्तु** **पठनबोध र तत्सम्बन्धी भाषिक सीप** **घन्टी : २**

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू सक्षम हुनेछन् :

(क) तोकिएका अनुच्छेदहरूको मौनवाचन गरी सोधिएका बोधप्रश्नहरूको उत्तर दिन,

(ख) निर्धारित अनुच्छेदबाट बुँदाटिपोट गर्न,

(ग) निर्धारित अनुच्छेदको सारांश भर्न्न र लेख्न ।

## शिक्षण क्रियाकलाप

(क) सम्बन्धित पाठबाट शिक्षकले खास अनुच्छेद वा गद्यांशको छनोट गर्ने र विद्यार्थीहरूलाई सो अनुच्छेदको विषयवस्तु बुझ्ने गरी मौनवाचन गर्न लगाउने । यसो गर्दा अनुच्छेदको लमाइ र विद्यार्थीहरूको सामान्य पठन गतिलाई ख्याल गरी समयसमेत तोक्नु उचित हुन्छ ।

(ख) विद्यार्थीहरूले अनुच्छेद पढिसकेपछि पहिले नै तयार पारिएका बोधप्रश्नहरू उनीहरूलाई सोधी त्यसमा प्रश्नोत्तर गराउने । उदाहरणका लागि पाठको चौथो अनुच्छेद मौनपठन गराउने र सोका आधारमा बोध प्रश्नोत्तर गराउने ।

**बोध प्रश्नहरू :**

- जैविक नियन्त्रण किन आवश्यक छ ?
- प्राकृतिक रूपमा जैविक नियन्त्रण कसरी हुंन्छ ?
- जैविक शत्रु भन्नाले के बुझिन्छ ?
- जैविक शत्रुहरू उपयोगी हुन्छन् ?
- खेतीपातीमा जैविक नियन्त्रण भनेको के होला ?

(घ) विद्यार्थीहरूलाई समग्र पाठको पढ्न लगाई अभ्यासमा दिइएका विषयवस्तुगत प्रश्नहरूको उत्तर दिने अभ्यासहरू गराउने ।

(घ) दोस्रो अनुच्छेद पढी तीन वटा बुँदा टिप्न लगाउने ।

(ङ) व्याख्या गर्न लगाउने :

संसारमा कुनै पनि प्राणी वा वनस्पतिको रक्षा र विनाश गर्ने तत्त्व प्रकृतिले नै सृष्टि गरिदिएको छ ।

## मूल्याङ्कन

(क) विद्यार्थीहरूले पाठ पढेका आधारमा विषयवस्तुसँग सम्बन्धित वस्तुगत वा छोटा प्रश्नहरू सोधेर उनीहरूले बुझेनबुझेको जाँच्न सकिन्छ ।

(ख) विद्यार्थीहरूको उत्तरबाट पाठ नबुझेको देखिएमा समग्र पाठलाई पुनः मौनवाचन गराई पुनः प्रश्नोत्तर गराउनु पनि उपयुक्त हुन्छ ।

## गृहकार्य

पाठका आधारमा "बिराला र मुसाको प्राकृतिक शत्रुता हाम्रा लागि उपयोगी" शीर्षकमा एक अनुच्छेद लेखेर ल्याउन भन्ने ।

पाठ्यवस्तु **व्याकरण (कारक र विभक्ति)** घन्टी : १

## उद्देश्य

यस पाठ्यवस्तुको शिक्षणपछि विद्यार्थीहरू नाम र विशेषणको सम्वन्ध पहिल्याउन सक्ने छन् ।

## शिक्षण सामग्री

कारकहरूको नाम र तिनका उदाहरणहरूको तालिका, कारक र विभक्तिहरूको शब्दपट्टी, गोजीतालिका

## शिक्षण क्रियाकलाप

(क) पाठका अभ्यासमा दिइएका कर्ता, कर्म आदि कारक र तिनलाई जनाउने उदाहरणहरू विद्यार्थीहरूलाई पढ्न लगाउने र विभिन्न कारकमा पाइने फरक पहिल्याउन प्रश्नोत्तर गराउने ।

(ख) यस्तै अभ्यासमा दिइएका विभक्ति चिह्न र तिनले जनाउने कारक तथा अन्य सम्वन्धवारे पनि छलफल गराउने ।

(ग) विभक्तिको प्रयोगमा हुने सरल र तिर्यक् रूपहरूलाई उदाहरण दिई स्पष्ट पारिदिने ।

(घ) विभिन्न कारक र विभक्तिको प्रयोग गरी खास कुराको वर्णन गर्न लगाउने ।

## मूल्याङ्कन

तलका वाक्यमा कुनकुन कारक र विभक्तिको प्रयोग भएको छ, उल्लेख गर :

रामले भाइलाई घरमा बोलायो । उसले लट्ठीले आँप झान्यो । सीताले मलाई झोलाबाट झिकेर कलम दिई ।

## गृहकार्य

अभ्यासको प्र.नं.३, ४, ५, ६, ७ गरी ल्याउन निर्देशन दिनुहोस् ।

# पाठ : २४ पृथ्वी सन्देश जम्मा घन्टी : ६

| | विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरपठन र शब्दोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | लयबोध र भावबोध | २ |
| ४. | प्रश्नोत्तर | १ |
| ५. | व्याकरण (वर्ण विन्यास) | १ |

## पाठ्यवस्तु सस्वरपठन र शब्दोच्चारण घन्टी : १

### उद्देश्य

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) प्रस्तुत कविताका पङ्क्तिहरूलाई गति, यति र लय मिलाई सस्वर वाचन गर्न,

(ख) 'पृथ्वी सन्देश' कविताका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

### शैक्षिक सामग्री

शब्दपत्ती, कठिन शब्दहरूको सूची, गोजीतालिका (आवश्यकतानुसार प्रयोग गर्ने)

### शिक्षण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई पाठप्रति आकर्षित गर्न शिक्षकले पाठमा आधारित भई विभिन्न प्रश्नहरू सोध्नुहोस् र उत्तर विद्यार्थीहरूलाई नै दिन प्रेरित गर्नुहोस् ।

(ख) गति, यति र लय मिलाई 'पृथ्वी सन्देश' कविताको नमुना (सस्वरवाचन) वाचन गरिदिनुहोस् र विद्यार्थीहरूलाई ध्यानपूर्वक सुन्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूमध्येबाट कक्षाको जेहेनदार, मध्यम र कमजोर विद्यार्थीलाई पालैपालो गति, यति र लय मिलाई (ख बुँदामा शिक्षकले वाचन गरिदिएको नमुना जस्तै गरी) कविता सस्वरवाचन गर्न लगाउनुहोस् । यसरी सस्वरवाचन गराउँदा विद्यार्थीलाई उच्चारण गर्न कठिन भएका शब्दहरूमा चिनो लगाउन लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूले चिनो लगाएका शब्दहरू कालोपाटीमा टिप्दै जानुहोस् र विद्यार्थीहरूलाई पालैपालो ती शब्दहरू उच्चारण गर्न लगाउनुहोस् । उनीहरूले शुद्ध उच्चारण गर्न नसकेमा शिक्षकले शुद्ध उच्चारण गरिदिंदै विद्यार्थीहरूलाई शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् ।

(घ) शुद्ध उच्चारणको अभ्यास गराउने क्रममा वर्ण, शब्द, पङ्क्ति हुँदै सिङ्गो कविताको उच्चारण अभ्यास गराउनुहोस् ।

(ङ) मातृभाषा नेपाली नहुने र कमजोर विद्यार्थीलाई शुद्ध उच्चारणको अभ्यास गराउँदा विशेष ध्यान पुऱ्याउनुहोस् ।

**मूल्याङ्कन**

(क) निर्धारित श्लोक गति, यति र लय हालेर सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) पाठका कठिन शबदहरूलाई शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

**गृहकार्य**

कक्षाकार्य गरी आ-आफूले चिह्न लगाएका कठिन शव्दहरूको उच्चारण गर्न सक्ने भई आउन निर्देशन दिनुहोस् र परीक्षण पनि गर्नुहोस् ।

---

## पाठ्यवस्तु — शब्दार्थ र वाक्यमा प्रयोग — घन्टी : १

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) कविताका कठिन शवदहरूको अर्थ भन्न,

(ख) ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

शब्दार्थपत्ती, वाक्यपत्ती, फलाटिन पाटी, गोजीतालिका

**शिक्षण क्रियाकलाप**

(क) शब्दार्थ शिक्षण गर्ने क्रममा शिक्षकले सर्वप्रथम कविता मौनवाचन गर्न निर्देशन दिनुहोस् र विद्यार्थीहरूले अर्थ भन्न नजानेका कठिन शब्दहरू टिप्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूले टिपोट गरेका शब्दहरू कालोपाटीमा टिप्नुहोस् र ती शब्दको अर्थ पालैपालो सबै विद्यार्थीहरूलाई सोध्नुहोस् र सकभर उनीहरूलाई नै अर्थ भन्न प्रेरित गर्नुहोस् । उनीहरूबाट शब्दको ठीक अर्थ नआएका शब्दहरूको मात्र शब्दार्थपत्ती गोजीतालिका वा फलाटिन पाटीमा प्रदर्शन गरी अर्थ बताइदिनुहोस् । यसमा शिक्षकले पहिले नै शब्दार्थपत्ती बनाई कक्षामा लिएर जानुपर्छ । शब्दको अर्थ बताउँदा शब्दार्थ शिक्षणका उपयुक्त विधिको समेत प्रयोग गर्नुहोस् । जस्तै;

| | | |
|---|---|---|
| हिमालबासी | | हिमालमा बस्ने, हिमाल नजिक बस्ने, ('हिमाल' र 'वासी' को छुट्टाछुट्टै अर्थ दिने) |
| राष्ट्रनिर्माण | : | देश निर्माणका उदाहरण प्रस्तुत गर्ने |
| सुन्दर | : | कुनै सुन्दर, राम्रो वस्तु देखाउने |
| जीवनपद्धति | : | हाम्रो आफ्नो संस्कृति रीतिरिवाज देखाउने |
| धराधाम | : | पवित्र भूमि भन्दै पवित्र स्थलको उदाहरण दिने । |

(ग) शव्दको अर्थ सिकाइसकेपछि विद्यार्थीहरूलाई तिनै शव्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र विद्यार्थीले अर्थ खुल्ने गरी वाक्यमा ठीक प्रयोग गरेमा स्यावासी दिनुहोस् र ठीक

नभएमा वाक्यपत्तीका सहायताले ठीक प्रयोग गर्न विद्यार्थीलाई सहयोग गर्नुहोस् साथै मातृभाषा नेपाली नहुने र कमजोर विद्यार्थीलाई विशेष सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

(क) पाठमा कठिन शब्दका अर्थ सोध्नुहोस् । यसरी शब्दको अर्थ सोद्धा कमजोर विद्यार्थीमा आफ्नो ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई बेग्लाबेग्लै शब्द दिई तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

**गृहकार्य**

पाठको अभ्यास खण्डको प्र.नं.४ र ५ गरेर ल्याउन निर्देशन दिनुहोस् र मूल्याङ्कन पनि गरिदिनुहोस् ।

---

**पाठ्यवस्तु** **लयबोध र भावबोध** **घन्टी : २**

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुनेछन् :

(क) 'पृथ्वी सन्देश' कविता लय हालेर पढ्न,

(ख) कविताको भावबोध गर्न ।

**शैक्षिक सामग्री**

भावबोधसम्बन्धी प्रश्नहरूको सूची, भावार्थ लेखनको नमुना र फलाटिन पाटी

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले 'पृथ्वी सन्देश' कविता विद्यार्थीहरूलाई पटकपटक लय हालेर पढ्न निर्देशन दिनुहोस् ।

(ख) पठन अभ्यास गराउँदा विद्यार्थीहरूबाट हुने त्रुटिक्षेत्र पत्ता लगाई गल्ती पठन र सही दुवैको तुलनात्मक विवेचना गरी आवश्यक निर्देशन दिनुहोस् र त्रुटी भएका ठाउँमा सच्याउन विद्यार्थीहरूलाई सहयोग गर्नुहोस् ।

(ग) भावबोधसम्वन्धी प्रश्नोत्तर गराउनुभन्दा पहिले विद्यार्थीहरूलाई पुनः एकपटक पूरै कविता पढ्न लगाउनुहोस् ।

(घ) कविता पढिसकेपछि उक्त कविताको पहिला एकएक पाउ अनि पूरै श्लोकको भावार्थ ठम्याउन विद्यार्थीहरूलाई प्रोत्साहित गर्नुहोस् ।

(ङ) शिक्षकले पहिल्यै तयार गरी ल्याएका तलका जस्ता प्रश्नहरूको सूची फलाटिन पाटीमा प्रदर्शन गर्दै सोधिएका प्रश्नहरूको उत्तरका आधारमा विद्यार्थीहरूलाई भावार्थ पहिल्याउन लगाउनुहोस् । जस्तै;

१. यो राज्य कसरी र कसले आर्जेको हो ?

२. जनताहरू (प्रजा) ले के कुरा बुझ्नुपर्छ ?

३. जनताहरू (प्रजा) केकस्तो कार्यमा जुट्नुपर्छ ?

४. हामी कहाँका वासिन्दा हौं र हाम्रो संस्कृति कस्तो छ ?

५. हामी के छौं र हाम्रो जीवनपद्धति कस्तो छ ?

६. हामीलाई इतिहासले के भनेर पुकार्दै छ ?

(च) शिक्षकले विद्यार्थीहरूलाई समग्र कविताको भाव बताउन र विशिष्ट पङ्क्तिको भावविस्तार एवम् व्याख्या गर्न लगाउनुहोस् । यसरी भावबोधसम्बन्धी अभ्यास गराउँदा भाव विस्तार गर्न र व्याख्या गर्न विद्यार्थीहरूलाई विशेष सहयोगसमेत गर्नुहोस् ।

(छ) अन्त्यमा शिक्षकले भावार्थ लेखनको नमुना फलाटिन पाटीमा प्रदर्शन गर्दै विद्यार्थीहरूबाट आएका भावबोधसम्बन्धी उत्तरलाई समेत ध्यानमा राखी कविताको भाव बताइदिनुहोस् ।

**मूल्याङ्कन**

(क) कविताका निर्दिष्ट पङ्क्तिहरू पालैपालो लय हालेर पढ्न लगाउनुहोस् ।

(ख) भावबोधसम्बन्धी प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

**गृहकार्य**

पृथ्वी सन्देश कवितालाई आफ्नै शब्दमा लेख ।

---

**पाठ्यवस्तु** **प्रश्नोत्तर** **घन्टी : १**

**उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू पृथ्वी सन्देश कविता पढी प्रश्नोत्तर गर्न समर्थ हुनेछन् ।

**शैक्षिक सामग्री**

प्रश्नहरूको सूची, उत्तरको नमुना फलाटिन पाटी

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई पृथ्वी सन्देश कविता मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) पृथ्वी सन्देश कवितालाई समेटिने गरी प्रश्नहरू सोध्नुहोस् र समूहमा छलफल गरी प्रश्नहरूको उत्तर तयार पार्न लगाउनुहोस् । यसका लागि शिक्षकले नमुना प्रश्नहरू फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । जस्तै;

१. राष्ट्र निर्माणका लागि जुट्न किन भनिएको ?

२. हामी हिमालवासी नेपालीलाई कवितामा कुन रूपमा चिनाइएको छ ?

३. देशभक्तिका खातिर कविले के गर्नु भनेका छन् ?

४. कविले हिमाली धरतीलाई किन धाम भनेका हुन् ? आदि ।

(ग) समूहले तयार पारेको लिखित उत्तर कक्षामा सुनाउन लगाई त्यसका बारेमा टिप्पणी गरिदिनुहोस् । आवश्यक परेमा शिक्षकले पहिले नै तयार पारेर ल्याएको नमुना उत्तर फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् ।

(घ) यस कक्षाका अन्य कविताहरूको प्रश्नोत्तर शिक्षण गर्दा पनि यसरी नै प्रश्नहरू दिई प्रश्नोत्तरको अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

(क) 'पृथ्वी सन्देश' कविताबाट प्रश्नहरू सोधी उत्तर दिन लगाउनुहोस् ।

**गृहकार्य**

अभ्यासअन्तर्गतका प्र.नं.२, ३ र ७ गरेर ल्याउन निर्देशन दिनुहोस् र जाँची पनि दिनुहोस् ।

---

**पाठ्यवस्तु** **व्याकरण (वर्णविन्यास)** **घन्टी : १**

**उद्देश्य**

यस पाठका शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) ए - य, व - ब, ग्य - ज्ञ, छ्य - क्ष को वर्णविन्यास मिलाई लेख्न ।

(ख) ए - य, व - ब, ग्य - ज्ञ, छ्य - क्ष को प्रयोग भएका शब्दको सही पहिचान गरी प्रयोग गर्न ।

**शैक्षिक सामग्री**

ए - य, व - ब, ग्य - ज्ञ, छ्य - क्ष को प्रयोग हुने शब्दहरूको सूची, शब्दकोश, फलाँटिन पाटी

**शिक्षण क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले कालोपाटीमा वर्णविन्यास मिलेका र नमिलेका शब्दहरू छ्यासमिस पारी प्रस्तुत गर्नुहोस् । उक्त छ्यासमिसे शब्दबाट ठीक वर्णविन्यास भएका र नभएका शब्दहरू छ्याउन लगाउनुहोस् । जस्तै;

कविता, वैज्ञानिक, वार्षिक, वर्तमान्, वकस, थक्का, यकलास, एज्ञ, यहाँ, येक, एस्तो, यक्ष, यजमान, यल्ले, वाटुलो, वालक, वकिल, वचन, प्रवन्ध, बाणी, वाक्य, वन, वाजे, विकास, वकिल, वखल, ग्यानी, संज्ञा, प्रग्या, ज्ञारेज, ग्वाँचे, ग्याँठ, ग्याइँग्याइँ, छ्यासमिस, क्षमा, छ्याकटे, छ्याकन, छमता, क्षेत्री, सक्षम, असछ्य, रछा, दीक्षा, छयामा, ओछ्यान

(ख) विद्यार्थीहरूलाई माथिका शब्दहरूका वारेमा सोध्दै शब्द शुद्ध र अशुद्ध हुनुका कारण सोध्नुहोस् । यसको कारणका वारेमा नेपाली भाषामा लेखनका लागि निश्चित नियमहरू भएको र त्यही नियमवद्ध लेखनलाई वर्णविन्यास भनिन्छ भन्ने कुरा पनि स्पष्ट पारिदिनुहोस् ।

(ग) माथिको क्रियाकलापका आधारमा ए - य, व - ब, ग्य - ज्ञ, छ्य - क्ष को सही प्रयोग भएका विभिन्न शब्दहरू कुनै पाठबाट सङ्कलन गर्न लगाउनुहोस् ।

(घ) विभिन्न किसिमका वर्णविन्यास भएका शब्दहरू छ्यासमिस गरी कालोपाटीमा लेख्नुहोस् र कुनकुन शब्दको वर्णविन्यास अशुद्ध छ, तिनको शुद्ध रूप लेख्न भन्नुहोस् । जस्तै; वीस, विपय, वन, निवन्ध, वारपार, वृक्ष, वृक्ष, विजुली, सजांवट, कवि, वर्ग, वार्षिक, मेधावी, सम्वन्धी, विशेषण, समिक्छा, रछा, अध्यछ, सछम, प्रज्ञा, आग्या, विग्यान, ज्ञारेज

(ङ) तलका जस्तै शब्द समूह दिई कुन ठीक हो भनी छुट्याउन लगाउनुहोस् । जस्तै;

- वखल, वखल
- वारपार, वारपार

- देखावट, देखाबट
- वृक्ष, वृछ
- येकादशी, एकादशी

(च) वर्णविन्यास सिकाउन तथा तिनका वर्णविन्याससम्बन्धी गल्ती निराकरण गर्न विभिन्न वर्णविन्यास भएका वाक्यहरू सार्न लगाउने जटिल वर्णविन्यास भएका वाक्यहरू ध्यान दिएर सार्न लगाउने, श्रुतिलेखन गराई गल्ती संशोधन गरिदिने, खाली ठाउँ दिई शुद्ध शब्द भर्न लगाउने आदि क्रियाकलाप गराउनुहोस् ।

**मूल्याङ्कन**

(क) विद्यार्थीहरूलाई विभिन्न अशुद्ध शब्द दिई शुद्ध रूप लेख्न लगाउनुहोस् ।

(ख) कालोपाटीमा छ्यासमिसे रूप भएको शब्द दिई शुद्ध रूप छान्न लगाउनुहोस् ।

**गृहकार्य**

पाठको व्याकरणका प्र.नं.१,३,४,५ गर्न निर्देशन दिनुहोस् ।

5058

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

Tel. 6630588, 6634119
website: www.moescdc.gov.np
e-mail: cdc@ntc.np

मुद्रक तथा वितरक
मकालु प्रकाशन गृह
डिल्लीबजार, काठमाडौं
फोन: ४४३५१४८
इमेल: makalubd@ntc.net.np

मूल्य रु. १४०/-